स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम

प्रशिक्षक निर्देशिका

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु, काठमाडौं
२०७१

USAID
अमेरिकी जनताबाट

सुआहारा
सबैको परिवार फलोस् फुलोस्

यो स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम प्रशिक्षक निर्देशिका अमेरीकी अन्तराष्ट्रिय विकास नियोग (युएसएड) को माध्यमबाट अमेरीकी नागरिकद्वारा प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो ।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम

प्रशिक्षक निर्देशिका

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेक, काठमाडौं
२०७१

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र
टेकु, काठमाडौं

टेलिफोन नं. : ४-२५५८९२
४-२६२१६१
याक्स नं. : ४-२६१८१७

पत्र.संख्या. :- ०७१/०७२
चलानी. नं. :- ९८९

मितिः २०७१/०५/२९

तेस्रो संस्करणको भूमिका ।

नेपाल सरकारले अवलम्वन गरेको नीति अनुरुप स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी वहुसंख्यक जनतालाई उनीहरुको प्रत्यक्ष सहभागीता र व्यवस्थापनामा गुणस्तर स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थानीय व्यवस्थापन समितिले निर्वाह गर्दै आएको भुमिका, जिम्मेवारी तथा सिकाई समेतलाई समेटी स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालीम निर्देशिका तथा सो सम्वन्धि सहभागी पुस्तिकालाई समयानुकुल समायोजन गर्ने कार्य तेस्रो संस्करणको रुपमा भएको छ ।

स्वास्थ्य सेवाको पहुचमा विभिन्न कारणले आउन नसकेका समुदायलाई स्वास्थ्य सेवाको मुल प्रवाहमा ल्याउन भैरहेको प्रयासलाई पुनरावलोकन गरी स्वास्थ्य स्तर अभिवृद्धिका लागि राज्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को प्रक्रियाद्धारा स्वास्थ्य सेवाको पहुच सवै समूह, समुदाय र वर्गमा सुनिश्चितताका अनुभुति गराउने प्रयास गर्दै आएको छ । यस कार्यलाई सार्थकता दिन विद्यमान अवस्थामा महिला, गरीब तथा अन्य कुनै पनि कारणवाट वञ्चितिमा परेका समूह र वर्गलाई सवैको सक्रिय सहयोगमा स्वास्थ्य सेवा पहुचको मुलधारमा ल्याउन न्यायोचित वातावरण सृजना गर्ने भूमिका तथा जिम्मेवारी व्यवस्थापन समितिलाई सुम्पिएको छ ।

यस प्रशिक्षक निर्देशिका, सहभागी पुस्तिका र संचालन निर्देशिकालाई प्रकृयागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोण र समय सार्न्दभिक परिमार्जन गर्नुपर्ने विषय वस्तुलाई मध्यनजरमा राखी सम्वन्धित सरोकारवाला संग कार्यशाला गोष्ठी, परामर्श तथा प्रशिक्षक प्रशिक्षण तालीमवाट प्राप्त भएका सुझावहरु समेतलाई समायोजन गरी यो संस्करण प्रकाशनमा आएको छ ।

यस परिमार्जित संस्करणले राज्यद्धारा उपलब्ध समुदाय स्तरका स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने सेवा तथा कार्यक्रमहरु समावेश गरी कार्यक्रम र सेवा उपलब्ध हुने स्थान आदिका बारेमा जानकारी उपलब्ध गराउने प्रयास गरेको छ । यसमा समावेश गरिएको विषयवस्तुको समायोजनले व्यवस्थापन समितिका पदाधिकारीहरु मात्र नभई स्वास्थ्य संस्थामा कार्यरत प्राविधिक तथा अन्य कर्मचारीहरु समेत अद्यावधिक हुने अवसर प्राप्त गर्ने विश्वास लिन सकिन्छ । मलाई विश्वास छ यसरी परिमार्जित गर्ने क्रममा थप समायोजन गरिएका विषयबस्तुले स्वास्थ्य सेवाको व्यवस्थापन पक्षलाई लक्षित समूह तथा समुदाय सम्म प्रभावकारी गुणस्तरीय सेवा प्रदान गर्न सहयोग पुऱ्याउने छ ।

यस परिमार्जन सहितको तेस्रो संस्करण र यस केन्द्रलाई मुख्य रुपमा सहयोग पुऱ्याउने राष्ट्रिय स्वास्थ्य सहयोग कार्यक्रम, जीवनका लागि स्वास्थ्य तथा प्रकृयागत रुपमा शुरुवात क्रमदेखि अन्तिमरुप दिई प्रकाशन सम्म ल्याउन सहयोग पुऱ्याउने सुआहारा कार्यक्रमलाई विशेष धन्यबाद दिन चाहन्छु । साथै परिमार्जनमा विशेष योगदान दिनुहुने पश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य तालीम केन्द्र, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला विकास समिति र स्वास्थ्य समिति, बाग्लुङ्ग तथा अन्य सहयोग पुऱ्याउने सम्पूर्ण संस्था र प्रतिनिधिहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु । अन्त्यमा अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसएड) द्धारा आर्थिक सहयोग प्रदान गरी सुआहारा कार्यक्रम मार्फत यस निर्देशिका र सहभागी पुस्तिकालाई परिमार्जन गरी प्रकाशनमा ल्याउन सहयोग गरेकोमा विशेष धन्यबाद व्यक्त गर्दछु ।

अन्त्यमा यस परिर्माजित पाठ्य सामाग्री सम्वन्धमा केही शब्द लेख्न पाँउदा मलाई खुशी लागेको छ । यसवाट नेपाल सरकारले अपेक्षा गरे अनुरुप स्थानीय स्वास्थ्य संस्थाको व्यवस्थापनमा सुधार भई लक्षित वर्गसम्म प्रभावकारी तथा गुणस्तरीय सेवा पुऱ्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सफलता मिल्ने कुरामा म विश्वस्त छु ।

धन्यवाद !

महेन्द्र प्रसाद श्रेष्ठ
निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
टेकु, काठमाडौं
टेलिफोन नं. : ४-२५५८९२
४-२६२१६१
फ्याक्स : ४-२६१८१७

पत्र संख्या :-
चलानी नं. :- 62

टेकु, काठमाडौं
मिति: २१ श्रावण २०६७

दोस्रो संस्करणको भूमिका

विकेन्द्रीकरण कार्यक्रमको सफलताका लागि मुख्यतया दुईवटा महत्वपूर्ण काम हुनुपर्ने विश्वव्यापी मान्यता रहिआएको छ । प्रथमतः यो लागु गर्नु अगाडि स्पष्ट मार्ग चित्र तथा आवश्यकपूर्व तयारी हुनुपर्दछ । दोस्रो कुरा भनेको लक्षित वर्गको क्षमता अभिवृद्धिसँग सम्बद्ध क्रियाकलापहरु हुन् । हाम्रो स्वास्थ्य क्षेत्रको विकेन्द्रीकरण प्रकिया जसरी शुरु भयो त्यसको पृष्ठभूमि यहाँ दोहोर्‍याइरहनु नपर्ला ।

यसको पहिलो संस्करणमा विभिन्न संस्थाहरुले आआफ्नै किसिमले शुरु गरेको क्षमता अभिवृद्धिका लागि प्रयोग गरिएका सामग्रीहरुलाई समायोजन गरी यस तालिम केन्द्र तथा सम्बद्ध सहयोगी निकायहरुको संयुक्त प्रयासमा एउटा साझा प्रकियाको रूपमा तयार गरियो भन्ने बारे विस्तृत रूपमा चर्चा गरिसकिएको छ । त्यो निर्देशिकाको लागि स्थानीय विकास मन्त्रालयका सचिवज्यूबाट मन्तव्यसमेत प्राप्त भएको छ । हाल यो दोस्रो संस्करणको सामग्री परिमार्जनका क्रममा त्यस मन्त्रालयका प्रतिनिधिको निरन्तर सहभागिता रहनुले यी दुई मन्त्रालयहरुवीचको सहयात्रा सुदृढ हुदै गएको कुराको पुष्टि भएको छ ।

परिमार्जनसहितको यो दोस्रो संस्करणका बारेमा छोटो चर्चा गर्नु यहाँ उपयुक्त नै हुने छ । पहिलो संस्करण कार्यान्वयनका लागि सहजकर्ताहरु तयार गर्दा हामीले चाहेको सामग्री दिनका लागि तय गरिएको दुई दिनको समय अपुग भएको कुरा सुरुका दिनमा नै उठेको थियो । कार्यक्रम संचालकहरुमा आइपर्ने मूख्य चुनौती मध्ये व्यवस्थापन समितिका सदस्य खासगरि पिछडिएका दलित, जनजातिका समुदायवाट प्रतिनिधित्व गर्ने महिलाहरुलाई शासकीय प्रकृयामा सहभागी हुन तैयार पार्नु हो र परिस्थिति अनुरूप कहिलेकाहि यो चुनौति जटिल भै दिने गर्दछ । यसका लागि यथेष्ट समय लाग्ने कुरा निर्विवाद छ ।

यस बाहेक दुईवटा पाठ्यांश थप गर्नु पर्ने सुझाव विशेषज्ञ, सहजकर्ताहरुबाट उठ्दै आएकाले यस तीन दिने सामग्रीमा मूलतः स्वास्थ्य संस्था हस्तान्तरण प्रकिया र दीर्घ वा मध्यम कालमा आफनो संस्था कस्तो बनाउने भन्ने एउटा परिकल्पना अभ्यास समावेश गरिएका छन् । मलाई विश्वास छ यस परिमार्जित निर्देशिकाले आशातीत प्रतिफल प्राप्त गर्नेछ । फलस्वरूप, स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढ भै लक्षित समूहसम्म गुणस्तरीय सेवाप्रवाह हुनजाने विश्वास गरिएको छ ।

यो निर्देशिका मूलतः हस्तान्तरित समितिका सदस्यहरुलाई लक्षित गरी तयार पारिएको भए तापनि हस्तान्तरण हुन बाँकी समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गर्न पनि उत्तिकै उपयोगी हुने कुरा विगतको अनुभवले देखाएको छ । त्यसैले यस निर्देशिकालाई हस्तान्तरण हुन बाँकी समितिहरुको पूर्वतयारीका रूपमा क्षमता अभिवृद्धिका निम्ति प्रयोग गर्न सकिने छ ।

यो पाठ्य सामग्री निर्माणको क्रममा गठन भएका कार्यदलका संयोजक राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका उप-सचिव श्री ऋषिराम खड्का तथा सदस्यहरु क्रमशःव्यवस्थापन महाशाखाका श्री घनश्याम पोखरेल, स्थानीय विकास मन्त्रालयका श्री इन्द्रकुमार बस्याल, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका श्री संजय दाहाल, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रोका श्री उदेव मर्हजन र श्री गगन गुरुङलाई धन्यवाद दिन चाहन्छु । यसै गरी पाठ्यक्रम विकासमा संलग्न नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो का श्री मदन थापा, श्री राजेश लिम्बू, श्री गणेश पाण्डे र श्री पशुपति तुलाधरलाई धन्यवाद दिन चाहन्छु ।

पाठ्यक्रम पुनरावलोकनका विशेष सल्लाहकार नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रोका श्री ध्रुव थापा र श्री दीर्घराज श्रेष्ठ प्रति पनि आभार व्यक्त गर्न चाहन्छु । साथै यस सामग्री तयार गर्ने क्रममा टाइपिङ, फर्म्याटिङमा सहयोग पुऱ्याउनु हुने श्री नम्रता श्रेष्ठ र नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रोका श्री प्रविणा अमात्य, चित्र र डिजाइनमा सहयोग गर्नु हुने राजुबाबु शाक्य, भाषा सम्पादन गर्न सहयोग गर्नुहुने श्री शिवप्रसाद सत्याल र पाठ्यक्रम पुनरावलोकन गोष्ठी व्यवस्थापनमा सहयोग गर्नु हुने नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रोका श्री अंशु सिंहलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा यो पाठ्य सामग्री तयार गर्न आर्थिक सहयोग प्रदान गर्ने दातृसंस्था-अमेरिकी सहयोग नियोग (यू.एस.ए.आई.डी) प्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

.....

अर्जुनबहादुर सिंह
निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.....शाखा)

फोन नं. ४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२
४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या
चलानी नं. :-

मिति :- .....

विषय :-

मन्तव्य

नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम - कार्यान्वयन योजना २००४-२००९ लागू भएको आधा समय वितिसकेको छ । उक्त योजनाले हासिल गर्न निर्धारण गरेका महत्वपूर्ण उद्देश्यहरु मध्ये स्वास्थ्य क्षेत्र विकेन्द्रीकरण ज्यादै महत्वपूर्ण उद्देश्य हो । यस क्रममा २८ जिल्लाका विभिन्न तहका १४३३ स्वास्थ्य संस्थाहरु (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकी) सम्वन्धित स्थानीय समुदाय (गा.वि.स.) लाई हस्तान्तरण भइसकेका छन् । ती संस्थाहरुको दैनिक व्यवस्थापकीय जिम्मेवारी वहन गर्नका लागि सरकारले तोके वमोजिम स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरु गठन भएका छन् ।

स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यवस्थापन स्थानीय निकायबाट गर्ने कार्य प्रभावकारीरुपमा सम्पन्न गर्नको लागि समितिका सदस्यहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु नितान्त आवश्यक छ । विभिन्न समयमा भएका सुपरीवेक्षण प्रतिवेदन तथा अध्ययनहरुले पनि स्थानीय स्वास्थ्य संस्थाहरुको व्यवस्थापकीय क्षमता वृद्धि गर्नु पर्ने सुझाव दिएका छन् । यसै सन्दर्भमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार गरेको यो "हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी" (समुदाय र स्वास्थ्य संस्था बीच सहकार्य अन्तरक्रिया अभिवृद्धि कार्यक्रम) अन्तरक्रिया कार्यक्रम संचालन निर्देशिकाले त्यो खाँचो परिपूर्ति गर्नेछ भन्ने कुरामा यस मन्त्रालयले अपेक्षा राखेको छ । समुदायका प्रतिनीधिहरुको लागि आवश्यकता पहिचान, योजना तर्जुमा, कार्यान्वयन, समावेशी स्वास्थ्य सेवा, सुशासन, नेतृत्व विकास र व्यवस्थापनका विविध पक्षहरुमा ज्ञान र सीप प्रदान गरी उनीहरुको व्यवस्थापन क्षमता अभिवृद्धि गर्न यो निर्देशिका तयार गरेको थाहा पाउंदा मलाई खुशी लागेको छ । स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका सदस्यहरु आवश्यक ज्ञान र सीप प्राप्त गरेपछि उनीहरुको व्यवस्थापकीय ज्ञान तथा काम गर्ने क्षमतामा वृद्धि भई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न मद्दत पुऱ्याउने प्रयास सह्रानीय छ । साथै स्थानीय तहको स्वास्थ्य संस्थाको व्यवस्थापन सुधार तथा सुदृढीकरणको लागि काम गर्ने सवै सरकारी तथा गैह्र सरकारी निकायहरुले यो निर्देशिकालाई आधार मानेर कार्यक्रम संचालन गर्न सकेमा यसबाट देशभरी नै समन्वयात्मक ढंगबाट क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने समेत विश्वास लिएको छु ।

यो कार्यक्रम संचालन निर्देशिका तयार गर्नको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु हुने राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र र अन्य सरकारी तथा गैह्र सरकारी निकायका व्यक्तिहरुलाई धन्यवाद दिन चाहन्छु ।

.....
रामचन्द्र मान सिंह
सचिव

९ ज्येष्ठ २०६४

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
(.....शाखा)
फोन : ५-५२१७, ५-५२१७, ५-५२१७
फ्याक्स नं.: ५-५२२०
श्रीमहल, पुल्चोक
ललितपुर ।

पत्र संख्या:-
चलानी नं.:-

मन्तव्य

स्थानीय स्वायत्त शासन ऐन २०५५ को मर्म र भावना अनुरुप स्थानीय स्तरका विकास निमार्णका कार्यहरुको व्यवस्थापन तथा सेवा प्रवाह गर्ने जिम्मेवारी र अधिकार स्थानीय निकाय एवं स्थानीय स्तरमा गठित व्यवस्थापन समितिहरुलाई नै निक्षेपण गर्ने नीति वर्तमान सरकारले लिएको छ। यसै अनुरुप स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले योजनाबद्ध रुपमा स्थानीय स्तरका स्वास्थ्य संस्थाहरु र सम्बन्धित कार्यक्रमहरुलाई क्रमसः स्थानीय निकायहरुको जिम्मामा दिई तिनीहरुको क्षमता अभिवृद्धि र सहजीकरण गर्ने तथा उपयुक्त नीति तर्जुमा गर्ने तर्फ मन्त्रालय र विभागले कार्य केन्द्रित गर्दै गएको कुरा उत्साहप्रद छ। आगामी दिनहरुमा स्थानीय निकायहरुको संचालन निर्वाचित प्रतिनिधिहरुले जिम्मेवारी लिएपछि यस कार्यमा अझ बढी प्रगति हुने अपेक्षा गर्दछु।

हाल सम्म स्थानीय निकायमा हस्तान्तरण भइसकेका स्थानीय स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यवस्थापन समितिका सदस्यहरुको व्यवस्थापकीय क्षमता वृद्धि गरी प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्य अनुरुप तयार पारिएको "हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी" (समुदाय र स्वास्थ्य संस्था बीच सहकार्य अभिवृद्धि कार्यक्रम) अन्तरक्रिया कार्यक्रम संचालन निर्देशिकाले स्थानीय स्तरमा स्वास्थ्य सेवाको प्रभावकारीता अभिवृद्धि गर्ने दिशामा थप सहयोग पुग्नेछ भन्ने विस्वाश लिएको छु।

वास्तवमा विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवहारमा उतार्न नीति, ऐन र नियम तर्जुमा गरेर मात्र पर्याप्त हुदैन। यसको जिम्मेवारी पाएका सबै सरकारी निकाय, गाँउ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिहरुका निर्वाचित पदाधिकारीहरुको व्यवस्थापकीय ज्ञान, शिप र दक्षता अभिवृद्धि गर्नु त्यस मन्त्रालय लगायत अन्य सम्बद्ध मन्त्रालयहरुको पनि जिम्मेवारी हो। अतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस प्रकारको खाँचो परिपूर्ति गर्न गरिएको यो प्रयास वास्तवमै सह्रानीय छ। भविष्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यस मन्त्रालय बीच थप सहकार्य गरी स्थानीय निकायहरुबाट स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न सघाउ पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ। यस किसिमको प्रयासबाट नेपाल सरकारले स्वास्थ्य सेवाको क्षेत्रमा लिएको उद्देश्य एवंम लक्ष्य हासिल गर्न मद्दत पुग्ने आशा गर्दै प्रस्तुत प्रकाशनले स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रभावकारी, सस्तो, सुलभ र प्रभावकारी ढंगले प्रदान गर्ने कार्यमा सम्बन्धित सबैलाई सफलता मिलोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछु।

१ जेष्ठ २०६४

(रामकुमार श्रेष्ठ)
का.मु.सचिव
स्थानीय विकास मन्त्रालय

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
..... महाशाखा

☎ ४२६१७१२
४२६१४३६
फ्याक्स-४२६२२३८

पत्र संख्या :-
चलानी नम्बर :-

पचली, टेकू
काठमाडौं, नेपाल ।
मितिः ९ ज्येष्ठ २०६४

विषयः- **मन्तव्य**

कुनै पनि विकास कार्यहरुमा स्थानीय समुदायका व्यक्तिहरु वा विकास कार्यहरुवाट प्रतिफल प्राप्त गर्ने व्यक्तिहरुको प्रभावकारी सहभागिता गराउन सकेमा त्यस्ता कार्यहरु वढी दिगो हुने, आशातीत उद्देश्य प्राप्त गर्न सकिने र विकास कार्यको लागत कम लाग्ने तथ्य आजभोलि सर्वविदित भइसकेको छ। त्यसैले कुनै पनि विकास कार्यहरुमा स्थानीय समुदायका मानिसहरुलाई सहभागि गराउनु अपरिहार्य एवं महत्वपूर्ण कार्य भइसकेको छ। यही सर्वमान्य सिद्धान्तलाई अङ्गालेर नेपालमा २०५५ सालमा विकेन्द्रीकरणको अवधारणालाई गाँउस्तर सम्म पुऱ्याइ गाँउ नगर र जिल्ला विकास समितिहरुलाई स्थानीय सरकारको रुपमा स्थापित गर्ने प्रयत्न गरेको छ। विकेन्द्रीकरणको सवै नीति अनुरुप हाल स्थानीय विकास कार्यहरुको व्यवस्थापन गर्ने केन्द्रको जिम्मेवारीलाई विस्तारै स्थानीय समुदाय, स्थानीय सरकार एवं व्यवस्थापन समितिहरुलाई अधिकार सम्पन्न गराउने नीतिलाई सरकारले अघि वढाएको छ। ऐतिहासिक जनआन्दोलन २ को सफलता पश्चात् वनेको सरकारले पनि स्थानीय तहमा हुने विकास निर्माण एवं सेवा प्रवाह कार्यहरु स्थानीय निकाय मार्फत नै हुनुपर्ने सिद्धान्तलाई जोड दिदै गा.वि.स. लाई उपलब्ध गराउनु पर्ने अनुदान रकममा शतप्रतिशत वृद्धि गरेको छ।

स्थानीय तहमा स्थापना भएका स्वास्थ्य संस्थाहरु र स्वास्थ्य कार्यक्रमहरुलाई पनि विस्तारै स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समितिहरु स्थापना गरी यी समितिहरु मार्फत व्यवस्थापन एवं संचालन गर्ने नीति लिइएको छ। यसै अनुरुप हाल २८ वटा जिल्लाहरुमा स्वास्थ्य संस्थाहरुलाई यस सम्वन्धी दुई दिने अभिमुखीकरण तालिम संचालन गरी स्थानीय तहमा हस्तान्तरण गरिसकिएको छ। यसरी हस्तान्तरण गरिएका केही जिल्लाहरुमा धेरै राम्रो नतिजा प्राप्त भइरहेको छ भने केही जिल्लाहरु प्रगति पथमा लम्किरहेका छन्। स्वास्थ्य संस्था व्यवस्थापन गर्ने कार्य त्यति सजिलो छैन्। स्थानीय तहका व्यक्तिहरुले व्यवस्थापनका बारेमा धेरै कुराहरु थाहा पाउन र जान्न आवश्यक छ। साथै हस्तान्तरण भैसकेका समितिका सदस्यहरुलाई नियमित रुपमा अनुगमन गरी उनीहरुलाई आवश्यक प्राविधिक सहयोग गर्नु पनि नितान्त आवश्यक छ। यस विषयसंग सम्वन्धित विज्ञ एवं संघ संस्थाहरुवाट बेला बेलामा गरीएका अध्ययनहरुको नतिजा र कार्यक्रम संचालन गर्दा प्राप्त अनुभवहरुलाई पनि आधार मानेर स्वास्थ्य संस्था हस्तान्तरण पश्चात व्यवस्थापन समितिका सदस्यहरुको कार्य सम्पादनमा सुधार गर्नको लागि थप २ दिने अन्तरक्रिया कार्यक्रम र त्यस पछि क्रमशः आवश्यकता अनुसार विभिन्न विषयमा ज्ञान र सीप अभिवृद्धि गर्नको लागि यो निर्देशिका तयार गरिएको रहेछ। यो थाहा पाउदा मलाई ज्यादै खुशी लागेको छ। यसले स्थानीय व्यवस्थापन समितिका सदस्यहरुको ज्ञान र सीपमा अभिवृद्धि गर्न सहयोग पुर्‍याइ स्थानीय समुदायको आवश्यकता परिपुर्ति गर्ने कार्यमा सहयोग पुग्ने आशा गर्दछु। निर्देशिका तयार गर्न सहयोग गर्ने राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र र अन्य संघ संस्थाका सम्पूर्ण व्यक्तिहरुलाई म धन्यवाद दिन चाहन्छु।

Sarala Malla

महानिर्देशक
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र
टेकु, काठमाडौं

टेलिफोन नं. : ४-२५५८९२
४-२६२१६१
फ्याक्स : ४-२६१८१७

पत्र संख्या :-
चलानी नं :-

टेकु, काठमाडौं
मिति: ९ ज्येष्ठ २०६४

प्राक्कथन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अनुसार गर्नु पर्ने धेरै नीतिगत कार्यक्रमगत सुधार मध्ये स्वास्थ्य संस्थालाई विकेन्द्रिकरण गर्दै एउटा महत्वपूर्ण पक्ष रहेकोछ। यसैक्रममा यस तालिम केन्द्रलाई विकेन्द्रीकरण कार्यक्रम अन्तर्गत स्थानीय समुदायलाई हस्तान्तरित स्वास्थ्य संस्था र सरोकारवालाहरुको व्यवस्थापकीय र प्राविधिक क्षमता अभिवृद्धि गर्ने महत्वमूर्ण जिम्मेवारी सुम्पेको छ। तद अनुरुप हाल सम्ममा २८ जिल्लाका विभिन्न तहका १४३३ स्वास्थ्य संस्थाहरु स्थानीय तहमा हस्तान्तरण भै सकेका छन्। यसै सन्दर्भमा स्वास्थ्य संस्थाहरु स्थानीय तहमा सुम्पन्नका लागि आवश्यक निर्देशिका, २ दिने अभिमुखिकरण कार्यक्रम र सो को लागि आवश्यक पर्ने केन्द्र देखि जिल्लासम्मका प्रशिक्षकहरुलाई प्रशिक्षण विधि सम्वन्धि तालिम लगायत हस्तान्तरित स्वास्थ्य संस्थाका व्यवस्थापन समितिका सदस्यहरुलाई अभिमूखिकरण कार्यक्रम समेत संचालन भै सकेका छन्।

विद्यमान परिस्थितिमा थप स्वास्थ्य संस्थाहरु हस्तान्तरण गर्ने वा नगर्ने भन्ने सम्वन्धमा मन्त्रालय स्तरबाट नीतिगत निर्णय हुनु जरुरी छ। तर यस अघि हस्तान्तरण भई सकेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापकीय दक्षता सुदृढ गरी प्रभावकारी स्वास्थ्य सेवा प्रदान गराउनु नितान्त आवश्यक छ। यी कुराहरु स्थानीय तह देखि दातृ निकाय सम्मको चासो बनीसकेको र विभिन्न अध्ययन प्रतिवेदनहरुले पनि सुझावका रुपमा यस विषयलाई अत्यन्त महत्वपूर्ण रुपमा औल्याइएका छन्।

विभिन्न दातृ राष्ट्र संग सम्वन्धित गैह्र सरकारी निकायहरुले विकेन्द्रीकरण गर्ने क्रममा स्वास्थ्य संस्थाहरु हस्तान्तरण तथा अभिमूखीकरण कार्यमा सहयोग गरे जस्तै तीनीहरुको व्यवस्थापकीय दक्षता सुदृढीकरणको लागि कसरी अघि बढ्ने भन्ने वारे पनि ती संस्थाहरु संग धेरै चरणहरुमा छलफल भयो। यसै क्रममा यस अघि भएका विभिन्न अध्ययन प्रतिवेदनका सिफारिसहरुलाई मनन् गरी ठोसरुपमा कसरी अघि बढ्ने भन्ने सम्वन्धमा एउटा कार्यदल गठन भयो। उक्त कार्यदलले तैयार गरेको यो २ दिने "हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी" भन्ने समुदाय तथा स्वास्थ्य संस्था बीच सहकार्यता बढाउने अवसरकारुपमा कतिको प्रभावकारी होला भनि स्थलगत परिक्षण गर्दा समेत अपेक्षा गरे जस्तै सहभागीहरुको प्रेरणा जागेको र उनीहरुकै पहलमा स्वास्थ्यको व्यवस्थापन सुधारको लागि कार्ययोजना समेत तयार भएको पाइयो। यसरी स्थलगत परिक्षणका सिलसिलामा प्राप्त भएका सिकाइहरुलाई पनि यसमा आवद्ध गरिएको छ।

विकेन्द्रीत स्वास्थ्य संस्था संचालन समितिका सदस्यहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न तयार पारिएको यो कार्यक्रम संचालन पुस्तिका का निम्न ७ विशेषताहरु छन्।

१. यो कार्यक्रम सहभागितात्मकरुपमा संचालन गरिने छ।

२. मूलत सहभागी व्यवस्थापन समितिका सदस्यहरुको नै वढी भूमिका रहनेछ ।

३. उक्त संस्था वाहिरबाट कार्यक्रम संचालनको लागि आउने सरकारी वा गैह्र सरकारी संस्थाहरुले कार्यक्रमको सहजकर्ताको भूमिका मात्र निभाउने छन् ।

४. पहिलो दिनको क्रियाकलापवाट सहभागीहरुमा एउटा जिम्मेवारी वोध भएको अनुभव हुनेछ ।

५. दोश्रो दिनको क्रियाकलापबाट सहभागीहरुमा "हाम्रो संस्थाले यस्तो पो गरिरहेको रहेछ वा यस्तो संम्भावनाहरु पो रहेछ, जुन कुराहरु यस अघि वुझ्ने प्रयास नै भएनछ" भने जस्ता उत्साहप्रद कुराहरु स्पष्ट हुनेछ ।

६. यो अत्यन्त सरलरुपवाट स्थानीय तहको व्यवस्थापन समितिका पदाधिकारीहरुमा गहन जिम्मेवारीको वोध गराउने शैलीमा तैयार भएको छ ।

७. अन्त्यमा, एउटा व्यवहारिक र समयबद्ध कार्ययोजना तयार हुनेछ त्यसको कार्यान्वयनका लागि समितिका सदस्यहरुको प्रतिवद्धता व्यक्त हुनेछ ।

यो २ दिने कार्यक्रम सकारात्मक गन्तव्य तिरको एउटा शुरुवात मात्र हो । सुपरिवेक्षक/सहजकर्ता संस्थाले उक्त कार्ययोजना कार्यान्वयनको अवस्था र अनुगमनको क्रममा समिति सदस्यहरुसंग नियमितरुपमा थप अन्तरक्रिया गर्नेछन् । सो क्रममा उक्त व्यवस्थापन समितिमा के कस्तो व्यवस्थापकीय ज्ञान वा सीपको विकास भएमा भविष्यमा संस्थाको प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न सहयोग पुग्नेछ भन्ने कुरा स्पष्ट हुनेछ । यस्तो ज्ञान र सीप हालसम्मको अध्ययन प्रतिवेदनहरु सिफारिसका आधारमा आवश्यकता आधारित भई लचिलो पाठयक्रम (Module Basis) का रुपमा तयार पारिएका छन् । यस अनुसार कार्ययोजनामा उल्लेख भए अनुसार स्थानीय आवश्यकताको आधारमा शिक्षण वा अनुशिक्षण गरिनेछ । हाललाई योजना तर्जुमा, नेतृत्व विकास, श्रोत परिचालन, सुशासन, सामाजिक समावेशीकारण जस्ता विविध विषयका पाठयक्रम तयार पारिएको छ । स्थानीय तहको सहभागितामूलक रुपमा गरिएको आवश्कता पहिचानको आधारमा क्षमता वृद्धि गर्ने यो लचिलो प्रविधि नै यस प्रक्रियाको सशक्त विशेषता पनि हो । अब उप्रान्त स्थानीय स्वास्थ्य व्यवस्थापन समितिको सदस्यहरुको क्षमता विकासमा संलग्न सवै सरकारी वा गैह्र सरकारी संस्थाहरुले भविष्यमा यसै प्रक्रियावाट कार्य संचालन गर्नेछन् भन्ने यस तालिम केन्द्रले अपेक्षा गरेको छ ।

यो समुदाय तथा स्वास्थ्य संस्था वीच सहकार्य अभिवृद्धि कार्यक्रमको संचालन निर्देशिका तैयार गर्न संयोजकको काम गर्ने श्री ऋषीराम खडका, यस कार्यमा सक्रियरुपमा सघाउने नेपाल परिवार स्वास्थ्य कार्यक्रमका टोलीका सदस्यहरु, Management Secience for Health (MSH) का सदस्यहरु , सामुदायिक स्वास्थ्य विकास कार्यक्रम (RHDP) र अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुलाई धेरै धेरै धन्यवाद ज्ञापन गर्दछु । नेपाल परिवार स्वास्थ्य कार्यक्रमले यसलाई छपाउने क्रममा तथा ८ जिल्लामा यो कार्यक्रम कार्यान्वयन समेत गर्ने भएकोले उक्त योगदानको लागि पनि विशेष धन्यवाद ज्ञापन गर्दछु । यस क्रममा व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग तथा नीति योजना तथा व्यवस्थापन महाशाखाका प्रमुखज्यूवाट प्राप्त प्रेरणा तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम इकाईका संयोजकले प्रदान गर्नु भएको सुझावका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

.....

अमिर खाती

निर्देशक

पाठ्यक्रम परिमार्जनमा संलग्न महानुभाव तथा निकाय (२०७१)

१. श्री महेन्द्र प्रसाद श्रेष्ठ- निर्देशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

२. श्री विनोद विन्दु शर्मा- निर्देशक, पश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य तालिम केन्द्र

३. श्री घनश्याम पोखरेल- वरिष्ठ जन स्वास्थ्य प्रशासक, व्यवस्थापन महाशाखा

४. श्री महेश्वर प्रसाद श्रेष्ठ- वरिष्ठ जन स्वास्थ्य प्रशासक, जिल्ला स्वास्थ्य कार्यालय, बाग्लुङ्ग

५. श्री नरहरि शर्मा- जनस्वास्थ्य अधिकृत, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

६. श्री संजय दहाल- जनस्वास्थ्य अधिकृत, राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चार केन्द्र

७. श्री टंक प्रसाद भट्टराई- शाखा अधिकृत, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

८. श्री अर्जुन बहादुर सिंह- पूर्वनिर्देशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

९. श्री बिन्दु पोखरेल गौतम- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ, सुआहारा कार्यक्रम

१०. डा. समिना राजभण्डारी, हेल्थ सर्भिस प्रमोशन म्यानेजर, सुआहारा कार्यक्रम

११. श्री श्रीकृष्ण बस्नेत- सि. हेल्थ सर्भिस प्रमोशन कोअर्डिनेटर, सुआहारा कार्यक्रम

१२. श्री ध्रुव थापा- नीति तथा सुशासन सल्लाहकार, हेल्थ फर लाइफ

१३. श्री शोभा लामा- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सल्लाहकार, हेल्थ फर लाइफ

१४. श्री उदेव महर्जन- डेप्युटी चिफ अफ पार्टी , लाइफ लाइन नेपाल

१५. श्री छाया झा- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सल्लाहकार, NHSSP II

१६. श्री सीताराम प्रसाई- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सल्लाहकार, NHSSP II

१७. श्री मिता सैंजु- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कन्सल्ट्यान्ट, NHSSP II

१८. श्री भावना सुवेदी- स्वास्थ्य तथा लैङ्गिक समानता सल्लाहकार, हेल्थ पोलिसी प्रोजेक्ट, जेण्डर पोलिसी मेजरमेन्ट

१९. श्री राजेश लिम्बु- कन्सल्ट्यान्ट, सुआहारा कार्यक्रम

२०. श्री अर्जुन अर्याल- कन्सल्ट्यान्ट, सुआहारा कार्यक्रम ।

पाठ्यक्रम परिमार्जनमा संलग्न महानुभावहरु (२०६७)

श्री अर्जुनबहादुर सिंह, निर्देशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
श्री ऋषिराम खड्का, उप-सचिव, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
श्री संजय दाहाल, जनस्वास्थ्य अधिकृत, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र
श्री इन्द्र बस्याल, शाखा अधिकृत, स्थानीय विकास मन्त्रालय
श्री घनश्याम पोखरेल, वरिष्ठ जनस्वास्थ्य प्रशासक, व्यवस्थापन महाशाखा
श्री दीर्घराज श्रेष्ठ, वरिष्ठ विशेषज्ञ, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो
श्री उदेव महर्जन, वरिष्ठ कार्यक्रम अधिकृत/तालिम संयोजक,नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो
श्री ध्रुव थापा, वरिष्ठ कार्यक्रम अधिकृत, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो
श्री मदन थापा, फिल्ड मेनजर, नेपाल परिवार स्वस्थ्य कार्यक्रम दोस्रो
श्री राजेश लिम्बू, कार्यक्रम अधिकृत, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो
श्री पशुपति तुलाधर, फिल्ड अफिसर, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो
श्री गणेश पाण्डे, कार्यक्रम अधिकृत, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो
श्री गगन गुरुङ्ग, टिम लिडर, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो

पाठ्यक्रम पुनरावलोकनका विशेष सल्लाहकार

श्री अर्जुनबहादुर सिंह, निर्दशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
श्री ऋषिराम खड्का, उप-सचिव, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
श्री दीर्घराज श्रेष्ठ, वरिष्ठ विशेषज्ञ, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो
श्री ध्रुव थापा, वरिष्ठ कार्यक्रम अधिकृत, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो

पाठ्यक्रम परिमार्जन कार्यदलका सदस्यहरु

श्री ऋषिराम खड्का, उप-सचिव, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र - संयोजक
श्री इन्द्र बस्याल, शाखा अधिकृत, स्थानीय विकास मन्त्रालय - सदस्य
श्री घनश्याम पोखरेल, वरिष्ठ जनस्वास्थ्य प्रशासक, व्यवस्थापन महाशाखा - सदस्य
श्री संजय दाहाल, जनस्वास्थ्य अधिकृत, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र - सदस्य
श्री उदेव महर्जन, वरिष्ठ कार्यक्रम अधिकृत तालिम संयोजक नेपाल परिवार, स्वास्थ्य कार्यक्रम दोस्रो - सदस्य
श्री गगन गुरुङ्ग, टिम लिडर, नेपाल परिवार स्वास्थ्य कार्यक्रम दोस्रो - सदस्य

पाठ्यक्रम विकास तथा पुनरावलोकनमा संलग्न महानुभाव तथा निकायहरु (२०६३)

(क) कार्य टोली

१.	श्री ऋषिराम खड्का, संयोजक	राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य सेवा विभाग, टेकु
२.	श्री रीता जोशी, सदस्य	व्यवस्थापन महाशाखा,स्वास्थ्य सेवा विभाग, टेकु
३.	श्री हर्कबहादुर थापा, सदस्य	ग्रामीण स्वास्थ्य विकास कार्यक्रम, जावलाखेल
४.	श्री ध्रुव थापा, सदस्य	नेपाल परिवार स्वास्थ्य कार्यक्रम, सानेपा
५.	श्री गगन गुरुङ्ग, सदस्य	नेपाल परिवार स्वास्थ्य कार्यक्रम, सानेपा

(ख) पुनरावलोकन समिति

१.	श्री अजुनबहादुर सिंह, प्रमुख	नीति, योजना तथा अर्न्तराष्ट्रिय सहयोग महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं
२.	श्री अमिर खाती, निर्देशक	राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य सेवा विभाग, टेकु
३.	श्री डा.बाबुराम मरासिनी, संयोजक	स्वास्थ्य क्षेत्र सुधार इकाइ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमांडौ
४.	श्री रामजी ढकाल, प्रमख संयोजक	स्वास्थ्य क्षेत्र सहयोग कार्यत्रम, जि.टि.जेड, टेकु
५.	श्री दीर्घराज श्रेष्ठ, वरिष्ठ विशेषज्ञ	नेपाल परिवार स्वास्थ्य कार्यक्रम, सानेपा
६.	श्री हरेराम भट्टराई, प्रतिनिधि	म्यानेजमेन्ट साइन्स फर हेल्थ, (MSH)
७.	डा. दामोदर अधिकारी	वरिष्ठ सल्लाहकार, स्वास्थ्य क्षेत्र सुधार सहयोग कार्यक्रम, (RTI International), सानेपा

(ग) विशेष सहयोगी

१.	श्री तत्व तिमिल्सिना	इन्स्टिच्युट फर कल्चरल अफेयर्स (ICA)
२.	श्री मदनराज विष्ट	इन्स्टिच्युट फर कल्चरल अफेयर्स (ICA)
३.	श्री राजेश लिम्बू	नेपाल परिवार स्वास्थ्य कार्यक्रम, सानेपा
४.	श्री सुजिता शाक्य	नेपाल परिवार स्वास्थ्य कार्यक्रम, सानेपा
५.	श्री सरिता यादव	नेपाल परिवार स्वास्थ्य कार्यक्रम, सानेपा

विषय-सूची

(खण्डः १) प्रशिक्षक निर्देशिका

क्र.सं.	विषय	सत्र	पा.नं.
१.	पाठ्यक्रम ढाँचा	-	क १
२.	दैनिक कार्य तालिका	-	क ६
३.	सहभागी हाजिरी नमुना फाराम	-	क ७
४.	तालिम पाठ्यक्रमको सारसंक्षेप	-	क ८
५.	परिचयात्मक क्रियाकलाप	क	१
६.	हस्तान्तरण प्रक्रिया	ख	५
७.	स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	ग	९
८.	स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता	घ	१७
९.	स्वस्थ जीवनः हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी	ङ.	१९
१०.	पहिलो दिनको पुनरावलोकन	च	२५
११	स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु	छ	२७
१२	स्वास्थ्य संस्था व्यवस्थापन	ज	३१
१३	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना	झ	३५
१४	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी	ञ	३९
१५	बैठक सञ्चालन प्रक्रिया	ट	४३
१६	दोश्रो दिनको पुनरावलोकन	ठ	४७
१७	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरुको स्वमूल्याङ्कन	ड	४९
१८	स्वास्थ्य संस्था र समितिको परिकल्पना	ढ	५३
१९	स्वास्थ्य संस्था र समितिको कार्ययोजना	ण	५७
२०	मूल्याङ्कन	त	६५
२१	तालिमको सारसंक्षेप	थ	६७

(खण्डः २) सन्दर्भ सामग्री

क्र.सं.	विषय	पा.नं.
१	हस्तान्तरण प्रक्रियाबारे छोटो जानकारी	७१
२	स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	७४
३	स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता	८१
४	स्वस्थ जीवनः हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी	८८
५	स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु	९०
६	स्वास्थ्य संस्था व्यवस्थापन	९५
७	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना	९७
८	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी	१०३
९	बैठक सञ्चालन प्रक्रिया	१०६
१०	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरुको स्वमूल्याङ्कन	१०८
११	स्वास्थ्य संस्था र समितिको परिकल्पना	११२
१२	स्वास्थ्य संस्था र समितिको कार्ययोजना	११४
१३	सूचना संकलन प्रक्रिया	१२०
१४	सुपरिवेक्षण	१२१
१५	सुशासन	१२५
१६	स्रोत परिचालन	१२९
१७	सामाजिक परीक्षण	१३४
१८	योजना तर्जुमा	१४०
१९	मूल्याङ्कन प्रश्नावली	१४७
२०	तालिमको सारसंक्षेप	१५०

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम पाठ्यक्रमको ढाँचा

१. पृष्ठभूमिः

गुणस्तरीय स्वास्थ्य सेवा पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो । त्यसैले सरकारको तर्फबाट प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न प्रयासहरु गरिएका हुन्छन् । हाम्रो नेपालमा पनि यो प्रयास जारी छ । विगतका दशकहरुमा अन्य देशहरु र हाम्रै नेपालमा पनि भएका विकासका विभिन्न प्रयासहरुलाई विश्लेषण गर्दा स्थानीय तहका मानिसहरुलाई विकास कार्यको व्यवस्थापन जस्तैः समस्याको पहिचान गर्ने, समाधानका उपायहरुको खोजी गर्ने, स्रोत साधनको परिचालन गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने आदि कार्यहरुमा सहभागी गराउँदा कम लागत, प्रभावकारी तथा बढी दिगो भएको तथ्य सर्वमान्य भइसकेको छ । यसका अतिरिक्त महिला तथा वञ्चित समूहले स्वास्थ्य सेवामा पहुँच र स्वास्थ्य सेवाको उपयोग गर्दा भोग्नुपरेका वाधा/अड्चनहरूकाबारेमा स्थानीय स्तरमै राम्ररी थाहा हुन्छ । यसको समाधान र सोही अनुरूप कार्यान्वयन पनि स्थानीय स्तरमै गर्दा प्रभावकारी हुन्छ । यही तथ्यलाई आधार मानेर हाम्रो देशमा पनि स्थानीय समुदायका मानिसहरुको सहभागितामा केही विकासका कार्यहरुको शुरुवात गरिएका थिए र ती सफल पनि भए । यही तथ्यलाई अझै व्यापक एवं प्रभावकारी बनाउन नेपाल सरकारले २०५५ सालमा विकेन्द्रीकरणको सिद्धान्तमा आधारित स्थानीय स्वायत्त शासन ऐन पारित गरी सबै विकासका कार्यहरुमा स्थानीय समुदायको सहभागिता बढाउँदै लैजाने निर्णय गरिसकेको छ । यही ऐन र नियमावली अनुसार स्थानीय स्वास्थ्य संस्थाहरुलाई क्रमशः स्थानीय निकायहरुमा हस्तान्तरण गर्ने क्रमको शुरुवात आर्थिक वर्ष २०५९/०६० मा गरियो । नेपाल सरकारले आफ्नो सीमित साधन र स्रोत एवं विभिन्न संघ-संस्थाहरुको सहयोगमा हालसम्म २८ जिल्लाका १४३३ स्वास्थ्य संस्थाहरुलाई स्थानीय निकायमा हस्तान्तरण गरी व्यवस्थापनको जिम्मा स्थानीय समुदायका मानिसहरुलाई दिई सकेको छ ।

स्थानीय निकायलाई हस्तान्तरण गरिसकेपछि उक्त हस्तान्तरित स्वास्थ्य संस्थाको व्यवस्थापनको जिम्मा स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काँधमा आएको छ । उक्त स्वास्थ्य संस्थाहरुको प्रभावकारी व्यवस्थापन गर्न व्यवस्थापन समितिलाई व्यवस्थापन सम्बन्धी ज्ञान र सीप प्रदान गरी क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक हुन्छ ।

यसका निम्ति नेपाल सरकार, स्वास्थ्य सेवा विभाग, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको अगुवाइमा हस्तान्तरित स्वास्थ्य संस्थाका सञ्चालन तथा व्यवस्थापन समितिहरुका लागि अभिमुखीकरण कार्यक्रम गरिसकिएका छन् । साथै विगतमा विभिन्न संघ संस्थाहरुले समितिको क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमका तालिमहरु सञ्चालन गरेको थियो । सबै संघ संस्थाहरुको मुख्य जोड समितिको क्षमता अभिवृद्धि नै भएतापनि त्यसका तौर तरिकाहरु फरक फरक भएकाले यसलाई एकरूपता ल्याउनुपर्ने आवश्यकता टड्कारो रूपमा महसुस गरियो । यही कुरालाई मध्यनजर गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको नेतृत्वमा र व्यवस्थापन समितिको क्षमता अभिवृद्धिमा कार्यरत विभिन्न संघ संस्थाहरुको संलग्नतामा स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि कार्यक्रमलाई अझ प्रभावकारी बनाउन निम्न निर्णयहरु गरिए :

१. भविष्यमा स्थानीय स्वास्थ्य संस्थाहरुको क्षमता विकाससँग सम्बन्धित कुनै पनि कार्यहरु सञ्चालन गर्दा निम्न सिद्धान्तहरुको अवलम्बन गर्ने:

- महिला, गरिब तथा वञ्चित समूहका व्यक्तिहरूको उपस्थिति सुनिश्चित हुने गरी सहभागितामूलक प्रक्रियाबाट कार्यक्रम सञ्चालन गर्ने ।
- सहभागितामूलक प्रक्रियाबाट कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय स्तरमा विद्यालय र अन्य संघ-संस्थाहरुको सहयोग र सहभागिता बढाउने ।
- स्थानीय सरोकारवालाहरुबाट स्थानीय तहको स्वास्थ्य आवश्यकता पहिचान गर्ने र त्यसका आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सबै ठाउँमा एकै प्रकारका स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नुको सट्टा स्थानीय स्तरको आवश्यकता अनुसार योजना र कार्यक्रम बनाई कार्यान्वयन गर्ने परिपाटीलाई बढावा दिंदै लैजाने ।
- क्षमता अभिवृद्धि गर्ने प्रक्रियामा प्रत्येक तहमा विकेन्द्रीकरणको भावना अनुसार कार्य सञ्चालन गर्ने ।
- महिला, गरिब तथा वञ्चितीमा परेकाको सवालहरु (issues) को पहिचान गरी तिनलाई सम्बोधन गर्ने ।

२. स्वास्थ्य संस्थाको हस्तान्तरण तथा क्षमता अभिवृद्धि गर्ने निर्देशिका, पाठ्यक्रम एवं कार्य गर्ने तरिकामा एकरूपता ल्याउने ।

३. हस्तान्तरण भइसकेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिका सदस्यहरुलाई विभिन्न संघ/संस्थाहरुको सहयोगमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने र नियमित अनुगमन गर्ने ।

यही कुरालाई मनन् गर्दै शुरुमा क्षमता अभिवृद्धिका लागि दुई दिने अन्तरक्रिया कार्यक्रम र नौं वटा विषयहरुका विषेश पाठ्य सामग्रीहरु तयार गरिएका थिए । तर समय क्रम अनुसार प्राप्त अनुभवहरुको आधारमा यी पाठ्यक्रमहरुलाई परिमार्जन गर्नुपर्ने महसुस गरियो । त्यसैले उक्त दुई दिने अन्तरक्रिया कार्यक्रमलाई स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी थप विषयवस्तुहरु समावेश गरी तीन दिने क्षमता अभिवृद्धि तालिमको रूपमा परिमार्जित गरिएको छ । साथै समितिलाई स्वास्थ्य संस्था व्यवस्थापनसम्बन्धी थप ज्ञान र सीप प्रदान गर्नका लागि समय-समयमा समीक्षा गोष्ठीहरु पनि राख्नु पर्ने आवश्यकता महसूस भएको छ ।

यो निर्देशिका व्यवस्थापन समितिको तीन दिनको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्न तयार गरिएको हो । यस अन्तर्गत प्रत्येक दिन विभिन्न विषयवस्तुमा केन्द्रित रहेर छलफल गरिन्छ र ती विषय वस्तुहरु एक अर्कासंग सम्बन्धित छन् ।

यस निर्देशिकामा तालिमको मुख्य उद्देश्य, विधि, आवश्यक सामाग्री, समय र क्रियाकलापहरु समावेश गरिएका छन् । क्रियाकलापमा विभिन्न सत्रहरु सञ्चालन गर्ने तरिकाहरुलाई क्रमबद्ध रूपले व्याख्या गरिएको छ । निर्देशिकाको शुरुआतमा कार्य तालिकाहरुले तालिममा गरिने क्रियाकलापहरुवारे संक्षिप्त झलक दिन्छन् । साथै उक्त कार्य तालिकाले सहजकर्तालाई प्रत्येक दिनको छलफललाई प्रभावकारी तरिकाले सञ्चालन गर्न सहयोग पुऱ्याउँदछ ।

प्रत्येक सत्रको शुरुवात त्यसको उद्देश्यबाट हुनेछ । उद्देश्य भन्नाले सहभागीहरुले सत्रको अन्त्यमा सिक्नु पर्ने ज्ञान र सीपलाई बुझाउँछ । उक्त उद्देश्य प्राप्त गर्नका लागि गर्नुपर्ने विभिन्न क्रियाकलापका सार्थैसो अनुसार विभिन्न विधि, समय र सन्दर्भ सामग्रीहरु क्रमिक रूपमा राखिएका छन् ।

यस निर्देशिकामा प्रशिक्षक/सहजकर्ताले छलफललाई निर्धारित उद्देश्य अनुरूप प्रभावकारीढंगले सञ्चालन गर्न, सहयोग पुऱ्याउने मनसायले विभिन्न सिकाइ विधि र मुख्य सन्देशहरुलाई समावेश गरिएको छ । साथै निर्देशिकाको अन्त्यमा प्रत्येक दिनको छलफलका लागि आवश्यक सन्दर्भ सामग्रीहरुलाई पनि संलग्न गरिएको छ । यस तालिम पश्चात समय समयमा गरिने समीक्षा गोष्ठीहरुका लागि आवश्यक सन्दर्भ सामग्रीहरु पनि यसै निर्देशिकाको सन्दर्भ सामग्री खण्डमा समावेश गरिएको छ ।

सबै सहभागीका लागि सुरक्षित र सहयोगी सिकाइ वातावरण निर्माण गर्ने कार्यमा प्रशिक्षक/सहजकर्ताको ठूलो भूमिका हुन्छ । समावेशी वातावरणलाई प्रवर्द्धन गर्ने वयस्क सिकाई सिद्धान्त अनुसार महिला, गरिव तथा बन्चितीमा परेका व्यक्ति तथा समुदाय सबैको सहभागीता हुने गरी तालिम सञ्चालन गर्नु पर्दछ ।

२. तालिम सञ्चालन प्रक्रिया :

यो तालिम दक्षतामूलक र वयस्क सिकाइका सिद्धान्तका आधारमा सञ्चालन हुनेछ । यो तालिममा सहभागीहरूको सक्रिय संलग्नता गराउने प्रक्रियाहरू अपनाइने छन् जसले गर्दा ज्ञान र सीपमा सबै सहभागीहरू दक्ष हुन्छन् । सहजकर्ताले अभ्यासद्वारा सीप प्राप्त गर्ने अवसर पनि प्रदान गरिनेछ । सहजकर्ताले अभ्यासका लागि निर्देशन प्रष्ट रूपमा भन्नुका साथै अभ्यास भई रहँदा अवलोकन र सघाउ पुऱ्याउने छन् र सुधार गर्नुपर्ने अवस्थामा तुरून्त सुधार गराउनेछन् । सहभागीहरूको सक्रिय सहभागिताका लागि उनीहरुले यसभन्दा अघि प्राप्त गरेका तालिम र उनीहरूको पूर्व अनुभवहरूलाई मन्थन गरी पूर्व ज्ञान, सीप र अनुभवलाई कदर गरी सिकाई प्रक्रियालाई सजीवता दिन प्रयत्न गरिनेछ । तालिममा आवश्यक स्रोत, साधनको व्यवस्था गरी प्रभावकारी ढंगमा प्रयोग गरिनेछ ।

३. तालिम पाठ्यक्रम

यो तीन दिने पाठ्यक्रम स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका लागि स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र धारणा अभिवृद्धिमा केन्द्रित रहनेछ । यसमा निम्न विषयवस्तुहरु समावेश गरिएका छन् :

- हस्तान्तरण प्रक्रिया
- स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- स्वास्थ्य संस्था व्यवस्थापन सुदढीकरण कार्यक्रमको आवश्यकता
- स्वस्थ जीवनः हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी
- स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु
- स्वास्थ्य संस्था व्यवस्थापन
- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना
- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी
- बैठक सञ्चालन प्रक्रिया
- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरुको स्वमूल्याङ्कन
- स्वास्थ्य संस्था र समितिको परिकल्पना
- स्वास्थ्य संस्था र समितिको कार्ययोजना

३.१. पाठ्यक्रमको लक्ष्य :

यस पाठ्यक्रमको मुख्य लक्ष्य स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुलाई स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी ज्ञान र सीप प्रदान गरी उक्त स्वास्थ्य संस्थाको व्यवस्थापन सुदढ गरी गुणस्तर युक्त स्वास्थ्य सेवा प्रदान गर्ने रहेको छ ।

३.२. सिकाइका उद्देश्यहरू :

यस तालिमको अन्त्यसम्ममा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्,

- हस्तान्तरण प्रक्रियाबारे ज्ञान हासिल गर्न ।
- स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा, महत्व र प्रक्रियाबारे ज्ञान हासिल गर्न ।
- स्वास्थ्य संस्थाको व्यवस्थापन तथा सो व्यवस्थापन गर्ने जिम्मेवारीबारे बुझ्न ।
- व्यवस्थापन समितिका सदस्यहरुले निर्वाह गर्नुपर्ने भूमिकाकोबारेमा भन्न ।
- स्वास्थ्य संस्थाको प्रकार तथा उपलब्ध सेवाहरुबारे ज्ञान हासिल गर्न ।
- व्यवस्थापन समितिले आफूले गरिरहेका कार्यहरुको अवस्थाबारे आफै समीक्षा गर्न।
- व्यवस्थापन समितिको बैठक प्रभावकारी तरिकाले सञ्चालन गर्ने सीप सिक्न ।
- स्वास्थ्य संस्था तथा समितिको परिकल्पनाबारे ज्ञान र सीप प्राप्त गरी समिति र स्वास्थ्य संस्थाको तीन वर्षे परिकल्पना तयार गर्न सक्षम हुन् ।
- स्वास्थ्य संस्था तथा समितिको कार्ययोजना निर्माण गर्ने ज्ञान तथा सीप हासिल गरी कार्ययोजना बनाउन ।

४. तालिम प्याकेजका भागहरू

यस तालिम प्याकेजमा निम्न भागहरू हुन्छन्

सहभागी पुस्तिका

यो पुस्तिका सहभागीले तालिममा सिकेका कुराहरुलाई स्मरण गर्न, चाहिएको समयमा हेर्न तथा कार्यस्थानमा कार्य सम्पादनको समयमा प्रयोग गर्न सक्ने आधिकारिक सामग्री हो ।

प्रशिक्षक/सहजकर्ता निदेशिका

यो सहजकर्ताले सत्र सञ्चालन गर्दा प्रयोग गर्ने निर्देशिका हो । यसमा पाठ्यक्रम ढाँचा, तालिम दैनिक तालिका, प्रत्येक सत्रका उद्देश्यहरू, सत्र सञ्चालन गर्ने प्रक्रिया र सन्दर्भ सामग्री आदि रहेका हुन्छन् । सहजकर्ताले यही निर्देशिकालाई अनुसरण गरी तोकिएको समयमा निर्धारित प्रक्रिया अपनाई सिकाइ उद्देश्य हासिल गर्नुपर्ने हुन्छ ।

समीक्षा गोष्ठी सञ्चालन निर्देशिका

यो निर्देशिका व्यवस्थापन समितिको तीन दिनको क्षमता अभिवृद्धि तालिम पश्चात प्रथम तथा दोस्रो समीक्षा गोष्ठी सञ्चालन गर्न तयार गरिएको निर्देशिका हो । यसमा प्रथम तथा दोस्रो गोष्ठी सञ्चालन गर्ने तरिका उल्लेख गरिएको छ ।

दृश्य सामग्रीहरू

यस अर्न्तगत तालिममा सिकाइलाई प्रभावकारी बनाउन सहजकर्ताले प्रयोगमा ल्याउने सामग्रीहरू पर्दछन् जस्तैः न्यूजप्रिन्ट, फोटो, फ्लेक्स प्रिन्ट, चित्रहरु आदि ।

मूल्याङ्कन

तालिमका सहभागीहरूले निर्धारित उद्देश्य अनुसार ज्ञान, सीप र धारणा कति हासिल गरे भनी मापन गर्ने कार्य नै तालिम मूल्याङ्कन हो । प्रत्येक सत्रको अन्त्यमा प्रश्न उत्तर प्रक्रियाद्वारा सहभागीले सिकेका ज्ञान र सीपको मूल्याङ्कन गरिनेछ । साथै तालिमको अन्त्यमा पनि समग्र तालिम अवधि भरमा सिकेका कुराहरुको प्रश्नावलीको मद्दतद्वारा मूल्याङ्कन गरिनेछ ।

५. सिकाइ विधिहरू

- अन्तर्क्रियात्मक प्रस्तुतीकरण
- समूह छलफल
- व्यक्तिगत तथा समूह कार्य
- खेल
- घटना अध्ययन
- कथा
- मस्तिष्क मन्थन
- प्रश्न उत्तर

६. सिकाइका सामग्रीहरू

निम्न सामग्रीहरू तालिममा प्रयोग हुने गरी तयार गरिएको छ :

- प्रशिक्षक निर्देशिका
- सन्दर्भ सामग्री
- प्रचलित आर्थिक ऐन, नियमावलीहरू
- सहभागी पुस्तिका

७. सहभागी छनौट प्रक्रिया

यस तालिमका लागि सहभागी निम्नानुसार हुनेछन्:

- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु सहभागी हुनेछन् ।

८. मूल्याङ्कन विधि

- प्रश्नावलीको प्रयोग गरी तालिम कार्यक्रमको मूल्याङ्कन गरिने छ ।

९. तालिम अवधि

- तीन दिनको अवधिमा जम्मा १५ वटा सत्रहरू हुनेछन् ।

१०. तालिममा सहभागी तथा सहजकर्ताहरू

सहभागी	:	९-१३ जना प्रति समूह (उपस्वास्थ्य चौकी र स्वास्थ्य चौकी तहमा ९ जना सम्म र प्राथमिक स्वास्थ्य केन्द्रमा १३ जना सम्म)
सहजकर्ता	:	२ जना प्रति समूह
स्रोत व्यक्ति	:	१ जना प्रति समूह
सहयोगी	:	१ जना प्रति समूह

दैनिक कार्य तालिका

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम

समय मिनेटमा	पहिलो दिन	समय मिनेटमा	दोश्रो दिन	समय मिनेटमा	तेश्रो दिन
१०	नाम दर्ता	३०	**सत्र च** पहिलो दिनको पुनरावलोकन	३०	**सत्र ठ** दोश्रो दिनको पुनरावलोकन
४५	**सत्र क** परिचयात्मक कार्यक्रम	६०	**सत्र छ** स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु	७५	**सत्र ड** स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरुको स्वमूल्याङ्कन
१५	चिया	३०	**सत्र ज** स्वास्थ्य संस्था व्यवस्थापन	१५	चिया
४५	**सत्र ख** हस्तान्तरण प्रक्रिया	१५	चिया	६०	**सत्र ढ** स्वास्थ्य संस्था र समितिको परिकल्पना
९०	**सत्र ग** स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	६०	**सत्र झ** स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना	३०	खाजा
३०	खाजा	७५	**सत्र ञ** स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी	७५	**सत्र ण** स्वास्थ्य संस्था र समितिको कार्ययोजना
६०	**सत्र घ** स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता	३०	खाजा	३०	मूल्याङ्कन
६०	**सत्र ङ** स्वस्थ जीवनः हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी	४५	**सत्र ट** बैठक सञ्चालन प्रक्रिया	३०	तालिमको सारसंक्षेप
१५	पहिलो दिनको मूल्याङ्कन तथा समापन	१५	दोश्रो दिन मूल्याङ्कन तथा समापन	१५	कार्यक्रम समापन
१५	सहजकर्ताको पुनरावलोकन बैठक	१५	सहजकर्ताको पुनरावलोकन बैठक	१५	सहजकर्ताको पुनरावलोकन बैठक

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम

सहभागी हाजिरी नमुना फारम

तालिम सञ्चालन भएको केन्द्रको नामः ..... जिल्लाः .....गा.वि.स.....

तालिम सञ्चालन भएको मितिः ..... देखि .....सम्म

सि.नं.	सहभागीको नाम	पद	समितिको नाम	म/पु	सामाजिक समुह*	हाजिरी दस्तखत		
						पहिलो दिन	दोस्रो दिन	तेस्रो दिन
१								
२								
३								
४								
५								
६								
७								
८								
९								
१०								
११								
१२								
१३								
१४								
१५								
१६								
१७								
१८								

सामाजिक समुह* सामाजिक समुह भन्नाले पहाडी/मधेशी, दलित, ब्राम्हण, क्षेत्री, नेवार, जनजाती, अन्य पिछडिएका वर्ग, मुस्लिम आदी ।

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम

तालिम पाठ्यक्रमको सारसंक्षेप

(पहिलो दिन)

सत्र	उद्देश्य	समय मिनेट	विषयवस्तु	तालिम विधि	सामग्रीहरु	मूल्यांकन
परिचयात्मक कार्यक्रम	● तालिम कक्षा भित्र रहेका सहभागीहरुको नाम थाहा पाउन । ● एक आपसमा परिचित हुन । ● समुहगत कार्यको महत्व बताउन । ● तालिम सञ्चालनका लागि सामुहिक मान्यता तयार गर्न ।	४५	सहभागी परिचयात्मक बोर्ड, आसन ग्रहण, परिचय, स्वागत, तालिम उद्देश्य र व्यवस्थापन, पालना गर्नुपर्ने नीति नियम, अपेक्षा संकलन	मित्रताको डोरी खेल, छलफल, प्रस्तुतिकरण, मन्तव्य	न्युजप्रिन्ट, मार्कर, टेप, प्लास्टिकको डोरी, फाइल रजिष्टर कार्यक्रम व्यानर	प्रश्न उत्तर
हस्तान्तरण प्रक्रिया	● हस्तान्तरण प्रक्रियावारे बताउन । ● हस्तान्तरण प्रक्रियाको महत्ववारे जानकारी हासिल गर्न । ● हस्तान्तरण पछि स्वास्थ्य संस्थाको व्यवस्थापनको काम, कर्तव्य र जिम्मेवारी वारेमा बताउन ।	४५	हस्तान्तरण प्रक्रिया	छलफल, प्रस्तुतिकरण	न्युजप्रिन्ट, मार्कर, टेप, हस्तान्तरण किन फ्लेक्स	प्रश्न उत्तर
स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	● स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका अवधारणा वताउन । ● स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गरिने विभिन्न तौर तरिका र विधिबारे जानकारी हासिल गरी सीप प्रदर्शन गर्न ।	९०	स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	चकलेट खेल, कथा, मस्तिष्क मंथन, प्रस्तुतिकरण, चित्र	न्युजप्रिन्ट, टेप, मार्कर, चकलेट, मेटाकार्ड सेवा सम्बन्धी रष्जिटर	प्रश्न उत्तर
स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता	● स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमवारे जानकारी प्राप्त गरी बताउन । ● कार्यक्रमको आवश्यकता महसुस गरी यसको महत्ववारे बताउन ।	६०	स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता	छलफल, प्रस्तुतिकरण	मार्कर, मेटाकार्ड, टेप, समितिको हालको अवस्था उल्लेखित न्युजप्रिन्ट, कार्यक्रम अवधारणागत ढाँचा फ्लेक्स, कार्यक्रम कार्यान्वयन ढाँचा फ्लेक्स	प्रश्न उत्तर
स्वस्थ जीवनः हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी	● मानव जीवनमा स्वस्थ हुनुको महत्व एवं फाइदाहरुवारे भन्न ● स्वस्थ रहन गर्नुपर्ने कार्यहरु भन्न । ● आफु तथा समुदायको स्वास्थ्यको स्थिति सुधार गर्न क-कसको भूमिका के के हुनसक्दछ भन्ने कुरा बताउन ।	६०	स्वस्थ जीवनः हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी	चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतिकरण	न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, टेप, कोटेशन उल्लेखित मेटाकार्ड/ए फोर पेपर, चित्र	प्रश्न उत्तर
पहिलो दिनको मूल्याङ्कन	● सहभागीहरुबाट पहिलो दिनको मूल्याङ्कन गर्न ।	१०	पहिलो दिनको मूल्याङ्कन	चित्रको प्रयोग	चित्र, मार्कर	
पहिलो दिनको कार्यक्रम समापन	● अध्यक्षबाट कार्यक्रम समापन गर्ने ।	५	कार्यक्रम समापन	मन्तव्य		

तालिम पाठ्यक्रमको सारसंक्षेप

(दोस्रो दिन)

सत्र	उद्देश्य	समय मिनेट	विषयवस्तु	तालिम विधि	सामग्रीहरु	मुल्यांकन
पहिलो दिनको पुनरावलोकन	● सहभागीहरु पहिलो दिनको प्रमुख सिकेका कुराहरुबारे पुनर्ताजगी भई बताउन ।	३०	पहिलो दिनको पुनरावलोकन	खेल, छलफल	टेप, मार्कर, मेटाकार्ड	प्रश्न उत्तर
स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु	● स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरुवारे बताउन । ● समुदाय स्तरका स्वास्थ्य संस्था तथा सेवाका प्रकारवारे जानकारी हासिल गरी बताउन ।	६०	स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु	चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतिकरण	न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, टेप, स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु फ्लेक्स, चित्र	प्रश्न उत्तर
स्वास्थ्य संस्था व्यवस्थापन	● स्वास्थ्य संस्थाको व्यवस्थापनवारे बताउन ।	३०	स्वास्थ्य संस्था व्यवस्थापन	चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतिकरण	न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, टेप, महिलाहरुले धान रोप्दै गरेको २ वटा चित्र, स्वास्थ्य संस्थाको चित्र, स्वास्थ्य संस्था व्यवस्थापनको सामान्य ज्ञान उल्लेखित न्यूजप्रिन्ट	प्रश्न उत्तर
स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना	● व्यवस्थापन समितिको संरचनावारे जानकारी हासिल गरी बताउन । ● व्यवस्थापन समितिको संरचना अनुरुप हाल भए नभएको अवस्थावारे जानकारी हासिल गरी बताउन । ● समितिका सदस्यहरुको पदावधि र पद मुक्त हुने अवस्थाको वारेमा जानकारी प्राप्त गरी बताउन ।	६०	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना	चित्र छलफल, मस्तिष्क मंथन, समुह कार्य, प्रस्तुतिकरण	न्युजप्रिन्ट, टेप, मार्कर, मेटाकार्ड विभिन्न व्यक्तिहरुका चित्रहरु, २ सेट चित्रहरु, समितिको संरचना फ्लेक्स	प्रश्न उत्तर
स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी	● व्यवस्थापन समितिमा रहेर निर्वाह गर्नुपर्ने भूमिका तथा जिम्मेवारीवारे ज्ञान हासिल गरी बताउन ।	७५	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भुमिका तथा जिम्मेवारी	चित्र छलफल, मस्तिष्क मंथन, समुह कार्य, प्रस्तुतिकरण	न्युजप्रिन्ट, टेप, मार्कर, चित्र, मेटाकार्ड, भूमिका तथा जिम्मेवारी फ्लेक्स, स्वास्थ्य संस्था हस्तान्तरण निर्देशिका	प्रश्न उत्तर
बैठक सञ्चालन प्रक्रिया	● बैठक सञ्चालन प्रक्रियावारे ज्ञान हासिल गरी सीप प्रर्दशन गर्न ।	४५	बैठक सञ्चालन प्रक्रिया	चित्र छलफल, मस्तिष्क मंथन, प्रस्तुतिकरण	न्युजप्रिन्ट, टेप, मार्कर, मेटाकार्ड, बैठक बसिरहेको चित्र, बैठक सञ्चालन प्रक्रिया फ्लेक्स	प्रश्न उत्तर
दोश्रो दिनको मूल्याङ्कन	● सहभागीहरुबाट दोश्रो दिनको मूल्याङ्कन गर्न ।	५	दोश्रो दिनको मूल्याङ्कन	चित्रको प्रयोग	चित्र, मार्कर	
कार्यक्रम समापन	● अध्यक्षबाट कार्यक्रम समापन गराउने ।	१०	कार्यक्रम समापन	मन्तव्य		

तालिम पाठ्यक्रमको सारसंक्षेप

(तेस्रो दिन)

सत्र	उद्देश्य	समय मिनेट	विषयवस्तु	तालिम विधि	सामग्रीहरु	मुल्यांकन
दोश्रो दिनको पुनरावलोकन	● सहभागीहरु दोस्रो दिनको प्रमुख सिकेका कुराहरुवारे पुनर्ताजगी भई बताउन	३०	दोश्रो दिनको पुनरावलोकन	तातो आलु खेल	न्युजप्रिन्ट, टेप, मार्कर, चकलेट	प्रश्न उत्तर
स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका कार्यहरुको स्वमूल्याङ्कन	● स्वमूल्याङ्कन गर्ने कुराहरुको ज्ञान प्राप्त गरी सीप प्रदर्शन गर्न ● स्वमूल्याङ्कन गरी सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गर्न ।	७५	स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका कार्यहरुको स्वमूल्याङ्कन	चित्र छलफल, मस्तिष्क मंथन, प्रस्तुतिकरण	न्युजप्रिन्ट, टेप, मार्कर, मेटाकार्ड, युवति तथा युवकका चित्रहरु, स्वमूल्याङ्कन फ्लेक्स (क), (ख) र (ग)	प्रश्न उत्तर
स्वास्थ्य संस्था र समितिको परिकल्पना	● स्वास्थ्य सेवामा लैङ्गिक समानता र समावेशीकरणलाई प्रवर्द्धन गर्न । ● ३ वर्ष भित्र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्य संस्था कस्तो अवस्थामा पुगेको हुनेछ भन्ने परिकल्पना तयार गर्न ।	६०	स्वास्थ्य संस्था र समितिको परिकल्पना	छलफल, मस्तिष्क मंथन, प्रस्तुतिकरण, समुह कार्य	न्युजप्रिन्ट, टेप, मार्कर, चित्र, मेटाकार्ड, बचत समुहको परिकल्पनाको उदाहरण	प्रश्न उत्तर
स्वास्थ्य संस्था र समितिको कार्ययोजना	● समस्या के हो भन्ने कुरा बताउन । ● पहिचान गरिएका समस्याहरुको प्राथमिकीकरण गर्न । ● समस्याका जड् कारणहरु पहिचान गर्ने ज्ञान तथा सीप प्राप्त गरी प्रदर्शन गर्न । ● कार्ययोजनावारे ज्ञान हासिल गरी तोकिएको ढाँचामा कार्ययोजना बनाउन ।	७५	स्वास्थ्य संस्था र समितिको कार्ययोजना	चित्र छलफल, मस्तिष्क मंथन, प्रस्तुतिकरण, उदाहरण	न्युजप्रिन्ट, टेप, मार्कर, समस्या प्राथमिकीकरण छलफल चित्र, मेटाकार्ड, कार्ययोजना स्वरुप फ्लेक्स किन किन विधि उदाहरण	प्रश्न उत्तर
मूल्याङ्कन	● ३ दिनको तालिममा सिकेका ज्ञान र सीपबारे बताउन ।	३०	मूल्याङ्कन	तातो आलु खेल, मस्तिष्क मंथन, प्रस्तुतिकरण	न्युजप्रिन्ट, टेप, मार्कर, मूल्याङ्कन प्रश्नावली, चकलेट	प्रश्न उत्तर
तालिमको सारसंक्षेप	● तीन दिनको तालिममा छलफल गरिएका मुख्य-मुख्य विषय वस्तुहरु सारसंक्षेपको रुपमा जानकारी प्राप्त गरी बताउन ।	३०	तालिमको सारसंक्षेप	मस्तिष्क मंथन, प्रस्तुतिकरण	न्युजप्रिन्ट, टेप, मार्कर, सारंस उल्लेखित न्युजप्रिन्ट, तालिमको उद्देश्य उल्लेखित न्युजप्रिन्ट	प्रश्न उत्तर
कार्यक्रम समापन सत्र	● कार्यक्रम समापन सत्र	१५	कार्यक्रम समापन सत्र			

(खण्ड: १)

प्रशिक्षक निर्देशिका

परिचयात्मक क्रियाकलाप

सत्र (क)

पाठको उद्देश्य :

यस सत्रको अन्त्यमा सहभागीहरुले एक आपसमा परिचित भई तालिमको अपेक्षा तयार गर्ने, तालिमको उद्देश्य तथा तालिम व्यवस्थापनबारे जानकारी हासिल गरी बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु :

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- तालिम कक्षा भित्र रहेका सहभागीहरुको नाम थाहा पाउन ।
- एक आपसमा परिचित हुन ।
- समूहगत कार्यको महत्व बताउन ।
- तालिम सञ्चालनका लागि गरिएको व्यवस्थापन पक्षबारे बताउन ।
- तालिम सञ्चालनका लागि सामूहिक मान्यता तयार गर्न ।

समय

४५ मिनेट

सामग्री

न्युजप्रिन्ट, टेप, मार्कर, प्लाष्टिकको डोरी, फाइल, कार्यक्रम व्यानर फ्लेक्स

विधि

मित्रताको डोरी खेल, छलफल, प्रस्तुतीकरण, मन्तव्य

क. सहभागीहरुको परिचयात्मक बोर्ड (५मिनेट)

क्रियाकलाप

- भित्र को को हुनुहुन्छ लेखेको न्युजप्रिन्ट पहिले नै तयार गर्नुहोस् ।
- न्युजप्रिन्टमा विभिन्न आकार प्रकारका रंग र स्वरूप भएको मेटाकार्डका टुक्राहरु मिलाएर आकर्षक रूपमा टाँस गर्नुहोस् ।
- तयारी न्युजप्रिन्टलाई तालिम कक्षबाहिर सबैले देख्ने स्थानमा टाँस्नुहोस् ।
- प्रत्येक सहभागीलाई आ-आफ्नो नाम आफूलाई मन परेको मेटाकार्डको टुक्रा भित्र लेख्न लगाउनुहोस् ।
- यसरी तयार भएको परिचयात्मक बोर्ड सबैले देख्ने स्थानमा तालिम अवधिभर रहने व्यवस्था गर्नुहोस् ।

ख.आसन ग्रहण (५ मिनेट)

क्रियाकलाप

- आसन ग्रहण गर्ने स्थानमा बसाइको उचित व्यवस्था मिलाउनुहोस् ।
- यथास्थानमा व्यवस्थापन समितिको अध्यक्षलाई पहिलो दिनको अध्यक्षताको आसन ग्रहण गराउनुहोस् ।
- यदि अध्यक्ष अनुपस्थित भएमा सदस्यको ज्येष्ठताको आधारमा अध्यक्षता गराउनुहोस् ।
- अन्य सबैलाई यथास्थानमा आसनग्रहण गराउनुहोस् ।
- अध्यक्षको सहमतिबाट कार्यक्रम अगाडि बढाउनुहोस् ।

ग. सहभागीहरुको परिचय (१५ मिनेट)

क्रियाकलाप

- परिचय दिँदा अपनाउनु पर्ने कुराहरु न्युजप्रिन्टबाट पढेर सुनाउनुहोस् ।
- त्यस पछि अगाडि रहेको कुनै एक सहभागीलाई डोरीको गोला दिँदै आफ्नो परिचय दिनुहोस् र त्यसरी नै अन्य सहभागीहरुलाई परिचय गर्न लगाउनुहोस् ।

- सहभागीहरुलाई पनि आफ्नो नाम, पद तथा गएको ६ महिनाको बैठकमा आफैले राखेको प्रस्ताव वा कुरा भएमा मात्र कुनै एउटा भन्न लगाउनुहोस् ।
- सबैलाई क्रमिक रूपमा आ-आफ्नो पालो नसकिउन्जेल यो प्रक्रिया अनुसार परिचय दिन लगाउनुहोस् । अन्तिम सहभागीबाट डोरीको टुप्पा मागी आफ्नो औलामा बेर्नुहोस् ।
- सहभागीहरुसँग सबैजना एउटै जालोमा जेलिएको भन्ने कुराको सहमति लिन निम्न प्रश्न गर्नुहोस् ।

? परिचय गर्ने काम सकिँदा सम्म के भएको जस्तो लाग्यो ? भनि सहभागिहरुलाई सोध्नुहोस् ।

- सहभागीबाट आएको संजाल वा माकुरी जालो भन्ने भनाइसँग सहमत हुदै सबैलाई डोरी तनक्क तन्काउन लगाउनुहोस् ।
- तनक्क तन्केको जालोमा एउटा रजिष्टर वा फाइल माथिबाट राख्नुहोस् (फाइल जालोमा अडिनेछ)
- सहभागीलाई (प्रसंग मिलाउँदै) किन फाइल जालोमा अडिएको होला ? भनि सोध्नुहोस् ।
- सबैजनाले डोरी राम्रासँग तन्काई राखेको हुनाले जालो बलियो भई किताब वा फाइल अडिएको हो भन्ने सहभागीहरुको भनाईसँग सहमत हुदै सहभागीहरुलाई निम्न कार्य पनि गर्न लगाउनुहोस्
- सहभागीहरु मध्ये कुनै एक वा दुइजनालाई डोरी खकुलो गर्न वा छाडिदिन भन्नुहोस् (खुकुलो गर्नासाथ फाइल तल झर्नेछ) यसरी फाइल झरेको कारण थाहा पाउन निम्न प्रश्न सोध्नुहोस्:

फाइल किन झऱ्यो त ?

- हामी मध्ये एक दुईजनाले डोरी खुकलो गर्नाले अथवा छाडिदिनाले हो भन्ने सहभागीको भनाइसँग सहमत हुँदै पुनः निम्न प्रश्न सोध्नुहोस् :

यो खेलले के सन्देश दिन खोजको जस्तो लाग्छ ?

- सहभागीहरुको कुरालाई समेटदै एकदुई जना सदस्यहरु मात्र निस्क्रिय भई दिँदा पनि जसरी फाइल झऱ्यो त्यसरी नै समिति पनि कमजोर हुन्छ र अपेक्षा गरे अनुरूप नतिजा प्राप्त हुन सक्दैन र स्वास्थ्य संस्थाको राम्रो व्यवस्थापन गर्न सकिँदैन भन्ने कुरा प्रष्ट पार्नुहोस् ।
- मुख्य सन्देश फेरि एकपटक न्यूजप्रिन्टबाट बताउनुहोस् ।
- अन्त्यमा सक्रिय सहभागिताका लागि सबैलाई धन्यवाद दिँदै परिचय सत्रको अन्त्य गर्नुहोस् ।

मुख्य सन्देश

- संगठित भएर काम गरेमात्र लक्ष्य हासिल गर्न सकिन्छ ।
- नबिर्सौं समितिका सबै सदस्यहरूको समान सहभागिताको उत्तिकै महत्व हुन्छ ।

मूल्याङ्कन

- यो खेलको नाम के होला ?
- जालो माथि राखेको फाईल किन झरेको होला ?
- यो खेलबाट के सन्देश दिन खोजिएको होला ?
- यो खेलबाट नयाँ कुरा के सिक्नु भयो त ?

घ.स्वागत तथा तालिमको व्यवस्थापन (५ मिनेट)

क्रियाकलाप

- स्वास्थ्य संस्था प्रमुखलाई कार्यक्रम शुरु हुनु भन्दा अघि के के भन्ने हो सो कुराका बारेमा सन्दर्भ सामग्रीको पाना नं. ८१ मा उल्लेख गरिए अनुसार भन्नका लागि जानकारी दिनुहोस् ।
- स्वास्थ्य संस्था प्रमुखबाट कार्यक्रमको स्वागत मन्तव्य दिन लगाउनुहोस् ।
- स्वागत मन्तव्यका लागि कार्यक्रमको व्यानर फ्लेक्स पनि प्रयोग गर्न लगाउनुहोस् ।
- कार्यक्रममा सहभागीहरुका लागि व्यवस्था गरिएका पक्ष (यात्रा खर्च, खाजा, स्टेशनरी, सहभागी पुस्तिका आदि) बारे जानकारी दिन लगाउनुहोस् ।
- सबैलाई स्वागत गरी अन्य जानकारी गराई दिएकोमा स्वास्थ्य संस्था प्रमुखलाई धन्यवाद दिँदै सत्र अगाडि बढाउनुहोस् ।

ङ. तालिममा पालना गर्नुपर्ने नीति नियमहरु (५ मिनेट)

क्रियाकलाप

- सहभागीहरुको सहयोगमा तीन दिनको अवधिमा हामी आफैंले पालना गर्नुपर्ने सामूहिक मान्यता बनाउन लागेको कुरा जानकारी गराउनुहोस् ।
- सहभागीहरुलाई तीन दिनसम्म सञ्चालन हुने तालिम सहज ढंगबाट चलाउनलाई के-के कुरा भए भने राम्रोसँग चल्न सक्छ भन्ने कुरा सोध्नुहोस् ।
- सामूहिक मान्यतामा के के हुनपर्छ भन्ने कुरा सहभागीहरुले नबुझ्न पनि सक्छन् । त्यसकारण एउटा उदाहरण दिएर बुझाउनुहोस् । जस्तै : तालिम हल भित्र धूम्रपान नगर्ने भन्ने कुरा सबैलाई मान्य छ कि छैन सोध्नुहोस् । सम्भाव्य उत्तर मान्य हुन सक्छ । त्यसैगरि बुँदागत रूपमा नियमहरु तयार गर्नुहोस् । मान्यताका अन्य उदाहरणहरू देहायबमोजिम छन्:
  - समयमा उपस्थित हुनुहोस् ।
  - एकअर्कालाई सम्मान गर्नुहोस् ।
  - सबैलाई बोल्ने र समान रूपले सहभागी हुने मौका दिनुहोस् ।
  - एकअर्कालाई सुन्ने गर्नुहोस् ।
  - अरूको भनाइमा अनावश्यक हाँसो र सो भनाइ विरुद्ध कडा प्रतिक्रिया नगर्नुहोस् ।
- सहभागीबाट आएका नियमहरु सबैलाई मान्य छन् कि छैनन् सोध्नुहोस् । आधाभन्दा बढीलाई मान्य छन् भने मात्र न्युजप्रिन्टमा टिपोट गर्नुहोस् ।
- न्युजप्रिन्टमा तयार भएका नियमहरु सबैले देख्ने स्थानमा तालिम अवधिभर टाँस गर्नुहोस् ।

(च) सहभागीहरुका अपेक्षा संकलन (१० मिनेट)

क्रियाकलाप

- सहभागीहरुको अपेक्षा संकलन गर्न लागेको कुराबारे जानकारी गराउनुहोस् ।
- सहभागीलाई शुरु हुन गईरहेको तीन दिनको तालिमबाट के विषयमा छलफल भए हुन्थ्यो जस्तोलाग्छ ? भनी सोध्नुहोस् ।
- सहभागीहरुलाई पालैपालो सोधी वहाँहरुबाट आएका कुराहरु न्युजप्रिन्टमा टिपोट गर्नुहोस् ।
- सहभागीहरुबाट आएका अपेक्षाहरुलाई न्युजप्रिन्टमा खण्ड (खण्ड बनाई मिलाएर लेख्नुहोस् ।
- सबैका अपेक्षा संकलन भएपछि आएका कुराहरुलाई प्रस्तुति गर्नुहोस् र तीन दिनको अवधिमा कुन-कुन विषयवस्तु समेटिन्छन् तथा कुन कुन समेटिंदैनन् प्रष्ट पार्नुहोस् ।
- अपेक्षा संकलनमा सक्रिय सहभागिता जनाउनु भएकोमा सबैलाई धन्यवाद दिनुहोस् ।
- तयार भएको अपेक्षालाई सबैले देख्ने स्थानमा तालिम अवधिभर टाँस गर्नुहोस् ।
- प्रत्येक सत्रहरु छलफल भएपछि सहभागीका अपेक्षाहरु कुन कुन कुरा समेटिए तिनको जानकारी दिनुहोस् ।
- तीन दिनका विषयवस्तु छलफल भई सकेपछि अन्तिम दिनमा सहभागीहरुले राख्नुभएका अपेक्षाहरु के कति समेटिए तिनको पनि जानकारी गराउनुहोस् ।

हस्तान्तरण प्रक्रिया

सत्र (ख)

पाठको उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरुले हस्तान्तरण प्रक्रियाबारे जानकारी हासिल गरी बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- हस्तान्तरण प्रक्रियाबारे बताउन ।
- हस्तान्तरणको महत्वबारे जानकारी हासिल गर्न ।
- हस्तान्तरण पछिको अवस्थाकाबारेमा जानकारी प्राप्त गरी स्वास्थ्य संस्था व्यवस्थापनको काम, कर्तव्य र जिम्मेवारी बारेमा बताउन ।

समय

४५ मिनेट

विधि

छलफल, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, टेप, मार्कर, हस्तान्तरण किन फ्लेक्स

क्रियाकलाप

- अघिल्लो सत्रमा सहभागीहरुका अपेक्षा संकलन भएको जानकारी गराउँदै अबको सत्रमा हस्तान्तरण प्रक्रियावारे छलफल गर्न लागेको कुराको जानकारी गराउनुहोस् ।
- सहभागीहरुको साझा बुझाई बनाउनका लागि हस्तान्तरण भनेको के हो भनी सोध्नुहोस् ।
- सहभागीहरुबाट आएका कुराहरुलाई समेटदै हस्तान्तरणबारे संक्षिप्त जानकारी सन्दर्भ सामग्रीमा उल्लेख भए बमोजिम न्युजप्रिन्टमा तयार गरी बताउनुहोस् ।

सामान्य अर्थमा हस्तान्तरण भन्नाले माथिल्लो निकायले आफूमा अन्तर्निहित काम, जिम्मेवारी,अख्तियार, साधनस्रोत तथा सूचना आदि अख्तियार प्राप्त सम्बन्धित व्यक्ति वा संस्थालाई निश्चित समय अवधिका लागि दिने भन्ने बुझिन्छ ।

- सहभागीहरुलाई हस्तान्तरण भनेको के हो भन्ने कुरा थाहा भएको जानकारी गराउदै यो स्वास्थ्य संस्था गा.वि.स. वा न.पा. मा कहिले हस्तान्तरण भयो होला ? भनि सोध्नुहोस् ।

- सहभागीका कुराहरुलाई समेट्नुहोस् र हालसम्म कति जिल्लाका कति स्वास्थ्य संस्थाहरु स्थानीय निकायमा हस्तान्तरण भईसके सोबारे जानकारी गराउनुहोस् ।
- प्रसंग मिलाउँदै यसरी स्वास्थ्य संस्थाहरु स्थानीय निकायमा किन हस्तान्तरण गरिएका होलान् ? भनि प्रश्न सोध्नुहोस् । सोच्नका लागि एक मिनटको समय दिनुहोस् र सहभागीहरुबाट आएका कुराहरु टिपोट गर्नुहोस् ।
- सहभागीका कुराहरुलाई समेटदै हस्तान्तरण गर्नुका कारणहरु न्यूजप्रिन्टमा प्रयोग गरी बताउनुहोस् ।

- स्थानीय स्तरका समस्याहरु स्थानीय स्तरबाट नै पहिचान गरी समाधान खोज्न ।
- पहिचान गरिएका समस्याहरुको प्राथमिकीकरण गर्न सक्ने बनाउन ।
- स्वास्थ्य संस्थामा सुशासनको सुनिश्चितता कायम गरी जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन ।
- स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गराउने ।
- स्वास्थ्य सेवाको पहुँचमा सबै समूहका व्यक्तिहरूको सहभागिता र समावेशीकरण भएको सुनिश्चित गराउन ।
- स्वास्थ्य संस्था हाम्रो हो भन्ने भावना स्थानीय जनतामा विकास गराउन ।

? सहभागीहरुलाई हस्तान्तरण गर्नुका कारणहरु थाहा भएको प्रसंग जोड्दै हस्तान्तरण कसरी गरियो होला भनी पुनः सोध्नुहोस् ।

- सहभागीहरुबाट आएका कुराहरु समेटदै हस्तान्तरण प्रक्रिया सन्दर्भ सामग्रीमा पाना नं. ७१ अनुसार न्युजप्रिन्टमा तयार गरी जानकारी दिनुहोस् ।

? सहभागीहरुलाई हस्तान्तरण प्रक्रियाबारे थाहा भइसकेको जानकारी दिँदै पुनः हस्तान्तरण पछि गरिएको अपेक्षा के थियो ? भनी सोध्नुहोस् ।

- सहभागीहरुबाट आएका कुराहरुलाई समेट्दै हस्तान्तरण पछि गरिएको अपेक्षाबारे विस्तृत रूपमा सन्दर्भ सामग्रीको पाना नं ७२ मा उल्लेख भए अनुरूप न्युजप्रिन्टमा तयार गरिए अनुरूप बताउनुहोस् ।
- पुनः सहभागीहरुलाई हस्तान्तरण भएका स्वास्थ्य संस्थाहरुमा समितिको हालको अवस्था के छ ? भनी सोध्नुहोस् र सहभागीहरुबाट आएका कुराहरुलाई न्युजप्रिन्टमा टिपोट गर्नुहोस् ।
- सहभागीहरुका भनाइहरुलाई समेट्दै सन्दर्भ सामग्रीको पाना नं. ७३ मा भए अनुरूप हालको अवस्था प्रष्ट पार्नुहोस् ।

? हालको अवस्था थाहा पाइसकेपछि ती समितिहरुलाई अब के गर्नुपर्ला भनी सहभागीहरुलाई सोध्नुहोस् ।

- सहभागीहरुबाट क्षमता अभिवृद्धि गर्नुपर्दछ भन्ने भनाई आएमा सहमति जनाउँदै अब आउनेसत्रमा समितिको क्षमता अभिवृद्धि कार्य कसरी गर्न सकिन्छ भन्नेबारेमा छलफल हुने कुराको जानकारी दिनुहोस् ।
- सत्रको मुख्य सन्देश न्युजप्रिन्ट प्रयोग गरी बताउनुहोस् र सत्र समापन गर्नुहोस् ।

मुख्य सन्देश

- स्थानीय आवश्यकता तथा चाहना अनुरूपको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच समुदायमा बढाउन स्वास्थ्य संस्थाहरू स्थानीय निकायमा हस्तान्तरण गरिएका हुन् ।
- हस्तान्तरण भएका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन गर्नु स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको प्रमुख दायित्व हो ।
- हालसम्म २८ जिल्लाका कूल १४३३ स्वास्थ्य संस्थाहरू स्थानीय निकायमा हस्तान्तरण भई सकेका छन् ।

मूल्याङ्कन

- हस्तान्तरण भनेको के हो ?
- स्वास्थ्य संस्था समुदायमा किन हस्तान्तरण गरिएको होला ?
- हस्तान्तरण पछि स्वास्थ्य संस्थाको रेखदेख कसले गर्ने त ?
- हाल कति जिल्लाका कति स्वास्थ्य संस्थाहरू स्थानीय निकायमा हस्तान्तरण भएका छन् ?

स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

सत्र (ग)

पाठको उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरुले लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा, विधि र प्रक्रियाबारे जानकारी हासिल गरी सीप प्रदर्शन गर्न सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन् :

- स्वास्थ्य सेवामा लैङ्गिक समानता, सामाजिक समावेशीकरणका अवधारणा बताउन ।
- स्वास्थ्य सेवामालैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गरिने विभिन्न तरिका र विधिबारे जानकारी हासिल गरी सीप प्रदर्शन गर्न ।

समय

९० मिनट

विधि

चकलेट खेल, कथा, मस्तिष्कमन्थन, प्रस्तुतीकरण, चित्र

सामग्री

- न्युजप्रिन्ट, मार्कर, टेप, मेटाकार्ड, चकलेट, स्वास्थ्य सेवा सम्बन्धी रजिष्टर

सामग्री

- स्वास्थ्य सेवामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

क्रियाकलाप

१. जैविक र लैङ्गिक भूमिका

- अभ्यासका माध्यमद्वारा लिङ्ग र जेण्डरबीचको फरकलाई प्रष्ट पार्ने

अभ्यास: "महिला र पुरुषले के गर्न सक्छन् र के गर्नुपर्छ" विषयमा अभ्यास सञ्चालन गर्ने

- दुईवटा खाली न्यूजप्रिन्ट भित्तामा टाँस्नुहोस् । एउटामा पुरुष र अर्कोमा महिला लेख्नुहोस् ।
- सहभागीहरूलाई पुरुषले के गर्न सक्छन् र के गर्नुपर्छ तथा महिलाहरूले के गर्न सक्छन् के गर्नुपर्छ भनेर प्रश्न सोध्नुहोस् र विचार गर्न केही समय दिनुहोस् । तत्पश्चात आएका कुराहरु बुँदागत रुपमा मेटाकार्डमा टिप्दै न्यूजप्रिन्टमा टाँस्नुहोस् । उदाहरणको लागि:

महिला	पुरुष
• बच्चा जन्माउने • खाना पकाउने • कपडा धुने • महिनावारी हुने • बालबच्चाको स्याहार सुसार • स्तनपान गराउने • गाईवस्तु हेर्ने	• जागिर खाने • खेती किसानी गर्ने • सामुदायिक काममा सहभागी हुने • राजनीति गर्ने • बच्चा जन्माउन शुक्रकिट उपलब्ध गराउने • घरका मुख्य मुख्य निर्णयहरु गर्ने

- सहभागीबाट माथिका मुख्य बुँदाहरु नआएमा प्रशिक्षकले सहभागीको समर्थन लिँदै थप गर्नुहोस् ।
- पुरुषले के गर्न सक्छन् भनेर आएका बुँदाहरु महिलाले पनि गर्न सक्छन् कि सक्दैनन् सोध्नुहोस् र गर्न सक्ने र नसक्ने कामहरु छलफल गर्नुहोस् । पूनः महिलाले के गर्न सक्छन् भनेर आएका बुँदाहरु पुरुषले पनि गर्न सक्छन् कि सक्दैनन् सोध्नुहोस् ।
- अब महिला र पुरुष दुवैले गर्न सक्ने कामहरुको न्यूजप्रिन्ट टाँस्नुहोस् र आवश्यक छलफल चलाउनुहोस् । छलफलको क्रममा महिला र पुरुष दुबैले गर्न सक्ने कामहरुको मेटाकार्ड अर्को छुट्टै न्यूजप्रिन्टमा टाँस गरी एकातिर राख्नुहोस् ।
- अब पहिलेका न्यूजप्रिन्टमा महिला र पुरुषले मात्र गर्न सक्ने प्राकृतिक कार्य जस्तै महिलाहरु महिनावारी हुने, गर्भधारण हुने, स्तनपानगर्ने र पुरुषले शुक्रकिट पैदा गर्ने, दाह्रीजुँगा पाल्ने जस्ता कार्यहरु मात्र बाँकी रहेको बताउनुहोस् ।
- यसो गर्नुको उद्देश्य महिला र पुरुषबीचको जैविक भिन्नता र समाजले सिर्जना गरेको भिन्नतालाई छुट्याउनु हो भनी प्रष्ट पार्नुहोस् ।
- त्यसपछि प्राकृतिक र सामाजिक भिन्नताका बारेमा तलका बुँदाहरु अनुसार छलफलद्वारा प्रष्टाउनुहोस् ।
  - बच्चा जन्माउने, स्तनपान गराउने र महिनावारी हुने प्रक्रिया जस्ता कार्य महिलाले मात्र गर्न सक्दछन् । यी बाहेक बाँकी सबै काम समाजले उनीहरूले गर्नुपर्छ भनी निर्धारण गरिदिएको हो ।
  - दाह्री पाल्ने, बच्चा जन्माउने शुक्रकिट पैदा गराउने कार्य पुरुषले मात्रै गर्न सक्दछन् । यी बाहेक बाँकी सबै काम समाजद्वारा निर्मित हो ।
- यो अभ्यास पश्चात समाजले महिला र पुरुषलाई दिएको भूमिकाका कारण स्रोत सेवा सूचना आदिको पहुँच र नियन्त्रणमा पर्न जाने असमान असरका बारेमा छलफल गर्नुहोस् ।

२. सामाजिक समावेशीकरणको अवधारणा

- स्वास्थ्य सेवामा सामाजिक समावेशीकरणको अवधारणा ल्याउन चकलेट खेलबाट निम्नानुसार सत्र अगाडि बढाउनुहोस् ।
- केही सहभागीहरुलाई विभिन्न कारण देखाई चकलेट नदिनुहोस् । अन्य सबैलाई एक-एकवटा चकलेट बाँड्नुहोस् र निम्न प्रश्न राखी छलफल गर्नुहोस् ।

सबैले चक्लेट पाउनुभयो ?

- केही सहभागीहरु बाहेक सबैले पाएको कुरासँग सहमत हुनुहोस् र नपाउनेहरुको पहिचान गर्नुहोस् ।

सबैका लागि बाँडेको चकलेट सबैले पाउनु पर्थ्यो कि पर्दैनथ्यो ?

- पर्थ्यो भन्ने उत्तरमा सहमति जनाउनुहोस् ।

चकलेट पाउन कसरी छुट्नु भयो त ?

- चकलेट नपाउनुका कारणहरु सबैले सुन्नेगरी भन्न लगाउनुहोस् ।
- सहभागीहरुका कुराहरु समेट्दै चकलेट नपाउँदा कस्तो अनुभव भयो ? भनी सोध्नुहोस् र चकलेट नपाउनुको कारण (सहभागीका भावना) मनदेखि नै निकाल्ने प्रयास गर्नुहोस् ।
- चकलेट सबैलाई पुग्ने गरी नै व्यवस्था गरिएको भए पनि विभिन्न कारणहरुले गर्दा केही सहभागीहरु छुट्न गएको भन्नुहोस् ।

अब के गर्ने त ?

- छुटेका सबैलाई पनि चकलेट दिने भन्ने सहभागीहरुको भनाइसँग सहमत हुनुहोस् र छुटेको सबैलाई चकलेट दिनुहोस् ।

अब त सबैले चकलेट पाउनुभयो ?

- पायौं भन्ने भनाइसँग सहमत हुनुहोस् र निम्न प्रश्न सोध्नुहोस् ।
- यो चकलेट खेल किन खेलिएको होला ? (सोच्नलाई समय दिई भन्न लगाउनुहोस् ।)
- सहभागीको भनाइसँग सहमत हुँदै अहिले चकलेट खेललाई स्वास्थ्य संस्थाबाट दिइने सेवासँग तुलना गर्नुभयो भने के पाउनु हुन्छ ? भनी प्रश्न गर्नुहोस् ।

सम्भावित उत्तरहरु

- चकलेट सबैका लागि भए जस्तै स्वास्थ्य सेवा पनि सबैका लागि हो ।
- जसरी विभिन्न कारणहरुले केही मानिसहरु चकलेट पाउनबाट छुटेका थिए त्यसै गरी स्वास्थ्य सेवा लिनबाट पनि छुटेका हुन सक्दछन् । सामाजिक रुपमा वञ्चित भएका समुदायहरु जस्तैः दलित, मुस्लिम, जनजाति तथा भौगोलिक रुपमा टाढा रहेका समुदायहरु आदि ।
- ती सेवा लिन छुटेकाहरुलाई स्वास्थ्य संस्थाबाट उपलब्ध सेवा दिने व्यवस्था मिलाउनु पर्दछ, आदि ।

- सहभागीहरुको भनाइसँग सहमत हुँदै चकलेट पाउनबाट छुटेकालाई जसरी चकलेट दिइयो त्यसरी नै स्वास्थ्य सेवाबाट छुटेकालाई सेवामा समावेश गर्नुलाई के भनी बुझ्नुहुन्छ ? भनी सोध्नुहोस् ।
- सहभागीहरुलाई समावेशी वा सामाजिक समावेशीकरण भन्ने भनाइ आएमा त्यसमा सहमत हुँदै स्वास्थ्यमा समावेशी वा सामाजिक समावेशीकरण भन्नाले के बुझ्नुहुन्छ ? भनी सोध्नुहोस् ।

- सहभागीहरुबाट आएका कुराहरुलाई समेट्दै स्वास्थ्यमा समावेशी वा सामाजिक समावेशीकरणको बारेमा निम्न अनुसार व्याख्या गर्नुहोस् ।

समावेशी वा सामाजिक समावेशीकरण भन्नाले कुनै सेवा वा वस्तुमा पहुँच नपुगेका मानिसहरुको पहिचान गरी उनीहरुलाई सेवा पाउने प्रणालीमा समावेश गर्नु वा आबद्ध गराउनु भन्ने बुझाउँछ । महिला र पुरुषहरूले धेरै समय देखि असमान अवसरहरू भोगिरहेका छन् । उनीहरूलाई समानरुपले सबै प्रकारको सेवाहरू उपलब्ध गर्ने अवसर दिनको लागी विशेष उपायहरू वा प्रयासहरूको व्यवस्था गर्नु नै वञ्चितीमा परेकालाई समावेश गर्नु हो । समुदायमा स्वास्थ्य सेवा उपलब्ध भएतापनि समाजका विद्यमान सामाजिक संजाल, प्रचलन, मूल्य मान्यता र भौगोलिक कठिनाई वा दूरीका कारण समाजका कुनै समूदायका समुह, वर्ग, जातजातिहरुको स्वास्थ्यसेवामा असमान पहुँच रहेको हुन्छ । त्यसैगरी विभिन्न सामाजिक अवरोधका कारण जस्तैः महिलालाई घरायसी कामको वोझका कारण उपलब्ध स्वास्थ्य सेवावारे जानकारी नहुनु, सेवा प्राप्त गर्न नसक्नु, आदि जस्ता अवस्थालाई प्रशिक्षकले नै लैङ्गिक तथा सामाजिक व्यवधानहरुका बारेमा सन्दर्भ सामाग्री अनुसार प्रष्ट्याउनुहोस् ।

लैङ्गिक हिंसाका कारण पनि स्वास्थ सेवाका पहुंच प्राप्तिका लागि अवरोध हुनुका साथै विभिन्न जटिलताहरु निम्त्याएको हुन्छ भनी छलफलसँग जोड्नुहोस् । (लैङ्गिक हिंसा सम्बन्धी थप जानकारीका लागि सर्न्दभ सामाग्री हेर्नुहोस्)

स्वास्थ्यमा समावेशी भन्नाले स्वास्थ्य सेवाको पहुँचमा नभएका व्यक्ति वा समुदायलाई पहिचान गरी सेवाको पहुँचमा ल्याउनु हो भन्ने प्रष्टाउनुहोस् ।

अभ्यासः समतालाई परिभाषित गर्ने

हामीले हाम्रो समाजमा अवसरहरू सबैका लागि समान नहुनुका कारणहरू बारे धेरै थाहा पाइसक्यौं भन्ने कुरा सहभागीहरूलाई प्रष्ट पार्नुहोस् । यस्ता असमानताले विभिन्न व्यक्तिलाई कसरी असर पार्छ भन्ने बारेमा जब हामी सचेत हुन्छौं तब असमनताको सवाललाई सम्बोधन गर्न समताको अवधारणा अति महत्वपूर्ण हुन जान्छ । आजको यस अभ्यासमा हामी समताको परिभाषा के हो र यसले के अर्थ राख्छ भन्ने कुरालाई समेट्दछौं ।

फ्याउरो र सारस

- सहभागीहरूलाई फ्याउरो र सारसको कथा सम्बन्धी सामाग्री बाँड्नुहोस् (सर्न्दभ सामाग्री हेर्नुहोस्) ।
- कथा पढ्न लगाउनुहोस् ।
- सहभागीहरु बीच निम्न प्रश्न राखी छलफल गर्नुहोस् ।
  - कथाबाट के महशुस गर्नुभयो ? के अवलोकन गर्नुभयो ? के भयो ?
  - फ्याउरो र सारसलाई खान किन कठिन भयो?
  - दुबैले खान पाउन के गर्नुपर्ने थियो ?
  - के यसलाई हाम्रो समुदायसँग दाजेर हेर्न सक्छौं ?

मुख्य बुँदा

फरक सामाजिक पृष्ठभूमि भएका महिला र पुरुषबीच निष्पक्ष हुने प्रक्रिया समता हो । निष्पक्षता कायम गर्न फरक पृष्ठभूमिका महिला र पुरुषलाई समान स्तरमा रहन दिनबाट वञ्चित गर्ने ऐतिहासिक तथा सामाजिक परम्पराहरूलाई हटाउनु पर्छ । त्यस्ता परम्पराहरूले निम्त्याएका बेफाइदाहरूको सम्बोधन गर्नका लागि अनिवार्य रूपमा उपायहरू अवलम्वन गर्नुपर्छ । समता भन्नाले न्यायोचित व्यवहार अपनाउनु हो । समता समानता सम्म पुग्ने माध्यम हो ।

समता नभएको स्थितिको प्रदर्शन (खेल)

पहिलेदेखि चलिआएको अहितकारी प्रचलन् (pre-existing disadvantages) का बीच दुर्लभ स्रोतको लागि प्रतिस्पर्धा गर्दा के हुन्छ भन्ने कुरा देखाउन हामी एउटा खेल खेल्दैछौं भन्ने कुरा बताउनुहोस् । यस खेलका माध्यमबाट हामी समाजमा रहेका फरक फरक शक्ति सम्बन्धले समानता हासिल गर्न कसरी अवरोध पुऱ्याउँछ भनेर बुझ्न सक्छौ भन्दै शक्ति सम्बन्धको बारेमा व्याख्या गर्नुहोस् ।

घरधुरी/परिवाभित्र महिला, पुरुष, बालबालिकासँग फरक फरक निर्णय गर्ने शक्ति हुन्छ जसले उनीहरूको निर्णय निर्माण क्षमतालाई प्रभाव पार्दछ । परिवार भित्रकै फरक फरक महिलाबीच पनि शक्तिमा भिन्नता हुन्छ । जस्तैः आमा, छोरी, बुहारी । यदि बुहारीहरू निर्णय लिन सक्षम छैनन् भने उनीहरू महत्वपूर्ण स्वास्थ्य सेवामा पहुँच राख्न सक्षम नहुन सक्छन् । जस्तै - गर्भवती भएको बेला तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने । साथै समुदायमा विभिन्न समूहका मानिसहरू – साहू महाजन, धनी किसान, पसले, स्वास्थ्यकर्मी, शिक्षक आदि – सँग भिन्न प्रकारको शक्ति रहेको हुन्छ । यिनीहरूले पैसा, सूचना जस्ता महत्वपूर्ण स्रोतमा नियन्त्रण राख्दछन् । यसले गर्दा गरिब तथा वञ्चित समूहहरूको महत्वपूर्ण सेवाहरूमा – जस्तै स्वास्थ्य, शिक्षा, बजार, आदिमा पहुँचलाई असर पार्दछ । हाम्रो समाजमा हाम्रो संस्कृति र परम्पराले शक्ति र अधिकारलाई निर्धारण गर्दै आएको छ । यसरी शक्ति सम्बन्धको प्रभावको कारण समानता कायम गर्न बाधा पुगिरहेको हुन्छ ।

खेल

ल अब यस विषयलाई खेलको माध्यमबाट अझ राम्ररी बुझौं :

- ५ देखि ७ जना सहभागीहरूलाई स्वयम्सेवकको रूपमा सहयोग गर्न अनुरोध गर्नुहोस् । बाँकी सहभागीहरूले खेल हेर्न अनुरोध गर्नुहोस् । यो खेलको लागि फराकिलो ठाउँ चाहिने हुनाले सम्पूर्ण सहभागीलाई फराकिलो ठाउँमा लानुहोस् ।
- सबै स्वयंसेवकहरू एउटा कुनापट्टि एउटै लाइनमा विभिन्न अवस्थितिमा उभिन लगाउनु होस् । पहिलो आँखा चिम्म गरेर, दोस्रो दुबै हात कसेर बाँधेर, तेस्रो दुवै खुट्टा सँगसँगै कसेर राखेर, चौथो र पाँचौं हातमा केही राखेर र बाँकी खाली एउटै लाइनमा उभिन भन्नुहोस् ।
- कोठाको अर्को कुनामा एउटा भाडोमा केही खानेकुरा (चकलेट पनि राख्न सकिन्छ) राखी स्वयम् सेवकहरूलाई केही खानेकुराहरू अर्को कुनामा राखिएको छ र यो सबैलाई समान रुपमा निःशुल्क उपलब्ध छ भनी जानकारी गराउनुहोस् । साथै सबैलाई समान अवसर

दिइएकोले स्वयम्सेवकहरूले त्यो लिन सक्छन् भन्नुहोस् । "जानुहोस्" भनेपछि सबैजना दौड्दै गएर आफूले सक्ने जति लिन सक्ने कुरा बताउनुहोस् ।

- स्वयंसेवक सहभागीहरूलाई संकेत दिनुहोस् र उनीहरूलाई दौड्दै गएर आफूले सक्ने जति खाने कुरा लिन अनुमति दिनुहोस् ।
- अरू सहभागीहरूलाई अब के हुन्छ हेर्न भन्नुहोस् ।

खेलका बारेमा छलफल गर्नुहोस् ।

? तपाईले के महसुस गर्नुभयो ? के अवलोकन गर्नुभयो ? के भयो ? कसले धेरै खानेकुरा लिन सक्नुभयो ? किन ? उसको अवस्थिति कस्तो थियो ?

सहभागीहरुले विभिन्न उत्तरहरु दिनुहुनेछ । उनीहरुका उत्तरहरुलाई उचित सम्बोधन गर्दै प्रशिक्षकले यसरी व्याख्या गर्ने ।

- आँखा बाँधेको अर्थ : ज्ञानबाट वञ्चित ।
- खुट्टा बाँधेको अर्थ : सिमित घेरामा मात्र रहेको । हिँडडुल गर्ननपाई बाहिरीय ज्ञान लिनबाट वञ्चित ।
- दुवै हात बाँधेको अर्थ : काममा व्यस्त । अरु कुरा सोच्नै नपाउने अवस्था ।
- भारी बोकेकोको अर्थ : धेरै कार्यबोझ ।
- स्वतन्त्रको अर्थः हरेक कुरामा स्वतन्त्र । ज्ञान हासिलगर्न, हिंडडूल गर्न, भेटघाट गर्न ।

? यस खेलमा कसरी शक्ति सम्बन्धको प्रभाव परेको छ ?

? के तपाई यस खेललाई समुदायमा उपलब्ध स्वास्थ्य सेवामा विभिन्न समुदायको पहुँच तथा उपयोगको वास्तविक अवस्थासँग दाँजेर हेर्न सक्नुहुन्छ ? कसले सबैभन्दा बढी सेवा लिन सकेका छन् र को वन्चित छन्? किन ? छलफल गर्नुहोस् ।

- वन्चितीमा परेका समुह/समुदाय पहिचान गरी उनीहरुको स्वास्थ्य सेवामा पहुँच र उपयोगको बाधा अवरोध सम्बोधन गर्न कस्ता उपायहरु अपनाइनुपर्छ, सो बारे छलफल गर्नुहोस् ।
- स्वास्थ्य सेवामा समावेशीकरण गर्नुपर्ने कुराहरु थाहा भइसकेको कुरा संक्षेपमा दोहोऱ्याउनुहोस् र छुटेकाहरुलाई स्वास्थ्य सेवामा कसरी समावेश गर्न सकिएला भनी सोध्नुहोस् । सहभागीबाट आएका कुराहरु टिपोट गर्नुहोस् । (सम्भावितउत्तरहरुः घरधुरी भेट गरेर, घरधुरी लागत लिएर, सोधेर, बुझेर आदि ।)
- सहभागीहरुबाट आएका कुराहरु समेटदै निम्न कुरा बताउनुहोस् ।
- समावेशी प्रक्रिया धेरै विधिबाट गर्न सकिन्छ । दुई प्रमुख विधिहरु यहाँ वर्णन गरिएको जानकारी दिनुहोस् ।

  १. स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण,

  २. सामाजिक नक्सा

व्यवस्थापन समितिद्वारा स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण

समितिद्वारा गा.वि.स. को सामाजिक नक्सा बनाउँदै

१. स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण

- अब सहभागीहरुलाई स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण र सामाजिक नक्सा बारे छलफल गर्न निम्न प्रश्न सोध्नुहोस् ।

? स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण कसरी गर्ने ?

- सहभागीहरुबाट आएका कुराहरुलाई पनि आधार मान्नुहोस् र निम्न अनुसार तथ्याङ्क विश्लेषण गर्न सहजीकरण गर्नुहोस् ।
- स्वास्थ्य संस्थामा उपलब्ध रेकर्ड फाइलहरु जस्तैः मूलदर्ता रजिष्टर, विभिन्न कार्यक्रमका सेवा रजिष्टर, मासिक अनुगमन पुस्तिका, आदि हेर्न लगाउनुहोस् ।
- ती रेकर्डहरु केलाएर कुन कुन समुदाय र वर्ग स्वास्थ्य सेवाको पहुँचबाट छुटेका छन् पत्ता लगाउन लगाउनुहोस् ।
- छुटेका समुदायलाई कसरी स्वास्थ्य सेवामा समावेश गर्न सकिन्छ भनेर छलफल चलाउनु होस् ।

२. सामाजिक नक्सा

? सामाजिक नक्सा कसरी बनाउने ?

- सहभागीहरुबाट आएका कुराहरुलाई पनि आधार मान्नुहोस् र निम्न अनुसार नक्सा बनाउन सहजीकरण गर्नुहोस् ।
- सहभागीहरुबाट गा.वि.स.को नक्सा कोर्न लगाउनुहोस् ।
- प्रत्येक वार्डको रेखाङ्कन गर्न लगाउनुहोस् ।
- गा.वि.स भित्र भएको स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप क्लिनिक देखाउन लगाउनुहोस् ।
- व्यक्तिगत औषधि पसलहरु भए सो पनि देखाउन लगाउनुहोस् ।
- कुनकुन समुदायका मानिसहरु कहाँ बसेका छन् सो पनि देखाउन लगाउनुहोस् ।

- कुन वडाका व्यक्तिहरू पूर्व प्रसूति सेवा, खोप, परिवार नियोजनको साधनको प्रयोग, संस्थागत प्रसूति लगायतका सेवा कम लिन आउँदछन् र कुन वडाका व्यक्तिहरूलाई स्वास्थ्य सेवा लिन ३० मिनेटभन्दा कम समय लाग्दछ भनी सहभागीहरूलाई निकाल्न लगाउनुहोस् । सहभागीहरूले कुन वडा र समुदायले कम सेवा लिन्छन् भन्ने कुरा स्वास्थ्य संस्थाको अभिलेख अध्ययन गरेर वा समुदायमा बैठकको आयोजना गरेर तथा अन्तर्वार्ता र छलफलको माध्यमबाट थाहापाउन सक्छन् भनी उनीहरूलाई स्मरण गराउनुहोस् ।
- सहभागीहरूलाई निश्चित समुदायहरूले किन कम सेवा लिन्छन् भन्ने कुराको विश्लेषण गर्न भन्नुहोस् । समुदायले कम सेवा लिनुका कारणहरू बारेमा राम्ररी बुझेपछि मात्र समाधानहरू पत्ता लगाउन सकिन्छ ।
- यसैगरी किन निश्चित समुदायहरूले कम सेवा लिन्छन् भनी थाहा पाउन उनीहरूले सामुदायिक बैठकको आयोजना वा अन्तर्वार्ता लिनुपर्ने हुन्छ भनी सहभागीहरूलाई स्मरण गराउनुहोस् ।
- यसैगरी अन्य विधि (लक्षित समूह छलफल) बाट पनि सेवामा छुटेका मानिस पत्ता लगाउन सकिने कुरा बताउनहोस् ।
- अब यी छुटेका समुदायलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउनको लागि कार्ययोजना बनाई विशेष कार्यक्रम व्यवस्था गर्नुपर्ने कुरा बताउनुहोस् ।
- अन्त्यमा पाठको मुख्य सन्देश बताउनुहोस् र सक्रिय रूपमा सहभागिताका लागि सबैलाई धन्यवाद दिंदै सत्रको अन्त्य गर्नुहोस् ।

मुख्य सन्देश

- स्वास्थ्य सेवामा समावेशीकरण भन्नाले उपलब्ध स्वास्थ्य सेवामा पहुँच नभएका मानिसहरूको पहिचान गरी उनीहरूलाई सेवाको पहुँचमा ल्याउने व्यवस्था मिलाउनु हो ।
- स्वास्थ्य सेवामा पहूँच नपुगेका मानिसहरू पत्तालगाउने धेरै विधिहरूछन् । ती मध्ये सामाजिक नक्सा, विभिन्न सेवा रजिष्टरहरूको तथ्याङ्क विश्लेषण प्रमुख विधिहरू हुन् ।
- सामाजिक नक्सा मार्फत गा.वि.स. स्थित कुन वडाका मानिसहरू कस्तो सेवाबाट कुन् कारणहरूले छुटेका छन् भन्ने जानकारी लिन सकिन्छ ।
- यसरी सेवाको पहँचमा नभएका व्यक्ति वा समुदायलाई समावेशीकरणका लागि स्वास्थ्य संस्था तथा समुदाय तहमा विभिन्न कार्यहरू गर्नु पर्दछ ।

मूल्याङ्कन

- लैङ्गिक समता र समानता भन्नाले के बुझ्नुहुन्छ ?
- सामाजिक समावेशीकरण भन्नाले के बुझ्नुहुन्छ ?
- स्वास्थ्य सेवामा सामाजिक समावेशीकरण किन गर्नुपर्छ होला ?
- सामाजिक समावेशीकरण कसरी गर्न सकिन्छ ?

स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता

सत्र (घ)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकताबारे जानकारी प्राप्त गरी बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्

- स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमबारे जानकारी प्राप्त गरी बताउन ।
- कार्यक्रमको आवश्यकता महसुस गरी यसको महत्वबारे बताउन ।

समय

६० मिनेट

विधि

छलफल, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, टेप, मार्कर, मेटाकार्ड, हस्तान्तरण प्रक्रिया पछि व्यवस्थापन समितिहरुका हालको अवस्था उल्लिखित न्युजप्रिन्ट, स्वास्थ्य संस्था व्यवस्थापन सुदढीकरण कार्यक्रमको अवधारणागत ढाँचा फ्लेक्स, कार्यक्रम कार्यान्वयन खाका फ्लेक्स

सन्दर्भ सामग्री

स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रमको आवश्यकता

क्रियाकलाप

- अघिल्लो सत्रमा हामीले लैङ्गिक समानता र सामाजिक समावेशीकरणको बारेमा छलफल गरेको र त्यसभन्दा अघिल्लो सत्रमा हस्तान्तरण प्रक्रियाबारेमा छलफल भइसकेको स्मरण गराउनुहोस् । उक्त सत्रमा छलफल गरिएको हालको अवस्था त थाहा पाउनुभयो अब यहाँहरुको समितिको अवस्था कस्तो होला ? भनी सहभागीहरुलाई सोध्नुहोस् ।
- सहभागीहरुका भनाइहरुलाई समेटदै यहाँको समितिको अवस्था पनि अन्य समितिहरुसँग मिल्दोजुल्दो भएको कुरा प्रष्ट पार्नुहोस् र अब के गर्ने होला? भनी पुनः सोध्नुहोस् ।
- सहभागीहरुको 'सुधार गर्नुपर्छ' भन्ने भनाइसँग सहमत भई कसरी सुधार गर्न सकिन्छ होला भनी सोध्नुहोस् ।
- सहभागीहरुको तालिम, गोष्ठी आदि गरेर भन्ने भनाइसँग सहमत हुँदै माथि देखिएका समितिहरुको अवस्थालाई सुधार गर्ने उद्देश्यले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको नेतृत्वमा नेपाल परिवार स्वास्थ्य कार्यक्रम, लगायत अन्य संघ संस्थाहरुको सहभागितामा स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रम तय गरिएको कुरा जानकारी दिनुहोस् ।

- व्यवस्थापन समितिलाई कसरी सुदृढ गर्न सकिन्छ भन्ने कुराको जानकारी दिन स्वास्थ्य संस्था व्यवस्थापन सुदृढिकरण कार्यक्रमको अवधारणा ढाँचा फ्लेक्सको प्रयोग गरी स्वास्थ्य संस्थाको व्यवस्थापनमा समितिको महत्वबारे बताउनुहोस् ।
- यसैगरी सम्पूर्ण कार्यक्रमको उद्देश्य, कार्यक्रम कार्यान्वयन खाका र तीन दिनको तालिमको उद्देश्यबारे बताउनुहोस् ।
- अन्त्यमा सत्रको मुख्य सन्देश मेटाकार्ड वा न्युजप्रिन्टमा तयार गरी बताउनुहोस ।

मुख्य सन्देश

- समितिको हालको अवस्थामा सुधार गरी कार्य क्षमता अभिबृद्धि गर्न आवश्यक देखिएको हुनाले स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रम गर्न लागिएको हो ।
- यसले स्वास्थ्य संस्थाका कार्यक्रम तथा सेवाहरू गुणस्तरीय र प्रभावकारी साथै सेवाको प्रयोग दर बढेको कुरा सुनिश्चित हुने अपेक्षा राखिएको छ ।
- कार्यक्रमले स्वास्थ्य सेवाका प्रावधानहरू लैङ्गिक संवेदनशील भएको र सबै समूहका व्यक्तिको सेवामा पहुँच भएको कुरा सुनिश्चित गर्ने उद्देश्य राखिएको छ । साथै यसले स्वास्थ्य संस्थामा सुशासन कायम राख्ने उद्देश्य राखिएको छ ।
- यो कार्यक्रम राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको नेतृत्वमा नेपाल भरिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको व्यवस्थापकीय कार्य क्षमता अभिवृद्धि गर्ने रणनीति अनुरूप सञ्चालन भईरहेको छ ।

मूल्याङ्कन

- स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकताहरू के के हुन् ?
- यस कार्यक्रमले लिएको प्रमुख उद्देश्य के हो ?

स्वस्थ जीवन: हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी

सत्र (ङ)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले स्वस्थ जीवन जिउन व्यक्ति, परिवार समुदाय र स्वास्थ्य संस्था सबैको उत्तिकै भूमिका हुन्छ भन्ने कुरा बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- मानव जीवनमा स्वस्थ हुनको महत्व एवं फाईदाहरुबारे बताउन ।
- स्वस्थ रहन गर्नुपर्ने कार्यहरु बताउन ।
- आफू एवं समुदायको स्वास्थ्यको स्थिति सुधार गर्न क-कसको भूमिका के के हुन सक्छ भन्ने कुरा बताउन ।

समय

६० मिनेट

विधि

चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, टेप, मार्कर, मेटाकार्ड, कोटेशन उल्लेखित मेटाकार्ड, चित्र

सन्दर्भ सामग्री

स्वस्थ जीवनको महत्व

क्रियाकलाप

- हाम्रो मानव जीवनमा स्वस्थ शरीरको महत्व धेरै छ भन्ने व्याख्या गर्नका लागि बोर्डमा एउटा स्वस्थ एवं सुखी देखिने व्यक्तिको चित्र देखाउदै सहभागीहरुलाई निम्न प्रश्न सोध्नुहोस् र सहभागीहरुले भनेका मुख्य बुँदाहरुलाई न्युजप्रिन्टमा लेख्नुहोस् ।

? यस चित्रमा कस्तो व्यक्ति देख्नु भयो ?



स्वस्थ र सुखी व्यक्ति

सहभागीबाट आएका बुँदाहरु

.....

.....

.....

आदि

- त्यसैगरी बोडमा एउटा बिरामी एवं दुखी देखिने व्यक्तिको चित्र देखाउँदै निम्न प्रश्नहरु सोध्नुहोस् र सहभागीहरुले भनेका मुख्य बुँदाहरुलाई न्युजप्रिन्टमा लेख्नुहोस् ।

? यस चित्रमा कस्तो व्यक्ति देख्नु भयो ?

बिरामी एवं दुखी व्यक्ति

सहभागीबाट आएका बुँदाहरु

.....

.....

.....

आदि

- स्वस्थ व्यक्तिको चित्र बोर्डमा टाँसी सहभागीहरुलाई तलका प्रश्न सोध्नुहोस् र उनीहरुले भनेकाबुँदाहरु चित्रमुनि न्युजप्रिन्टमा लेख्नुहोस् ।
- यसरी मानिस स्वस्थ एवं सुखी भएमा के-के फाइदाहरु हुनसक्छन् ?

फाइदाहरु:

.....

.....

.....

आदि

- सहभागीहरुले भन्न सक्ने केही सम्भावित फाइदाहरु यस प्रकार छन् :

- खेतबारीमा काम गर्न सक्छ ।
- खाना खाँदा पच्छ ।
- अरुलाई सहयोग गर्न सक्छ ।
- पैसा कमाउन सक्छ, इच्छा भएको ठाउँमा जान सक्छ ।
- परिवार र समुदायमा इज्जत / सम्मान हुन्छ आदि ।

- त्यसैगरी बिरामी एवं दुखी व्यक्तिको चित्र बोर्डमा टाँसी सहभागीहरुलाई तलका प्रश्न सोध्नुहोस र उनीहरुले भनेको बुँदाहरु चित्रमुनि न्युजप्रिन्टमा लेख्नुहोस् ।

? यसरी मानिस बिरामी एवं दुःखी भएमा के के बेफाइदाहरु हुनसक्छन् ?

बेफाइदाहरुः

.....

.....

.....

आदि

- सहभागीहरुलाई स्वस्थ हुदा भएका फाइदाहरु र बिरामी भएमा हुने बेफाइदाहरु पढेर सुनाउनुहोस् । त्यसपछि तलका भनाईहरुसँग प्रसङ्ग जोड्नुहोस् ।

➢ एउटा भनाइ नै छ कि यो "संसारमा स्वस्थ भएर बाँच्नु जस्तो सुख अरु केही पनि छैन" ।
➢ त्यस्तै अर्को भनाइ छ "स्वास्थ्य नै धन हो" ।

- अब दुबै चित्रहरुलाई समानान्तर रूपमा बोर्डमा टाँसी सहभागीहरुलाई तलको प्रश्न सोध्नुहोस्:

? तपाई कस्तो जीवन यापन गर्न चाहनु हुन्छ ? स्वस्थ वा रोगी ?

- सहभागीहरु सबैले स्वस्थ जीवन यापन गर्नका लागि चाहना व्यक्त गर्दै हात उठाउने छन् । यहाँ स्वस्थ भएर बाँच्न पाउनु सबैको अधिकार हो भन्ने कुरालाई जोड दिन तलका कुराहरु भन्नुहोस् ।

स्वस्थ जीवन बाँच्न पाउनु सबैको जन्मसिद्ध अधिकार हो । सबै जनतालाई अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्नु सामाजिक न्याय हो ।

- अब हात उठाएका सहभागीहरुलाई तलको प्रश्न सोध्नुहोस् :

? के तपाईले स्वस्थ हुने भनेर चाहना गर्दैमा स्वस्थ हुन सक्नु हुन्छ ?

- यहाँ सहजकर्ताले व्याख्या गर्ने कि मानव जीवनमा चाहना गर्नु राम्रो हो, तर चाहना गर्ने बित्तिकै सबै कुरा प्राप्त हुंदैनन् । यसका लागि कर्म गर्नुपर्दछ । तपाईले जस्तो कर्म गर्नुहुन्छ । त्यस्तै फल प्राप्त हुन्छ । केवल चाहना गरेर मात्र पर्याप्त हुँदन । यस क्रममा तलको उदाहरण दिनुहोस् ।

केही सहभागीहरुलाई के काम गर्नु हन्छ ? भनी सोध्नुहोस् । कृषकलाई तपाई आफ्नो खेतबाट के चाहनु हुन्छ ? भनी सोध्नुहोस् । सहभागीहरुबाट आएका कुराहरुलाई समेटी धेरै अन्न उत्पादन गर्नका लागि समयमा खेतबारी खन्नुपर्ने, राम्रो अनि उन्नत बीउ लगाउनुपर्ने, गोडमेल गर्नुपर्ने, कीटनाशक औषधि छर्कनपर्ने, मलजल गर्नुपर्ने र यी सबै भएपछि मात्र राम्रो अन्न उत्पादन हुन्छ भन्ने कुरा प्रष्टयाउनुहोस् । त्यसैगरी अन्य पेशाका सहभागीलाई पनि उनीहरुका पेशासँग सम्बन्धित लक्ष्य र चाहनाहरुलाई उद्धत गर्दै सबैले आफ्नो कामको राम्रो प्रतिफल आओस भन्ने चाहन्छन् भन्ने कुरामा जोड दिनुहोस् र सो को प्रतिफलका लागि शुरुदेखि नै मेहेनत तथा सही तरिकाले कार्य गर्दै जानुपर्ने कुरा प्रष्ट्याउनुहोस् ।

- माथि प्रस्तुत गरिएको कृषकको उदाहरणलाई जोड्दै हामीले चाहेको स्वस्थ हुनको लागि के के गर्नपर्दछ ? भनी प्रश्न सोध्नुहोस् । सहभागीहरुले भनेको कुरा छोटो तर स्पष्ट हुने गरी मेटाकार्डमा लेख्दै टाँस्नुहोस् । एउटा बुँदा एउटा मेटाकार्डमा लेख्नु पर्दछ । सम्भावित उत्तरहरु यसप्रकार आउन सक्छन् :

पोषिलो खाना खाएमा	खोप पूरा लगाएमा	समय समयमा शारीरिक जाँच गराएमा
व्यक्तिगत सरसफाई गरेमा	मौसम अनुसारको लुगा लगाएमा	विरामी हुँदा तुरुन्तै उपचार गरेमा

द्रष्टव्य: उत्तरहरु लेख्दा सकेसम्म उपचारात्मक, प्रवर्द्धनात्मक, प्रतिकारात्मक सम्बन्धी बुदाहरुलाई समेट्न प्रयास गर्ने ।

प्रशिक्षकको लागि जानकारी

- सामाजिक, आर्थिक, भौगोलिक तथा लैङ्गिक अवस्थाका कारण धेरै व्यक्तिहरूले उच्चस्तरको स्वास्थ्य सेवा लिन चुनौतिहरूको सामना गर्नुपर्दछ । उदाहरणको लागि, स्वास्थ्य संस्थाबाट टाढा बस्नेहरूले लामो दूरीका साथै अप्ठयारो बाटो वा अत्यधिक यातायात खर्चका कारण समयमै स्वास्थ्य सेवा बाट बञ्चित हुन सक्दछन् । दलितहरू भएकै कारण भेदभाव गरिएको वा पहिले कुनै सेवा प्रदायकबाट नराम्रो व्यवहार गरिएको भए स्वास्थ्य संस्था नजान सक्छन् ।
- महिलाहरू समय अभावका कारण वा परिवारका सदस्यबाट पूर्ण सहयोगको अभावमा गर्भवति जाँच वा अन्य सेवा नलिएको हुन सक्छन् । स्वास्थ्य संस्थाहरू वा स्वास्थ्य कार्यक्रमको व्यवस्थापन गर्दा यस्ता बिषयहरूलाई सम्बोधन गरिनु महत्वपूर्ण हुन्छ । व्यक्ति, परिवार र समुदायको स्वास्थ्य अवस्था राम्रो राख्नु परिवार, समुदाय र स्वास्थ्य संस्था सबैको जिम्मेवारी हो ।
- समुदायमा विशेषगरी आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक, र भौगोलिक रूपले वञ्चितीमा परेका समुदाय को आवश्यकतालाई सम्बोधन गर्ने गरी स्वास्थ्य संस्थाको व्यवस्थापन गर्ने जिम्मेवारी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको हुन्छ । यसप्रकार व्यक्ति र परिवारले स्वास्थ्य सेवा प्राप्त गरेमा स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गरेमा र समुदायले स्वास्थ्य संस्था व्यवस्थापन गरेमा मात्र समुदायको समग्र स्वास्थ्य स्तरमा सुधार ल्याउन सकिन्छ ।

- प्रशिक्षणका क्रममा माथी उल्लेखित कुराहरूबारेमा अझ नजिकबाट व्याख्या गर्नेछौं भन्ने कुरा प्रष्ट पार्नुहोस् । सहभागीहरूले स्वास्थ्य संस्था तथा स्वास्थ्य कार्यक्रम व्यवस्थापन गर्नुपर्ने हुनाले यी कुराहरूलाई ध्यानमा राख्नुपर्ने कुरा स्मरण गराउनुहोस् ।
- अब जिम्मेवारी कसको ? भन्ने बारे छलफल गरौं भनी प्रसङ्ग बदल्नुहोस् । यसका लागि सहभागीहरुलाई निम्न प्रश्न सोध्नुहोस् :

? के के कार्यहरु गरेमा स्वस्थ रहन सकिन्छ भन्ने कुरा थाहा भयो तर यी कार्यहरु गर्ने प्रमुख जिम्मेवारी कुन पक्षको हो ? कसको हो ?

- सहजकर्ताले माथि स्वस्थ हुनका लागि गर्नुपर्ने कार्यहरु लेखिएका मेटाकार्डहरुलाई तलका दुई समूहमा राख्न सहभागीहरुलाई अनुरोध गर्नहोस् ।

व्यक्ति/परिवार/समुदाय	स्वास्थ्य संस्था

- सहभागीहरुबाट आएका सबै कुरा उल्लेखित मेटाकार्ड टाँसी सके पछि स्वस्थ जीवन यापन गर्न व्यक्ति/परिवार/समुदायले गर्नुपर्ने कुराहरु पढेर सुनाउनुहोस् ।
- यहाँ सहजकर्ताले व्यक्ति व्यक्ति मिलेर परिवार बन्ने तथा परिवार परिवारहरु मिलेर समुदाय बन्ने अवधारणा पनि भन्नुहोस् ।
- त्यस्तै स्वास्थ्य संस्थाले निर्वाह गर्नुपर्ने कुराहरु पनि पढेर सुनाउनुहोस् ।
- यसरी मेटाकार्डहरु टाँस गर्दा पक्कै पनि व्यक्ति परिवार र समुदायको जिम्मेवारीमा बढी आउनेछन् र स्वास्थ्य संस्थाको भूमिकामा कम आउनेछन् ।
- सहभागीहरुलाई माथिको अभ्यासबाट के बुझ्नु भयो भनी प्रश्न सोध्नुहोस् र तलका कुराहरु भन्दै प्रष्ट पानुहोस् ।

> ➢ व्यक्ति स्वस्थ रहन बढी भूमिका व्यक्ति/परिवार/समुदायको हुन्छ । त्यसैले भनिन्छ "हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी"
>
> ➢ व्यक्ति स्वस्थ रहन स्वास्थ्य संस्थाको पनि जिम्मेवारी हुन्छ ।

- सत्रको मुख्य सन्देश मेटाकार्ड वा न्युजप्रिन्टमा तयार गरी बताउनुहोस् र सत्र समापन गर्नुहोस् ।

मुख्य सन्देश

- स्वास्थ्य नै धन हो ।
- यो संसारमा स्वस्थ भएर बाँच्नु जस्तो सुख अरू केही छैन ।
- व्यक्ति स्वस्थ रहन स्वयं व्यक्तिको बढी जिम्मेवारी हुन्छ त्यसैले भन्ने गरिएको छ "हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी ।"
- तर हामीले ध्यान दिनुपर्ने कुरा के पनि हो भने सामाजिक, सांस्कृतिक, आर्थिक, र भौगोलिक अवस्थाका कारण केही समूहहरूको लागि स्वास्थ्य सेवामा पहुँच राख्न र स्वस्थ जीवन व्यतित गर्न बढी प्रयास गर्नुपर्छ ।

मूल्याङ्कन

- स्वस्थ रहँदा हुने फाइदाहरू के के हुन् ?
- रोगी वा बिरामी हुन गए हुने बेफाइदाहरू के के हुन् ?
- किन स्वास्थ्य नै धन हो भनेको होला ?
- स्वस्थ हुन बढी जिम्मेवारी कसको हुन्छ ?

पहिलो दिनको पुनरावलोकन

सत्र (च)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले अघिल्लो दिनमा भए गरेका कुराहरुबारे पुनर्ताजगी भई बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन् ।

- सहभागीहरु पहिलो दिनको प्रमुख सिकेका कुराहरुबारे पुनर्ताजगी भई बताउनु ।

समय

३० मिनेट

विधि

खेल, छलफल

सामाग्री

मार्कर, टेप, मेटाकार्ड

क्रियाकलाप

- सहभागीहरुलाई पहिलो दिनको सत्रको पुनरावलोकन निम्न खेलबाट गर्न लागेको कुरा बताउनुहोस् ।

खेल

- सहभागीको संख्या अनुसार विभिन्न रँगका मेटाकार्डहरु छान्नुहोस् ।
- प्रत्येक मेटाकार्डका पछाडि पहिलो दिनमा सिकेका विषयवस्तुहरु मध्येबाट महत्वपूर्ण कुराहरु एक-एक वटा प्रश्न वा जिज्ञासाका रूपमा राख्नुहोस् ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित कम्तिमा दुईवटा प्रश्नहरू समावेश गर्नुहोस् ।
- कुनै एउटा मेटाकार्डमा मनोरन्जन दिने खालका कुराहरु पनि राख्नुहोस् ।
- प्रत्येक मेटाकार्डमा सिरियल नम्बर राख्नुहोस् ।
- सबै सहभागीहरुलाई गोलाकार रूपमा उभिन लगाउनुहोस् ।
- सदस्य संख्या अनुसार नम्बर लेखेका कार्डहरु मार्कर घुमाएर मार्करको टुप्पोले देखाएको व्यक्तिबाट घडीको सुई घुम्ने दिशाबाट सहभागीहरुलाई पालै पालो चिट्ठा तान्न लगाउनुहोस् ।
- सहभागीले तानेको नम्बर अनुसार एक-एक गर्दै मेटाकार्ड उपलब्ध गराउनुहोस् र प्रश्नअनुसार उत्तर भन्न लगाउनुहोस् । प्रशिक्षकले आवश्यकता अनुसार उत्तर दिन सहयोग गर्नुहोस् ।
- सबैको पालो सकिएपछि धन्यवाद दिँदै पुनरावलोकन सत्र अन्त्य गर्नुहोस् ।

स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरू

सत्र (छ)

पाठको उद्देश्य :

- यस सत्रको अन्त्यमा सहभागीहरुले स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरुबारे बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु :

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरुबारे बताउन ।
- समुदाय स्तरका स्वास्थ्य संस्था तथा सेवाका प्रकारबारे जानकारी हासिल गरी बताउन ।

समय

६० मिनेट

विधि

मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, टेप, मेटाकार्ड, स्वास्थ्य संस्थाबाट उपलब्ध सेवाहरु फ्लेक्स - नागरिक वडा पत्र

सन्दर्भ सामग्री

स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु

क्रियाकलाप

- सहभागीहरुलाई एउटा गाउँको चित्र देखाउँदै, गाउँमा के के हुन्छन् ? भनी निम्न प्रश्न सोध्नुहोस् ।



- सहभागीहरुबाट विभिन्न कुराहरु आउन सक्छन् जस्तै घर, गोठ, विद्यालय, पाटी–पौवा आदि) सहभागीहरुबाट स्वास्थ्य संस्था नभनुन्जेल सोध्दै जानुहोस् ।
- सहभागीहरुबाट स्वास्थ्य संस्था भन्ने आएमा वहाँहरुको भनाइसँग सहमत हुँदै उक्त गा.वि.स.मा भएको स्वास्थ्य संस्था कुन प्रकारको हो भनी पुनः प्रश्न गर्नुहोस् ।
- सहभागीबाट आएका कुरालाई समेटदै समुदाय स्तरमा हुने स्वास्थ्य संस्थाहरुको प्रकारबारे जानकारी सन्दर्भ सामग्रीको पाना नं. ९० भए बमोजिम न्युजप्रिन्टमा तयारी गरी बताउनुहोस् ।
- स्वास्थ्य संस्था अनुसार कुन कुन सेवा दिइन्छ भनी सोध्नुहोस् र सहभागीबाट आएका कुराहरुलाई समेटदै समुदायस्तरका स्वास्थ्य संस्थाहरुबाट दिइने सेवाका प्रकारहरु प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक तीन प्रकारका हुने कुरा बताउनुहोस् । साथै छोटकरीमा तीनै प्रकारबारे उदाहरणसहित प्रष्टयाउनुहोस् ।



- अब सहभागीहरुलाई आफू सदस्य भएको स्वास्थ्य संस्थाले के के सेवाहरु दिन्छ भनी पुनः प्रश्न गर्नुहोस् ।
- सहभागीहरुलाई पालै पालो सोध्नुहोस् र आएका कुराहरु टिपोट गर्दै जानुहोस् ।
- सहभागीहरुबाट आएका कुराहरुलाई समेटदै स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुने सेवाहरु फ्लेक्स प्रयोग गरी बताउनुहोस् । साथै ती मध्ये कुन-कुन सेवाहरु प्रतीकारात्मक, प्रवर्द्धनात्मक तथा नागरिक वडा पत्र उपचारात्मक हुन् सोबारे पनि प्रष्ट पार्नुहोस् । साथै मुख्य मुख्य कार्यक्रमको लक्ष्य अनुरुप प्रगतिको अवस्था पनि भन्नुहोस् ।
- यसरी स्वास्थ्य संस्थाले दिने सेवाकाबारेमा थाहा भएको जानकारी गराउँदै उपलब्ध सेवाहरु स्वास्थ्य संस्थाले दिने, समुदायले सेवा लिने र यी दुबैको बीचमा चाँजोपाँजो वा तालमेल मिलेमा मात्र सेवाको पहुँच समुदायमा बढ्ने कुरा भन्दै तालमेलकाबारेमा अर्को सत्रमा छलफल गरिने कुरा बताउनुहोस् ।
- मुख्य सन्देश मेटाकार्ड वा न्युजप्रिन्टमा तयार गरी भन्नुहोस् र सत्र अन्त्य गर्नुहोस् ।

मुख्य सन्देश

- समुदाय स्तरमा तीन प्रकारका (उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र) स्वास्थ्य संस्थाहरू हुन्छन् ।
- यी तीनै प्रकारका स्वास्थ्य संस्थाहरूमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवाहरू उपलब्ध हुन्छन् ।
- सेवा दिने र सेवा लिनेको बीचमा तालमेल मिलेमा समुदायको स्वास्थ्य अवस्थामा सुधार हुन सक्दछ ।

मूल्याङ्कन

- समुदायमा कुन–कुन प्रकारका स्वास्थ्य संस्थाहरू हुन्छन् ?
- तपाईं सदस्य हुनु भएको स्वास्थ्य संस्था कुन प्रकारको हो ?
- तपाईं सदस्य हुनु भएको स्वास्थ्य संस्थाबाट प्रदान हुने कुनै ५ प्रकारका सेवाहरू भन्नुहोस् ।

स्वास्थ्य संस्था व्यवस्थापन

सत्र (ज)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले स्वास्थ्य संस्थाको व्यवस्थापनबारे सामान्य जानकारी हासिल गरी बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- स्वास्थ्य संस्थाको व्यवस्थापनबारे बताउन ।

समय

३० मिनेट

विधि

चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, टेप, समुदायले स्वास्थ्य संस्था व्यवस्थापनमा गर्न सक्ने सहयोगहरु उल्लिखित न्युजप्रिन्ट, महिलाहरुले धान रोप्दै गरेका २ वटा चित्रहरु ।

सन्दर्भ सामग्री

स्वास्थ्य संस्था व्यवस्थापन

क्रियाकलाप

- अघिल्लो सत्रमा समुदाय स्तरका स्वास्थ्य संस्थाका प्रकार र त्यहाँबाट दिइने सेवाहरुबारे जानकारी भएको कुरा बताउनुहोस् ।
- व्यक्ति, समुदाय र स्वास्थ्य संस्था बीच उपलब्ध सेवाहरु लिन तथा दिन तालमेल मिलेमा मात्र सेवाको पहुँच बढ्ने कुरा पनि थाहा भयो भनी भन्नुहोस् ।
- अब तालमेल मिलेमा काम राम्रो हुने हुँदा यो तालमेल भनेको के रहेछ भन्ने कुराको छलफल गर्ने हो कि ? भन्ने प्रसंग जोडदै निम्न प्रश्न सोध्नुहोस् । साथै सहभागीहरुबाट आएका कुराहरु न्युजप्रिन्टमा बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

तालमेल मिलाउनु भनेको के होला ?

- सहभागीहरुलाई अझ स्पष्ट गर्न महिलाहरुले धान रोप्दै गरेका २ वटा चित्रहरु क्रमिक रूपमा देखाउँदै निम्न प्रश्नहरु गर्नुहोस् ।

चित्रमा के देख्नुहुन्छ ?

- दुईवटा चित्रहरुमा के भिन्नता छ ?
- कुन चित्रमा काम राम्रो भएको देखिन्छ ?
- काम राम्रो भएको भन्ने कुरा कसरी थाहा पाउनु भयो ?

- सहभागीहरुबाट आएका कुराहरुलाई पनि समेटदै सहजकर्ताले तालमेल मिलाउने उल्लिखित न्युजप्रिन्ट टाँस्दै स्पष्ट गर्नुहोस् ।

निश्चित उद्देश्य प्राप्त गर्न उपलब्ध व्यक्ति वा वस्तुलाई सही ठाउँमा, सही समय, सही तरिकाबाट र सही मात्रामा उपयोग गरी चाँजोपाँजो मिलाई काम गर्नु/गराउनु नै तालमेल मिलाउनु हो । तालमेल मिलाउनु भनेको नै व्यवस्थापन हो ।

- अब स्वास्थ्य संस्था व्यवस्थापनबारे छलफल गर्न लागेको कुरा बताउँदै स्वास्थ्य संस्थाको चित्र देखाई के को चित्र हो ? भनी सोध्नुहोस् ।

- प्रसंग मिलाउँदै सहभागीहरुको स्वास्थ्य संस्था भन्ने भनाई सँग सहमत हुँदै स्वास्थ्य संस्थाले के गर्छ ? भनी सोध्नुहोस् र आएका कुराहरुलाई टिपोट गर्नुहोस् ।
- सहभागीहरुको स्वास्थ्य संस्थाले सेवा दिन्छ भन्ने भनाइसँग सहमत हुँदै सेवा कसका लागि हो ? भनी पुनः सोध्नुहोस् ।

- सेवा समुदायका लागि हो भन्ने सहभागीहरूबाट प्राप्त प्रतिक्रियासँग सहमत हुँदै समुदायका कुन सदस्यहरूका लागि हो भनी सोध्नुहोस् ।
- समुदायका सबै सदस्य (सबै महिला, सबै जातजाति, सबै पिछडिएको वर्ग जस्तै अपाङ्ग, तेस्रो लिङ्गी, गाविसको दुर्गम क्षेत्रमा बसोबास गर्ने आदि) का लागि पनि स्वास्थ्य सेवा हो भन्ने सहभागीहरूको भनाईसँग सहमत हुँदै किन समुदायका सबै समूहको सहभागिता हुन महत्वपूर्ण छ भनी सोध्नुहोस् ।
- स्वास्थ्य सेवाले समुदायका सबै समूहहरूको आवश्यकतालाई सम्बोधन गर्न व्यापक सहभागिता महत्वपूर्ण हुन्छ भन्ने सहभागीहरूको प्रतिक्रियासँग सहमत हुँदै समुदायले स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा मात्र लिने हो कि स्वास्थ्य संस्थालाई सहयोग पनि गर्ने हो भनी सोध्नुहोस् ।
- सहभागीहरुको सहयोग गर्नुपर्दछ भन्ने भनाइसँग सहमत हुँदै के कस्ता सहयोगहरु गर्नुपर्दछ होला ? भनी सोध्नुहोस् । सहभागीहरुबाट आएका कुराहरु बुँदागत रूपमा टिपोट गर्नुहोस् ।
- सहभागीहरुबाट आएका कुराहरु समेट्दै समुदायबाट स्वास्थ्य संस्थालाई गर्न सक्ने सहयोगहरु न्युजप्रिन्टमा तयार गरी बताउनुहोस् ।
- प्रसंग मिलाउँदै सहभागीलाई व्यवस्थापन समितिको आवश्यकता महसूस गराउन निम्न प्रश्न सोध्नुहोस्
- महिला, सबै जातजाति र वञ्चित/पिछडिएको समूह लगायत सबै समूहका सदस्यहरूको स्वास्थ्य सेवामा प्रतिनिधित्व गराउँदा हुने फाइदाकाबारेमा जोड दिनुहोस् ।

? स्वास्थ्य संस्थाले दिनुपर्ने सेवा दिए नदिएको कसले हेर्ने ?

? त्यस्तै समुदायले सेवा लिए नलिएको तथा स्वास्थ्य संस्थालाई सहयोग गरे नगरेको कसले हेर्ने ?

? यसैगरी महिला तथा किशोरकिशोरीले स्वास्थ्य सेवाको प्रयोग गर्न सक्षम भए नभएको र सहज महशुस गरे नगरेको कसले अनुगमन गर्ने ?

? त्यस्तै वञ्चित/पिछडिएको वर्गसम्म स्वास्थ्य सेवा पुगे नपुगेको कसले अनुगमन गर्ने ?

? यी कुराहरु हेर्ने एउटा निकाय हुनु पर्छ कि पर्दैन होला ?

- सहभागीहरुको पर्छ भन्ने भनाईसँग सहमति जनाउँदै कस्तो निकाय ? बाहिरी कि स्थानीय निकायले हेर्नु पर्दछ होला भनी सहभागीलाई सोध्नुहोस् ।
- सहभागीहरुको स्थानीय निकायले हेर्नुपर्दछ भन्ने भनाईसँग सहमत हुँदै त्यस निकायको प्रावधानबारे छलफल गर्न निम्न प्रश्न सोध्नुहोस् ।

? हाल यस्तो निकाय छ त ?

- सहभागीहरुले छ र त्यो निकाय भनेको व्यवस्थापन समिति, हामी नै हौं भनी भन्नेछन् (सो कुरा भनाउने अवस्थाको सृजना गर्न सहजकर्ताले आवश्यक उपायहरु अपनाउनुहोस्) ।
- अब प्रसंग मिलाउँदै सहभागीहरुलाई व्यवस्थापन समितिले काम गर्ने थलो कहाँ हो ? भनी प्रश्न सोध्नुहोस् ।
- सहभागीहरुको स्वास्थ्य संस्था भन्ने भनाइसँग सहमत हुँदै व्यवस्थापन समितिलाई स्वास्थ्य संस्थाका बारेमा के के कुराहरु थाहा भएमा स्वास्थ्य संस्थामा चाँजोपाँजो मिलाउन सजिलो हुन्छ होला ? भनी सोध्नुहोस् र अझ प्रष्ट पार्न निम्न उदाहरण दिनुहोस् ।
- उदाहरणका लागि जसरी एउटा घरमूलीलाई आफ्नो घरकोबारे सबै कुरा थाहा हुने हुनाले घरको चाँजोपाँजो मिलाउन सजिलो हुन्छ त्यसरी नै स्वास्थ्य संस्थाको चाँजोपाँजो मिलाउन समितिलाई स्वास्थ्य संस्थाकाबारे थाहा भए सजिलो हुन्छ भनि भन्नुहोस् ।

- सहभागीहरुका भनाईहरुलाई समेट्दै स्वास्थ्य संस्थाको व्यवस्थापनको क्षेत्र सम्बन्धी सामान्य ज्ञान भएमा समितिलाई काम गर्न सजिलो हुने कुरा बताउनुहोस् ।
- सहभागीहरुलाई स्वास्थ्य संस्थाको व्यवस्थापन क्षेत्रहरुको सामान्य ज्ञान भन्नाले के बुझ्नु हुन्छ ? भनी पुनःसोध्नुहोस् र सहभागीहरुबाट आएका कुराहरुलाई न्युजप्रिन्टमा टिपोट गर्नुहोस् ।
- सहभागीहरुबाट आएका कुराहरुलाई समेट्दै सन्दर्भ सामग्रीको पाना नं. ९५ मा उल्लेख गरिए अनुसार स्वास्थ्य संस्थाको सामान्य ज्ञान प्रष्ट पार्नुहोस् ।
- सहभागीलाई सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी सामान्य ज्ञान भित्र पर्ने कर्मचारी, भौतिक पूर्वाधार, औजार उपकरण, औषधि, सेवा, समितिकाबारेमा एक एक गरी विस्तृत रूपमा छलफल गराई प्रष्ट पार्नुहोस् । जस्तै : दरबन्दी अनुसार कर्मचारी कति जना ?
- के-के कुरा स्वास्थ्य संस्थामा हुने रहेछन् वा हुनु पर्दोरहेछ भन्ने कुराको जानकारी भएमा मात्र समितिले त्यसलाई व्यवस्थापन गर्न सक्ने कुरा एक पटक फेरि दोहोऱ्याउनुहोस् ।
- अब सहभागीहरुलाई स्वास्थ्य संस्थाको व्यवस्थापन राम्रो गर्न सके के फाइदा हुन्छ होला ? भनी सोध्नुहोस् ।
- सहभागीबाट आएका भनाइहरुलाई समेटदै उक्त कुराहरु राम्रो भएमा स्वास्थ्य संस्थाबाट दिइने सेवा गुणस्तर र प्रभावकारी हुने र स्वास्थ्य सेवाप्रति समुदायको विश्वास बढ्ने कुरा बताउनुहोस् ।
- यसरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थामा आवश्यक पर्ने कुराहरुको चाँजोपाँजो मिलाएमा स्वास्थ्य संस्था व्यवस्थापन राम्रो हुने कुरा बताउनुहोस् ।
- मुख्य सन्देश मेटाकार्ड वा न्युजप्रिन्टमा तयार पारी बताउनुहोस् र सत्र अन्त्य गर्नुहोस् ।

मुख्य सन्देश

- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्था व्यवस्थापन गर्नुपर्दछ ।
- महिला तथा वञ्चित/पिछडिएको वर्गको सहभागितामा उनीहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी स्वास्थ्य संस्थाको व्यवस्थापन गर्ने जिम्मेवारी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको हो ।
- स्वास्थ्य संस्था व्यवस्थापन गर्दा समितिले अव्यवस्थितलाई व्यवस्थित र अपुग सामाग्रीहरूलाई उपलब्ध गराउनु पर्दछ ।
- समितिलाई स्वास्थ्य संस्थाको व्यवस्थापन गर्नका लागि स्वास्थ्य संस्था सम्बन्धी सामान्य ज्ञान हुन आवश्यक हुन्छ ।

मूल्याङ्कन

- स्वास्थ्य संस्थाको व्यवस्थापन कसले गर्नुपर्दछ होला ?
- स्वास्थ्य संस्था व्यवस्थापनमा समुदायले गर्न सक्ने सहयोगहरू के के हुन् ?
- समुदायले सेवा लिए नलिएको र स्वास्थ्य संस्थालाई सहयोग गरे नगरेको साथै स्वास्थ्य संस्थाले सेवा दिए नदिएको कसले हेर्ने होला ?
- स्वास्थ्य संस्थाका व्यवस्थापन सम्बन्धी आधारभूत कुराहरू के के हुन् ?

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना

सत्र (झ)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन प्रक्रिया तथा संरचनाबारे जानकारी प्राप्त गरी बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन् :

- स्वास्थ्य संस्थाको तह समितिको संरचनाबारे जानकारी हासिल गरी बताउन ।
- व्यवस्थापन समितिको संरचना अनुरूप हाल भए नभएको अवस्थाबारे जानकारी हासिल गरी बताउन ।
- समितिका सदस्यहरुको पदावधि र पदमुक्त हुने अवस्थाकाबारेमा जानकारी प्राप्त गरी बताउन ।

समय

६० मिनेट

विधि

चित्र छलफल, मस्तिष्क मन्थन, समूह कार्य, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, टेप, विभिन्न व्यक्तिहरुका चित्रहरु, २ सेट चित्रहरु -(जनजाति पुरुष तथा महिला, दलित महिला, प्रधानाध्यापक, स्वास्थ्य संस्था प्रमुख, प्रहरी, सेना, गा.वि.स. अध्यक्ष, महिला सदस्य, महिला स्वास्थ्य स्वयंसेविका, समाजसेवी, स्वास्थ्य हेर्ने गा.वि.स. प्रतिनिधि, विद्यार्थी, धामी झाँक्री, हुलाकी आदि), व्यवस्थापन समितिको गठन प्रक्रिया तथा संरचना उल्लिखित फ्लेक्स ।

सन्दर्भ सामग्री

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना

क्रियाकलाप

- अघिल्लो सत्रमा स्वास्थ्य संस्थाले गुणस्तर सेवा दिने र समुदायले ती सेवाहरु लिने हो भन्ने थाहा भएको भन्नुहोस् ।
- सहभागीहरूलाई समितिको संरचना जसरी गरिएको छ त्यसरी किन गरिएको होला भनी सोध्नुहोस् । उनीहरूलाई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति समावेशी ढंगले संरचित गरिनुपर्छ । महिला र स्वास्थ्य सेवामा समुदायका सबै वर्गहरूको सहभागितालाई बढावा दिने खालको हुनुपर्दछ भनी जानकारी गराउनुहोस् । समितिको संरचनामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमावली/निर्देशिका अनुरूप स्वास्थ्य संस्थाले समेटेको क्षेत्र भित्रका समुदाय तथा समूहको प्रतिनिधित्व हुनुपर्दछ ।

- यी कुराहरु भए वा भएनन् ? के भइरहेको छ ? हेर्ने वा दुई पक्षलाई एउटै थलोमा ल्याउन एउटा निकायको आवश्यकता पर्दछ र त्यो निकाय नै व्यवस्थापन समिति हो भन्ने कुरा पनि थाहाभएको बताउनुहोस् ।
- अब व्यवस्थापन समितिमा कति जना पदाधिकारीहरु हुने प्रावधान छ ? वहाँहरुको प्रतिनिधित्व कुन कुन वर्ग/समुदायबाट हुने प्रावधान छ ? भन्नेवारे छलफल गर्न लागेको कुरा सहभागीहरुलाई भन्नुहोस् ।
- सहभागीहरुलाई दुई समूहमा विभाजन गरी १५ मिनेट समूहकार्य गर्न लगाउनुहोस् ।
- समूह विभाजन पछि समूहगत रूपमा कार्य गराउन निम्न कुरा सहभागीहरुलाई भन्नुहोस्: दुई सेट चित्रहरु समूहकार्य गर्न दुबै समूहलाई दिनुहोस् । १५ मिनेटको समूह कार्य गर्नेबारे जानकारी दिनुहोस् ।
- उक्त चित्रहरु मध्येबाट सही चित्रहरु छनौट गरी न्युजप्रिन्टमा टाँसी आफ्नो समितिको संरचना बनाउन लगाउनुहोस् ।
- कुन् सदस्य कुन वर्ग/समुदायबाट राखिएको हो सो कुरा मार्करले चित्रको ठिक तल लेख्न भन्नुहोस् ।
- साथै समितिमा पदेन सदस्य कति जना र मनोनीत सदस्य कतिजना हुन्छन् ? सो कुरा पनि न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् ।
- व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि कति वर्षको हुन्छ र के-कस्तो अवस्थामा पद मुक्त हुन्छ ? सो कुरा पनि न्युजप्रिन्टमा लेख्न भन्नुहोस् ।
- समूहकार्य गरिसकेपछि प्रस्तुतीकरण गर्न प्रतिनिधि छनौट गर्न लगाउनुहोस् ।
- दुबै समूहका प्रतिनिधिबाट समूहले गरेका कामको पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- समूहको प्रस्तुति पछि व्यवस्थापन समितिको संरचना उल्लिखित फ्लेक्स झुण्ड्याउनुहोस् ।
- समूहले प्रस्तुत गरेको र फ्लेक्समा उल्लिखित संरचना मिले नमिलेको छलफल गर्नुहोस् । साथै नमिलेको ठाउँमा सम्बन्धित समूहको सहभागीलाई नै मिलाउन लगाउनुहोस् ।
- आफ्नो व्यवस्थापन समिति निर्देशिका अनुरूप भए नभएकोबारे सहभागीहरूबीच छलफल गर्न लगाउनुहोस् ।

पुनरावृती अभ्यास

समितिको संरचना निर्माणमा समुदायको व्यापक सहभागिता हुनु किन जरुरी छ होला भन्नेबारेमा सहभागीहरू विच विचार मन्थन गर्नुहोस् । प्राप्त उत्तरहरूलाई न्यूजप्रिन्टमा लेख्नुहोस् र यसलाई तालिमका अरू सहभागीले देख्ने गरी राख्नुहोस् । उनीहरूलाई पहिले नभनिएको भए सहभागीहरूले देहायको बुँदाहरूलाई ध्यानमा राख्नुहोला भनी भन्नुहोस् ।

- महिलाहरूको निर्दिष्ट आवश्यकतालाई सम्बोधन गर्ने गरी स्वास्थ्य सेवा र कार्यक्रममा उनीहरूको भनाइ/विचारलाई स्थान दिन ।
- स्वास्थ्य सेवाको प्रयोगमा वञ्चित/पिछडिएको समूहले सामना गर्नुपर्ने अवरोधको पहिचान र सम्बोधन गर्न उनीहरूको भनाइ/विचारलाई स्थान दिन ।
- समुदायको आवश्यकता पूरा गर्ने कार्यमा स्वास्थ्य सेवा प्रदायकहरूलाई जिम्मेवार बनाउन महिला, गरीब र वञ्चित/पिछडिएको समूहलाई स्थान दिन ।

- अब प्रसङ्ग बदल्दै समितिका सदस्यहरु कहिले पनि एक्लो नहुने बरु समन्वय गर्न सके सहयोगी धेरै हुने कुराबारे छलफल गर्न निम्न प्रश्न सोध्नुहोस् ।

? तपाईहरु समितिमा रहेर के गर्नुहुन्छ ?

सहभागीहरुबाट आउन सक्ने संभावित कुराहरु :

- लाए/अह्राएको काम गर्छु, सेवा कस्तो भइरहेको छ हेर्छु , बैठकमा आउँछु .....
- बैठकमा आउँछु भन्ने भनाइलाई लिँदै पुनः निम्न प्रश्नहरु सोध्नुहोस् ।

- बैठकमा आउँदा के कुरा लिएर आउनुहुन्छ ?
- समस्या भन्ने भनाइसँग सहमत हुँदै सूचना कसरी ल्याउने गरेको छ भन्ने कुरा थाहा पाउनु निम्न कुरा सोध्नुहोस् ।

? समस्याहरु एक्ला एक्लै ल्याउनुहन्छ कि समूहमा छलफल गरेर ?

- सहभागीहरुको कुराहरु समेटदै व्यवस्थापन समितिको सूचना प्रवाह कसरी सूचना संकलन गरी बैठकमा ल्याउन सक्छन् र बैठकमा छलफल भएका कुराहरुलाई कसरी समुदायसम्म पुऱ्याउन सक्दछ भन्ने बारे प्रष्ट पार्नुहोस् ।
- सत्रको मुख्य सन्देश मेटाकार्ड वा न्युजप्रिन्टमा तयार गरी भन्नुहोस् र सत्र समापन गर्नुहोस् ।

मुख्य सन्देश

- व्यवस्थापन समितिमा स्वास्थ्य संस्था र समुदायबाट प्रतिनिधिहरू रहने प्रावधान छ ।
- उपस्वास्थ्य चौकी र स्वास्थ्य चौकीको समितिमा ९ जना र प्राथमिक स्वास्थ्य केन्द्रमा १३ जना सदस्यहरू रहने प्रावधान छ ।
- व्यवस्थापन समितिको संरचना समावेशी हुनुपर्छ । यसले महिलाको सहभागितालाई प्रवर्द्धन गर्नुपर्छ र समुदायका विभिन्न समूह/क्षेत्रको सहभागितालाई बढावा दिनुपर्छ ।
- व्यवस्थापन समितिका सदस्यले आ-आफ्नो क्षेत्रबाट स्वास्थ्यका सूचना वा समस्याहरू बैठकमा ल्याई छलफल गर्ने र त्यसमा भएका निर्णयहरू पुनः समुदायमा लैजाने गर्नुपर्दछ ।

मूल्याङ्कन

- व्यवस्थापन समितिमा कति जना पदाधिकारीहरू रहने प्रावधान छ ?
- व्यवस्थापन समितिका पदाधिकारीहरू कहाँ कहाँबाट रहने प्रावधान छ ?
- व्यवस्थापन समितिका पदाधिकारीहरूको कार्यअवधि कति वर्षको रहने प्रावधान छ ?
- समितिका सदस्यहरूको पदमुक्त हुने अवस्थाहरू के–के हुन् ?

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी

सत्र (अ)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारीबारे जानकारी प्राप्त गरी बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन् :

- व्यवस्थापन समितिमा रहेर निर्वाह गर्नुपर्ने भूमिका तथा जिम्मेवारीबारे ज्ञान हासिल गरी बताउन ।

समय

७५ मिनेट

विधि

चित्र छलफल, मस्तिष्क मन्थन, समूह कार्य, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, टेप, मेटाकार्ड, स्वास्थ्य संस्थाका कर्मचारीहरुले सेवा दिंदै गरेको, मिलाएर राखेका औषधि उपकरण सरसामन आदिका चित्रहरु, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुको भूमिका तथा जिम्मेवारी फ्लेक्स, स्वास्थ्य संस्था हस्तान्तरण निर्देशिका

सन्दर्भ सामग्री

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुको भूमिका तथा जिम्मेवारी

क्रियाकलाप

- सर्वप्रथम तल उल्लिखित कुराहरु भन्नुहोस्:

> - अघिल्लो सत्रमा स्वास्थ्य संस्था अनुसार व्यवस्थापन समितिका सदस्यहरु रहने कुरा थाहा भयो ।
> - समितिमा बसेपछि जिम्मेवारी अनुरूप काम गर्नु पर्ने हुन्छ ।
> - अबको सत्रमा समितिले निर्वाह गर्नपर्ने भूमिका तथा जिम्मेवारीबारे छलफल गर्न लागेका छौं ।

- यसका निम्ति सर्वप्रथम समूह छलफल गर्न लागेको जानकारी दिनुहोस् ।
- समूहकार्य गराउन सहभागीहरुलाई दुई समूहमा विभाजन गर्नुहोस् ।
- २० मिनटको समय अवधिमा समूहकार्य गर्नेबारे बताउनुहोस् ।
- दुबै समूहलाई समूहकार्य गर्न आवश्यक सामग्रीहरु जस्तै न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड आदि दिनुहोस् ।
- गत आर्थिक वर्षमा स्वास्थ्य संस्था व्यवस्थापनका लागि समितिले वा समितिका सदस्यहरुले गरेका कामहरु छलफल गर्न लगाउनुहोस् ।
- छलफलबाट आएका र तयार गरिएका काम तथा भूमिकाहरु दुबै समूहलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- एउटा समूहको प्रस्तुतिमा अर्को समूहको केही सुझाव भएमा सो पनि टिपोट गर्न लगाउनुहोस् ।
- दुबै समूहलाई समूहकार्यका लागि धन्यवाद दिँदै प्रस्तुत गरिएका न्युजप्रिन्टहरु भित्तामा टाँस्न लगाउनुहोस् ।
- साथै समितिका सदस्यहरुको भूमिका तथा जिम्मेवारी उल्लेखित फ्लेक्स पनि सँगै झुण्ड्याउनुहोस् । (हाल लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समेत समावेश गरी परिमार्जन गरिएको भूमिका तथा जिम्मेवारी उल्लेखित फ्लेक्स)
- समितिका सदस्यहरुको भूमिका र जिम्मेवारीहरु प्रायः आइसकेका भए पनि केही छुटका भूमिको तथा जिम्मेवारीहरुबारे जानकारी दिन चित्र छलफलबाट सत्र अघि बढाउन लागेको कुरा बताउनुहोस् ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित भूमिका तथा जिम्मेवारीलाई जोडदिनुहोस् ।
- चित्रहरु प्रयोग गर्दा भूमिका तथा जिम्मेवारीहरु झल्कने प्रकारले प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।
- स्वास्थ्य संस्था झल्किने एउटा चित्र देखाउदै निम्न प्रश्नहरु गर्नुहोस् ।

? यो के को चित्र हो ? किन देखाइएको होला ?

- स्वास्थ्य संस्थाको भन्ने भनाइसँग सहमत हुदै त्यसको व्यवस्थापनको जिम्मेवारी पनि समितिको हो भन्ने जानकारी गराउन चित्र देखाएको कुरा बताउनुहोस् ।

जस्तै, स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार अन्तर्गत निम्न कुराको व्यवस्थापन गर्ने गराउने भवन, जग्गा, खानेपानी, चर्पी, बिजुली, फर्निचर, सुरक्षा आदि ।

- त्यसै गरी स्वास्थ्य कर्मीले सेवाग्राहीलाई सेवा दिइरहेको चित्र देखाउँदै निम्न प्रश्न सोध्नुहोस्:

? के गरेको चित्र होला ?

- स्वास्थ्यकर्मीले सेवा दिएको भन्ने जबाफ आएपछि कर्मचारी व्यवस्थापनमा समितिको भूमिकाबारे निम्न अनुसार जानकारी गराउनुहोस् ।

जस्तैः कर्मचारी व्यवस्थापनका लागि दरबन्दी अनुसारको कर्मचारी, काज, तालिम, गोष्ठीमा पठाउन, बिदा स्वीकृति, थप कर्मचारी, कर्मचारीको मूल्याङ्कन आदि ।

- एवं प्रकारले औषधि/उपकरण, आपूर्ति व्यवस्थापन, स्रोत परिचालन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, योजना, कार्यान्वयन, अनुगमन, संचार, समन्वय, लेखापरीक्षण लगायतका बिषयवस्तुहरुमा समितिका सदस्यहरुले निर्वाह गर्नुपर्ने भूमिका तथा जिम्मेवारीकाबारेमा फ्लेक्स प्रयोग गरी जानकार्री गराउनुहोस् ।
- महिला तथा गरीब र वञ्चितीमा परेका व्यक्तिहरू समेतलाई प्रभावकारी ढङ्गले स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको तल उल्लेखित मुख्य भूमिकाहरु हुने कुरा जोड दिनुहोस् ।
  - स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले अनिवार्य रूपमा स्वास्थ्य सेवामा पहुँच नपुगेका वा स्वास्थ्य सेवाको प्रयोग नगर्ने व्यक्ति तथा बसोबास भएकोस्थान (कुन वडा, बस्ती, गाविस) को पहिचान गरी सोको कारण पत्ता लगाउनुपर्दछ । सो कारणहरूलाई सम्बोधन गर्ने उपायहरूको पहिचान गर्नुहोस् र समेट्न नसकिएका लक्षित समूहसम्म पुग्ने गरी सेवाको माध्यमबाट सम्बोधन गरिनुपर्छ ।
  - माथिल्लो स्तरको स्वास्थ्य संस्थामा प्रेषण गर्दा गरिब तथा अति गरिब विरामीलाई सहयोग गर्न आकस्मिक कोष स्थापनाका लागि स्थानीय स्रोतको परिचालन गरिनुपर्छ ।
  - भौगोलिक कारण तथा सामाजिक अवरोधहरूका कारण स्वास्थ्य सेवामा पहुँच राख्न नसक्ने व्यक्तिहरूको यथासम्भव नजिकमै सेवा पुऱ्याउन सेटलाइट क्लिनीक, खोप क्लिनीक, गाउँघर क्लिनीक जस्ता गाउँघर सेवाहरूका माध्यमबाट सेवा उपलब्ध गराउनुपर्दछ ।

- प्रसूति गराउने स्थान (वर्थिगं सेन्टर) मा नर्सद्वारा चौबिसौं घण्टे सेवा उपलब्ध गराउनुपर्दछ ।

- स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने सेवाका प्रकारहरूकाबारेमा महिला तथा गरिब र वञ्चितीमा परको व्यक्तिहरूले थाहा पाएको कुरा सुनिश्चित गरिनुपर्छ ।
  - महिला तथा गरिब र वञ्चितीमा परेका लगायत अन्य व्यक्तिहरूको समय मिल्ने गरी स्वास्थ्य संस्था खुला रहने कुरा सुनिश्चित गरिनुपर्छ ।
  - स्वास्थ्य क्षेत्रका सोतहरुको संगठन तथा व्यवस्थापन सुधार गर्ने जिम्मेवारी पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवथापन समितिको हुन्छ ।
  - सेवाका प्रावधानहरुमा सुधारका सम्बन्धमा स्थानीय समुदायको दृष्टिकोण र तिनीहरुले दिएको सुझावलाई समावेश गर्न सामाजिक परीक्षण सञ्चालन गरिनुपर्छ ।यस्ता सामाजिक परीक्षणले स्वास्थ्य सेवाको गुणस्तर, उपलब्धता र पहुँचकाबारेमा पुनरावलोकन गर्न र सेवाको प्रावधानमा सुधार ल्याउने गरी योजना बनाउन समुदायका व्यक्ति र स्वास्थ्य सेवा प्रदायकलाई एउटै थलोमा ल्याउँछ ।
  - सेवा प्रवाहका बेला सेवाको गुणस्तर र सेवा प्रदायकको व्यवहारबारे सेवाग्राहीहरु विशेष गरी महिला तथा वञ्चित समुहका व्यक्तिहरुको बिचार बुझाउनुपर्छ ।
  - व्यक्तिहरुको गुनासो सुन्ने प्रणाली स्थापना गर्नुहोस् र उचित गुनासोहरुलाई सम्बोधन गरिनुपर्छ ।
  - स्थानीय स्तरमा करारमा लिईने कर्मचारीको सन्दर्भमा स्थानीय भाषा बोल्न सक्ने र स्थानीय संस्कृतीमा राम्ररी बुझेको व्यक्तिलाई करारमा नियुक्त गरिनुपर्छ ।
  - गाउँ विकास समिति र जिल्ला विकास समितिसँग समन्वय गरी स्रोतको लागि पैरवी गरिनुपर्छ ।
  - लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण प्रति संवेदनशिल भई सेवा प्रवाह गर्ने कर्मचारीलाई कदरको परिपाटीको विकास गरिनु पर्दछ ।
- सहभागीहरुले बुझे नबुझेको यकिन गर्न बेला बेलामा प्रश्न गर्दै सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा सत्रको मुख्य सन्देश भन्नुहोस् र सक्रिय सहभागिताका लागि सबैलाई धन्यवाद दिँदै सत्र समापन गर्नुहोस् ।

मुख्य सन्देश

- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थाको व्यवस्थापन गर्नुपर्दछ ।
- व्यवस्थापन गर्दा सबै सदस्यहरूले आ-आफ्नो भूमिका तथा जिम्मेवारीहरू निर्वाह गर्नुपर्दछ ।
- स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नु सबै सदस्यको जिम्मेवारी हुन्छ ।
- समितिले आफ्नो भूमिका निर्वाह गर्दा कर्मचारी, भौतिक पूर्वाधार, स्रोत व्यवस्थापन, औषधि, औजार उपकरण आदिको व्यवस्थापन गर्नुपर्दछ ।

मूल्याङ्कन

- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूको भूमिका तथा जिम्मेवारीहरू के के होलान् ?
- स्वास्थ्य संस्थामा कतिजना कर्मचारीको दरबन्दी हुन्छ होला ?

बैठक सञ्चालन प्रक्रिया

सत्र (ट)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले बैठक सञ्चालन प्रक्रियाबारे जानकारी प्राप्त गरी प्रदर्शन गरी देखाउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्

- बैठक सञ्चालन प्रक्रियाबारे ज्ञान हासिल गरी सीप प्रदर्शन गर्न ।

समय

४५ मिनेट

विधि

चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, बैठक बसिरहेको चित्र, मेटाकार्ड, बैठक सञ्चालन प्रक्रिया फ्लेक्स

सन्दर्भ सामग्री

बैठक

क्रियाकलाप

- अघिल्ला सत्रमा समितिको भूमिका तथा जिम्मेवारीका बारेमा छलफल भइसकेको जानकारी दिनुहोस् ।
- यसरी आफैले गर्नुपर्ने काम, कर्तव्य थाहा पाइसकेपछि समितिले के गरिरहेको रहेछ र के गर्न बाँकी रहेछ भन्ने कुरा पहिचान भएको कुरा संक्षेपमा भन्नुहोस् ।
- बैठक बसिरहेको चित्र देखाउँदै यो के को चित्र होला भनी सोध्नुहोस् ।

- सहभागीहरुबाट बैठक बसेको चित्र भन्ने भनाइसँग सहमत हुँदै कुनै पनि विषयवस्तुबारे समितिले छलफल गर्नु परेमा कहाँ गर्ने होला ? भनी सहभागीहरुलाई सोध्नुहोस् ।
- बैठकमा भन्ने सहभागीहरुको भनाइसँग सहमत हुदै बैठक भन्नाले के बुझ्नुहन्छ ? भनी सोध्नुहोस् । सहभागीहरुबाट आएका कुरा पनि समेट्दै निम्न कुरा बताउनुहोस् :

बैठक भन्नाले समुदाय तथा संघ संस्थाका सम्बन्धित व्यक्तिहरु बसेर विद्यमान समस्याहरु सुल्झाउन वा निश्चित विषयवस्तुहरुमा छलफल गरी कुनै ठोस निस्कर्ष निकाल्ने कार्य नै बैठक हो । कार्यक्रम अनुसार बैठक नियमित तथा आवश्यकता अनुसार गर्न सकिन्छ ।

बैठकको महत्ववारे जानकारी दिन निम्न प्रसंग जोडनुहोस्:

शरीरको स्वरूपका लागि मेरुदण्डको आवश्यकता भए जस्तै स्वास्थ्य संस्थाको मेरुदण्ड भनेको व्यवस्थापन समिति हो । त्यसैगरी शरीरलाई जीवन्त राख्न शरीरका प्रत्येक अंग अंगमा शुध्द रगत पठाउन तथा हरेक अंग अंगमा भएको अशुध्द रगत ल्याएर शुध्दीकरण गर्न फोक्सोमा पठाउन जसरी मुटुले महत्वपूर्ण कार्य गरेको हुन्छ, त्यसरी नै सक्रिय व्यवस्थापन समिति बनाउन र समितिको कार्यहरु व्यवस्थित गर्नका लगि बैठकले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

- हाल समितिको बैठक कसरी सञ्चालन हुने गरेको छ भन्ने समितिबाट नै बुझनको लागि छलफल गर्न लागेको कुरा बताउनुहोस् ।
- सहभागीहरुलाई निम्न प्रश्न सोध्नुहोस् :

? तपाईहरुले बैठक सञ्चालन गर्ने क्रममा गर्ने गरेका प्रक्रियाहरु के–के छन् ?

- आएका उत्तरहरु न्युजप्रिन्टमा टिपोट गर्नुहोस् ।
- सहभागीबाट आएका कुराहरुलाई समेट्दै फ्लेक्स अनुसार बैठक सञ्चालन प्रक्रियाबारे जानकारी दिनुहोस् । सबै सदस्यको भनाइ/विचार र दृष्टिकोणलाई सुन्दै तिनलाई सम्बोधन गरेर र प्रक्रिया पुऱ्याएर बैठक गर्न सकेमा प्रभावकारी हुन्छ ।
- यहि प्रक्रियाहरु अपनाई बैठक सञ्चालन गरेमा मात्र बैठक प्रभावकारी हुने कुराको जानकारी गराउनुहोस् ।

अभ्यासः बैठकमा अर्थपूर्ण सहभागिता

- सहभागीहरूलाई समितिको संरचनामा समुदायका विविध समूहहरूको प्रतिनिधित्व हुनुपर्छ भन्ने कुरा स्मरण गराउनुहोस् । समावेशी संरचना हुनु सहभागितालाई सुनिश्चित गर्ने पहिलो चरण मात्र हो ।
- समितिको बैठकमा समितका सबै सदस्यहरू समान रूपले सहभागी हुन सक्ने कुरा सुनिश्चित गर्न के गर्न सकिन्छ भन्ने प्रश्नकाबारेमा छलफल गर्न सहभागीहरूलाई दुई-तीनवटा समूहमा विभाजन गर्न भन्नुहोस् । पाँचदेखि दस मिनेटको छलफलपछि प्रत्येक समूहलाई आफ्नो उत्तर तयार गर्न भन्नुहोस् । ती उत्तरहरूलाई न्यूजप्रिन्टमा लेख्नुहोस् । सम्भावित उत्तरहरू तालिमको शुरुमा स्थापित सर्वमान्य नियमहरूसँग मेल खान सक्छ । उदाहरणको लागि, नजिस्क्याउनुहोस् वा अरूको विचारको विरोध नगर्नुस्, सबैलाई बोल्ने मौका दिनुहोस्, सबैलाई सम्मान गर्नुहोस् । अन्य उदाहरणहरूमा, सबैलाई अनुकूल हुने समय पारेर बैठक बोलाउनुहोस् अथवा प्रत्येकलाई छलफलका विषयवस्तुहरू प्रस्तुत गर्ने मौका दिनुहोस् । सबै समूहले आफ्नो विचार प्रस्तुत गरिसकेपछि समितिलाई मासिक बैठक बोलाउदा ग्रहण गर्न सकिने सर्वमान्य नियमका रूपमा लिन सकिने सुझावहरू उपर ताली बजाएर स्वीकार गर्नुहोस् । सहभागीहरूको प्रतिबद्धतालाई पक्का गर्न उक्त दस्तावेज कार्यशालाको बाँकी समयको लागि तालिम हलमा टाँस गर्नुहोस् ।

- समितिले आगामी दिनमा यही प्रक्रिया अपनाएर बैठक गर्नुपर्ने कुरा भन्नुहोस् ।
- सहभागीहरूलाई मासिक बैठकको छलफलको विषयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरू आवश्यक हुने कुरा देखाउनुहोस् । कम्तिमा प्रत्येक तीन महिनामा एक पटकको बैठक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाप्रति समर्पित गर्ने सम्बन्धी छलफललाई सहजीकरण गर्नुहोस् – यसले कसरी महिला तथा वञ्चित समूहका व्यक्तिहरूलाई आफ्ना मुद्दाहरू खुला रूपले प्रस्तुत गर्न सक्षम बनाउने र यी लक्षित वर्गले सेवा प्राप्तिमा भोगेका समस्याहरू र चाल्नुपर्ने सम्भावित कदमहरू बारे जानकारी हुन्छ ।
- अभ्यासमा गरिए जस्तै प्रक्रिया अपनाएर तालिमको अन्तिम दिन समितिको एउटा वास्तविक बैठक बस्नुपर्ने कुरा बताउनुहोस् ।
- सत्रको मुख्य सन्देश न्युजप्रिन्टमा तयार गरी बताउँदै सत्र समाप्त गर्नुहोस् ।

मुख्य सन्देश

- कुनै पनि समस्या भए वा समाधान गर्नुपर्ने भएमा ती समस्याहरूलाई बैठकमा छलफल गरी निर्णयको आधारमा कार्यान्वयन गर्दै गएमा समुदायको स्वास्थ्यको अवस्थामा परिवर्तन गर्न सकिन्छ ।
- समिति स्वास्थ्य संस्थाका लागि मेरूदण्ड हो भने नियमित हुने बैठक मुटु हो ।
- बैठक प्रक्रिया पुऱ्याएर गर्न सकेमा प्रभावकारी हुन्छ ।
- सबै सदस्यको भनाई/बिचार र दृष्टिकोणलाई सुन्दै तिनलाई सम्वोधन गरेर र प्रकृया पुऱ्याएर बैठक गर्न सकेमा प्रभावकारी हुन्छ ।

मूल्याङ्कन

- बैठक भन्नाले के बुझ्नुहुन्छ ?
- बैठक सञ्चालन प्रक्रियाका चरणहरू के-के हुन् ?

दोस्रो दिनको पुनरावलोकन

सत्र (ठ)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले अघिल्लो दिनमा भए गरेका कुराहरुबारे पुनर्ताजगी भई बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन् :

- सहभागीहरु अघिल्लो दिनको प्रमुख सिकेका कुराहरुबारे पुनर्ताजगी भई बताउन ।

समय

३० मिनेट

विधि

तातो आलु खेल

सामग्री

न्युजप्रिन्ट, मार्कर, टेप, चकलेट, प्रश्न वा जिज्ञासाको पोको

क्रियाकलाप

- सहभागीहरुलाई अघिल्लो दिनको समीक्षा तातो आलु खेलबाट गर्न लागेकोबारे जानकारी दिनुहोस्

तातो आलु खेल

- उपहार दिन एक प्याकेट चकलेटको तयारी गर्नुहोस् ।
- दोस्रो दिनमा सिकेका विषयवस्तुहरु मध्येबाट आवश्यक महत्वपूर्ण कुराहरु एउटा प्रश्न वा जिज्ञासाको रूपमा न्युजप्रिन्टमा उतार्नुहोस् ।
- एउटा प्रश्नका लागि एउटा न्युजप्रिन्ट प्रयोग गर्नुहोस् ।
- एउटा प्रश्न लेखेको न्युजप्रिन्टलाई अर्को प्रश्न लेखेको न्युजप्रिन्टले बेर्दै जानुहोस् र कम्तीमा सबै सहभागीहरुलाई पुग्ने गरी न्युजप्रिन्टमा लेखेर बेर्नुहोस् । यसरी बेर्दै जाँदा एउटा पोको तयार हुनेछ ।
- सबै सहभागीहरुलाई गोलाकार रूपमा उभिन लगाउनुहोस् ।
- कुनै बज्ने खालको सामग्री प्रयोग गरी ताल बजाउने (आवाज निकाल्ने) व्यवस्था मिलाउनुहोस् ।
- एउटा मार्कर सहभागीहरुको बीचमा घुमाउनुहोस् र मार्करको टुप्पाले देखाएको व्यक्तिबाट खेल शुरु गर्नुहोस् ।

- तालको लयमा पोका छिटो छिटो एकबाट अर्को सहभागीमा दिन लगाउनुहोस् ।
- ताल बज्न छाड्ने बित्तिकै जसको हातमा पोका छ, उसलाई एउटा न्यूजप्रिन्ट खोल्न लगाई उक्त न्यूजप्रिन्टमा भएको प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।
- सहभागीले उत्तर दिन कठिनाई भए अन्य सहभागीको सहयोग पनि लिन सक्ने कुरा बताउनुहोस् ।
- यसैगरी सबै पोकाको न्यूजप्रिन्ट नसकिउन्जेल खेल जारी राख्नुहोस् ।
- अन्तिम विजयी सहभागीबाट पोको खोल्दा भेटिएका चक्लेटको प्याकेटलाई सबैसँग बाँड्न लगाउनुहोस् ।
- सबैको पालो सकिएपछि धन्यबाद दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका कार्यहरूको स्वमूल्याङ्कन

सत्र (ड)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले आफूले गरिरहेको कार्यहरुको अवस्थाबारे स्वमूल्याङ्कन गरी सुधार गर्नुपर्ने पक्ष पहिचान गर्न सक्षम हुनेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- स्वमूल्याङ्कन गर्ने कुराहरुको ज्ञान प्राप्त गरी सीप प्रदर्शन गर्न ।
- स्वमूल्याङ्कन गरी सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गर्न ।

समय

७५ मिनेट

विधि

चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, टेप, मेटाकार्ड, आफ्नो अनुहार हेरिरहेका युवती तथा युवकका चित्रहरु, स्वमूल्याङ्कन फ्लेक्स-(क), (ख) र (ग) ।

सन्दर्भ सामग्री

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले गरेका कार्यहरुको स्वमूल्याङ्कन

क्रियाकलाप

- सहजकर्ताले सबैभन्दा पहिले ऐनामा आफ्नो अनुहार हेरिरहेका युवती र युवकको चित्र देखाएर यसमा के देख्नुभयो भनी प्रश्न सोध्नुहोस् ।

- चित्रमा युवती र युवकले आफ्नो अनुहार कस्तो छ ? लुगा लगाएको कस्तो छ ? राम्रो छ कि ? कतै नमिलेको वा नराम्रो छ कि भनेर हेरे जस्तै समितिले पनि समय समयमा आफ्ना कार्यहरु कस्ता भैरहेका छन् भनेर हेर्नु पर्दछ भनेर व्याख्या गर्नुहोस् । साथै युवक र युवतीले ऐनामा हेरेर केही नमिलेमा वा नराम्रो देखिएमा सुधार गरे जस्तै समितिले पनि आफ्ना कमजोर पक्षहरुलाई सुधार गर्नुपर्नेबारे जोड दिनुहोस् ।
- अब आफ्ना कार्यहरु कस्तो अवस्थामा छन् भनी हेर्न तयार हुनको लागि जानकारी दिंदै स्वमूल्याङ्कन गर्ने फ्लेक्स-(क), (ख) र (ग) पालैपालो अगाडि झुण्ड्याउनुहोस् । स्वमूल्याङ्कनको विधि र अंक दिने तरिकाबारे व्याख्या गर्नुहोस् ।
- सहभागीहरुलाई यो कुनै गल्ती पहिचान र स्वास्थ्य संस्थाको मूल्याङ्कन गरेको नभई आफ्नो सबल तथा कमजोर पक्ष पत्ता लगाई सुधार गर्ने मौकाको खोजी गर्ने उपाय हो भनी बताउनुहोस् ।
- मूल्याङ्कन गर्नुपर्ने कार्यहरुलाई तीन क्षेत्रमा बाँडिएकोबारे जानकारी दिनुहोस् । साथै प्रत्येक शीर्षकको छोटो जानकारी दिनुहोस् ।

- समितिको संस्थागत क्षमता र समितिको सशक्तीकरण
- स्वास्थ्य संस्था व्यवस्थापन
- सेवाका अवस्था

- अब पालै-पालो तीनवटै क्षेत्रमा समितिको स्वमूल्याङ्कन गर्न लागेको कुरा बताउनुहोस् ।
- सर्वपथम समितिको संस्थागत क्षमता उल्लिखित फ्लेक्स-(क) को प्रयोग गरी स्वमूल्याङ्कन शुरुवात गर्नुहोस् ।
- यसका निम्ति यस क्षेत्र अर्न्तगत प्रत्येक बुँदाबारे क्रमशः छोटकरीमा जानकारी दिनुहोस् र यसमा यहाँको अवस्था के छ भनी सोध्नुहोस् । अवस्था अनुसार राम्रो छ भने (१) र कमजोर भए (०) अंक दिनुहोस् ।
- सहभागीहरुलाई आवश्यकता अनुसार अभिलेख प्रतिवेदन बैठक पुस्तिका आदि हेर्न लगाउनुहोस् ।
- स्वमूल्याङ्कन कार्यलाई बढी प्रभावकारी बनाउन जुन कार्यमा (१) अंक पाएको छ, त्यस्तो अवस्थामा सबैलाई ताली बजाउन अनुरोध गरी हौसला बढाउनुहोस् ।
- एवं प्रकारले फ्लेक्स-(ख) र (ग) को प्रयोग गरी बाँकी क्षेत्रको पनि स्वमूल्याङ्कन गराउनुहोस् ।
- यस्तै प्रक्रियाले आगामी बैठकहरुमा पनि नियमित रूपले स्वमूल्याङ्कन गरी सबल तथा कमजोरपक्षहरु पत्ता लगाउन अनुरोध गर्नुहोस् ।
- जुन बुँदा वा कार्यहरु ठीक तरिकाले गर्न सकेका छैनन् ती कार्यहरुलाई एउटा न्युजप्रिन्टमा लेखेर देखिने स्थानमा राख्नुहोस् ।
- यी माथिका बुँदाहरु समितिको बैठक पुस्तिकामा टिप्न लगाउनुहोस् र सुधार गनुपर्ने कुराहरुलाई आगामी दिनमा समाधान गर्दै जानुपर्ने कुरा बताउनुहोस् ।
- अन्त्यमा मुख्य सन्देश उल्लिखित न्युजप्रिन्टबाट सत्रका मुख्य सन्देश बताउँदै सत्र अन्त्य गर्नुहोस् ।

मुख्य सन्देश

- स्वमूल्याङ्कन भन्नाले जो कोही/समितिले एउटा निश्चित अवधिमा आफैले गरेको काम चाहे जस्तो भयो वा भएन भनी आफैले लेखाजोखा गर्नलाई बुझाउँदछ ।
- यो कसैको गल्ती वा कमीकमजोरी पत्ता लगाइ दण्ड जरिवाना गर्नका लागि गरिदैन ।
- बरू यसले समितिले गरेका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरूलाई पहिचान गर्ने अवसर प्रदान गर्दछ ।
- राम्रा कामहरूलाई निरन्तरता दिन तथा कमी कमजोरीहरूलाई सुधार गर्दै जाने अवसरको रूपमा यसलाई लिईनुपर्दछ ।
- समीक्षा धेरै क्षेत्रमा गर्न सकिए तापनि विशेष गरी समितिको संस्थागत क्षमता र समितिको सशक्तीकरण, स्वास्थ्य संस्था व्यवस्थापन र सेवाको अवस्थाकाबारेमा गर्न सकिन्छ ।

मूल्याङ्कन

- स्वमूल्याङ्कन भनेको के होला ?
- स्वमूल्याङ्कन गर्नुपर्दा कुन कुन क्षेत्रमा गर्न सकिन्छ ?

स्वास्थ्य संस्था र समितिको परिकल्पना

सत्र (ढ)

पाठको उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरुले

- स्वास्थ्य संस्था तथा समितिको परिकल्पना गर्नेबारे ज्ञान र सीप प्राप्त गरी समिति र स्वास्थ्य संस्थाको तीन वर्षे परिकल्पना तयार गर्न सक्नेछन् ।
- सहभागीहरुले यस परिकल्पनामा स्वास्थ्य सेवामा लैङ्गिक समानता र समावेशीकरणलाई प्रवर्द्धन गर्न सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- सहभागीहरूले यस परिकल्पनामा स्वास्थ्य सेवामा लैङ्गिक समानता र समावेशीकरणलाई प्रवर्द्धन गर्न ।
- तीन वर्षभित्र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा स्वास्थ्य संस्था कस्तो अवस्थामा पुगेको हुनेछ भन्ने परिकल्पना तयार गर्न ।

समय

६० मिनेट

विधि

मस्तिष्क मन्थन, प्रस्तुतीकरण, छलफल, समुह कार्य

सामग्री

- न्युजप्रिन्ट, मार्कर, टेप, मेटाकार्ड, चित्र, बचत समुहको परिकल्पना उदाहरण
-

सन्दर्भ सामग्री

- परिकल्पना
-



क्रियाकलाप

- सहभागीहरुलाई व्यवस्थापन समितिले गरेको कामहरुको आफैंले स्वमूल्यांकन किन र कसरी गर्ने भन्नेबारेमा छलफल भएको बताउँदै अबको सत्र परिकल्पनाबारे छलफल गर्न गई रहेकोबारे जानकारी दिनुहोस् ।

- परिकल्पनाबारे साझा बुझाइका लागि परिकल्पना के हो भनी मस्तिष्क मन्थन गराउनुहोस् ।
- सहभागीहरुबाट आएका कुराहरुलाई समेटदै माथिको चित्र देखाउँदै परिकल्पनाबारे संक्षेपमा बताउनुहोस् ।
- अझ प्रष्ट पार्न एउटा बचत समूहको परिकल्पनाको उदाहरण सन्दर्भ सामग्रीको पाना नं. ११२ मा भए बमोजिम न्युजप्रिन्टमा तयार गरी बताउनुहोस् ।

समानतालाई गाँस्ने अभ्यास :

- कोठाको भित्तामा स्वास्थ्यमा सशक्तिकरण, समावेशीकरण, समता र समानता सम्बन्धी परिभाषाहरू झुण्ड्याउनुहोस् । उदाहरणका लागि सन्दर्भ सामग्रीको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पाठमा हेर्नुहोस् । सहभागीहरुलाई परिभाषाहरू अध्ययन गर्न दस मिनेटको समय दिनुहोस् ।
- सहभागीहरूलाई दुई समूहमा बाँडी उक्त परिभाषाहरूकाबारेमा १५ मिनेट छलफल गर्न दिनुहोस् । कस्ता मुख्य शब्दहरूमा तपाई अड्किनु भयो ? समितिका लागि कस्ता विचारहरू अति महत्वपूर्ण हुन्छन् ?
- स्वास्थ्य समिति र स्वास्थ्य संस्थामा समता/सशक्तिकरण/समावेशीकरण सम्बन्धी समूहको आफ्नै परिभाषा वा परिकल्पना सहित प्रस्तुत हुन १५ मिनेटको समय दिनुहोस् ।
- समूहले तयार गरेको परिभाषालाई भित्तामा टास्नुहोस् । समूहले पहिचान गरेको साझा प्राथमिकताहरू र समूहले पहिचान गरेको परिकल्पना सम्बन्धी छलफलाई नेतृत्व गर्नुहोस् ।
- मुख्य प्रश्नः हामी "अहिलेको स्थान" बाट हाम्रो "परिकल्पना" सम्म कसरी पुग्न सक्छौं ?
- "अहिलेको स्थान" (समस्याहरू) भनेको हामी अहिले जहाँ छौं त्यहि हो र "परिकल्पना" भनेको हामी कहाँ गएर टुंगिन चाहन्छौं त्यहि हो भनी व्याख्या गर्नुहोस् ।
- जब हामी परिवर्तनका लागि प्रयास गर्छौं, हामी सबै कुरा एकैपटक परिवर्तन गर्न सक्दैनौ । तर हामी समूहमा बसेर हामीले हाम्रो स्वास्थ्य सेवा तथा कार्यक्रममा समावेश गर्न चाहेका सबै क्रियाकलापहरूमा समाहित गर्ने प्रयास गर्न सक्छौं ।

- माथि प्रस्तुत गरिएको परिकल्पनाको उदाहरण जस्तै अब तीन वर्षमा यस समिति तथा स्वास्थ्य संस्था कस्तो अवस्थामा पुगेको हुनेछ भन्ने परिकल्पना गर्न लागेको कुरा बताउनुहोस् ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रस्तुत परिकल्पनाको उदाहरण जस्तै अब तीन वर्षमा यस समिति तथा स्वास्थ्य संस्था कस्तो अवस्थामा पुगेको हुनेछ भन्ने परिकल्पनाको उदाहरण बताउनुहोस् ।
- यसका लागि १५ मिनेट समय रहेको र समूह कार्य गरी परिकल्पना गर्नुपर्ने तथा सहभागीहरु मध्य कुनै एकले प्रस्तुत गर्नुपर्ने कुराबारे पनि जानकारी दिनुहोस् ।
- परिकल्पना गर्न आवश्यक पर्ने सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, कलरपेन दिनुहोस् ।
- तय भएको परिकल्पनालाई न्युजप्रिन्टमा चित्र वा लिखित रूपमा उल्लेख गर्न सकिनेबारे पनि बताउनुहोस् ।
- समूह छलफलका क्रममा आवश्यकता अनुसार सहयोग गर्नुहोस् ।

- परिकल्पना अभ्यास गर्न लगाउँदा सहजकर्ताले सहभागीहरुलाई आफ्नो साधन स्रोतलाई मध्यनजर राखेर बनाउनु पर्ने कुरामा जोड दिनुहोस् ।
- परिकल्पना अभ्यास गर्दा समिति तथा स्वास्थ्य संस्था दुबैका कुराहरु समेटिने गरी गर्न लगाउनुहोस् ।
- अब सहभागीहरु मध्ये एक जनालाई तयार भएको परिकल्पना प्रस्तुत गर्न लगाउनुहोस् ।
- साथै उक्त परिकल्पना कहाँ कहाँ राख्ने र किन राख्नेबारे छलफल गरी यसको महत्व बताउनुहोस् ।

कहाँ राख्ने ?	किन राख्ने ?
• स्वास्थ्य संस्थामा, • गा.वि.स.मा, • विद्यालयमा, • सार्वजनिक स्थानहरुमा आदि ।	• समितिलाई सधै झक्झकाउँछ र सक्रिय हुन उत्प्रेरित गर्दछ, • सबैको जानकारीमा आउन सक्दछ र पारदर्शिता कायम गर्न सहयोग गर्दछ । • सहयोग जुटाउन आदि ।

- सबैको सक्रिय सहभागिताबाट समिति तथा स्वास्थ्य संस्थाको परिकल्पना तयार भएकोमा सहभागीलाई धन्यवाद दिंदै सो परिकल्पना अनुसार काम गर्न प्रतिबद्धता जाहेर गर्न लगाउनुहोस् ।
- अन्त्यमा मुख्य सन्देश न्युजप्रिन्टमा तयार गरी बताउनुहोस् र सत्र अन्त्य गर्नुहोस् ।

मुख्य सन्देश

- कुनै काम भविष्यमा कस्तो भएको हुनेछ भन्ने सोंच नै परिकल्पना हो ।
- परिकल्पनाले आगामी दिनमा के कसरी कार्य गर्दै जाने भन्ने कुराको मार्ग निर्देश गर्दछ ।
- परिकल्पनाले वास्तविक समस्याको पहिचान गर्न सघाउ पुऱ्याउनु पर्दछ साथै यसले स्वास्थ्य सेवामा समानता र समावेशीकरणलाई प्रवर्द्धन गर्नुपर्दछ ।

मूल्याङ्कन

- परिकल्पना भनेको के हो ?
- परिकल्पना निर्माण गर्न किन आवश्यक छ ?
- परिकल्पना कसरी गर्ने ?

स्वास्थ्य संस्था र समितिको कार्ययोजना

सत्र (ण)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले समिति र स्वास्थ्य संस्थाको कार्ययोजना निर्माण गर्न सक्षम हुनेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन् :

- समस्या के हो भन्ने कुरा बताउन ।
- पहिचान गरिएका समस्याहरुको प्राथमिकीकरण गर्न ।
- समस्याका जड कारणहरु पहिचान गर्ने ज्ञान तथा सीप प्राप्त गरी प्रदर्शन गर्न ।
- कार्ययोजनाबारे ज्ञान हासिल गरी तोकिएको ढाँचामा कार्ययोजना बनाउन ।

समय

७५ मिनेट

विधि

चित्र छलफल, मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, टेप, समस्या प्राथमिकीकरण छलफल चित्रहरु, कार्ययोजना स्वरूप फ्लेक्स, किन-किन विधिको उदाहरण उल्लिखित न्युजप्रिन्ट

सन्दर्भ सामग्री

समस्या र समाधानको उपाय

क्रियाकलाप

- सर्वप्रथम अघिल्लो सत्रमा समिति र स्वास्थ्य संस्थाको परिकल्पनाबारे छलफल भएका कुरा बताउनुहोस् ।
- अबको सत्रमा समस्याहरु समाधान गर्न कार्ययोजना कसरी बनाउनेबारे छलफल गर्न लागेको कुरा बताउनुहोस् ।
- सर्वप्रथम सहभागीहरुबाट आएका कुराहरुलाई समेट्दै न्युजप्रिन्टमा तयार गरिए अनुरूप सबैले देख्ने स्थानमा टाँस्नुहोस् र निम्न प्रश्न सोध्नुहोस् ।

के यी सबै समस्याहरु हुन् त ?

समस्या भनेको के होला ? प्रष्ट पार्नुहोस् ।

- सहभागीहरुका कुराहरुलाई समेट्दै छोटकरीमा समस्यालाई निम्न अनुसार परिभाषित गर्दै प्रष्ट पार्नुहोस् ।

> ➢ आफूले चाहेको अवस्था र हालको अवस्था बीचको दूरीलाई नै समस्या भनिन्छ ।
> ➢ उदाहरणका लागि, १०० जना एक वर्ष मुनिका बालबालिकालाई खोप दिने लक्ष्य राखिएकोमा ८० जनालाई मात्र खोपसेवा दिन सकियो भने २० जना छुट्नु खोपको लक्ष्यको निमित्त समस्या भएको जानकारी गराउनुहोस् ।
> - यहाँ चाहेको अवस्था : १०० जना बालबालिकाहरुले खोप लिऊन भन्ने हो ।
> - हालको अवस्था : ८० जनाले मात्र लगाएको ।
> - समस्या : लक्ष अनुसार २० जना बालबालिका सेवाबाट छुट्नु ।
> ➢ यसका अतिरिक्त, यदि छुटेका २० मध्ये १५ बालबालिकाहरू वञ्चित समूह (जस्तै मुस्लिम, दलित, अथवा वडाको दुर्गम भेगका हुन् भने समस्याको यो अर्को जटिल रुप हो ।

- समस्याको जडकारण फरक–फरक हुन सक्ने कुरा बताउँदै यसबारे पछि छलफल गरिने कुरा बताउनुहोस् ।
- साथै समितिले तयार पारेको परिकल्पनालाई पनि समस्याको सूची सँगै टाँस्नुहोस् । न्युजप्रिन्टमा लेखिएका सबै समस्याहरुलाई समाधान गर्नु पर्छ कि पदैन होला भनी सहभागीहरुलाई सोध्नुहोस् ।
- सहभागीहरुको पर्छ भन्ने भनाइसँग सहमत हुँदै के यी सबै समस्याहरु एकै पटक समाधान गर्न सकिन्छ त ? भनी सोध्नुहोस् ।
- सहभागीहरुको सकिँदन भन्ने भनाइसँग सहमत हँदै सहभागीलाई कसरी समाधान गर्ने त? भनी सोध्नुहोस् ।
- सहभागीहरुले भनेका कुराहरुलाई जोडदै यी समस्याहरुलाई समाधान गर्न प्राथमिकीकरण गरी गर्नुपर्ने कुरा बताउनुहोस् ।
- प्राथमिकीकरण गर्ने प्रक्रियालाई अझ प्रष्ट पार्न चित्रहरुको प्रयोग गरी प्राथमिकीकरणको अभ्यास गराउनुहोस् ।
- उक्त चित्रहरु देखाउँदै सो चित्रमा के देखाउन खोजिएको छ भनी सोध्नुहोस् र चित्रहरु एक पछि अर्को गर्दै टाँस गर्नुहोस् ।

- सहभागीहरुको भनाइसँग सहमत हुँदै चित्रमा देखाइएका सबै कामहरु यहाँहरुले गर्नुपर्ने छ । तर एकपल्टमा एउटा मात्र काम गर्नुपर्ने भएमा कुन पहिले कुन दोस्रो गर्दै सबै काम गर्नु हुन्छ ? र किन त्यसो गर्नुहन्छ ? भनी सोध्नुहोस् ।
- सहभागीहरुबाट आएका कुराहरुसँग प्रसंग मिलाउँदै समितिले समाधान गर्नुपर्ने समस्याहरु धेरै हुन सक्दछन् जसलाई निम्नानुसार प्राथमिकीकरण गर्न सकिने जानकारी दिनुहोस् :

प्राथमिकीकरणका प्रमुख आधार

- महिला, गरिब तथा वञ्चित/पिछडिएको समूहलाई असर पार्ने खालका समस्याहरू
- समस्याले समुदायमा पार्ने असर वा प्रभाव जस्तै जन्म मृत्यु,
- समस्या समाधानबाट समुदायलाई हुने फाइदा,
- उपलब्ध साधन स्रोत
- स्थानीय स्तरबाट समाधान गर्न सकिने,
- समितिको आफ्नै सक्रियतामा गर्न सकिने आदि ।

- प्राथमिकीकरण गर्ने प्रमुख आधारहरुबारे जानकारी भएको स्मरण गराउनुहोस् र न्युजप्रिन्टमा भएका सबै समस्याहरुलाई पुनः देखाउँदै निम्न प्रश्न सोध्नुहोस् ।

? अब के गर्ने ?

- समस्याहरुको प्राथमिकीकरण गर्ने भन्ने भनाइसँग सहमत हुनुहोस् र तीन दिनको छलफलबाट आएका समस्याहरु र परिकल्पनामा उल्लेख गरिएका कुराहरुलाई प्राथमिकीकरण गर्न लगाउनुहोस् ।

अभ्यासः समस्याको रूख

- समूहलाई तीन वा चार भागमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई नेपालका समूहहरू (जनजाति, दलित, महिला, ब्राम्हण/क्षेत्री, अति गरिब परिवार, स्वास्थ्य सेवाको पहुँचबाट धेरै टाढाको क्षेत्रमा बस्ने परिवारहरू) मध्ये कुनै एकको दृष्टिकोणबाट समस्याको रूख तयार गर्न भन्नुहोस् ।
- न्यूजप्रिन्टको मध्यमा रूखको फेददेखिको टुप्पोसम्मको सुरिलो भाग बनाउनुहोस् र यसलाई कुपोषण भनी जनाउनुहोस् । उक्त सुरिलो भागको सबैभन्दा माथिल्लो भाग (हाँगाहरू) समस्याका असरहरू हुन् । यसैगरी तलपट्टिको भाग (जराहरू) हरु कारण हुन् । मस्तिष्क मन्थन गरी कारणहरूलाई रूखको जरामा र प्रभावहरूलाई हाँगामा लेखेर कुपोषणका प्रत्यक्ष कारणहरूकाबारेमा उजागर गर्नुहोस् ।
- समस्याहरू जहिले पनि वाक्यांश (Phrase) मा उल्लेख गर्नुपर्दछ । जस्तैः दलितको जमिनमा पहुँच छैन, अथवा आमाहरूलाई स्तनपानकाबारेमा पर्याप्त जानकारी छैन । रूखलाई पूर्ण रूप नदिउन्जेलसम्म रूखमा प्रत्येक कार्ड राख्दा उनीहरूले किन अथवा यसको प्रभाव के हुन्छ भनी सोध्दछन् ।
- पहिलो विश्लेषणका लागि २० मिनेटको समय दिनुहोस् । समूहले काम गरिसकेको महसुस गरिसकेपछि प्रत्येक समूहलाई प्रस्तुतिका लागि १० मिनेटको समय दिनुहोस् । रूख जस्तो भए नभएको हेर्नुहोस् । यदि भनाइहरू पूर्ण छैनन् भने रूखको कुनै हाँगामा उल्लेख गर्नुहोस् ।
- फेरि समूहतिरै फर्कनुहोस् । कार्य पूरा गर्न अर्को २० मिनेट दिनुहोस् ।
- रूखलाई तालिमको सत्रमा प्रस्तुत गर्नुहोस् ।

छलफलाई प्रोत्साहित गर्न देहायका प्रश्नहरू सोध्नुहोस् ।

? समस्या रूखहरू बीच साझा गुणहरू के–के छन् ?

? के कस्ता भिन्नताहरू छन् ?

- विभिन्न समूहहरूको दृष्टिकोणबाट स्वास्थ्य समस्याहरूलाई सम्बोधन गर्न समितिले चाल्नुपर्ने पाइलाका उदाहरणहरू के हुन सक्छन् ?
- हामीले कहिलेकाही पिछडिएको समूहहरूलाई स्वास्थ्य सेवा प्रयोग गर्ने निष्पक्ष अवसर दिनलाई केही विशेष उपायहरूको अवलम्वन गर्नुपर्ने हुन्छ । पिछडिएको समूहहरूको स्वास्थ्य समस्याहरूलाई सम्बोधन गर्न सहयोग गर्न समितिले के कस्ता विशेष उपायहरूको अवलम्वन गर्न सक्छन् ?
- उदाहरणका लागि प्राथमिकतामा पर्न सक्ने समस्याहरु निम्नानुसार हुन सक्नेछन् ।

➢ समितिको नियमित बैठक नभएको ।
➢ आगामी महिनामा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दिने जीवन जलको मौज्दात नभएको ।
➢ वडा नम्बर १ मा धेरै बालबालिकाहरु खोप सेवा लिन छुटेको ।
➢ समितिको बैठकमा स्वास्थ्य संस्थाको प्रगति समीक्षा नगरेको आदि ।

- समस्याहरुको प्राथमिकीकरण गर्नु भएकोमा सबैलाई धन्यवाद दिँदै प्राथमिकतामा परेका समस्याहरुलाई के गर्ने ? भनी सोध्नुहोस् ।
- कार्ययोजना बनाउने भन्ने सहभागीहरुको भनाइलाई अझै त्यो अवस्था नआई सकेको बताउनुहोस् र एउटा सानो प्रसङ्ग सुनाउनुहोस् ।

एउटा व्यस्त सडकको छेउमा एउटा रूख रहेछ । बेलाबेला बाटोको कुनै पनि भागबाट त्यो रूखको जराबाट टुसो पलाउने रहेछ । यसले गर्दा यात्रुहरुलाई आवतजावत गर्न व्यवधान हुने गरेको रहेछ ।

- अब सहभागीलाई निम्न प्रश्न सोध्नुहोस् ।

? **यसरी जराबाट बाटोमा टुसा पलाएर आउनु समस्या हो कि होइन ?**

- सहभागीको हो भन्ने भनाइसँग सहमत हुँदै अब के गर्ने ? भनी प्रश्न गर्नुहोस् ।
- सहभागीको टुसा काटिदिने भन्ने भनाइसँग सहमत हुनहोस् र फेरि बाटोको अर्को ठाउँबाट अर्को टुसो पलाएछ । अब के गर्ने ? भनी सोध्नुहोस् ।

- सहभागीको फेरि पनि काटिदिने भन्ने भनाइसँग सहमत हुदै पूनः प्रश्न गर्नुहोस् । बाटोको अर्को ठाउँबाट फेरि अर्को टुसो पलाएछ । अब के गर्ने ? र कहिलेसम्म काटिरहने ? भनी सोध्नुहोस् ।
- यदि सहभागीहरुले रूखै कटिदिने भनेमा उक्त भनाइसँग असहमति जनाउनुहोस् र निम्न प्रश्नसोध्नुहोस् ।
- समस्या बाटोको छेउमा रहेको रूख हो कि बाटोमा पलाएका टुसाहरु हुन् ?
- बाटोमा पलाएका टुसाहरु हुन् भन्ने कुरासँग सहमत हुनुहोस् र अब के गर्ने ? भनी सोध्नुहोस् ।
- मूल जरो अर्थात समस्याको जड कारण पत्तालगाएर काट्ने भन्ने भनाइसँग सहमत हुनुहोस् र निम्न कुराहरु बताउनुहोस: ।

हामीले जे देख्छौ वा जे सोच्छौ ती सबै समस्या नहुन पनि सक्दछन् । जबसम्म समस्याको जडकारण पहिचान गरी काम गरिंदैन तबसम्म समस्याको समाधान हुन सक्दैन ।

? कार्ययोजना भनेको के होला ?

- सहभागीले भनेका कुराहरुलाई समेटदै कार्ययोजनाबारे निम्नानुसार जानकारी दिनुहोस:

के काम कसले किन के के स्रोत जुटाई कसरी कहिलेसम्म गर्ने भनी निश्चित ढाँचामा तयार गरिएको खाका नै कार्ययोजना हो । यो जहिले पनि भविश्यमा गर्नुपर्ने कामको लागि तयार गरिन्छ ।

- कार्ययोजनाबारे जानकारी भए नभएको यकिन गर्दै अब के गर्ने भनी सोध्नुहोस् ।
- सहभागीहरुबाट कार्ययोजना बनाउने भन्ने जबाफ आएमा सहमत हुनु होस् र कार्ययोजनाको फ्लेक्स सबैले देख्ने स्थानमा झुण्ड्याई कार्ययोजनाको स्वरूपकाबारेमा जानकारी दिनुहोस् ।
- सहभागीहरुलाई समस्याको वास्तविक कारणहरूको पहिचान गर्न, वास्तविक समस्याहरूको प्राथमिकीकरण गरी समाधान गर्न/कार्ययोजना बनाउन सिकाउनुहोस् ।
- कार्ययोजना बनाउन सहजीकरण गर्नुहोस् ।
- तयार गरिएको कार्ययोजना एक पटक पढेर सुनाउनुहोस् र केही थपघट गर्नुपर्ने भएमा सो पनि गर्नुहोस ।
- अन्त्यमा तयार भएको कार्ययोजनाको दुईप्रति उतार्नुहोस, एक प्रति स्वास्थ्य संस्थामा फाइलगरी राख्न लगाउनुहोस् र अर्को प्रति जिल्ला स्वास्थ्य वा जनस्वास्थ्य कार्यालयमा बुझाउन आफूसँगै लिनुहोस् ।
- प्रशिक्षकद्वारा थप बुँदाहरु प्रष्ट पार्नुहोस् । अबका दिनदेखि व्यवस्थापन समितिले के कति कार्य गर्नु भयो भन्ने अनुगमन यही कार्ययोजनाबाट गर्न सकिने कुरा पनि भन्नुहोस् ।

- हालको कार्ययोजनामा नपरेका कुरा वा अन्य समस्या समाधानका लागि अगाडिकै प्रक्रिया अनुरूप समितिको कार्ययोजना बनाई समाधान गर्न सकिन्छ भन्नुहोस् र बाँकी रहेका समस्याहरु वैठक रजिष्टरमा उतार्न पर्ने कुरा बताउनुहोस् ।
- प्रत्येक महीना समितिको बैठकमा छलफल पश्चात देखिएका समस्याहरुलाई समाधान गर्नयसै प्रकारले कार्ययोजना बनाउन पर्ने कुरा सहभागीलाई जानकारी दिनुहोस् ।
- सत्रको मुख्य सन्देश मेटाकार्ड वा न्युजप्रिन्टमा तयार पारी जानकारी गराउनुहोस् र सत्र अन्त्य गर्नुहोस् ।

मुख्य सन्देश

- आफूले चाहेको अवस्था र हालको अवस्था बिचको दूरीलाई नै समस्या भनिन्छ ।
- समस्याहरूलाई प्राथमिकताको आधारमा समाधान गर्दै जानुपर्दछ ।
- समस्या समाधान गर्न जहिले पनि जडकारण पहिचान गर्नुपर्दछ ।
- विभिन्न समूहहरू (जस्तै महिला, दलित, गरीब, भौगोलिक रूपले टाढा रहेका) को दृष्टिकोणबाट समस्याहरूको विश्लेषण गरिनु महत्वपूर्ण हुन्छ ।
- कुनै पनि समस्या समाधान गर्न कार्ययोजना बनाई गरेमा त्यसको कार्यान्वयन तथा अनुगमन गर्न सजिलो हुन्छ ।
- समितिले प्रत्येक महीनाको बैठकमा समस्या समाधान गर्न कार्ययोजना बनाएर काम गर्नुपर्दछ ।

मूल्याङ्कन

- समस्या भनेको के हो ?
- प्राथमिकीकरणका आधारहरू के–के हुन् ?
- कार्ययोजना भनेको के होला ?

मूल्याङ्कन

सत्र (त)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले तीन दिनको तालिममा छलफल गरिएका विषय वस्तुहरु मापन गरी पूनः जोड दिनुपर्ने विषयवस्तुहरु पहिचान गरी पुनरावलोकन गर्न सक्षम हुनेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- तालिम अवधि भरि सिकेका ज्ञान र सीपबारे बताउन ।

समय

३० मिनेट

विधि

तातो आलु खेल, मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, मूल्याङ्कन प्रश्नावली र उत्तरहरु उल्लिखित न्युजप्रिन्ट, चकलेट, टेप

सन्दर्भ सामग्री

मूल्याङ्कन प्रश्नावली र उत्तरहरु

क्रियाकलाप

- सहभागीहरुलाई तीन दिनको छलफलबाट के कति ज्ञान र सीप हासिल गर्न सक्नुभयो सोकोबारे छोटो मूल्याङ्कन गर्न लागेको बारे अबगत गराउनुहोस् ।
- सहभागीहरुलाई तीन दिनको छलफलमा के के विषयवस्तुहरुमा छलफल गऱ्यौं भनी प्रश्न गर्नुहोस् ।
- आएका उत्तरहरुलाई न्युजप्रिन्टमा उतार्नुहोस् ।
- सहभागीहरुलाई तातो आलु खेलबाट तालिमको मूल्याङ्कन गर्न लागेको बारे जानकारी दिंदै सहमति लिनुहोस् ।

तातो आलु खेल

- तीन दिनमा सिकेका विषयवस्तुहरु मध्येबाट सन्दर्भ सामग्री पाना नं. १४७ मा उल्लेख गरिएका नमुना प्रश्नहरु मध्येबाट आवश्यक प्रश्नहरु छान्नुहोस् । अब एउटा न्युजप्रिन्टमा एउटा प्रश्न वा जिज्ञासा हुने गरी प्रश्नहरुलाई न्युजप्रिन्टमा उतार्नुहोस् ।
- एउटा प्रश्न लेखेको न्युजप्रिन्टलाई अर्को प्रश्न लेखेको न्युजप्रिन्टले बेर्दै जानुहोस् र कम्तीमा सबै सहभागीहरुलाई पुग्ने गरी न्युजप्रिन्टमा लेखेर बेर्नुहोस् । यसरी बेर्दै जाँदा एउटा पोको तयार हुनेछ ।
- सबै सहभागीहरुलाई गोलाकार रुपमा उभिन लगाउनुहोस् ।
- कुनै बज्ने खालको सामग्री प्रयोग गरी बाजा बजाउने व्यवस्था मिलाउनुहोस् ।
- एउटा मार्कर सहभागीहरुको बीचमा घुमाउनुहोस् र मार्करको टुप्पाले देखाएको व्यक्तिबाट खेल शुरु गर्नुहोस् ।
- बाजाको लयमा पोका छिटो छिटो एकबाट अर्को सहभागीमा दिन लगाउनुहोस् ।
- बाजा बज्न छाड्ने बित्तिकै जसको हातमा पोका छ उसलाई एउटा न्यूजप्रिन्ट खोल्न लगाई उक्त न्यूजप्रिन्टमा भएको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । सहभागीलाई उत्तर दिन कठिनाइ भएमा अन्य सहभागीको सहयोग लिन सकिने कुरा बताउनुहोस् ।
- यसैगरी सबै पोका नसकिउन्जेल खेल जारी राख्नुहोस् । अन्तिम सहभागीबाट पोको खोल्दा भेटिएका सामान वा चीजलाई सबैसँग बांड्न लगाउनुहोस् ।
- सबैको पालो सकिएपछि धन्यवाद दिँदै खेल समाप्त भएको जानकारी दिनुहोस् ।
- अब सहभागीहरुलाई आ-आफ्नो स्थानमा गएर बस्न अनुरोध गर्नुहोस् ।
- खेलबाट मूल्याङ्कन गर्दा कस्तो अनुभव भयो सहभागीहरुलाई सोध्नुहोस् ।

- सारांश सहित सत्र समापन गर्नुहोस् ।

मुख्य सन्देश

- सहभागीहरूलाई तीन दिनसम्म छलफल भएका विषयवस्तुहरू पुनः जोड दिनका लागि यो छलफल गरिएको हो ।

मूल्याङ्कन

- तातो आलु खेल खेल्दा उत्तर दिन गाह्रो भएको वा नसकेका प्रश्नहरूको उत्तर यस मूल्याङ्कनमा पुनः छलफलमा ल्याइदिने ।

तालिमको सारसंक्षेप

सत्र (थ)

पाठको उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरुले तीन दिनको तालिममा छलफल गरिएका मुख्य-मुख्य विषयवस्तुहरु सारसंक्षेपको रूपमा जानकारी प्राप्त गरी बताउन सक्नेछन् ।

वस्तुगत उद्देश्यहरु

यस सत्रको अन्त्यमा सहभागीहरुले निम्न कुरा गर्न सक्षम हुनेछन्:

- तीन दिन सम्म तालिममा सिकेका ज्ञान तथा सीपलाई पुर्नर्ताजकी भई बताउन ।

समय

३० मिनेट

विधि

मस्तिष्क मन्थन, प्रस्तुतीकरण

सामग्री

न्युजप्रिन्ट, मार्कर, सारांश उल्लिखित न्युजप्रिन्ट, तालिमको उद्देश्य उल्लिखित न्युजप्रिन्ट

सन्दर्भ सामग्री

तालिम सारांश

क्रियाकलाप

- सहभागीहरुलाई तीन दिनसम्म सिकेका कुराहरुको मुख्य सारांशबारे छलफल गर्न लागेको कुरा जानकारी गराउनुहोस् ।
- सहभागीहरुलाई तीन दिने तालिमको उद्देश्य उल्लिखित न्युजप्रिन्ट देखाई जानकारी गराउनुहोस् ।
- यी उद्देश्यहरु प्राप्त गर्न तीन दिनसम्म विभिन्न विषयवस्तुमा छलफल भएको कुरा स्मरण गराउनुहोस् । यी उद्देश्यहरु पूरा हुनु भनेको नै निर्धारित तालिमका लक्ष्य पूरा हुनु हो भनी जानकारी गराउनुहोस् ।
- अब तालिम अवधिभर छलफल गरेका मुख्य-मुख्य बुँदाहरु उल्लिखित न्युजप्रिन्ट प्रस्तुत गर्नुहोस् ।
- यस तालिम पश्चात सम्पूर्ण सहभागीहरुले सिकेका ज्ञान र सीप प्रयोग गर्दै स्वास्थ्य संस्थाको व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने कुरा औल्याउनुहोस् ।
- तालिम सत्रको अन्त्यमा समस्याहरुलाई सूचीकृत गरी वार्षिक कार्ययोजना तयार गरेको कुरा स्मरण गराउनुहोस् । साथै तीन बर्षे परिकल्पनाको पनि निर्माण गरेको कुरा जानकारी गराउनुहोस् ।
- अब प्रत्येक महिना मासिक नियमित बैठक बसी समितिले उक्त परिकल्पना र कार्ययोजनाहरुको प्रगति समीक्षा गरी कार्यान्वयनमा जोड दिनुपर्ने कुरा बताउनुहोस् ।
- अब कार्यक्रमको अन्त्यतिर आइसकेको कुरा जानकारी दिनुहोस् र सहभागीहरुलाई आफ्नो स्वास्थ्य संस्थाको प्रभावकारी व्यवस्थापनका निम्ति शुभकामना प्रकट गर्दै सत्र समापन गर्नुहोस् ।

(खण्डः २)

सन्दर्भ सामग्री

हस्तान्तरण प्रक्रिया बारे छोटो जानकारी

नेपाल सरकारले स्थानीय स्वास्थ्य संस्थाहरुबाट बहुसख्यक जनताले सुचारु रूपमा गुणात्मक स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने व्यवस्था अझ प्रभावकारी बनोस् भन्ने अभिप्रायले विकेन्द्रीकरणको सिद्धान्त तथा स्थानीय स्वायत्त शासन ऐन र नियमावली अनुसार स्थानीय स्वास्थ्य संस्थाहरु क्रमशः स्थानीय निकायहरुलाई हस्तान्तरण गर्दै आएको छ । उक्त हस्तान्तरण प्रक्रियाबारे छोटकरीमा जानकारी तल प्रस्तुत गरिएको छ :

हस्तान्तरण के हो ?

सामान्य अर्थमा हस्तान्तरण भन्नाले माथिल्लो निकायले आफूमा अन्तर्निहित काम, जिम्मेवारी, अख्तियार, साधन स्रोत तथा सूचना आदि अख्तियार प्राप्त सम्बन्धित व्यक्ति वा संस्थालाई निश्चित समय अवधिको लागि दिने भन्ने बुझिन्छ ।

अधिकार निक्षेपण के हो ?

केन्द्रले स्थानीय स्तरका जन निर्वाचित निकायलाई संविधान वा कानुनमार्फत सधैंकालागि अधिकार सुम्पने कार्यलाई बुझाउँछ ।

हस्तान्तरण प्रक्रिया तथा अधिकार निक्षेपण किन ?

हस्तान्तरण प्रक्रिया तथा अधिकार निक्षेपण कार्य निम्न उद्देश्य प्राप्त गर्नका लागि गरिन्छः

- जन सहभागितामा अभिवृद्दि गर्न ।
- काम छिटो छरितो गरी नतिजा उन्मुख गराउन ।
- सुशासन कायम गराउन ।
- उपलब्ध साधन स्रोत र सेवाको न्यायोचित तथा समानुपातिक वितरणमा सहयोग पुऱ्याउने ।
- जनताप्रति उत्तरदायी तथा जवाफदेहिताको आरम्भ गराउन ।
- जन चाहना अनुरूपको नीति निमार्ण गरी जनविश्वास आर्जन गर्न ।
- दिगो विकासको थालनी गर्न आदि ।

जसको फलस्वरूप् विपन्न तथा समाजमा पिछडिएका वर्ग, महिला, दलित, जनजाति तथा मधेशी आदि सबैलाई विकासको मूलधारमा ल्याई विकासको प्रतिफलको प्रत्यक्ष अनुभूति दिलाउने अवसर मिल्दछ ।

स्वास्थ्यमा हस्तान्तरण प्रक्रिया किन ?

स्वास्थ्य क्षेत्रमा हस्तान्तरण प्रक्रिया स्थानीय जनतालाई उनीहरुको सहभागितामा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु रहेको छ । मुख्य गरी तलका उद्देश्यहरु प्राप्त गर्न स्वास्थ्य संस्थाहरुलाई स्थानीय निकायमा हस्तान्तरण गरिएको छ ।

- स्थानीय स्तरका समस्याहरु स्थानीय स्तरबाट नै पहिचान गरी समाधान खोज्न ।
- पहिचान गरिएका समस्याहरुको प्राथमिकीकरण गर्न सक्ने बनाउन ।
- स्वास्थ्य संस्थामा सुशासनको सुनिश्चितता कायम गरी जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न ।

- स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गराउन ।
- जनसहभागिता जुटाउन ।
- सामाजिक समावेशीकरणद्वारा जनसहभागिता बढाई स्वास्थ्य सेवामा पहुँच बढाउन ।
- स्वास्थ्य सेवाको पहुँचमा महिला गरिब र वञ्चितीमा परेका सामाजिक समूहहरू सहित सबै समूहका मानिसहरूको सहभागिता र समावेशीकरण सुनिश्चित गर्न ।
- स्वास्थ्य संस्था हाम्रो हो भन्ने भावना स्थानीय जनतामा विकास गराउन ।

स्वास्थ्यमा हस्तान्तरण कसरी ?

स्थानीय स्वास्थ्य संस्था विधिवत् रूपमा आ.व. २०५९/२०६० देखि स्थानीय निकायमा हस्तान्तरण गरिंदै आएको छ । पहिलो चरण अन्तर्गत आ.व. २०५९/०६० मा कन्चनपुर, बाँके, कपिलवस्तु, रूपन्देही, कास्की, भक्तपुर, चितवन, ललितपुर, महोत्तरी, मोरंग, सुन्सरी र झापा गरी १२ जिल्लाका उपस्वास्थ्य चौकीहरु हस्तान्तरण गरिए । त्यस्तै हालसम्म अन्य १६ जिल्लाहरुका स्वास्थ्य संस्थाहरु गरी जम्मा २८ जिल्लाका १४३३ स्वास्थ्य संस्थाहरु हस्तान्तरण भइ सकेका छन् । हस्तान्तरण सम्पन्न भए पछि स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले अभिमुखीकरण प्रदान गर्ने व्यवस्था मिलाउँदै आएको छ । हस्तान्तरण गरिँदा राष्ट्रिय तथा क्षेत्रीय स्वास्थ्य तालिम केन्द्रका प्रतिनिधिहरु, जिल्ला विकास समितिबाट स्थानीय स्वायत्त निकायका प्रमुख, स्थानीय विकास अधिकारी वा प्रतिनिधि, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयबाट प्रमुख वा प्रतिनिधिहरु, जिल्ला स्तरीय सरकारी तथा अन्य गैह्र सरकारी संघ संस्थाका प्रतिनिधिहरु, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु तथा स्थानीय स्वास्थ्य संस्थामा कार्यरत प्राविधिकहरु/कर्मचारीहरु सहभागी हुन्छन् ।

हस्तान्तरण प्रक्रिया अर्न्तगत सर्वप्रथम जिल्ला स्तरमा एक दिने अभिमुखीकरण तथा पैरवी गोष्ठी सञ्चालन गरिन्छ । यस गोष्ठीमा जिल्ला विकास समिति, जिल्ला जन/स्वास्थ्य कार्यालय लगायत जिल्ला स्तरीय सरकारी तथा गैर सरकारी संघसंस्थाका प्रतिनिधिहरु सहभागी हुन्छन् । यस पछि जिल्ला स्तरीय दुई दिने प्रशिक्षक प्रशिक्षण तालिम हुन्छ । त्यसै गरी स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा स्थानीय स्वास्थ्य संस्थाका प्राविधिकहरुका लागि दुई दिने अभिमुखीकरण गोष्ठी सञ्चालन गरिन्छ । उक्त अभिमुखीकरण गोष्ठीको अन्तिम दिन स्वास्थ्य संस्थालाई स्थानीय निकायमा हस्तान्तरण गर्ने प्रक्रिया सम्पन्न गरिन्छ । एवं प्रकारले हस्तान्तरित स्वास्थ्य संस्थाका सम्पूर्ण कागजपत्रहरु जिल्ला स्वाास्थ्य/जनस्वास्थ्य कार्यालयले संकलन गरी जिल्ला विकास समितिलाई विधिवत् रूपमा हस्तान्तरण गरी यो प्रक्रिया सम्पन्न गरिन्छ ।

हस्तान्तरण पछिको अपेक्षाहरु कस्ता थिए ?

- विधिवत् रूपमा स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन भई स्वास्थ्य संस्थाको व्यवस्थापनमा सक्रिय हुनेछ ।
- समितिको नियमित रूपमा मासिक बैठक भएको हुनेछ ।
- स्वास्थ्य संस्था र समुदायका स्वास्थ्यका समस्याहरु नियमित रूपमा समितिको मासिक बैठकमा छलफल भई समाधानका लागि पहल गरेको हुनेछ ।
- समितिका सदस्यहरुलाई आफ्नो भूमिका तथा जिम्मेवारी जानकारी भई सो अनुरूप काम गरिरहेका हुनेछन् ।

- स्वास्थ सेवा विस्तारका लागि स्थानीय स्रोत साधनहरु परिचालन गर्न सक्षम भएको हुनेछन् ।
- समितिको साथै स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना निर्माण भई सो अनुरूप कार्य भएको हुनेछ ।
- आर्थिक, सामाजिक, सांस्कृतिक र भौगोलिक रूपले वञ्चित समूहका मानिसहरूको सेवामा पहुँच पुगेको हुनेछ ।
- स्वास्थ्य संस्था हाम्रो हो भन्ने भावना समुदायमा विस्तार भई स्थानीय स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाप्रति समुदायको विश्वास र अपनत्व बढ्नेछ ।
- समितिबाट स्वास्थ्य कार्यक्रमहरुलाई पारदर्शी र प्रभावकारी बनाउन नियमित रूपमा सहयोगी सुपरिवेक्षण गरिएको हुनेछ ।
- स्वास्थ्य संस्थालाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्न अत्यावश्यक औषधि तथा औजार उपकरणहरुको व्यवस्थापन गरिएको हुनेछ ।
- जिल्ला स्वास्थ्य/ जनस्वास्थ्य कार्यालय तथा जि.वि.स., गा.वि.स. तथा गा.वि.स. भित्र भएका स्वास्थ्य क्षेत्रमा काम गर्ने र अन्य सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरु बिच समन्वय तथा सहयोग विस्तार गरिएको हुनेछ ।
- स्वास्थ्य संस्थाबाट दिइने सेवा तथा कार्यक्रमहरुको अनुगमन र विश्लेषण गरी लक्ष्य अनुसार प्रगति हासिल गर्न गराउन आवश्यक पहल गरिएको हुनेछ ।
- स्वास्थ्य संस्थामा कर्मचारीहरुको नियमितता हुने र कर्मचारीहरुको कामको उचित मूल्याङ्कन भई उत्प्रेरणा जाग्नेछ ।

धेरै जसो स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको हस्तान्तरण पछिको अवस्था कस्तो रहेको छ ?

- समितिको महत्व थाहा नभएको ।
- समितिका सदस्यहरुलाई आ-आफ्नो भूमिका तथा जिम्मेवारी थाहा नभएको ।
- धेरैजसो समितिको नियमित बैठक हुने नगरेको ।
- पत्राचार गरे पनि धेरैजसो सदस्यहरु बैठकमा आउने नगरेको ।
- समितिका सदस्यहरुलाई स्वास्थ्य संस्थाबाट उपलब्ध सेवाहरुबारे कम जानकारी भएको ।
- हस्तान्तरण प्रक्रियाबारे समुदायलाई प्रष्ट जानकारी नभएको ।
- स्वास्थ्य संस्था हाम्रो हो भन्ने भावना समुदायमा आई नसकेको ।
- समिति तथा जिल्लाबाट सहयोगी सुपरिवेक्षण तथा अनुगमन कम भएको ।
- स्वास्थ्य संस्थाबाट उपलब्ध सेवाप्रति जनविश्वास कम भएको ।
- समुदाय र व्यवस्थापन समिति बिच अन्तरक्रिया नभएको ।

स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता

महिला र पुरुषमा जैविक भिन्नता हुने कुरा हामी सबैलाई थाहा छ । यसले गर्दा केही कार्यहरू महिलाले मात्र गर्न सक्दछन् । जस्तै- गर्भधारण गर्ने, स्तनपान गराउने । तर पुरुष र महिला भएकै कारण समाजले निर्माण गरेको मूल्य मान्यताका कारण महिला र पुरुषबीच अन्य भिन्नताहरू विद्यमान रहेका छन् । यस्ता मूल्यमान्यताहरू हामी बाल्यकालदेखि नै हाम्रो परिवारभित्रको संस्कृतिबाट सिक्दै आएका छौं । हामीले आफ्नो परिवार र समाजमा गर्ने व्यवहारहरू यही सामाजिक मूल्यमान्यताले नै निर्धारण गरेको हुन्छ । यसले महिला र पुरुषबीच श्रम विभाजन; आ-आफ्नोभूमिका, विचार र अभ्यासमा चारित्रिक भिन्नतालाई निर्धारण गर्दछन्; र यसले सानै उमेरदेखि व्यवहार, प्रवृत्ति र अपेक्षालाई पनि मार्गदर्शन गर्दछ । यस्ता भिन्नताहरूलाई लैङ्गिक भिन्नता भनिन्छ जुन शक्ति सम्बन्धमा आधारित भई परिवार र समाजमा विद्यमान हुन्छ, र यो समाजद्वारा निर्मित हुन्छ ।

महिला र पुरुषबीच उनीहरूको भिन्नतालाई सम्मान गर्दै समानता हासिल गर्ने प्रक्रियालाई लैङ्गिक समानता भनिन्छ । यो प्रक्रियाले मूल्य, मान्यता, प्रवृत्ति र सोचाइ (जुन हाम्रो समाजमा सामान्यतया महिलाप्रति विभेदकारी छ) लाई परिवर्तन गरी महिला र पुरुषबीच समान हैसियत हासिल गर्ने कुरालाई समेट्दछ ।
हाम्रो परिवार र समाज भित्रका लैङ्गिक असमानताका अभ्यासहरू किशोरी र महिलाहरूको स्वास्थ्य सेवामा पहुँच र उपभोगमा प्रत्यक्ष रुपमा अन्तरसम्बन्धित हुन्छन् ।

सामाजिक समावेशीकरण

हाम्रो देश सानो भएता पनि यहाँ विविधता छ । जातजाति, भाषा, भेषभुषा, रहनसहन र भौगोलिक अवस्थाको विविधताले भरिएको छ । तर सबै समुदायको परिवार र व्यक्तिहरुले स्वास्थ्य, शिक्षा, रोजगारी आदिमा समान अवसरहरु पाएका छैनन् । यसरी समान अवसरहरु नपाउनुमा आर्थिक अवस्था एउटा मूलभूत कारण हो । तर यसमा हाम्रो परम्परागत भेदभावपूर्ण सामाजिक मूल्य मान्यता, विश्वास र व्यवहारहरुको पनि ठूलो भूमिका रहेको छ । त्यसैले हाम्रो देश र समाजमा कतिपय वर्गहरु विपन्न अवस्थामा छन् र जीवन सुधार्ने धेरै अवसर र विकासको प्रतिफलबाट वञ्चित छन् । यस्तो अवस्था भोग्नु परेका महिला, पुरुष र वर्गहरु वञ्चितीकरणमा परेका छन् ।

गरीब तथा सामाजिकवञ्चितीमा परेको समूहहरुले विभिन्न अवरोध र चुनौतीहरु भोग्नु परेकोले स्वास्थ्य सेवाहरुमा पहुँच कम छ । यसरी पछाडि परेका महिला, दलित तथा जनजातिको स्रोत तथा अवसरहरुमा पहुँच बढाउनलाई स्वास्थ्य, शिक्षा, रोजगारी, आदिमा सेवा सुविधाको वृद्धि गर्न जरुरी छ । उनीहरुलाई विकासका प्रतिफलहरुमा समावेश गर्न जरुरी छ । यसैलाई नै सामाजिक समावेशीकरण भनिन्छ । यसको लागि उनीहरुले भोग्नु परेका अवरोधहरुका रुपमा रहेका संस्कृतिक, सामाजिक तथा संस्थागत अप्ठ्याराहरु हटाउन जरुरी छ । यस्ता अवरोधहरु व्यक्तिगत, परिवारिक, सामुदायिक र सेवा प्रदायक स्तरहरुमा हटाउन जरुरी छ ।

कुनै व्यक्ति विशेष वा समुदायले विभिन्न पक्षहरुमा समावेशीकरण र वञ्चितीकरण भोग्नु परेको अवस्था हुन सक्छ । उदाहरणको लागि पर्वते दलितहरु नेपाली बोल्ने हुनाले भाषागत रुपमा

समावेशीकरणमा परेको भएता पनि सामाजिक, आर्थिक र राजनैतिक अवसरहरुबाट वञ्चितीकरणमा परेका छन् । नेवार जातिहरु भने अक्सर भाषागत रुपमा वञ्चितीमा परेपनि आर्थिक र राजनैतिक क्षेत्रहरुमा समावेश भएको पाइन्छ । केहीसमूहहरूले धेरै तहको विभेद र वञ्चितीकरणको सामना गर्नुपर्दछ ।उदाहरणका लागि विपन्न दलित महिलाहरु तीनवटा पक्षहरु बाट पिछडिएका हुन्छन् : (१) जातिगत पहिचान - जुन परम्परागत हिसाबले भेदभावपूर्ण छ, (२) लैङ्गिक पक्ष, र (३) आर्थिक अवस्था ।

यसप्रकार सेवामा पहुँच नपुग्नु वा नहुनु त्यस्तो अवस्था हो, जसका कारण समाजमा वञ्चितीमा परेका व्यक्ति तथा समुदाय समाजको मूलप्रवाहबाट बाहिर पर्दछन् र विकासको प्रतिफलबाट टाढा हुन्छन् ।

समावेशीकरणको परिभाषा

सामाजिक समावेशीकरण यस्तो प्रक्रिया हो जसले समाजमा विद्यमान रहेका सेवामा उचित पहुँच नभएका व्यक्तिहरू वा समुदायलाई विकासको मूलप्रवाहमा ल्याउनको लागि बाधा/अवरोधहरूको पहिचान गरी तिनलाई हटाइ उनीहरूलाई सामाजिक एवं विकासका कार्यमा सहभागी गराउन मद्दत पुऱ्याउँछ ।

स्वास्थ्य सेवामा समावेशीकरण भन्नाले सरकारी एवं गैरसरकारी क्षेत्रबाट दिँदै आइरहेको अति आवश्यक स्वास्थ्य सेवाबाट वञ्चित वर्गलाई स्वास्थ्य सेवा पाउनबाट वञ्चित हुनाका मूलभूत कारणहरु पत्ता लगाइ उनीहरुलाई स्वास्थ्य सेवा प्रभावकारी रूपमा उपलब्ध गराउनुको साथै उनीहरुको स्वास्थ्य स्तरमा अभिवृद्धि गर्ने प्रक्रियालाई बुझाँउछ । यसका लागि स्वास्थ्य सेवामा हालसम्म पनि पहुँच पुग्न नसकेको मानिसको समूहको पहिचान गरी यस्ता समूहहरूले सामना गर्नुपरेको अवरोधहरू पत्ता लगाउनुपर्ने हुन्छ र उनीहरूलाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक उपायहरूको अवलम्वन गर्दै उनीहरूको स्वास्थ्य स्थितिलाई बलियो बनाउनुपर्ने हुन्छ । यसो भयो भने मात्रै उनीहरूले परम्परागत रूपमा भोग्दै आएका भेदभावको अन्त्य भई अरू व्यक्ति सरह अवसरहरूबाट फाइदा लिन सक्षम हुन्छन् । नेपालको अन्तरिम संविधान २०६३ ले "सबै नागरिकलाई राज्यले निर्धारण गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ" भनी स्वीकार्दै स्वास्थ्यलाई प्रत्येक नागरिकको आधारभूत अधिकारको रूपमा स्थापित गरेको छ । नेपाल सरकारले गरिब तथा वञ्चितीमा परेका मानिसहरूको पहिचान गरेको छ । तिनको संरक्षण, सशक्तीकरण, अधिकार र विकासका प्राथमिकताहरूको पहिचान गरिएको छ, र आवश्यकता अनुरूप अतिरिक्त कानूनका माध्यमबाट उनीहरूको अधिकारको सुनिश्चित गर्दछ । यसप्रकार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका नीतिहरू सबै क्षेत्र, जस्तै स्वास्थ्य, शिक्षा, रोजगारी आदि, को अभिन्न अङ्ग बनेको छ ।

स्वास्थ्य सेवामा समानता, समता र शक्ति सम्बन्धको प्रभाव

सारस र फ्याउरोको कथा

कुनै एक स्थानमा सारस र फ्याउराको बीच मित्रता भएछ । फलस्वरुप एक दिन सारसले फ्याउरोलाई आफ्नो घरमा बोलाएछ । फ्याउरो पनि आफ्नो मित्रको घरमा बिहानै देखि केहि नखाइ आएछ । सारसले आफ्नो मित्रको स्वागतको लागि बिभिन्न परिकारसहित मिठो मिठो खाना तयार गर्दै रहेछ । खाना तयार भएपछि दुवै मित्रहरु बसेर सँगै खानको लागि सारसले लामो घाँटी भएको दुईवटा सुराहीमा खाना पस्किएर फ्याउरोको अगाडी राखिदिएछ । भोको फ्याउरोले आफुलाई दिएको खाना खानको लागि तुरुन्तै खाना अगाडी त पुग्यो तर जति प्रयास गरे पनि उसको मुखले लामो घाँटी भएको सुराहीभित्रको खाना छुनै सकेन र निरास भई भोकै बस्नुपर्‍यो । यसरी नै फ्याउरोले पनि आफ्नो मित्र सारसलाई आफ्नो घर बोलायो । मिठो मिठो खानाले साथीको स्वागत गर्ने मनसाय राखी विभिन्न परिकार तयार गर्‍यो । खानालाई फ्याउरो कहाँ भएको दुईवटा पातलो थालजस्तो भाँडामा पस्किएर मित्रलाई दियो । तर दुर्भाग्यवश लामो चुच्चो भएको सारसले थालमा भएको खाना खानै नसकी त्यसै फर्कनु पर्‍यो ।

समानता भन्नाले कुनै पनि आधारमा भेदभाव नहुने भन्ने बुझिन्छ । समानतामा जैविक भिन्नतालाई मान्यता दिँदै समाजमा रहेका मूल्य, मान्यता, दृष्टिकोण र सोचाइमा परिवर्तन गरी महिला र पुरुष बीचका साथै अगाडि रहेका र पछाडि पारिएका जातजाति, वर्ग बीचमा समान स्तर कायम गर्नु हो ।

त्यसैगरी, समता भन्नाले न्यायोचित व्यवहार अपनाउनु हो । महिला र पुरुष तथा सुविधा सम्पन्न र पछाडि पारिएका जातजाति, वर्गहरुका सामाजिक, आर्थिक स्रोत माथिको पहुँच एकनास नहुन सक्ने भएकाले महिला पुरुष र विभिन्न जातजाति, वर्गले पाउने अवसर र स्रोतहरुको पहुँचमा न्यायोचित दृष्टिकोण र प्रक्रिया अपनाएर स्रोतमाथिका पहुँच बढाउने भन्ने बुझिन्छ । समता समानता कायम गर्ने एउटा माध्यम हो ।

परिवार भित्र र समुदायमा शक्ति सम्बन्धले स्वास्थ्य तथा अन्य सेवामा समान र समतामूलक पहुँचको अवसरलाई ठूलो प्रभाव पर्दछ । घरधुरी/परिवाभित्र महिला, पुरुष, बालबालिकासँग फरक फरक निर्णय गर्ने शक्ति हुन्छ जसले उनीहरूको निर्णय निर्माण क्षमतालाई प्रभाव पार्दछ । परिवार भित्रकै फरक फरक महिला बीच पनि शक्तिमा भिन्नता हुन्छ । जस्तैः आमा, छोरी, बुहारी । यदि बुहारीहरू निर्णय लिन सक्षम छैनन् भने उनीहरू महत्वपूर्ण स्वास्थ्य सेवामा पहुँच राख्न सक्षम नहुन सक्छन् । जस्तै -गर्भवती भएको बेला तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने । यसरी शक्ति सम्बन्धको प्रभावको कारण समानता कायम गर्न बाधा पुगिरहेको हुन्छ ।

हाम्रो समाजभित्र विभिन्न समूहका मानिसहरू – साहू महाजन, धनी किसान, पसले, स्वास्थ्यकर्मी, शिक्षक आदि – सँग भिन्न प्रकारको शक्ति रहेको हुन्छ । यिनीहरूले पैसा, सूचना जस्ता महत्वपूर्ण स्रोतमा नियन्त्रण राख्दछन् । यसले गर्दा गरिब तथा वञ्चित समूहहरूको महत्वपूर्ण सेवाहरूमा – जस्तै स्वास्थ्य, शिक्षा, बजार, आदिमा पहुँचलाई असर पार्दछ । हाम्रो समाजमा हाम्रो संस्कृति र परम्पराले शक्ति र अधिकारलाई निर्धारण गर्दै आएको छ तर यस्तो असमान अवस्था परिवर्तन गर्न सकिन्छ ।

यस्तो परिवर्तनलाई सार्थक बनाउन अतिरिक्त प्रयास र उपायहरूको अवलम्वन गर्नुपर्दछ । फलस्वप सामाजिक रूपले वञ्चित समूहहरूले अन्य समूहहरू जस्तै अवसर र स्रोतमा पहुँच राख्न सक्दछन् र समुदाय र स्रोतको उपभोगमा समानतामूलक सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

सबै व्यक्ति र परिवारले स्वास्थ्य सेवा (साथै अन्य सेवा) मा पहुँच किन राख्न सक्दैनन् भनी यस अघि नै उल्लेख गरिसकिएको छ । सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुँच होस् भनी सरकारले समान अवसर उपलब्ध गराउन प्रत्येक गाविसमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौकी स्थापना गरेको छ । त्यहाँ आउने बिरामीलाई सेवा प्रदायकले बिना भेदभाव समान स्तरमा सेवा उपलब्ध गराउँदछ ।यसैले समानता भन्नाले सेवा, सुविधा एवं अवसरमा समानता हुनु हो । स्तर, मर्यादा, इज्जत तथा अधिकारको अवस्थामा अन्तर नहुनु हो ।

स्वास्थ्य सेवा प्रयोग गर्ने अवसमा समानता भए तापनि सबै जना आफूलाई आवश्यक परेको सेवा लिन त्यहाँसम्म जान सक्षम छैनन् । कसैका लागि निकै लामो दूरी पार गर्नुपर्ने हुन्छ (जस्तै दुर्गम गाविसमा) वा धेरै परिवारले स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकीसम्म जान आउन लाग्ने यातायात खर्च व्यहोर्न सक्दैनन् । केही मानिसहरू आफ्नो जात वा धर्मका कारण सामाजिक विभेद हुने डरले सेवा लिन जादैनन् किनभने उनीहरूले पहिले नै सामाजिक विभेदको दुःखदायी घटनाको अनुभव गरेका हुन सक्छन् । महिलाहरूका लागि एक्लै यात्रा गर्नु सुरक्षित नहुन सक्छ र स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकीमा पुरुष कर्मचारी मात्र भएको खण्डमा पनि उनीहरू सुरक्षित महसुस नगर्न सक्छन् । यसका अतिरिक्त महिलाहरू धेरै मानिसका अगाडि खुला कोठामा परीक्षण गरिनु वा उपचार गरिनुलाई सुरक्षित र सहज महसुस नगर्न सक्छन् । स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकीले सबैलाई समान अवसर उपलब्ध गराए तापनि महिलाका आवश्यकताहरू फरक छन् । यसैले महिलाको लागि विशेष व्यवस्था गरिनु आवश्यक छ । जस्तैः गोपनियताको लागि छुट्टै कोठा वा परीक्षणको बेला पर्दा लगाउने व्यवस्था ।

हाम्रो समाजमा महिला र पुरुष, र विभिन्न सामाजिक समूहका मानिसहरूको समान स्तर र हैसियत छैन, त्यसैले वञ्चितीमा परेका समूहहरूलाई सहयोग गर्न केही अतिरिक्त कदमहरू आवश्यक हुन्छ । फलस्वरूप उनीहरूमा विश्वास अभिवृद्धि र सबैका लागि उपलब्ध सेवा उपयोग गर्न सक्ने क्षमता विकास भई समान अवसरको उपयोग गर्न सक्ने हुन्छन् । वञ्चित समूहलाई स्वास्थ्य सेवाको पहुँच सहज बनाउनका लागि केही कदमहरु चालिएका छन् । जस्तै : विशेषगरी गरिब परिवारलाई केही तोकिएको सेवा जस्तै मुटु, मृगौला, आदिको उपचार सेवाहरू निःशुल्क पनि उपलब्ध गराइएको छ । यसरी नै अन्य सम्पूर्ण वञ्चितीमा परेका समुदाय र वर्गका लागि पनि आवश्यक कदमहरु चलेर उनीहरुलाई स्वास्थ्य सेवा उपभोगको मूलधारमा ल्याउन अत्यावश्यक रहेको छ ।

फरक लिंग, जातजाति, धर्म, उमेर र आर्थिक हैसियत भएका मानिसहरूले सामना गर्नुपर्ने अप्ठ्यारा/अवरोधहरूका बारेमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सचेत रहनु अति आवश्यक छ । अपाङ्गता भएका व्यक्तिहरूको पनि निर्दिष्ट आवश्यकताहरू हुन्छन् । स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले जुनसुकै सामाजिक पहिचान भए तापनि सबै व्यक्तिले समान अधिकार, अवसर र सम्मान पाएको कुरा सुनिश्चित गर्नुपर्दछ ।

लैङ्गिक हिंसा

- लैङ्गिक हिंसाले सामान्यतया शारीरिक, यौनिक वा मानसिक हानी वा महिलालाई पिडा निम्त्याउँदछ, यो घरभित्र वा समुदाय तहमा घट्न सक्छ । यस्तो हिंसाबाट सामान्यतया किशोरी, महिला र तेस्रो लिङ्गी पिडित हुन्छन् ।
- कुट्ने, झापड हान्ने, कपाल तान्ने, लात हान्ने, जलाउने, लट्ठीले हिर्काउने, चक्कुको प्रयोग गर्ने, महिला र बालबालिकालाई यौनजन्य दुव्यर्वहार गर्ने, महिला बेचबिखन गर्ने, वेश्यावृत्तिमा लाग्न बाध्य गराउने, कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गर्ने र तर्साउने कार्य भौतिक हिंसाको रूपमा लिन सकिन्छ ।
- धम्क्याउनु, गालीगलौज गर्नु र श्रीमान वा अरू आफन्तबाट तिरस्कार गरिनुलाई मानसिक यातनाको रूपमा लिन सकिन्छ । छिटो विवाह, दाइजोमा आधारित हिंसा, यौनजन्य दुर्व्यवहार, बहुविवाह र वैवाहिक बलात्कार पनि मानसिक यातनाका स्वरूपहरू हुन् ।
- महिलाको स्वास्थ्यमा असर पार्ने खालका छाउपडी, देउकी प्रथा र महिलालाई बोक्सीको आरोप लगाइने कार्य पनि लैङ्गिक हिंसाका उदाहरणका रूपमा लिन सकिन्छ ।
- महिला र पुरुष दुवै हिंसाका शिकार वा अपराधी हुन सक्छन् ।
- लैङ्गिक हिंसाले महिलाको स्वास्थ्य सेवामा पहुँचप्रति अवरोध पुऱ्याउँछ । परिणाम स्वरूप उनीहरूको भौतिक तथा मानिसक स्वास्थ्यप्रति नकारात्मक असर पर्न जान्छ ।
- समाजमा यस्ता घटनाहरू घटिरहेका छन् कि छैनन् भनी पत्ता लगाई पिडित महिला तथा बालिकाहरूलाई सहयोग गर्ने कार्य महत्वपूर्ण हुन्छ । स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले त्यस्ता घटनाहरू पहिचान भएको सुनिश्चित गर्नुपर्छ र स्वास्थ्य केन्द्रका कर्मचारी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकले त्यस्ता पिडितहरूलाई सहयोग गर्नुपर्दछ । सहयोग सेवाहरू तोकिएको जिल्ला अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र,नेपाल प्रहरीको जिल्ला स्थित महिला तथा बालबालिका सेवा केन्द्र, र महिला तथा बालबालिका विकास कार्यालयका साथै समाजमा महिलाको अधिकारको क्षेत्रमा काम गरिरहेका स्थानीय गैरसरकारी संस्थाहरूमा उपलब्ध छ ।

समावेशीकरण गर्नुपर्ने मुख्य कारणहरु

- देशको समतामूलक विकासको लागि ।
- मानवताको दृष्टिकोणबाट ।
- अधिकार परिपूर्ति गर्न ।
- स्वस्थ हुन पाउनु सबैको जन्मसिद्ध अधिकार हो भन्ने कुरामा जोड दिन ।
- स्वस्थ समाजको निर्माण गरी समाजको समष्टिगत विकासमा टेवा पुऱ्याउन ।
- स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रम सबैको साझा सम्पत्ति भएकाले ।
- सरुवा रोगहरु एवं अन्य समस्याहरुको समाधान नभए बिस्तारै अरुलाई पनि सर्ने भएकाले । जस्तैः हैजा, आउँ, क्षयरोग, झाडापखाला आदि ।

सेवामा पहुँच नपुगेका व्यक्ति तथा समुदायलाई पहिचान गर्ने तरिका

सेवामा पहुँच नपुगेका समुदायहरुको पहिचान गर्नु समावेशीकरण प्रक्रियाको एउटा महत्वपूर्ण चरण हो । यसमा केही प्रमख विधिहरु निम्न अनुसार छन् :

- स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण
- समाजिक नक्सा आदि ।

स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण

स्वास्थ्य संस्थामा सेवा दिनुपर्ने लक्षित जनसमुदाय र स्वास्थ्य संस्थाबाट सेवा लिएकाहरुको बारे विस्तृत जानकारी विभिन्न रेकर्ड फाइलहरुमा रेकर्ड गरिएको हुन्छ । उदाहरणका निम्ति मूल दर्ता रजिष्टर, सेवा रजिष्टर, मासिक अनुगमन पुस्तिका आदि । उक्त रेकर्डहरुलाई केलाएर हेरेमा पनि सेवा दिनुपर्ने र सेवा लिन समितिद्वारा स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण छुट भएका समुदायहरु पत्ता लगाउन सकिन्छ । छुटको पत्ता लगेको जनसंख्यालाई सेवाको दायरामा ल्याई समावेशीकरण गर्नुपर्दछ ।

व्यवस्थापन समितिद्वारा स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण

सामाजिक नक्सा

सामाजिक नक्सामा गरिब तथा सामाजिक समावेशीकरणको दृष्टिले लक्षित व्यक्तिहरु को हुन्, कति छन्, उनीहरुको बसोबास कहाँ कहाँ छ र सेवा सुविधा र स्रोतहरुबाट कति दूरीमा रहेका छन् भन्ने कुरा प्रष्ट देखाइन्छ ।

समितिद्वारा गा.वि.स. को सामाजिक नक्सा बनाउँदै

सेवा पुग्न नसकेको समूहहरू तथा समुदायहरूलाई समेट्ने गरी स्वास्थ्य सेवा तथा कार्यक्रमको योजना तर्जुमा गर्ने कार्यमा सामाजिक नक्साको प्रयोग गर्नुपर्दछ । सामाजिक नक्सा समितिका सबै सदस्यको उपस्थितिमा बनाउनु पर्दछ र तत्पश्चात् वार्षिक रूपमा अद्यावधिक गर्नुपर्दछ । सामाजिक नक्सालाई स्वास्थ्य सेवाको पहुँच र प्रयोगमा – विशेषगरी सबै वञ्चित समूहहरूमा भएको सुधारको अनुगमन गर्न प्रयोग गर्न सकिन्छ ।

सामाजिक नक्सामा हुनु पर्ने कुराहरु

- घरधुरी (जातजाति, महिला घरमूली भएको घरधुरीका आधारमा खण्डीकृत गरिएको)
- प्राकृतिक स्रातहरु (वन जंगल, खोला, पानीको मुहान आदि)
- भौतिक स्रोतहरु (स्वास्थ्य संस्था, गाउँघर र खोप क्लिनिक केन्द्रहरु, औषधि पसलहरु, विद्यालय, सामुदायिक भवन, बाटो, कुलो, पिउने पानी, क्याम्पस आदि)

सामाजिक नक्सा तयार गर्दा ध्यान दिनुपर्ने कुराहरु

- सर्वप्रथम समुदायको अवलोकन भ्रमण गर्ने, सामान्य अवस्थाको विश्लेषण गर्ने ।
- सामाजिक नक्सा किन बनाउने भन्ने कुरा प्रष्ट पार्ने ।
- समुदायका सबै वर्ग समुदायको सहभागिता सुनिश्चित गर्ने ।
- एक दुई जना नक्सा कोर्न सक्ने व्यक्तिलाई नक्सा कोर्न लगाउने र अन्य सबैलाई सहयोग गर्न लगाउने ।
- स्थानीय स्रोत साधनको प्रयोग गरी नक्सामा बाटो, घर, वन, स्वास्थ्य संस्था, खोप तथा गाउँघर, क्लिनिक, खोला, गरीब र सेवाको पहुँच नपुगका घरधुरी आदिलाई देखाउन छुट्टाछुट्टै रंग वा चीजको प्रयोग गरी बनाउने ।

- विभिन्न विषय अनुसार स्थानीय समुदायले बुझ्ने खालका संकतहरु स्पष्ट देखाउनु पर्दछ ।
- नक्सामा देखाउने कुराहरु के के हुन् तिनको चेक लिष्ट तयार गर्ने ।
- बीच-बीचमा छलफल गर्दै आवश्यक सूचनाहरु निकाल्ने ।
- सामाजिक नक्साको परिणामहरूलाई निश्चित समुदाय वा समूहका व्यक्तिको सेवामा किन कम पहुँच छ भनी विश्लेषण सुरु गर्न प्रयोग गर्नुहोस् । (उदाहरणको लागि वित्तिय स्रोतको कमी भएर, सेवा लिन टाढा जानुपर्ने भएर, भाषिक अवरोधका कारण, विभेदको पूर्व अनुभव भएर, परिवारका सदस्यबाट सिमित सहयोग भएर, आदि)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत गर्नुपर्ने कार्यहरू

स्वास्थ्य सेवाबाट वञ्चित वर्गलाई समावेशीकरण गर्नका लागि निम्न दुई तहमा कार्यहरु सञ्चालन गर्नुपर्दछ ।

समुदाय तहमा

- अतिरिक्त प्रयासहरू समेत जुटाइ सेवा प्राप्त गर्न नसकेका समूहहरूले सूचना पाएको सुनिश्चित गर्ने गरी समुदायमा सेवाबारे जानकारी गराउने ।
- सेवाको पहुँच समुदाय तहसम्म बढाउने ।
- समुदायको कुरा स्वास्थ्य संस्थासम्म पुऱ्याउन सक्षम बनाउने ।
- आत्मविश्वास र आत्मसम्मान जागृत गर्ने ।
- सेवा लिन नआउनाको कारण पत्ता लगाएर बाधा हटाउने ।
- समुदायमा सेवा विस्तारका लागि आवश्यक विषयवस्तुमा स्वास्थ्य प्रवर्द्धन गर्न नियमित रूपमा संवाद, अन्तरक्रिया सञ्चालन गर्ने ।
- महिलाको प्रजनन अधिकार, र त्यस्तो सेवामा पहुँच कायम गर्न परिवारका सबै सदस्यहरूले महिलालाई सहयोग गर्नुपर्ने आवश्यकताका बारेमा छलफल गर्न समुदायमा नियमित संवाद र अन्तरक्रियाको आयोजना गर्ने ।
- स्वास्थ्य संस्थामा उपलब्ध सेवाहरु गुणस्तरीय र प्रभावकारी बनाउन समुदयबाट सहयोगका लागि पहल गर्ने ।

स्वास्थ्य संस्था तहमा

- सबैलाई समान व्यवहार गर्ने (सामाजिक र आर्थिक पृष्ठभूमि भएका कारण गरिने भेदभाव र हेला स्वीकार्य नहुने र त्यस्तो व्यवहार गर्नेलाई कारवाही गरिने)
- सबै भाषा, धर्म र संस्कृतिको सम्मान गर्दै सेवाहरु प्रदान गर्न उपयुक्त तरिकाको उपायहरुको खोजी गर्ने ।
- मूल दर्ता रजिष्टरमा सेवाग्राहीहरुको पूरा नाम, थर, लिङ्ग, उमेर ठेगाना र समस्या लेख्ने ।
- समय समयमा स्वास्थ्य संस्थाको तथ्याङ्क विश्लेषण गर्ने र सेवाको पहुँच नभएकाहरूको पहिचान गरी किन उनीहरूको सेवामा पहुँच नभएको हो भन्ने विश्लेषण गरी समाधानका उपायहरूको खोजी गर्ने ।
- उपलब्ध सेवा तथा कार्यक्रहरुलाई नियमित र प्रभावकारी बनाउन पहल गर्ने ।
- सेवा पुग्न नसकेका र वञ्चित परिवारहरूसम्म सेवा पुग्ने गरी सेवाको पहुँच बढाउन आवश्यकता अनुसार विशेष कार्यक्रमहरूको व्यवस्था गर्ने ।
- कार्यालय समय अनुसार स्वास्थ्य संस्था खोली सेवा दिने व्यवस्था मिलाउने ।
- सामाजिक परीक्षण गरी सेवाबारे समुदायलाई यथार्थ जानकारी दिने ।

स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता

स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको पृष्ठभूमी

हाल २८ जिल्लाका कुल १४३३ स्वास्थ्य संस्थाहरु स्थानीय निकायमा हस्तान्तरण भए तापनि जुन उद्देश्य लिएर हस्तान्तरण भएको हो सो अनुरूप काम हुन सकेको छैन । यसै कारण स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमकोआवश्यकता टड्कारो रूपमा महसुस गरिएको छ ।

विगतमा विभिन्न संघ संस्थाबाट समितिको क्षमता अभिवृद्धि प्रयासका सिकाइहरुलाई लिएर राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको अगुवाइमा नेपाल परिवार स्वास्थ्य कार्यक्रम तथा अन्य संघ संस्थाहरुको सहयोगमा ती हस्तान्तरित स्वस्थ्य संस्थाका समितिहरुको क्षमता अभिवृद्धि गर्नका निम्ति यो कार्यक्रम तय गरिएको छ । प्रस्तुत कार्यक्रम विशेषतः हस्तान्तरित समितिलाई लक्षित गरेर तयार पारिए तापनि हस्तान्तरण नभएको स्वास्थ्य संस्थाका समितिहरुको क्षमता अभिवृद्धि गर्नु पनि यो कार्यक्रम उत्तिकै सान्दर्भिक हुने अनुभवले देखिएको छ ।

कुनै पनि समुदायको स्वास्थ्य स्थिति राम्रो बनाउन त्यस समुदायको सहभागिता पनि अपरिहार्य हुन्छ । स्वास्थ्यमा स्थानीय समुदायको भूमिकालाई महत्व दिंदै स्थानीय स्वास्थ्य संस्थाहरु समुदायमा हस्तान्तरण गर्ने क्रम जारी छ । हस्तान्तरण पछि स्वास्थ्य संस्थाको व्यवस्थापनको जिम्मा स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काँधमा आएको छ । स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्य संस्था र समुदाय दुबैको प्रतिनिधित्व हुने गरी गठन गरिएको छ ।

समुदायमा त्यहाँको स्वास्थ्य स्थिति राम्रो हुनको निम्ति समुदाय र स्वास्थ्य संस्था बिचमा समन्वय हुन आवश्यक छ । सामान्य भाषामा त्यो समन्वय भनेको स्वास्थ्य संस्थाले सेवा दिने र समुदायले सेवा लिनेको बीचमा हुनुपर्ने कार्य हो, जसको लागि स्वास्थ्य संस्था र समुदाय दुबैले आ-आफ्नो तर्फबाटै जिम्मेवारीहरु वहन गर्नुपर्ने हुन्छ । दुबै पक्षहरुबाट निर्वाह गर्नुपर्ने भूमिका तथा जिम्मेवारी भए नभएको हेर्ने एउटा कुनै निकाय आवश्यक हुन्छ । उक्त निकाय अहिलेको अवस्थामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति हो । यस कार्यक्रमले मुख्य गरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी समुदाय र स्वास्थ्य संस्था बिचको समन्वयलाई बलियो बनाउने लक्ष्य राखेको छ ।

माथि उल्लिखित अवधारणालाई तलको स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रम अवधारणा चित्र मार्फत अझ प्रष्ट पार्न सकिन्छ :

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका गठन तथा निर्माण हस्तान्तरण निर्देशिका २०६३-मन्त्रि परिषदबाट मिति २०६० मंसिर २५ गते स्विकृत भए बमोजिम



स्वास्थ्य संस्थाले निर्वाह गर्नु पर्ने भूमिका:

- आवश्यक सेवाहरू प्रदान गर्ने
- भौतिक पूर्वाधारको व्यवस्था मिलाउने
- तालिम प्राप्त कर्मचारीको व्यवस्था मिलाउने
- औषधिको व्यवस्था मिलाउने
- औजार उपकरणको व्यवस्था गर्ने
- स्वास्थ्य सम्बन्धी परामर्श सेवा दिने
- सेवा सम्बन्धी जानकारी दिने

समुदायले निर्वाह गर्नु पर्ने भूमिका

- सेवाको उपभोग गर्ने
- सेवा लिन जान अन्य मानिसलाई उत्प्रेरणा जगाउने
- सेवाबारे समुदायमा माग बढाउने
- स्वास्थ्य सस्थाको रेखदेख गर्ने
- स्वास्थ्य संस्थालाई आवश्यक स्रोतहरूको जगेर्ना गर्न सहयोग गर्ने
- स्वस्थ आनीबानी अपनाउने

सुदृढीकरण कार्यक्रमको उद्देश्य

- समितिका सदस्यहरुको व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गर्न ।
- स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढ गर्न ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा तथा कार्यक्रमहरु गुणस्तर र प्रभावकारी बनाउनुका साथै सेवाको प्रयोग दर बढाउन ।
- स्वास्थ्य संस्थाको व्यवस्थापन गर्नुका साथै व्यवस्थापकीय पक्षमा क्षमता अभिवृद्धि गर्न ।
- स्थानीय स्तरका समस्याहरु स्थानीय स्तरबाट नै पहिचान गरी समाधान गर्न ।
- स्थानीय स्वास्थ्य आवश्यकता अनुरुप वास्तविक योजना तर्जुमा गर्न ।

- स्वास्थ्य सेवा सम्बन्धी प्रावधान तथा पहुंचमा लैङ्गिक संवेदनशील र सामाजिक समावेशीकरण भएको कुरा सुनिश्चित गर्न ।
- स्वास्थ्य संस्थामा सुशासन कायम गर्न ।

यस कार्यक्रमले लिएको उद्देश्य प्राप्त गर्न एक वर्षको अवधिमा व्यवस्थापन समितिलाई संस्थागत रुपमा अगाडी बढाउन विभिन्न कार्यहरु प्रक्रियागत रूपमा गर्नुपर्ने हुन्छ । ती कार्यहरुलाई तलको कार्यक्रम कार्यान्वयन प्रक्रिया रेखांङ्कन चित्रद्वारा प्रष्ट पार्न सकिन्छ ।



यस कार्यक्रम अन्तर्गत सुरुमा तीन दिने व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तालिम गरिन्छ ।

- उक्त तीन दिने तालिममा स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी अत्यावश्यक ज्ञान र सीपहरु प्रदान गरिन्छ ।
- सोही तालिममा व्यवस्थापन सुरुवातमा समितिको हालको अवस्थाको विश्लेषण सहभागीमूलक ढंगबाट गरिन्छ ।
- तत् पश्चात् वर्षभरिनै प्रत्येक २ महिनामा समितिलाई आवश्यक सहयोग गर्न प्राविधिक सहयोग भ्रमण (सहयोगात्मक सुपरिवेक्षण) गरिन्छ, सुपरिवेक्षण भ्रमण गर्दा प्रयोग गरिने चेकलिष्ट तल उल्लेख गरिएको छ ।
- तीन दिने तालिमको पाँच महिना पश्चात प्रथम समीक्षा गोष्ठी राखी समितिलाई थप ज्ञान र सीप प्रदान गरिन्छ ।

प्रथम समीक्षा गोष्ठीको पाँच महिना पश्चात् दशौं महिनामा दोस्रो समीक्षा गोष्ठी राखी थप ज्ञान र सीप प्रदान गरिन्छ । अन्तमा समितिको अवस्था कहाँ पुग्यो भनी सहभागितामूलकढंगले कार्यक्रमको मूल्याङ्कन गरिन्छ । एक वर्षको समयभित्र समितिसँग छलफल हुने विषयवस्तुहरु साधारणबाट क्रमशः जटिल विषयहरुमा प्रवेश गर्ने गरी प्रस्तुत गरिएका छन् ।

केन्द्र, क्षेत्र तथा जिल्ला स्तरबाट स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको द्वैमासिक रुपमा सुपरिवेक्षण गर्दा प्रयोग गरिने चेकलिष्ट

हरेक दुई महिनामा केन्द्र, क्षेत्र, जिल्ला विकास समितिको कार्यालय, जिल्ला (जन) स्वास्थ्य कार्यालय वा अन्य संघ संस्था वाट स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको सुपरिवेक्षणमा जानु हुने सुपरिवेक्षकले यो चेकलिष्टको प्रयोग गर्नुहोस् । स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका संदस्यहरुको समितिमा सहभागिता र संलग्नता कस्तो छ भनि बुझ्न समितिका सदस्यहरुसित व्यतिगत रुपमा वा समुहमा छलफल गरी यो चेकलिष्टको प्रयोग गर्नुहोस् ।

यस सुपरिवेक्षण चेकलिष्ट व्यवस्थापन समितिको मासिक बैठक सञ्चालन हुँदा भर्नु पर्दछ । छलफलको क्रममा आएका कुराहरुको यकिन गर्नका लागि र केही सूचना संकलन गर्न मासिक बैठकको निर्णय पनि हेर्नुहोस् ।

सुपरिवेक्षण भ्रमण पश्चात फारमको एक प्रति सो स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको रेकर्डको लागि छोडिदिनुहोस् । अर्को एक प्रति जिल्ला (जन) स्वास्थ्य कार्यालयमा सुपरिवेक्षणको नतिजा तथा कार्यान्वयनको लागि बुझाउनु पर्नेछ ।

सुपरिवेक्षकको नाम :..... पदः .....

जिल्लाको नामः..... गा.वि.सः .....

सुपरिवेक्षण गरिएको व्यवस्थापन समितिको नामः .....

सुपरिवेक्षण गरिएको मितिः .....

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठक अवलोकन				
क्र.सं.	मापदण्ड	छ	छैन	सुझावहरु
१.	स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मासिक बैठक नियमित बस्ने गरेको छ ? अन्तिम बैठक कहिले बसेको थियो ? अन्तिम बैठकको मिति :.....			
२.	स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अघिल्लो महिनाको बैठकमा प्रस्ताव गरेका विषय वस्तुहरु के के हुन् ? पिछडिएका वर्गका सदस्यहरुले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अघिल्लो महिनाको बैठकमा प्रस्ताव गरेका विषय संख्या ..... प्रस्ताव १ ..... प्रस्ताव २ ..... प्रस्ताव ३ ..... महिला सदस्यहरुले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अघिल्लो महिनाको बैठकमा प्रस्ताव गरेका विषय संख्या ..... प्रस्ताव १ ..... प्रस्ताव २ ..... प्रस्ताव ३			

३.	समितिको मासिक बैठकमा पिछडिएका वर्ग तथा महिलाले उठाएका स्वास्थ्य सम्बन्धी समस्या र प्राथमिकताहरुलाई मासिक बैठकमा योजना र निर्णय गर्ने प्रकृयामा कत्तिको महत्व दिने गरेको छ ?			
समिति समक्ष समुहमा छलफल				
४.	स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु आफ्नो भूमिका र दायित्व प्रति सचेत छन् ? ● कर्मचारी व्यवस्थापन ● भौतिक पूर्वाधार ● औषधि र उपकरण ● लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ● योजना/ कार्यान्वयन/ मूल्याङ्कन ● सञ्चार, समन्वय र सहयोग ● सुशासन			
५.	स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु स्वास्थ्य संस्थाले उपलब्ध गराउने स्वास्थ्य सेवाका बारेमा जानकार छन् ?			
६.	के बितेका तीन महिनामा स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा उपलब्ध गराउने क्रममा कुनै समस्याको सामना गर्नुपरेको छ ? जस्तैः ● कर्मचारी व्यवस्थापन ● भौतिक पूर्वाधार ● औषधि र उपकरण ● योजना/ कार्यान्वयन/ मूल्याङ्कन ● सुशासन ● अन्य			
७.	स्वास्थ्य संस्था तथा गा.वि.स. को सुपरिवेक्षणका लागि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले चेकलिष्टसहितको सुपरिवेक्षण योजना बनाएको छ ? यदि छ भने त्यसमा के के रहेका छन् ? १..... २.....			
८.	बिगत दुई महिनामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्था तथा गा.वि.स. को सुपरिवेक्षण गरको छ ? यदि छ भने सुपरिवेक्षण गरेको पटक			
९.	बिगत दुई महिनामा स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिद्वारा स्रोतहरु को पहिचान भएको छ ? यदि छ भने के कस्ता स्रोतहरुको पहिचान गरेको छ ? १..... २.....			

१०.	यदि श्रोतहरु पहिचान भएका छन् भने गत दुई महिनामा ति मध्ये कुन कुन श्रोत परिचालित भएका छन् ? १..... २.....			
११.	यदि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा अतिरिक्त स्रोतहरु हुन्थे भने ती स्रोतहरु के को लागि परिचालन गर्नुहुन्थ्यो ? (बहुउत्तर) रु प्रसुति केन्द्र रु अस्पताल बाहिरका स्वास्थ्य शिविर रु नयाँ कर्मचारी भर्ना रु स्वास्थ्य संस्थामा गोपनीय कक्ष सुधार रु अन्य (सूची) रु थाहा छैन			
१२.	स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्ययोजना कति समयमा परिमार्जन गर्ने गर्नुभएको छ ?			
१३.	के अघिल्लो ६ महिनामा कार्ययोजना परिमार्जन भएको छ ? छ भने कहिले परिमार्जन गर्नुभयो ?..... यदि छैन भने नगर्नुको कारण बताउनुहोस् ।			
१४.	स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष/सदस्य सचिवले जिल्ला जनस्वास्थ्य कार्यालय वा जिविससँग विगत दुई महिनामा कार्ययोजना तर्जूमा बैठकमा भएका कुनै विषयहरुको बारेमा जानकारी गराएका छन् ? १..... २..... ३.....			
१५.	स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति बाट तपाईहरु सामुदायिक बैठक (आमा समुह, उपभोक्ता समिति, वडा समिति, नागरिक सचेतना केन्द्र, इत्यादि) मा सहभागी हुनु भएको छ ? छ भने, गत दुई महिनामा कतिवटा बैठकमा सहभागी हनु भयो ? संख्या			
१६.	के स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले हाल सम्म समूह छलफल चलाएको छ ? छ भने, कति वटा चलाएको छ ? संख्या ..... (छलफल चलाएको छैन भने प्रश्न नं. १७ देखि १९ सम्मका प्रश्नको उत्तर दिनु नपर्ने)			
१७.	समुह छलफलमा महिला स्वास्थ्य सम्बन्धी उठेका मुद्दा/सवालहरु के के हुन् ? उल्लेख गर्नुहोस् । १..... २..... ३.....			

१८.	सामुदायिक छलफलमा बालस्वास्थ्य सम्बन्धी उठेका मुद्दा/सवालहरु के के हुन् ? उल्लेख गर्नुहोस् । १..... २..... ३.....			
१९.	सामुदायिक छलफलमा गरिब तथा पिछडिएका वर्गको स्वास्थ्य सम्बन्धी उठेका मुद्दा/सवालहरु के के हुन् ? उल्लेख गर्नुहोस् । १..... २..... ३.....			
२०.	यस सुपरिवेक्षण भ्रमण भन्दा अगाडि अन्य कोही सुपरिवेक्षण भ्रमणमा आउनु भएको थियो ? सुपरिवेक्षकको नाम र पद :..... ठेगाना:.....मिति:.....			
स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य खासगरी महिला तथा पिछडिएका वर्गका सदस्यहरुसँग विशेष छलफल				
२१.	महिला तथा पिछडिएका वर्गका व्यक्तिहरुलाई उनीहरुले आफ्ना भनाइ बैठकमा राख्न सक्छन् र उनीहरुको भनाइलाई बैठकको निर्णय प्रक्रियामा पनि समावेश गरिन्छ भन्ने लागेको छ वा छैन ?			
	(यदि छैन भन्ने उतर आएमा किन त्यस्तो लाग्छ भनि खोतल्नुहोस्) महिला तथा पिछडिएका वर्गका व्यक्तिहरुले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा संलग्न रहँदा वा निर्णय प्रक्रियामा सहभागी हुँदा पाएका सफलता र सामना गर्नुपरेका चुनौतीहरु उल्लेख गर्नुहोस् ।			

पृष्ठपोषण:

सकारात्मक प्रतिक्रिया/ निष्कर्ष

१. .....

२. .....

३. .....

४. .....

सुधारका क्षेत्रहरु/सुझाव:

१. .....

२. .....

३. .....

४. .....

स्वस्थ जीवनः
'हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी'

मानव जीवनका लागि स्वस्थ शरीर ज्यादै महत्वपूर्ण छ। यदि हामी स्वस्थ भयौं भने हामीले चाहेका कामहरु जस्तैः पढ्न, खेतवारीमा काम गर्न, कार्यालयमा काम गर्न, इच्छा अनुसारको खाना खान र भ्रमण गर्न, सामाजिक कार्यहरु आदि गर्न सक्छौं। यसबाट मानिसलाई परिवार र समाजमा एक आपसमा मिलेर सम्मानजनक जीवनयापन गर्न सघाउ पुऱ्याउँछ। मानिस स्वस्थ भएमा मात्र उसले मानव जीवनमा पाउनु पर्ने सुख वा आनन्दको अनुभूति गर्न सक्दछ।

तर यदि कुनै कारणले ऊ लामो अवधिसम्म बिरामी वा रोगी भएमा उसले चाहेको काम गर्न सक्दैन, खान सक्दैन, चाहेको ठाउँमा घुम्न जान सक्दैन, सधैं आफ्नो रोग र आफ्नो शरीरलाई स्याहार गर्दैमा अधिकांश समय बित्दछ। रोग निको पार्न आफूसँग भएको धनसम्पत्ति पनि खेर जान्छ। पढ्न र काम गर्न नसक्ने भए पछि आय आर्जन गर्ने काम पनि गर्न सक्दैन। उसलाई घर परिवार तथा समाजले पनि हेलाको दृष्टिकोणबाट हेर्न थाल्दछन्। यी सम्पूर्ण कारणले गर्दा ऊ जीवनदेखि निराश हुन थाल्दछ।

स्वस्थ हुनको यही महत्वलाई ध्यान दिएर "स्वास्थ्य नै धन हो" र "यो संसारमा स्वस्थ भएर बाँच्नु जस्तो सुख अरु केही पनि छैन" जस्ता भनाइहरु भन्ने गरेको पाइन्छ। स्वस्थ भएर जिउँदा हुने फाइदाहरु र बिरामी वा रोगी भएर बाँच्दा हुने बेफाइदाहरुलाई केलाउँदा पनि जो कोही पनि स्वस्थ जीवनयापन गर्न चाहन्छन्। सबै जनता स्वस्थ भई आफ्नो र समाजका लागि पनि उत्पादनमूलक काम गर्न सकून् भनेर सरकारले पनि स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको हुन्छ। हाम्रो नेपालमा पनि सरकारले आफ्नो क्षमताले भ्याएसम्म गाउँघरसम्म उपचारात्मक, प्रतीकारात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिरहेको छ। साथै नेपालको अन्तरिम संविधान २०६३ ले "सबै नागरिकलाई राज्यले निर्धारण गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार हुनेछ" भनी स्वीकार्दै स्वास्थ्यलाई प्रत्येक नागरिकको आधारभूत अधिकारको रूपमा स्थापित गरेको छ।

मानिसले कुनै कुरा चाहेर त्यसै प्राप्त गर्न सक्दैन। आफूले चाहेको कुरा प्राप्त गर्नका लागि उसले आवश्यक कर्म गर्नु पर्दछ। जस्तैः हामीले हाम्रो खेतबारीमा धेरै अन्न उब्जाउनका लागि ठीक तरिकाले बीउ, मल, जल, गोडमेल गर्नु पर्दछ। त्यसपछि मात्र चाहे जस्तो अन्न उब्जने संभावना हुन्छ। त्यसै गरी हामीले स्वस्थ शरीर बनाउन र बाँच्नका लागि स्वस्थ बानी व्यवहार अपनाउनु पर्दछ। त्यस पछि मात्र शरीर स्वस्थ हुन्छ।

एउटा व्यक्ति स्वस्थ हुन सर्वप्रथम त ऊ आफैको जिम्मेवारी हुन्छ किनभने व्यक्ति आफैले स्वस्थ आचरण र व्यवहार नगरेसम्म स्वस्थ हुन सक्दैन। त्यसै गरी व्यक्तिलाई आवश्यक स्वास्थ्य सेवा र सल्लाह प्रदान गर्नु स्वास्थ्य संस्थाको जिम्मेवारी हुन्छ। त्यसैले व्यक्ति परिवार वा समुदायको स्वास्थ्य अवस्था राम्रो गर्न समुदाय र स्वास्थ्य संस्था दुबैको जिम्मेवारी हुन्छ। यसरी व्यक्ति तथा परिवारले सेवा लिने, स्वास्थ्य संस्थाले सेवा दिने र समुदायले स्वास्थ्य संस्थाको व्यवस्थापन गरेमा मात्र समग्र समुदायको स्वास्थ्य स्तर सुधार हुन सक्दछ।

सामाजिक, आर्थिक तथा भौगोलिक अवस्थाका कारण धेरै मानिसहरूले उच्चस्तरको स्वास्थ्य सेवा लिन चुनौतिहरूको सामना गर्नुपर्दछ । उदाहरणको लागि, स्वास्थ्य संस्थाबाट टाढा बस्नेहरूले लामो दूरीका साथै गाह्रो बाटो वा अत्यधिक यातायात खर्चका कारण समयमै स्वास्थ्य सेवा नपाउन सक्दछन् । दलितहरू उनीहरूको जातको कारण भेदभाव गरिएको वा पहिले कुनै सेवा प्रदायकबाट नराम्रो व्यवहार गरिएको भए स्वास्थ्य संस्था जान इच्छुक नहुन सक्छन् । महिलाहरू समय अभावका कारण वा परिवारका सदस्यबाट पूर्ण सहयोगको अभावमा पूर्व प्रसूति सेवा लिन सक्षम नहुन सक्छन् । स्वास्थ्य संस्थाहरू वा स्वास्थ्य कार्यक्रमको व्यवस्थापन गर्दा यस्ता तत्वहरूलाई सम्बोधन गरिनु महत्वपूर्ण हुन्छ । व्यक्ति, परिवार र समुदायको स्वास्थ्य अवस्था राम्रो राख्नु समुदाय र स्वास्थ्य संस्था दुवैको जिम्मेवारी हो । समुदायका सबै सदस्यहरू विशेषगरी आर्थिक, सामाजिक, सांस्कतिक, लैङ्गिक र भौगोलिक रुपले बन्चितिमा परेका समुदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी स्वास्थ्य संस्थाको व्यवस्थापन गर्ने जिम्मेवारी स्वास्थ्य संस्था व्यवस्थापन समितिको हुन्छ ।

स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरू

नेपाल सरकारले जिल्ला भन्दा तल तीन किसिमका स्वास्थ्य संस्थाहरु व्यवस्था गरेको छ । ती तीन किसिमका स्वास्थ्य संस्थाहरु क्रमशः प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी हुन् । यी तीनै किसिमका स्वास्थ्य संस्थाहरुबाट मुख्य गरी तीन किसिमका सेवाहरु प्रदान गरिन्छन् । ती तीनै किसिमका सेवाहरुलाई तलका चित्रद्वारा प्रष्ट पार्न खोजिएको छ :



उपचारात्मक सेवाः

रोग लागिसकेपछि रोग निको पार्न दिइने सेवालाई उपचारात्मक सेवा भनिन्छ । जस्तैः रतन्धो भएकोलाई भिटामिन "ए" क्याप्सुल दिई उपचार गर्नु, ज्वरोमा Paracetamol र निदान पछि अन्य औषधि दिनु आदि ।

प्रवर्द्धनात्मक सेवाः

खानपान र जीवन शैलीमा सुधार ल्याई भविष्यमा रोग लाग्नबाट बचाउन दिइने सेवा (जस्तैः परामर्श, आहार/विहार) लाई प्रवर्द्धनात्मक सेवा भनिन्छ ।

प्रतिकारात्मक सेवाः

रोग लाग्नबाट बचाउन रोग लाग्नुभन्दा अगाडि नै दिइने सेवालाई प्रतीकारात्मक सेवा भनिन्छ । जस्तैः खोप सेवा, भिटामिन "ए" क्याप्सुल वितरण

त्यसैगरी खोपजन्य रोग वालवालिकामा नलागोस भनेर एक वर्षमुनिका सबै वालवालिकालाई समयमै खोपको पूरा मात्रा दिनु पर्दछ भनेर परामर्श, सन्देश दिने कार्य प्रवर्द्धनात्मक सेवा हो, वालवालिकालाई भविष्यमा रोगलाग्नबाट बचाउँन पूरा मात्रामा खोप सेवा दिनु प्रतीकारात्मक सेवा हो भने धनुष्टङ्कार हुँदा एन्टिटिटानस सिरम दिनु उपचारात्मक सेवा हो ।

माथि उल्लिखित स्वास्थ्य संस्थाहरु मध्ये सबैभन्दा तल्लो निकाय उपस्वास्थ्य चौकी हो । उपस्वास्थ्य चौकीभन्दा माथिल्लो स्तरको स्वास्थ्य संस्था स्वास्थ्य चौकी हो भने प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी भन्दा माथिल्लो संस्था हो । उपस्वास्थ्य चौकी हुँदै प्राथमिक स्वास्थ्य केन्द्र र जिल्ला अस्पतालसम्म एउटा प्रेषण प्रणालीको रूपमा रहेको हुन्छ । उपस्वास्थ्य चौकी सबैभन्दा तल्लो तहको स्वास्थ्य संस्था भएको कारण यहाँ विशेष गरी प्रवर्द्धनात्मक र प्रतीकारात्मक सेवाहरुको व्यवस्था गरिएको हुन्छ भने माथिल्लो स्तरको स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा सेवाहरु क्रमशः वृद्धि हुँदै जान्छ । यी तीनै किसिमका स्वास्थ्य संस्थाहरुमा उपलब्ध हुने सेवाहरुबारे छोटकरीमा तल वर्णन गरिएको छ ।

उपस्वास्थ्य चौकी

१. बालस्वास्थ्य कार्यक्रम

☞ **खोप कार्यक्रम**

जन्मेदेखी दुई वर्ष मुनिका वालवालिकालाई खोपतालिका अनुसार निम्न खोपहरु दिनुपर्दछ :

- बि.सि.जि. (जन्मने बित्तिकै वा जन्मेको १ वर्षभित्र लगाउन सकिने) १ पटक लगाउने ।
- डि.पि.टि, हेपाटाइटिस वी. ह्वि I, II, III (बच्चा जन्मेको ४५ दिन पुगेपछि एक एक महीनाको फरकमा ३ पटक)
- पोलियो ओ.पि.भि. I, II, III (बच्चा जन्मेको ४५ दिन पुगेपछि एक एक महीनाको फरकमा ३ पटक)
- *आई.पी.भी. बच्चा जन्मिएको १४ हप्ताको उमेरमा (१ पटक)
- *पि.सी.भी. बच्चा जन्मिएको ६ हप्तामा पहिलो, १० हप्तामा दोस्रो र ९ महिनामा तेस्रो (३ पटक)
- *दादुरा रुबेला- बच्चा जन्मिएको ९ महीनामा पहिलो र १५ महीनामा दोस्रो (२ पटक)
- जापानिज इन्सेफलाइटिस (बच्चा जन्मिएको १२ महीना देखि २३ महीनाको उमेर सम्म (१ पटक) ।
- गर्भवती महिलालाई टि.डी. खोप ।
- खोप सेवासँगै उचित परामर्श दिने ।

नोटः *नियमित खोप कार्यक्रम समावेश नयाँ खोप (आई.पी.भी., पि.सी.भी. र दादुरा-रुबेला दोस्रो मात्रा)

☞ **पोषण कार्यक्रम :**

- जन्मेदेखि पाँच वर्षसम्मका वालवालिकाको पोषणस्थिति पत्ता लगाउन वृद्धि अनुगमन गर्ने ।
- कडा कुपोषण भएका वालवालिकालाई प्रेषण गर्ने ।
- वर्षको दुई पटक छ महीनादेखि एक वर्षसम्मका वालवालिकालाई भिटामिन–ए क्याप्सुल तथा एक वर्ष देखि पाँच वर्षसम्मका वालवालिकालाई भिटामिन ए क्याप्सुलका साथै जुकाको औषधि दिने ।
- कुपोषित वालवालिकालाई भिटामिन ए क्याप्सुल दिई उपचार गर्ने ।
- गर्भवती, सुत्केरी साथै रक्त अल्पता भएका महिलाहरुलाई आईरन चक्की वितरण गर्ने ।
- गर्भवती महिलालाई जुकाको औषधि दिने ।
- सुत्केरी महिलालाई ४५ दिनभित्रमा भिटामिन ए क्याप्सुल दिने ।

समुदायमा आधारित बालरोगको एकिकृत व्यवस्थापन तथा नवजात शिशु स्याहार कार्यक्रम

- झाडापखला भएका पाँच वर्षमुनिका वालवालिकालाई पुनर्जलीय झोलबाट र आवश्यकता
- अनुसार एन्टीवायोटिक तथा जिङ्क चक्कीबाट उपचार दिने ।
- स्वास्थ्य संस्थामा ओ.आर.टि.कर्नरको व्यवस्था गर्ने ।
- पाँच वर्ष मुनिका वालवालिकाहरुको श्वासप्रश्वासको स्थितिको लेखाजोखा गरी निर्धारित मापदण्ड अनुसार उपचार गर्ने ।
- प्रेषण भई आएका बिरामीको प्राथमिकता अनुसार उपचार गर्ने ।
- घरेलु उपचारलाई प्रवर्द्धन गर्ने ।
- परामर्श सेवा प्रदान गर्ने ।
- जटिल प्रकृतिका बिरामीलाई प्रेषण गर्ने ।
- प्रारम्भिक बाल विकास
- खानेपानी तथा सरसफाई
- एच.आई.भि/एड्स

नवशिशुको:

- जन्मिने वित्तिकै हुने श्वास–प्रश्वासको कठिनाई व्यवस्थापन
- संक्रमण नियन्त्रण
- कठ्यांग्रिने समस्याको व्यवस्थापन
- कम तौलको बच्चाको स्याहार

२. परिवार स्वास्थ्य कार्यक्रम

☞ परिवार नियोजन सेवा

- कण्डम, पिल्स बितरण गर्ने ।
- डिपो सुई दिने ।
- आकस्मिक गर्भनिरोधबारे शिक्षा तथा परामर्श दिने ।
- बन्ध्याकरण, आई.यू.डी र ईम्प्लाण्टवारे परमर्श तथा प्रेषण सेवा प्रदान गर्ने ।

☞ सुरक्षित मातृत्व सेवा

➢ पूर्व प्रसूति सेवा

- गर्भवती जाँच सेवा - कम्तीमा चार पटक ।
- नियमित तौल मापन गर्ने ।
- टि. टि. सुई, जुकाको औषधि बितरण गर्ने ।
- आइरन चक्की बितरण गर्ने ।
- पोषण सम्बन्धी परामर्श दिने ।
- सुरक्षित गर्भपतनबारे परामर्श दिने ।

➢ प्रसूति सेवा

- दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसूती सेवा प्रदान गर्ने ।

- अत्यावश्क नवशिशु स्याहारवारे परामर्श दिने ।
- जटिल अवस्थाका विरामीको प्रेषण ।

➢ उत्तर प्रसूति सेवा
- सुत्केरी पश्चात् कम्तीमा तीन पटक सुत्केरी जाँच गर्न
- आइरन चक्की बितरण गर्ने ।
- भिटामिन–ए क्याप्सुल बितरण गर्ने
- नवशिशु स्याहार (स्तनपान, बच्चालाई न्यानो पारेर राख्ने) वारे परामर्श दिने ।
- पोषण सम्बन्धी परामर्श दिने ।

➢ **पाठेघर खस्ने रोगको व्यवस्थापनबारे परामर्श**

☞ **गाउँघर क्लिनिक कार्यक्रम**

☞ **महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम**

☞ **जनसंख्या कार्यक्रम**

३. सामान्य उपचार सेवा
- नियमित रूपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने ।
- सूचिकृत औषधिद्वारा निःशुल्क उपचार सेवा प्रदान गर्ने ।
- आकस्मिक सेवा दिने ।
- परामर्श सेवा दिने ।
- प्रेषण सेवा उपलब्ध गराउने ।

४. राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना कार्यक्रम

☞ विद्यालय स्वास्थ्य शिक्षा

☞ परामर्श सेवा

५. प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम

☞ **राष्ट्रिय निशुल्क स्वास्थ्य सेवा कार्यक्रम**

➢ औषधि आपूर्ति

➢ दर्ता शुल्क अनुदान

☞ **शहरी स्वास्थ्य कार्यक्रम**

➢ नगर स्वास्थ्य केन्द्र

➢ शहरी महिला स्वास्थ्य स्वयंसेविका

☞ **सामाजिक संरक्षण कार्यक्रम**

➢ लक्षित समुहका लागि प्रेषण कार्यक्रम

➢ समता र पहुँच कार्यक्रम

➢ जेष्ठ नागरिक कार्यक्रम

६. ईपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रम

- प्राकृतिक प्रकोप व्यवस्थापन
- किटजन्य रोग नियन्त्रण
- जुनोसिस रोग नियन्त्रण
- सर्भिलेन्स तथा अनुसन्धान

७. राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम

८. राष्ट्रिय कुष्ठरोग नियन्त्रण कार्यक्रम

९. राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम

१०. राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम

११. आपूर्ति सेवा

१२. अभिलेख तथा प्रतिवेदन

१३. लैङ्गिक हिंसाबाट पिडितहरूलाई सहयोग र लैङ्गिक हिंसाकाबारेमा चेतना जगाउने कार्यक्रम

☞ **सेवा उपलब्ध हुने स्थानहरु:**

- तोकिएका जिल्ला अस्पतालहरूको एकद्वार संकट व्यवस्थापन केन्द्र,
- नेपाल प्रहरीको महिला तथा बालबालिकाका सेवा केन्द्र,
- जिल्लास्तरमा महिला तथा बालबालिका विकास कार्यालय,
- समुदायमा महिला अधिकारका क्षेत्रमा काम गर्ने गैससहरू ।

☞ **लैङ्गिक हिंसा एउटा अपराध हो भन्ने कुराको चेतना जगाउन समुदाय शिक्षा/गाउँघर क्लिनिकलाई प्रवर्द्धन गर्ने र सहयोग सेवाहरू कहाँ उपलब्ध छ भनी सूचना फैलाउने ।**

स्वास्थ्य चौकी

☞ **उपस्वास्थ्य चौकीबाट दिइने सबै र अन्य थप सेवाहरु**

- दक्ष स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य संस्थामा प्रसूति सेवा
- परिवार नियोजन तर्फ ईम्प्लान्ट, आइ.यु.डि. सेवा

प्राथमिक स्वास्थ्य केन्द्र

☞ **स्वास्थ्य चौकी स्तरका सबै र अन्य थप सेवाहरु**

- चिकित्सक सेवा
- प्रयोगशाला सेवा - दिसा, पिसाप, खकार, रगत, गर्भवती जाँच (पिसापबाट)
- आकस्मिक सेवा (२४ सै घण्टा)
- अन्तरङ्ग सेवा - तीन वटा शैया प्रसूति सेवाका लागि व्यवस्था गरिएको हुन्छ ।
- परिवार नियोजन तर्फ आइ.यु.डि., ईम्प्लान्ट, पुरुष बन्ध्याकरण सेवा
- प्रसूति सेवा तर्फ २४ घण्टा सुत्केरी सेवा, उपकरण प्रयोग गरी गरिने प्रसूति सेवा

स्वास्थ्य संस्था व्यवस्थापन

निश्चित उद्देश्य प्राप्त गर्न उपलब्ध व्यक्ति वा वस्तुलाई सही ठाउँमा, सही समय, सही तरिकाबाट र सही मात्रामा उपयोग गरी चाँजोपाँजो मिलाई काम गर्नु गराउनु नै तालमेल मिलाउनु हो । तालमेल मिलाउनु भनेको नै व्यवस्थापन हो ।

स्वास्थ्य संस्थाबाट दिइने सेवालाई गुणस्तरीय बनाउन र सबै जनतालाई सेवा प्रदान गर्न स्वास्थ्य संस्थाको व्यवस्थापनको अत्यन्त महत्वपूर्ण स्थान हुन्छ । समुदायमा विशेषगरी सामाजिक, आर्थिक, र भौगोलिक रूपले वञ्चित समूहका मानिसहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी स्वास्थ्य संस्थाको व्यवस्थापन गर्ने जिम्मेवारी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको हुन्छ । त्यसैले यही कुरालाई मध्यनजर राखी नेपाल सरकारले प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको व्यवस्था गरेको हुन्छ । स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई स्वास्थ्य संस्थाको व्यवस्थापन गर्न निम्न व्यवस्थापनका क्षेत्रहरु सम्बन्धी सामान्य ज्ञान हुनु अत्यन्त आवश्यक हुन्छ ।

स्वास्थ्य संस्था व्यवस्थापनका क्षेत्रहरु सम्बन्धी सामान्य ज्ञान

- **कर्मचारी व्यवस्थापन**

  यस अन्तर्गत स्वास्थ्य संस्थामा दरबन्दी अनुसार कर्मचारीको व्यवस्था, स्थानीय स्रोत परिचालन गरी आवश्यक थप कर्मचारीको व्यवस्था, कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको कामको मूल्याङ्कन तथा उत्प्रेरणा र पुरस्कारको व्यवस्था गर्ने आदि पर्दछन् ।

- **भौतिक पूर्वाधार व्यवस्थापन**

  स्वास्थ्य संस्थाको भौतिक पूर्वाधारको व्यवस्थापन पनि अर्को महत्वपूर्ण व्यवस्थापनको क्षेत्र हो । स्वास्थ्य संस्थाको भवन निर्माण, जीणोद्धार, कोठाहरु थप गर्ने, गोपनीयता कायम गर्न पर्दा तथा कोठाको विभाजनको व्यवस्था गर्ने, स्वास्थ्य संस्थाको वरिपरि सरसफाइ, वरीपरि पर्खाल निर्माण र स्वास्थ्य संस्थाका लागि जग्गाको व्यवस्था आदि कुराहरु यस अन्तर्गत पर्दछन् ।

- **औषधि व्यवस्थापन**

  स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधिहरुको उचित व्यवस्था गर्नु पनि एउटा महत्वपूर्ण व्यवस्थापकीय कार्य हो । स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि आवश्यक मात्रामा भए नभएको र नभएमा समय समयमा माग वा खरिद गर्नुपर्ने कुरा यस अर्न्तगत पर्दछन् ।

- **औजार तथा उपकरण व्यवस्थापन**

  स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औजार उपकरणहरुको व्यवस्था अन्तर्गत आवश्यक मात्रामा औजार उपकरणहरु रहेको हुनुपर्ने, ती औजार उपकरणको मर्मत सम्भार तथा नयाँ औजार उपकरणहरुको व्यवस्था गर्ने र त्यसको उचित सरसफाईको व्यवस्था आदिकुराहरु यस अन्तर्गत पर्दछन् ।

- **स्रोत व्यवस्थापन**

स्थानीय स्रोत साधनको व्यवस्था गरी स्वास्थ्य संस्थाको सेवालाई गुणस्तरीय बनाउनु स्वास्थ्य संस्थाको व्यवस्थापकीय कार्य हो ।

यी बाहेक व्यवस्थापन समितिले आवश्यकता अनुसार अरु कुराहरुको पनि व्यवस्थापन गर्नु पर्दछ । यी माथि उल्लिखित कुराहरुको उचित व्यवस्थापन गर्न समितिले आवश्यक योजना तर्जुमा कार्यान्वयन र अनुगमन लगायत समन्वय/संचार कायम गर्नुपर्दछ ।

- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

स्वास्थ्य सेवाहरू कुन– कुन समुदायहरू र सामाजिक तथा आर्थिक समूहहरू सम्म पुगेको छैन भनी पहिचान गर्ने, वञ्चितीमा परेको कारण विश्लेषण गर्ने, र सेवामा पहुँच बढाउन समाधानका उपायहरूको खोजी गर्ने जिम्मेवारी समितिको हो । निर्दिष्ट रूपमा महिलाहरूको सेवामा पहुँच र सोको उपयोगसँग सम्बन्धित समस्याहरूलाई पनि विशेष ध्यान दिइनुपर्दछ । यी चरणहरू वञ्चित समूहहरूसँग सहभागितात्मक ढङ्गले चालिनुपर्छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले "गुणस्तरीय स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय नीति २०६४" लागु गरेकोछ । प्रस्तुत नीतिले चरणबद्ध रुपमा बिभिन्न स्वास्थ्य सेवाहरुको गुणस्तर सुधार गर्दै लैजाने निर्देश गरेको छ । यसै सन्दर्भमा स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाबाट २०६६ मा प्रकाशित स्वास्थ्य सेवाको गुणस्तर सुधार पद्धती कार्यान्वयन निर्देशिकाले स्वास्थ्य संस्था व्यवस्थापक र सेवा प्रदायकहरुलाई स्वास्थ्य संस्थास्तरीय गुणस्तर पद्धतीवारे बोध गराउने, गुणस्तर सुधार पद्धती स्थापना तथा सञ्चालन गर्ने, गुणस्तर सुधारकालागि स्थानीय स्रोत साधन र समुदाय परिचालनका गतिविधिहरु उल्लेख गरिए वमोजिम स्वास्थ्य संस्थाको स्तर अनुसार गुणस्तरीय सुधार टोली गठन गर्नुपर्दछ ।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना

स्वास्थ्य सेवामा सबै जनताको पहुँच होस् र स्वास्थ्य सेवालाई व्यवस्थित गर्न सबै समुदायको सहभागिता होस् भनेर नै स्थानीय स्वास्थ्य संस्थाहरु समुदायमा हस्तान्तरण भएका हुन् । सबैको सहभागितालाई जोड दिँदै हालको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचनालाई पनि समावेशी बनाउने पहल गरिएको छ । समितिको संरचनामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नियमावली/ निर्देशिका अनुरूप स्वास्थ्य संस्थाले समेटेको क्षेत्र भित्रका समुदाय तथा समूहको प्रतिनिधित्व हुनुपर्दछ । समितिमा उल्लिखित सबै सदस्यहरुले विभिन्न समूह/समुदायको प्रतिनिधित्व गर्ने भएको कारण जो/जो जुन/जुन समूहको प्रतिनिधित्व गर्नु हुन्छ, वहाँहरुले आ-आफ्नो समूह/समुदायका स्वास्थ्य समस्याहरुलाई छलफलमा ल्याउनु पर्ने गहन जिम्मेवारी हुन्छ ।

उदाहरणका निम्ति महिला स्वास्थ्य स्वयंसेविकाले आफ्नो आमासमूह र अन्य वहाँ जस्तै स्वयंसेविकासँग स्वास्थ्य सम्बन्धी छलफल गरी समस्याहरुलाई व्यवस्थापन समितिको बैठकमा ल्याउनुँपर्दछ । त्यसै गरी समितिको बैठकमा छलफल भैसकेका महत्वपूर्ण निर्णयहरु आ-आफ्नो समूह समुदायमा आवश्यकता अनुसार जानकारी दिनुपर्ने हुन्छ ।

यसरी समुदायबाट स्वास्थ्यका समस्याहरु संकलन गरी ल्याउने र समितिको नियमित मासिक बैठकमा छलफल गरी त्यहाँ भएका निर्णयहरु पुनः समुदायमा पुऱ्याउने कार्य निरन्तर गरेमा स्वास्थ्यमा समुदायको सहभागिता बढ्न गई अपेक्षित नतिजा हासिल हुने हुन्छ ।

विभिन्न तहमा हुने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना निम्न अनुसार छ :

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना

स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी (गा.वि.स. स्थित)

१. स्वास्थ्य चौकी रहेको गा.वि.स. को अध्यक्ष.....अध्यक्ष
२. स्वास्थ्य चौकी रहेको वडाकी महिला सदस्य.....सदस्य
३. स्वास्थ्य चौकी रहेको गा.वि.स. को स्वास्थ्य क्षेत्र हेर्ने सदस्य.....सदस्य
४. स्वास्थ्य चौकी रहेको गा.वि.स. भित्रका शिक्षण संस्थाहरुका प्रधानाध्यापकहरु मध्येबाट गा.वि.स. ले मनोनीत गरेका एक जना.....सदस्य
५. महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट जिल्ला जनस्वास्थ्य अधिकृतको परामर्शमा गा.वि.स. ले मनोनीत गरेका एक जना.....सदस्य
६. जनजाति र दलित वर्गबाट कम्तीमा एक जना महिला प्रतिनिधित्व हुने गरी स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट मनोनीत दुई जना सदस्य .....सदस्य
७. प्रतिष्ठित समाजसेवीको प्रतिनिधित्व हुने गरी स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी रहेको गा.वि.स.का क्षेत्रबाट गा.वि.स. बाट मनोनीत एक जना महिला.....सदस्य
८. स्वास्थ्य चौकी प्रमुख.....सदस्य सचिव

द्रष्टव्यः

१. गा.वि.स. स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने गैर-सरकारी तथा दातृसस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रित सदस्यका रूपमा संलग्न गराउन सकिनेछ ।

२. गा.वि.स. स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थाका लागि पहिले गठित स्वास्थ्यसँग सम्बन्धित अन्य समितिहरु विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना

प्राथमिक स्वास्थ्य केन्द्र (गा.वि.स स्थित)

१. प्रा.स्वा.के. रहेको सम्बन्धित क्षेत्र (इलाका) को जि.वि.स. सदस्य .....अध्यक्ष

२. प्रा.स्वा.के. रहेको स्थानको स्थानीय गा.वि.स. का निर्वाचित महिला वडा सदस्यहरुमध्ये गा.वि.स. ले मनोनीत गरेको एक जना महिला सदस्य.....सदस्य

३. स्वास्थ्य क्षेत्र हेर्ने जि.वि.स सदस्य.....सदस्य

४. प्रा.स्वा.के. रहेको निर्वाचन क्षेत्रमा रहेका इलाकाबाट प्रतिनिधित्व गर्ने जि.वि.स. सदस्यहरु मध्येबाट जि.वि.स. ले तोकको दुई जना.....सदस्य

५. प्रा.स्वा.के. रहेको निर्वाचन क्षेत्रभित्रका शिक्षण संस्थाहरुका प्राचार्य/क्याम्पस प्रमुख/ प्रधानाध्यापकहरु मध्येबाट जि.वि.स. बाट मनोनीत एकजना.....सदस्य

६. प्रा.स्वा.के रहेको गा.वि.स. का महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट जिल्ला जन स्वास्थ्य अधिकृतको परामर्श अनुसार जि.वि.स. बाट मनोनीत एकजना.....सदस्य

७. जनजाति र दलित वर्गहरुबाट कम्तीमा एकजना महिला प्रतिनिधित्व हुने गरी स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट मनोनीत दुई जना सदस्य.....सदस्य

८. प्रा.स्वा.के रहेको निर्वाचन क्षेत्रभित्रका प्रतिष्ठित समाज सेवीहरुमध्येबाट जि.वि.स. बाट मनोनीत एकजना.....सदस्य

९. जिल्ला स्वास्थ्य प्रमख/जनस्वास्थ्य प्रमुख.....सदस्य

१०. सम्बन्धित गा.वि.स. का अध्यक्ष.....सदस्य

११. प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख.....सदस्य सचिव



द्रष्टव्यः

१. सम्बन्धित क्षेत्रका राष्ट्रिय सभा तथा प्रतिनिधि सभाका माननीय सदस्यहरुलाई जिल्लामा रहेका बखत समितिको बैठकमा आमन्त्रितको रूपमा बोलाउनु पर्नेछ ।

२. जि.वि.स. स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने गैरसरकारी तथा दातृसस्थाका आयोजना/कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रितको रूपमा संलग्न गराउन सकिनेछ ।

३. जि.वि.स. स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थाका लागि पहिले गठित स्वास्थ्यसँग सम्बन्धित अन्य समितिहरु विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. निर्वाचित पदाधिकारी नभएको अवस्थामा दफा ९ अनुसारको सदस्य (जिल्ला (जन) स्वास्थ्य प्रमुख) समितिको अध्यक्ष हुनेछ ।

स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी (नगरपालिका स्थित)

१. स्वास्थ्य चौकी रहेको वडाको अध्यक्ष.....अध्यक्ष

२. स्वास्थ्य चौकी रहेको वडाकी महिला वडासदस्य.....सदस्य

३. स्वास्थ्य चौकी रहेको न.पा. को स्वास्थ्य क्षेत्र हेर्ने समितिको संयोजक.....सदस्य

४. स्वास्थ्य चौकी रहेको कार्यक्षेत्र भित्रका शिक्षण संस्थाहरूका प्रधानाध्यापक मध्येबाट न.पा. ले मनोनीत गरेका एकजना.....सदस्य

५ महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट जिल्ला जनस्वास्थ्य अधिकृतको परामर्शमा न.पा. ले मनोनीत गरेको एकजना.....सदस्य

६. जनजाति र दलित वर्गबाट कम्तीमा एक जना महिला प्रतिनिधित्व हुने गरी स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट मनोनीत दुई जना सदस्य .....सदस्य

७. प्रतिष्ठित समाजसेवीको प्रतिनिधित्व हुने गरी स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी रहेको कार्यक्षेत्र भित्रबाट न.पा. बाट मनोनीत एक जना महिला.....सदस्य

८. स्वास्थ्य चौकी प्रमुख.....सदस्य सचिव

द्रष्टव्यः

१. न.पा. स्तरमा स्वास्थ्यसेवा सेवा प्रवाह गर्ने गैर-सरकारी तथा दातृसंस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरूलाई समितिको बैठकमा आमन्त्रित सदस्यका रूपमा संलग्न गराउन सकिनेछ ।

२. न.पा. स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थाका लागि पहिले गठित स्वास्थ्यसँग सम्बन्धित अन्य समितिहरू विघटन गरी ती समितिहरूले गरी आएको कार्य पनि यसै समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३. न.पा. को वडामा निर्वाचित वडा अध्यक्ष नभएको अवस्थामा वडाध्यक्षको काम गर्न तोकिएको व्यक्तिले नै स्वास्थ्य चौकी व्यवस्थापन समितिको अध्यक्षको काम गर्नेछ ।

प्राथमिक स्वास्थ्य उपचार केन्द्र (नगरपालिका स्थित)

१. प्रा.स्वा.के. रहेको न.पा. का नगर प्रमुख .....अध्यक्ष

२. प्रा.स्वा.के. रहेको न.पा. का निर्वाचित महिला वडा सदस्यहरूमध्ये न.पा. बाट मनोनीत गरेको एक जना महिला सदस्य.....सदस्य

३. स्वास्थ्य क्षेत्र हेर्ने जि.वि.स सदस्य.....सदस्य

४. प्रा.स्वा.के. रहेको निर्वाचन क्षेत्रमा रहेका इलाकाबाट प्रतिनिधित्व गर्ने जि.वि.स. सदस्यहरू मध्येबाट जि.वि.स. ले तोकको दुई जना.....सदस्य

५. प्रा.स्वा.के. रहेको निर्वाचन क्षेत्रभित्रका शिक्षण संस्थाहरूका प्राचार्य/क्याम्पस प्रमुख/ प्रधानाध्यापकहरू मध्येबाट जि.वि.स. बाट मनोनीत एकजना.....सदस्य

६. प्रा.स्वा.के रहेको न.पा. का महिला स्वास्थ्य स्वयं सेविकाहरू मध्येबाट जिल्ला जन स्वास्थ्य अधिकृतको परामर्श अनुसार जि.वि.स. बाट मनोनीत एकजना.....सदस्य

७. जनजाति र दलित वर्गहरूबाट कम्तीमा एकजना महिला प्रतिनिधित्व हुने गरी स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिबाट मनोनीत दुई जना सदस्य.....सदस्य

८. प्रा.स्वा.के रहेको निर्वाचन क्षेत्रभित्रका प्रतिष्ठित समाज सेवीहरू मध्येबाट जि.वि.स. बाट मनोनीत एकजना.....सदस्य

९. जिल्ला स्वास्थ्य प्रमुख/जनस्वास्थ्य प्रमुख.....सदस्य

१०.प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख.....सदस्य सचिव

द्रष्टव्यः

१. सम्बन्धीत क्षेत्रका राष्ट्रिय सभा तथा प्रतिनिधि सभाका माननीय सदस्यहरूलाई जिल्लामा रहेका बखत समितिको बैठकमा आमन्त्रितको रूपमा बोलाउनु पर्नेछ ।

२. जि.वि.स. स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने गैरसरकारी तथा दातृसंस्थाका आयोजना/कार्यक्रमका प्रतिनिधिहरूलाई समितिको बैठकमा आमन्त्रितको रूपमा संलग्न गराउन सकिनेछ ।

३. जि.वि.स. स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थाका लागि पहिले गठित स्वास्थ्यसँग सम्बन्धित अन्य समितिहरू विघटन गरी ती समितिहरूले गरी आएको कार्य पनि यसै समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका मनोनीत पदाधिकारीहरुको पदावधि तथा अवकाश सम्बन्धी व्यवस्था यस प्रकार छ :

१. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । मनोनीत भएको तेस्रो वर्षको चैत्र मसान्तमा पदावधि समाप्त हुनेछ । पदावधि समाप्त भएका सदस्यलाई पुन : अर्को एक पटकका लागि सदस्यमा मनोनीत गर्न सकिनेछ ।

२. समितिका मनोनित सदस्यहरुको सदस्यता देहायका अवस्थाहरुमा कायम रहने छैन :

- समितिको बैठकमा विना सूचना विनाकारण लगातार पाँच पटकसम्म अनुपस्थित भएमा समितिले निर्णय गरी निजलाई सदस्यबाट हटाउन मनोनीत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।
- सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।
- संस्थाको उद्देश्य प्राप्तिमा प्रतिकूल असर पर्ने गरी आचरण वा व्यवहार गरेमा ।
- बसाइँ सराइ भई अन्यत्र (कार्यक्षेत्र बाहिर) गएमा ।
- प्रचलित कानुनले सार्वजनिक पद धारण गरिरहन अयोग्य ठहरिएमा ।
- सदस्यको मृत्यु भएमा ।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी

स्थानीय स्वास्थ्य संस्थाहरुमार्फत प्रदान भइरहेका विभिन्न सेवाहरु अझै प्रभावकारी, गुणस्तरीय र नियमित बनाई समुदायका सबै वर्ग, समुदाय र क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच र उपभोग बढाउन स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुले निम्न भूमिका तथा जिम्मेवारीहरु निर्वाह गर्नु पर्दछ ।



कर्मचारी व्यवस्थापन

- स्वास्थ्य संस्थामा दरबन्दी अनुसार पुरा कर्मचारी भए नभएको हेर्ने ।
- महिला तथा विविध सामाजिक-सांस्कृतिक समूहका मानिसहरूको पदपूर्तिलाई प्राथमिकता दिने ।
- स्थानीय स्तरमा करारमा लिइने कर्मचारीको सन्दर्भमा स्थानीय भाषा बोल्न सक्ने र स्थानीय संस्कृतिमा भिज्न सक्ने मानिसलाई करारमा नियुक्त गर्ने ।
- आवश्यकता अनुसार काज, तालिम, गोष्ठीमा पठाउने ।
- कर्मचारीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका अवधारणाहरू र समावेशीकरणका अवरोधहरूबारेमा चेतना जगाउने ।
- कर्मचारीको सात दिनसम्मको बिदा स्वीकृत गर्ने र त्यस भन्दा बढी बिदाको हकमा सिफारिस साथ जि.वि.स. मा पठाउने ।
- आन्तरिक स्रोत भएमा आवश्यकता अनुसार थप कर्मचारीको व्यवस्था मिलाउने ।
- कर्मचारीको कामको मूल्याङ्कन गरी प्रोत्साहान गर्ने व्यवस्था मिलाउने ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहान गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणप्रति संवेदनशील भई सेवा प्रवाह गर्ने कर्मचारीलाई प्रशंसा पत्र र मेरिट पुरस्कार प्रदान गर्ने ।

भौतिक पूर्वाधार

- उपलब्ध भौतिक सम्पत्ति (भवन जग्गा, खानेपानी, चर्पी, बिजुली, फर्निचर आदि) को संरक्षण तथा उचित उपयोगको व्यवस्था मिलाउने ।
- माथि उल्लिखित भौतिक सम्पत्ति अपुग भएमा तिनको व्यवस्था मिलाउने ।
- महिला तथा वालवालिकाका लागि गोपनीयता कायम गर्न स्वास्थ्य संस्थामा छुट्टै जाँच्ने कोठाको व्यवस्था मिलाउने ।

- स्वास्थ्य संस्था वरिपरि सरसफाइको व्यवस्था मिलाउने ।
- गाउँघर तथा खोप क्लिनिकका लागि आवश्यक स्थान उपलब्ध गराउने ।

औषधि/उपकरण

- स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप क्लिनिकबाट दिइने सेवाका लागि आवश्यक औषधि उपकरण भए नभएको यकिन गरी अभाव भएमा उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- उपलब्ध औषधिको भण्डारणका लागि उचित व्यवस्था मिलाउने ।
- स्वास्थ्य सस्थामा नियमित रूपमा औषधि आपूर्तिको व्यवस्था मिलाउने ।
- औषधि खर्चको फाँटवारी दैनिक रूपमा अद्यावधिक गर्ने /गराउने ।
- आपत्कालीन अवस्था तथा महामारीका लागि जगेडा औषधिको तथा उपकरणको व्यवस्था मिलाउने ।

स्रोत परिचालन

- संस्थाको आम्दानी नियमित रूपमा समितिको खातामा जम्मा गर्ने व्यवस्था मिलाउने ।
- स्वास्थ्य संस्था भएको गा. वि. स. भित्र भएका संस्थाहरु जस्तै विभिन्न गैरसरकारी संस्थाहरु, गा. वि. स., सामुदायिक वन, स्थानीय क्लब आदिमा सम्भावित स्रोत पहिचान गर्ने ।
- आपत्कालीन अवस्था (प्रकोप, महामारी) मा गा.वि.स. भित्र भएका वा बाहिरबाट समेत मानवीय स्रोत र अन्य स्रोतको खोजी गर्ने र उचित परिचालनको व्यवस्था मिलाउने ।
- समुदायबाट माथिल्लो स्तरको स्वास्थ्य संस्थामा प्रेषण गर्दा गरिब तथा अति गरिब विरामीलाई र प्रसुतीलाई सहयोग गर्न आकस्मिक कोष स्थापनाका लागि स्थानीय स्रोतको परिचालन गर्ने ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- स्वास्थ्य सेवामा पहुँच र यसको उपयोगमा महिलाले सामना गर्नुपरेका समस्याहरूको पहिचान गर्ने र त्यस्ता समस्याहरूको सम्बोधन गर्ने ।
- कुन समुदाय तथा समूहहरूमा स्वास्थ्य सेवा पुग्न सकेको छैन पत्ता लगाउने र त्यस्ता समूहहरूले स्वास्थ्य सेवाको पहुँचमा वञ्चित हुनु पर्नाको कारण र अवरोधहरूको विश्लेषण गर्ने ।

- समतामूलक ढङ्गले महिला तथा वञ्चित समूहहरूको सेवामा पहुँच र उपयोग बढाउन समाधानहरूको खोजी गर्ने ।
- महिला तथा वञ्चित समूहहरूबीच सहभागितामूलक ढङ्गले यस्ता चरणहरू सञ्चालन गर्ने ।

योजना/कार्यान्वयन/अनुगमनः

- लक्षित जनसंख्या सम्बन्धी सूचना संकलन गर्ने व्यवस्था मिलाउने ।
- स्वास्थ्य सेवामा पहुँच नभएकाहरूको पहिचान गर्ने र सोको कारण पत्ता लगाउने ।
- महिला तथा वञ्चितीमा परेका/सीमान्तकृत समूहहरूलाई सेवा सर्वसुलभ बनाउन प्राथमिकता क्षेत्र तोक्ने ।
- उपलब्ध सेवा जनसमुदायसम्म पुगे नपुगेको यकिन गर्ने ।
- समुदायबाट आएका गुनासा वा सुझावलाई समेटी व्यवस्थापन समितिको बैठकमा छलफल गर्ने र समाधानका निमित्त पहल गर्ने ।
- स्वास्थ्य कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दा विशेष ध्यान दिने (जस्तै परिवार नियोजन, सुरक्षित मातृत्व, खोपसेवा, पोषण सेवा, क्षयरोग, कुष्ठरोग सेवा आदि) ।
- सञ्चालित कार्यक्रमहरू कसरी वञ्चित समूहसम्म पुगेको छ भन्ने कुरा अनुगमन गर्ने ।
- सेवा प्राप्त गर्नेहरूबाट पृष्ठपोषण संकलन गर्ने, विशेषगरी सेवा प्रवाहका बेला सेवाको गुणस्तर र सेवाप्रदायकको व्यवहारबारे महिला तथा वञ्चित समूहहरूको विचार बुझ्ने ।
- नियमित रूपमा योजना बनाई स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप केन्द्रको सुपरिवेक्षण गर्ने ।
- कार्यक्रमको प्रगति समीक्षा गर्ने ।

सञ्चार, समन्वय र सहयोग :

- स्वास्थ्य संस्थामा समितिको नियमित मासिक बैठक गर्ने ।
- समितिका सदस्यहरु बीच एक आपसमा राम्रो संम्बन्ध बनाउने ।
- समितिको बैठक र निर्णय प्रक्रियामा समितिका सबै सदस्यहरूले समान रूपले आवाज उठाउन पाउने कुराको सुनिश्चित गर्ने ।
- मासिक वा अन्य आकस्मिक बैठक बस्नु पर्दा सम्पूर्ण सदस्यहरुलाई पत्राचार गर्ने ।
- औषधि, सरसमान, औजार, कर्मचारी वा अन्य आवश्यक सहयोगका लागि जिल्ला स्वास्थ्य, जनस्वास्थ्य वा जिल्ला विकास समितिको कार्यालयमा समन्वय गर्ने ।
- गा.वि.स. भित्र भएका सम्पूर्ण स्वास्थ्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित संघ संस्था उपभोक्ता समितिहरुसँग समन्वय गरी स्वास्थ्य कार्यक्रमहरुलाई बढी प्रभावकारी बनाउने व्यवस्था मिलाउने ।

सुशासनः

- संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने ।
- वर्षमा एक पटक बाह्य लेखापरीक्षण गराउने ।
- सामाजिक परीक्षण कम्तीमा वर्षको एक पटक गराउने ।
- समुदायका वञ्चित समूहहरूको सहभागिता सुनिश्चित गरी सामुदायिक भेलाको आयोजना गर्ने ।
- स्वास्थ्य संस्थामा नागरिक बडापत्रको व्यवस्था गर्ने ।
- स्वास्थ्य सेवामा सामाजिक समावेशीकरण गर्ने ।

बैठक सञ्चालन प्रक्रिया

परिचयः

बैठक भन्नाले समुदाय तथा संघ संस्थाका सम्बन्धित व्यक्तिहरु बसेर विद्यमान समस्याहरु सुल्झाउन वा निश्चित विषयवस्तुहरुमा छलफल गरी कुनै ठोस निस्कर्ष निकाल्ने कार्य भन्ने बुझिन्छ। कार्यक्रमको उद्देश्य र कार्यान्वयन प्रक्रिया अनुसार बैठक नियमित तथा आवश्यकता अनुसार गर्न सकिन्छ।

निश्चित शरीरको स्वरूपका लागि मेरुदण्डको आवश्यकता भए जस्तै स्वास्थ्य संस्थाको मेरुदण्ड भनेको व्यवस्थापन समिति हो। त्यसैगरी, शरीरलाई जीवन्त राख्न शरीरका प्रत्येक अंग अंगमा शुध्द रगत पठाउन तथा हरेक अंग अंगमा भएको अशुध्द रगत ल्याए शुध्दीकरण गर्न फोक्सोमा पठाउन जसरी मुटले महत्वपूर्ण कार्य गरेको हुन्छ त्यसरी नै सक्रिय व्यवस्थापन समिति बनाउन र समितिका कार्यहरु व्यवस्थित गर्नका लगि बैठकले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

समितिको नियमित बैठकमा समितिका सदस्यहरुले आ-आफ्नो समुदायबाट स्वास्थ्य सम्बन्धी समस्याहरु संकलन गरी राख्नुपर्ने हुन्छ भने बैठकमा निर्णय भएका कुराहरुलाई फेरि समुदायसम्म पुऱ्याउनु पर्ने हुन्छ। समितिको बैठक र निर्णय प्रक्रियामा समितिका सबै सदस्यहरुले समान रुपले आवाज उठाउन पाउने हुनुपर्दछ।

बैठकका प्रक्रियाहरुः

आवश्यक निश्चित प्रक्रियाहरु पुऱ्याएर नियमित बैठक बस्नु पर्दछ। समान्यतः बैठक प्रक्रियालाई निम्न तीन चरणमा विभाजन गरी बुझ्न सकिन्छ :

१) बैठकको पूर्व तयारी
२) बैठक सञ्चालन क्रममा
३) बैठक पछि

बैठक प्रक्रियाबारे तल विस्तृत रूपमा वर्णन गरिएको छ :

बैंठक सञ्चालन प्रक्रिया

बैठक प्रक्रिया	बैठक सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु
बैठक पूर्व तयारी	१.१ **पूर्व सूचना:** बैठक हुनभन्दा तीन दिन अगाडि पत्र वा अन्य माध्यमबाट समितिका सदस्यहरुलाई (बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयबारे) जानकारी दिएको हुनु पर्दछ । १.२. **बैठक पुस्तिका:** बैठकको निर्णय एवं उपस्थितिको अभिलेख राख्ने बैठक पुस्तिका राखेको हुनपर्दछ । १.३ **छलफलका विषयहरुको तयारी:** बैठकका लागि आवश्यक छलफलका विषयहरु पूर्व निर्धारित हुनपर्दछ । सबै बैठकहरूमा महिला तथा वञ्चित समूहलाई बैठकको विषयवस्तु ल्याउनेबारेमा जानकारी गराई सो को लागि उत्प्रेरित गर्नुपर्दछ ।
बैठक सञ्चालनको क्रममा	२.१ **सहभागीहरुको बस्ने व्यवस्था:** बैठक स्थानमा सदस्यहरु समानुपातिक र सजिलोसँग बसेको हुनपर्दछ । २.२ **उपस्थिति संख्या:** बैठकमा सदस्यहरुको उपस्थिति ५१ % वा यस भन्दा बढी रहेको हुनपर्दछ । २.३ **प्रगति समीक्षा:** बैठकमा अघिल्लो बैठकमा भएका निर्णयहरुको प्रगति समीक्षा हुनपर्दछ । २.४ **सदस्यहरुको सहभागिता:** बैठकमा सबै सदस्यहरुलाई पालैपालो आ-आफ्नो भनाइ राख्ने मौका दिइनु पर्दछ । २.५ **निर्णय प्रक्रियामा सहभागिता:** बैठकमा उपस्थित महिला, जनजाति, मुस्लिम, अन्य पिछडा वर्ग र दलित सदस्य वञ्चितीको अनुभव गर्ने विभिन्न सामाजिक समूहका मानिसहरूले आफ्ना भनाइहरू राखेको र उक्त भनाइलाई निर्णय प्रक्रियामा महत्व दिएको हुनुपर्दछ । २.६ **जिम्मेवारी बाँडफाँड:** कार्ययोजनामा उल्लिखित कार्यहरु गर्न एकभन्दा बढी सदस्यहरुलाई जिम्मेवारी तोकिएको हुनुपर्दछ । २.७ **मासिक प्रगति समीक्षा:** स्वास्थ्य संस्थाबाट गत महिनामा गरिएको कार्यक्रमको लक्ष्य अनुसार प्रगति समीक्षा गनुपर्दछ । २.८ **आगामी कार्यक्रमहरुको जानकारी:** स्वास्थ्य संस्थाका प्रमुख वा अन्य कर्मचारीबाट आगामी महीनामा हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमबारे जानकारी दिनुपर्दछ । २.९ **अभिलेख राख्ने तरिका:** बैठकका निर्णयहरू बुँदागत रूपमा कार्ययोजनाको स्वरूपमा अभिलेख राख्नुपर्दछ र अन्तिम मस्यौदालाई सबै सदस्यहरूले बुझ्ने गरी पढेर सुनाउनुपर्दछ । २.१० **आगामी बैठक:** आगामी बैठकका निम्ति मिति र समय तोकको हुनुपर्दछ । २.११ **बैठक समय:** बैठक तोकिएको समयमा सुरु गरेर ठीक समयमा नै अन्त गरेको हुनुपर्दछ ।
बैठक पछि	३.१ अध्यक्ष वा सदस्य सचिवले कार्ययोजनामा तोकिएको जिम्मेवार व्यक्तिलाई कामको अवस्थाबारे सोध्ने गरेको हुनुपर्दछ । ३.२ कार्ययोजनामा तय गरेको कार्य सम्पन्न गर्न जिम्मेवार व्यक्तिलाई अन्य सदस्यहरुले आवश्यकता अनुसार सहयोग गरेको हुनुपर्दछ ।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका कार्यहरूको स्वमूल्याङ्कन

स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय निकायलाई दिइएको छ । स्वास्थ्य संस्थाको प्रभावकारी तरिकाले व्यवस्थापन गर्न समितिका सदस्यहरुले विभिन्न पक्षहरुमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसका लागि समितिले नियमित रूपमा बैठक गरी आफूले गर्नु पर्ने कार्यहरु, स्वास्थ्य संस्थाले दिनु पर्ने सेवाहरु र समुदायको स्वास्थ्य आवश्यकताको अवस्थालाई नियमित रूपमा लेखाजोखा गर्नु पर्दछ । यसरी लेखाजोखा गर्दा आफूले गरेका सबल र कमजोर पक्षहरुको पहिचान गरी कमजोर पक्षहरुलाई सुधार गर्न कार्ययोजना तयार गरी त्यस अनुसार कार्यान्वयन गर्नु पर्दछ । समितिले आफूले गरिरहेका कार्यहरुको आफै मूल्याङ्कन गर्ने परिपाटी बसाउन सके स्थानीय तहमा नै त्यहाँका वास्तविक समस्याहरुको अवस्था पहिचान हुन सक्छ । त्यसैगरी उक्त परिपाटीबाट स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको आवश्यकता पहिचान गर्न सक्ने क्षमतामा अभिवृद्धि हुन गई कार्यक्रममा दिगोपन ल्याउन सकिन्छ ।

स्वमूल्याङ्कन

- स्वमूल्याङ्कन भन्नाले जो कोही/समितिले एउटा निश्चित अवधिमा आफैले गरेको काम चाहे जस्तो भयो वा भएन भनी आफैले लेखाजोखा गर्नु भन्ने बुझिन्छ ।
- यो कसैको गल्ती वा कमीकमजोरी पत्ता लगाई दण्ड जरिवाना गर्नका लागि गरिँदैन ।
- बरु यसले समितिले गरेका राम्रा तथा सुधार गनुपर्ने कुराहरुलाई पहिचान गर्ने अवसर प्रदान गर्दछ ।
- राम्रा कामहरुलाई निरन्तरता दिने तथा कमी कमजोरीहरुलाई सुधार गर्दै जाने अवसरको रूपमा लिईनुपर्दछ ।

परम्परागत रूपमा यस्तो लेखाजोखा बाहिरका सुपरिवेक्षकहरु आएर गर्ने गरिन्छ । यसरी बाहिरी सुपरिवेक्षकबाट गरिने लेखाजोखा प्रक्रियाले अरुमा भर पर्ने प्रवृत्तिको विकास हुन्छ र छोटो भ्रमणबाट सही मूल्याङ्कन हुन पनि सक्दैन । त्यसैले आजभोलि कार्यको लेखाजोखा स्वयं आफैले गर्ने प्रक्रियाको विकास भैरहेको छ । यस प्रक्रियामा सुरुको अवस्थामा सहजकर्ताको मद्दतले समितिका सबै सदस्यहरु सामूहिक रूपमा बसेर आफूले गरिरहेका कार्यहरुको लेखाजोखा तथा समीक्षा आफैले गरिन्छ । यस प्रक्रियामा भविष्यमा सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरी प्राथमिकताका आधारमा त्यस्ता पक्षहरुलाई सुधार गर्न कार्ययोजना बनाई कार्यान्वयन गरिन्छ ।

यो प्रक्रिया नियमित रूपमा गर्दै गरेमा पछि सहजकर्ताको सहयोग विना नै समितिका सदस्यहरु आफैले आफ्नो समीक्षा गर्न सक्दछन् । समितिका कार्यहरुको मूल्याङ्कन गर्नु पर्ने कुरालाई निम्न तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ :

१) संस्थागत क्षमता र समितिको सशक्तीकरण
२) स्वास्थ्य संस्था व्यवस्थापन
३) स्वास्थ्य सेवाको अवस्था

यी बारे तल विस्तृत रूपमा उल्लेख गरिएको छ ।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरुको स्वमूल्याङ्कन

स्वास्थ्य संस्थाको नामः .....समीक्षा गरेको मितिः .....

क) संस्थागत क्षमता र समितिको सशक्तीकरण

क्र.सं.	सूचकहरु	छ (१)	छैन (०)
१	गत ६ महिनामा समितिको बैठक नियमित भएको		
२	बैठकमा ५१ % वा त्यस भन्दा बढी समितिका सदस्य उपस्थित हुने गरेको		
३	सदस्यहरु बैठकमा ठीक समयमा आउने गरेको		
४	समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको		
५	महिला तथा वञ्चित समूहहरू (जस्तै दलित, जनजाति, मुस्लिम, मधेशीका प्रतिनिधि) बैठकमा नियमित रूपमा उपस्थित हुने गरेको		
६	महिला तथा वञ्चितीमा परेका समुदायका प्रतिनिधिहरूले आफ्नो समुदायका स्वास्थ्य समस्या राखेको र उक्त समस्याहरूलाई निर्णय प्रक्रियामा महत्व दिइएको		
७	बहुमत सदस्यहरुले आ-आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरु समुदायसम्म पुऱ्याउने गरेको		
८	निर्णयहरु बुँदागत रूपमा कार्ययोजनाको स्वरूपमा लेख्ने गरेको		
९	अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने गरेको		
१०	गत आर्थिक वर्षको वार्षिक प्रगति विवरण सबैले देख्ने स्थानमा टाँस गरेको		
११	अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रूपमा छलफल हुने गरेको		
१२	बैठकमा उठेका विषयवस्तु समाधानका लागि एकभन्दा बढी सदस्यलाई जिम्मा दिने गरेको		
१३	समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँस गरेको		
१४	समितिका सदस्यहरुको फोटोसहितको नामावली बोर्ड स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा टाँस गरेको		
१५	समितिका सदस्यहरुलाई आफ्नो भूमिका तथा जिम्मेवारीहरु थाहा भएको		
१६	समिति विधिवत रूपमा (निर्देशिका अनुसार) गठन भएको		
१७	समितिले आफ्नो लेटरप्याड र छाप बनाएको		
	जम्मा प्राप्ताङ्क		

द्रष्टव्यः

१) राम्रो : प्राप्ताङ्क १३ देखि १७
२) ठीकै : प्राप्ताङ्क ८ देखि १२
३) कमजोर : प्राप्ताङ्क ७ वा त्यस भन्दा कम

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरुको स्वमूल्याङ्कन

स्वास्थ्य संस्थाको नामः .....समीक्षा गरेको मितिः .....

ख) स्वास्थ्य संस्था व्यवस्थापनः

क्र.सं.	सूचकहरु	छ (१)	छैन (०)
१	स्वास्थ्य संस्थाभित्र तथा बाहिरको वातावरण सफा र व्यवस्थित राखेको		
२	आवश्यकता अनुसार भौतिक पूर्वाधार (भवन, कोठा, प्रतीक्षालय, पानी, बिजुली, चर्पी, फर्निचर आदि) को व्यवस्थापन गरेको		
३	स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन गरेको		
४	स्वास्थ्य संस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक औषधिको आपूर्ति गर्ने गरेको		
५	स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरु व्यवस्थापन गरेको		
६	गा.वि.स. तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन गरेको		
७	कार्यालय समय अनुसार (१० देखि ४ वा ५ बजेसम्म) स्वास्थ्य संस्था खोल्ने व्यवस्था गरेको		
८	समितिले स्वास्थ्य संस्थालाई सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको		
९	समितिद्वारा योजना अनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिबेक्षण गर्ने गरेको		
१०	समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको		
११	समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने गरेको		
१२	समितिले आफूले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्न सक्षम भएको र गर्ने गरेको		
१३	समितिले कर्मचारीहरुको कामको मूल्याङ्कन गरी प्रोत्साहान गर्ने गरेको		
१४	समितिबाट महिला स्वास्थ्य स्वयंसेविकालाई आवश्यक सहयोग तथा मूल्याङ्कन गरी प्रोत्साहान गर्ने गरेको		
१५	समितिले गा.वि.स., जि.वि.स., जनस्वास्थ्य, वा अन्य निकायसँग कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न समन्वय गर्ने गरेको		
१६	समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात् देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरुलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको		
१७	लैङ्गिक हिंसाका घटनाहरू पत्ता लगाउन पहल गरिएको र पत्ता लागेमा पिडितले आवश्यक सहयोग पाएको		
	जम्मा प्राप्ताङ्क		

द्रष्टव्यः

१) राम्रो : प्राप्ताङ्क १३ देखि १७
२) ठीकै : प्राप्ताङ्क ८ देखि १२
३) कमजोर : प्राप्ताङ्क ७ वा त्यस भन्दा कम

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यहरुको स्वमूल्याङ्कन

स्वास्थ्य संस्थाको नामः .....समीक्षा गरेको मितिः .....

ग) स्वास्थ्य सेवाको अवस्थाः

क्र.सं.	सूचकहरु	छ (१)	छैन (०)
१	प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगति समीक्षा मासिक अनुगमन कार्य पुस्तिकाको आधारमा गरी समितिको मासिक बैठकमा राख्ने गरेको		
२	खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको		
३	चार पटक गर्भजाँच सेवा लक्ष्य अनुसार प्रगति हासिल गरेको		
४	२२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति हासिल गरेको		
५	लक्ष्य अनुसार टि.टि. खोपको प्रगति हासिल गरेको		
६	समितिले दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन व्यवस्था गरेको		
७	चाहना हुँदा हुदै पनि परिवार नियोजनको कुनै साधन उपभोग गर्न नसकेका दम्पतीहरुको पहिचान गरेको (अपरिपुर्त माग)		
८	गाउँघर तथा खोप क्लिनिकहरु नियमित रूपमा सञ्चालन हुनेगरेको		
९	सेवाबाट छुटेका मानिसको पहिचान गरी सेवामा उनीहरुको पहुँच बढाउन समुदाय परिचालन कार्य गर्ने गरेको		
१०	राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुमा समितिले योजनाबद्ध रूपमा सहयोग गर्ने गरेको		
११	स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध गरेको		
१२	स्वास्थ्य संस्थामा हुनुपर्ने पाँच वटा अत्यावश्यक सामग्रीहरु (जीवन जल, कोट्रिम, आइरन, जिङ्क र भिटामिन ए) भए नभएको यकिन गरेको		
१३	स्वास्थ्य संस्थामा हुनुपर्ने तीन वटा परिवार नियोजनका साधनहरु (कण्डम, पिल्स, डिपो) भए नभएको यकिन गर्ने		
१४	नागरिक बडापत्र सबैले देख्ने स्थानमा टाँस गरेको		
१५	समिति र स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना बनाएको		
१६	गा.वि.स.को स्वास्थ्य आवश्यकताको पहिचान गरी गा.वि.स. स्तरीय स्वास्थ्य योजना बनाएको		
१७	अहेव. र अनमीले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाउँघर क्लिनिक, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको प्रगतिबारे छलफल गर्ने गरेको		
	जम्मा प्राप्ताङ्क		

द्रष्टव्यः

१) राम्रो : प्राप्ताङ्क १३ देखि १७
२) ठीकै : प्राप्ताङ्क ८ देखि १२
३) कमजोर : प्राप्ताङ्क ७ वा त्यस भन्दा कम

स्वास्थ्य संस्था र समितिको परिकल्पना

भनिन्छ हरेक कुराको निर्माण दुई पटक हुन्छः एक पटक कल्पनामा र दोस्रो पटक व्यवहारमा । कुनै चीज भविष्यको निश्चित समयभित्र कस्तो भएको हेर्न चाहने हो त्यसको बारेमा सोच वा कल्पना गर्नु नै परिकल्पना हो, तर परिकल्पना फगत कल्पनामा मात्र सीमित नरही वास्तविकतासँग मेल खाने खालको हुनुपर्दछ । स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले भविष्यको निश्चित अवधिमा आफ्नो स्वास्थ्य संस्था तथा समितिको अवस्था के कस्तो भएको हेर्न चाहने हो त्यसको परिकल्पना बनाउनु पर्दछ। यस किसिमको सोच र परिकल्पना बनाई समितिले कार्य गरेमा समितिले आफ्नो स्वास्थ्य संस्थाको व्यवस्थापनमा उल्लेखनीय योगदान दिन सक्दछ। परिकल्पना बनाई सकेपछि सो पूरा गर्न प्रतिबद्धढंगले कार्य गर्न कार्ययोजना बनाई काम गर्नुपर्दछ। साथै समय समयमा सो परिकल्पना अनुसारका कार्यहरु भए नभएको कुराको समीक्षा गर्नुपर्दछ। समितिले परिकल्पना आफैँले गर्न सक्ने, उपलब्ध साधन स्रोतले भ्याउने, स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने, र वास्तविक समस्याको समाधानमा मद्दत पुऱ्याउने कुराहरूलाई ध्यानमा राखी गर्नुपर्दछ ।

उदाहरणका निम्ति एउटा बचत समूहको परिकल्पना नमुना यहाँ प्रस्तुत गरिएको छ :

जनता बचत समूहले तयार पारेको परिकल्पनाको उदाहरण

जनता बचत समूहको हालको अवस्था	३ वर्षभित्रको अवस्था
• हालसम्म बोर्डको बैठक हुन नसकेको • संस्थामा वित्तीय क्षेत्रको अनुभवी तथा ज्ञाता व्यक्ति नभएको • निश्चित समयमा बचत संकलन हुन नसकेको । • लगानी गरेको ठूलो रकम उठाउन नसकेको । • १, २ र ३ वडाहरुबाट माग भए पनि सदस्यता तथा कार्यक्रम विस्तार गर्न नसकेको । • धेरै जसो योजनाहरु कार्यान्वयन हुने नगरेको । • अन्य संघ संस्थाहरुसँग समन्वय गर्न नसकेको । • हालसम्म लेखापरीक्षण नगरेको/नगराएको । • मुनाफा प्राप्त हुन नसकेको र वितरण गर्न नसकेको ।	• बोर्डको बैठक नियमित भएको हुनेछ । • संस्थामा वित्तीय क्षेत्रमा अनुभवी तथा ज्ञाता व्यक्ति भएका हुनेछन । • निश्चित समयमा बचत संकलन भएको हुनेछ • लगानीको रकम उठेको हुनेछ । • धेरै लगानी उत्पादन क्षेत्रमा भए पनि जन कल्याणकारी क्षेत्रमा पनि केही लगानी गरेको हुनेछ । • कार्यक्रमको पहुँच गा.वि.स.मा सबैलाई समेट्ने किसिमले विस्तार भएको हुनेछ । • सबै योजनाहरु योजनाबद्ध तरिकाले कार्यान्वयन भएको हुनेछ । • अन्य संघ संस्थाहरुसँग समन्वय तथा सहयोग विस्तार भएको हुनेछ । • कार्यालय भवन निर्माणका लागि जग्गा किनिसकेको हुनेछ । • प्रत्येक वर्षको लेखापरीक्षण भएको हुनेछ • मुनाफा प्राप्त गरी सबै शेयरधनिहरुलाई वितरण गरिएको हुनेछ ।

समितिले तयार गरेको वास्तविक परिकल्पनाको उदाहरण तल प्रस्तुत गरिएको छ :

रझेना उपस्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिको ३ वर्षे परिकल्पना

- विधिवत रूपमा समितिको गठन भएको हुनेछ ।
- समितिको मासिक बैठक नियमित भएको हुनेछ ।
- सदस्यहरुले आ-आफ्नो समुदायमा रहेका समस्याहरुलाई बैठकमा प्रस्तावको रूपमा राख्ने र निर्णयहरु समुदायसम्म पुऱ्याएको हुनेछ ।
- बैठकमा स्वास्थ्य संस्थाको मासिक प्रगति समीक्षा नियमित रुपमा गरेको हुनेछ ।
- निर्णयहरु कार्यान्वयन गरी अनुगमन गरेको हुनेछ ।
- गा.वि.स. स्तरीय स्वास्थ्यको वार्षिक कार्ययोजना बनाएर कार्यान्वयन गरेको हुनेछ ।
- सञ्चालित कार्यक्रमहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्था तथा क्लिनिकहरुको नियमित सुपरिवेक्षण तथा अनुगमन गरेको हुनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको कामको मूल्याङ्कन गरी प्रोत्साहन गरेको हुनेछ ।
- महिला, गरिब तथा वन्चित समुदायमा सेवाको पहुँच बढाउन चेतनामूलक कार्यहरु गरेको हुनेछ ।
- सदस्यहरुको फोटो सहितको समितिको बोर्ड स्वास्थ्य संस्थामा राखिएको हुनेछ ।
- उपस्वास्थ्य चौकीको स्तर बृध्दि भई स्वास्थ्य चौकीको रूपमा सेवा दिइरहेको हुनेछ ।
- सेवा रजिष्टरहरु केलाएर तथा अन्य विधिबाट सेवाको पहुँचमा नभएकाहरुलाई पहिचान गरी सेवा विस्तार गरेको हुनेछ ।
- ५० % भन्दा बढी गाउँघर तथा खोप क्लिनिकहरु आफ्नै भवनमा चलिरहेका हुनेछ ।
- हाल लक्ष्य अनुरूप प्रगति हासिल हुन नसकेका सेवा तथा कार्यक्रमहरु (पहिलो तथा चौथो गर्भ जाँच, तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा, सुत्केरी सेवा, २२५ आइरन चक्की सेवन, टी.टी. २, नवशिशु जाँच, दादुराको खोप आदि) को लक्ष्य प्राप्त भएको हुनेछ ।
- स्वेच्छिक रूपमा परिवार नियोजनको साधन प्रयोग गर्न चाहनेहरुले सेवा प्राप्त गरेका हुनेछन् ।
- गा.वि.स. स्तरीय स्वास्थ्यको वार्षिक कार्ययोजना बनाएर कार्यान्वयन गरेको हुनेछ ।
- हाल अधुरो रहेको स्वस्थ्य चौकीको हाताको छेकवार पूरा भएको र फूलको बगैचा भएको हुनेछ ।
- अख्तियार प्राप्त निकायबाट स्वास्थ्य चौकीको वार्षिक लेखा परीक्षण गराएको हुनेछ ।

तयार गर्नेः
नामः श्री शारदा चन्द
पदः सदस्य–सचिव
मितिः२०६६/१२/०६

प्रमाणित गर्नेः
नामः श्री इन्द्रमणी ढकाल
पदः अध्यक्ष
मितिः२०६६/१२/०६

स्वास्थ्य संस्था र समितिको कार्ययोजना

समस्याको परिभाषा

आफूले चाहेको अवस्था र हालको अवस्था बीचको दूरीलाई नै समस्या भनिन्छ । उदाहरणका लागि, १०० जना एक वर्षमुनिका वालवालिकालाई खोप दिने लक्ष्य राखिएकोमा ८० जनालाई मात्र दिन सकियो भने २० जना छुटनु खोपको लक्ष्यको निमित्त समस्या हो ।

यहाँ चाहेको अवस्था : १०० जना वालवालिकाहरुले खोप लिऊन भन्ने हो

हालको अवस्था : प्रगति ८० जनाले मात्र लगाएको

समस्या : लक्ष्य अनुसार २० जना वालवालिका सेवाबाट छुटनु

समस्याको प्राथमिकिकरण

समस्याहरु धेरै हुन सक्छन् जसलाई एकै पटकमा समाधान गर्न सकिदैन । त्यसैले साझा दृष्टिकोणको माध्यम मार्फत समस्याहरुको प्राथमिकीकरण गर्नुपर्दछ । प्राथमिकीकरणको आधारमा क्रमिक रूपले सबै समस्याहरुको समाधान गर्दै जानु पर्दछ । प्राथमिकीकरण गर्दा निम्न कुराहरुलाई ध्यानमा राख्दै गर्नु पर्दछ ।

☞ प्राथमिकीकरणका प्रमुख आधार

- साझा समस्या
- समस्याले समुदायमा पार्ने असर वा प्रभाव जस्तै जन्म मृत्यु
- बञ्चित जनसङ्ख्याका विभिन्न समूहहरूलाई असर पार्ने समस्याहरू
- समस्या समाधानबाट समुदायलाई हुने फाइदा
- उपलब्ध साधन स्रोत
- स्थानीय स्तरबाट समाधान गर्न सकिने आदि

समस्याको जड कारण पत्ता लगाउने

प्राथमिकीकरण गरीसकेपछि जुन समस्याहरुलाई समाधान गर्नुपर्ने हो तिनलाई कार्ययोजनामा ढाल्नु पर्दछ, तर कार्ययोजनामा ढाल्नु अगाडि हामीले ती समस्याको जड कारण पत्ता लगाउनु पर्दछ । यसरी जड कारणहरु पत्ता लगाउन सके समस्याको सही समाधान हुन सक्दछ । जड कारण पत्ता लगाउने विभिन्न उपायहरु छन् । ती मध्ये किन ? किन ? एउटा विधि हो । उदाहरणको निम्ति यो विधि तल प्रस्तुत गरिएको छ:



माथिको उदाहरणमा समस्याको रूपमा समितिको नियमित बैठकलाई लिइएको छ । के बैठक नहुनु नै समस्या हो ? वास्तवमा बैठक नहुनाको जड कारण के हो त ? नियमित बैठकको महत्व बुझाउनु, अभिमुखीकरण गोष्ठी नहुनु यसको जड कारण हो । समाधानका निम्ति व्यवस्थापन समितिलाई अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नुपर्ने छ ।

अर्को कुनै प्रतिवेदनबाट मामला अध्ययन थप्नुहोस् अथवा काल्पनिक घटना थप्नुहोस् । यसबाट निर्दिष्ट कारणहरूले गर्दा कसरी केही वञ्चित समूहहरू सेवामा पहुँच राख्न सफल भएका थिएनन् । यस खाडललाई सम्बोधन गर्न स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले कार्ययोजना तर्जुमा गर्दैछ । सम्भवतः देहायको अध्ययनलाई हामी उदाहरणको रूपमा यहाँ साभार गर्न सक्छौं ।

कार्ययोजना

समस्याहरुको जड कारण पत्ता लगाई सके पछि त्यसलाई कार्ययोजनाको ढाँचामा राखी समाधान गर्नुपर्दछ । अब कार्ययोजना भनेको के हो ? त्यसबारे पनि बुझ्न जरुरी छ ।

सामान्यतया कुनै विषयमा सुधार गर्नका लागि के, कसरी, कसले, किन, कहिले सम्ममा कार्य सम्पन्न गर्ने भनेर निर्दिष्ट ढाँचामा तयार गरेको योजनालाई कार्ययोजना भनिन्छ । कार्ययोजनाले के काम गर्ने ?, कसरी गर्ने ?, कुन समयमा सम्पन्न गर्ने ? र त्यसका लागि जिम्मेवार व्यक्ति को हो ? साथै सो काम सम्पन्न गर्नका निम्ति के कति स्रोत चाहिने आदि कुराहरु प्रष्ट पार्दछ । यसरी कार्ययोजनाले समस्याहरुलाई सही तरिकाले समयमा नै प्रभावकारी रूपमा सुल्झाउनका निम्ति धेरै सहयोग गर्दछ । सेवा प्रदायक व्यवस्थापन समिति र समुदाय मिलेर समस्याहरुको पहिचान गरि साझा दृष्टिकोणको विकास गर्दै प्राथमिकताको आधारमा समस्याहरुको कार्य योजना बनाई समाधान गर्दै जानुमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको ठुलो भुमिका रहन्छ ।

बैठक बस्दा सुधार गर्नु पर्ने पक्षहरुको पहिचान गरेर छलफल गरी समाधानका उपायहरुलाई निश्चित ढाँचा प्रयोग गरी कार्ययोजना तयार गर्दा बढी प्रभावकारी हुन्छ । कार्ययोजना मासिक वा वार्षिक दुबै रूपमा बनाउन सकिन्छ ।

कार्ययोजनाको ढाँचा बनाउने विभिन्न हुन सक्दछन् । यहाँ सजिलो र प्रष्टसँग बुझिने एक प्रकारको कार्ययोजनाको नमुना दिइएको छ । यस ढाँचा अन्तर्गत प्रमख रूपमा निम्न पाँचवटा बुँदाहरु समेटिएका हुन्छन् ।

समस्याको विवरण

- **के** : समस्या के हो लेख्ने ।
- **किन** : कुन समस्या किन समाधान गर्न लागेको हो सोबारे लेख्ने ।
- **कसरी** : समस्या समाधान गर्नका लागि प्रक्रियागत उपायहरु लेख्ने ।
- **कहिले** : कुन मितिसम्ममा कार्य सम्पन्न गर्ने हो त्यसको मिति लेख्ने ।
- **कसले गर्ने** : कार्य गर्नका लागि मुख्य जिम्मेवार व्यक्तिको नाम लेख्ने ।
- **अवस्था** : हालको अवस्था उल्लेख गर्ने ।

नमुनाका लागि कार्ययोजनाको ढाँचा तल प्रस्तुत गरिएको छ :

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्ययोजना

जिल्लाः ..... गा. वि. स.: .....

स्वास्थ्य संस्था .....

क्र.सं.	के ?	किन ?	कसरी ?	कहिले ?	कसले गर्ने ?	अवस्था
१						
२						
३						
४						
५						

तयार गर्नेः ..... प्रमाणित गर्नेः) .....

मितिः..... मितिः .....

उदाहरणको निम्ति एउटा स्वास्थ्य संस्थाले तयार गरेको वास्तविक कार्ययोजना तल प्रस्तुत गरिएको छ ।

रझेना उपस्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिको चैत्र महिनाको कार्ययोजना

मितिः २०६६/१२/०६ गते

क्र.सं.	के गर्ने ?	किन गर्ने ?	कसरी गर्ने ?	कहिले गर्ने ?	कसले गर्ने ?
१	मासिक बैठक नियमित गर्ने	• स्वास्थ्य सेवा विस्तार गर्न गराउन • स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढ गर्न • समिति तथा सदस्यहरुको नेतृत्व विकास गर्न	• सबै सदस्य बैठकमा उपस्थित हुने । • सबै सदस्यले आ-आफ्नो समुदायबाट समस्या ल्याइ प्रस्तावको रुपमा राख्ने र निर्णयहरु समुदायसम्म पुऱ्याउने । • गत महीनाको प्रगति समीक्षा गर्ने । • गत महीनाको स्वास्थ्यको प्रगति समीक्षा गर्ने । • निर्णयहरु निर्णय पुस्तिकामा कार्ययोजनाको स्वरुपमा लेख्ने ।	प्रत्येक महीनाको २५गते १ बजेबाट	श्री शारदा चन्द श्री लीला देवी पाण्डे
२	गर्भ जाँच तथा खोप सेवाबारे जनचेतना कार्यक्रम गर्ने	• चार पटक गर्भ जाँच तथा खोप सेवाको महत्व बुझाउन • चार पटक गर्भ जाँच तथा खोप सेवाको लक्ष्य अनुसार प्रगति हासिल गर्न	• पच्चिस जना गर्भवती तथा पाँच जना सासु उमेरका महिलाहरुको भेला राख्ने • हाल त्यस समुदायबाट सेवा नलिइरहेको कुरावारे जानकारी स्वास्थ्य संस्थाको तथ्याङ्क अनुरुप दिने • गर्भ जाँच तथा खोप सेवाको महत्ववारे जानकारी दिने र सेवा पाइने स्थानवारे जानकारी दिने • कार्यक्रम पछिको प्रगतिको समीक्षा महिला स्वास्थ्य स्वयं सेविकालाई गर्न लगाउने • रु.७५०. (सात सय पचास मात्र) कार्यक्रम सम्पादनका लागि व्यवस्था गर्ने (समितिको आन्तरिक स्रोत)	२०६५/१२/१७ गते वडा नम्बर ३, बडुवन पुरुवा गाउँमा दिनको २ देखि ५ बजे सम्म	श्री सीता पोखेल श्री चेत बहादुर खड्का

३	सघन पोलियो खोप कार्यक्रम सफल पार्न अनुगमन गर्ने	• जन्मे देखि ५ वर्ष उमेरका सबै वालवालिकाहरुलाई पोलियो खोप दिलाउन • ५ वर्ष मुनिका वालवालिका लाई पोलियो हुनबाट बचाउन • पोलियो उन्मुलन कार्यमा सहयोग गर्न	• यही २०६६ साल चैत्र १० गते हुन गइरहेको सघन पोलियो कार्यक्रममा सबैले निम्नानुसार प्रचार प्रसार तथा अनुगमन गर्ने *वडा नम्वर १* - श्री प्रेमलता चौधरी तथा श्री शोभारानी चौधरी *वडा नम्वर २* - श्री युवराज कार्की, श्री लीला पाण्डे, श्री भीमा शाही **तथा** श्री लक्ष्मी सुनार *वडा नम्वर ३* - श्री सीता पोखेल तथा श्री नन्द बहादुर शाही *वडा नम्वर ६* - श्री सरोकिया चौधरी • सबै महिला स्वास्थ्य स्वयसेविकाहरुलाई परिचालन गर्ने • प्रति महिला स्वास्थ्य स्वयंसेविकालाई खाजा बापत रु. ५०/ उपलब्ध गराउने (श्रोतः गा.वि.स.)	२०६६/१/१७ गते १ बजे	श्री इन्द्रमणी ढकाल र श्री शारदा चन्दले आवश्यकता अनुसार १ देखि ९ वडासम्म अनुगमन गर्ने ।
	राष्ट्रिय भीटामीन 'ए' कार्यक्रम सफल पार्न अनुगमन गर्ने	• छ महीना देखि पाँच वर्ष उमेरका सबै वालवालिकाहरुलाई भीटामिन 'ए' तथा एक वर्ष देखि पाँच वर्ष उमेरका सबै वालवालिकाहरुलाई जुकाको औषधि दिलाउन तथा रोगबाट बचाउन ।	• यही २०६७ साल बैशाख महीनाको ६ र ७ गते हुन गइरहेको राष्ट्रिय भीटामिन 'ए' कार्यक्रममा निम्नानुसार प्रचार प्रसार तथा अनुगमन गर्ने *वडा नम्वर १* - श्री प्रेमलता चौधरी तथा श्री शोभारानी चौधरी *वडा नम्वर २* - श्री युवराज कार्की, श्री लीला पाण्डे, श्री भीमा शाही तथा श्री लक्ष्मी सुनार *वडा नम्वर ३* - श्री सीता पोखेल तथा श्री नन्द बहादुर शाही *वडा नम्वर ६* - श्री सरोकिया चौधरी • सबै महिला स्वास्थ्य स्वयसेविकाहरुलाई परिचालन गर्ने • प्रति महिला स्वास्थ्य स्वयंसेविकालाई खाजा बापत रु. ५०/ उपलब्ध गराउने (श्रोतः गा.वि.स.)	२०६७/०१/६ र ७ गते विहान ७ देखि ५ बजेसम्म	श्री इन्द्रमणी ढकाल र श्री शारदा चन्दले आवश्यकता अनुसार वडा नम्वर १ देखि ९ सम्म अनुगमन गर्ने ।

तयार गर्नेः
नामः श्री शारदा चन्द
पदः सदस्य सचिव
मितिः २०६६/१२/०६ गते

प्रमाणित गर्नेः
नामः श्री ईन्द्रमणी ढकाल
पदः अध्यक्ष
मितिः २०६६/१२/०६ गते

सूचना संकलन प्रक्रिया

कुनै पनि विषयवस्तुबारे सत्य तथ्य जानकारी नै सूचना हो । सही सूचना ठीक निर्णय गर्नका निम्ति अत्यावश्यक हुन्छ । बिना सूचना गरिएका निर्णयहरु र कार्यक्रमहरु सफल नहुन सक्दछन् । स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थाको व्यवस्थापन गर्न नियमित स्वास्थ्य सम्बन्धी सूचनाहरुको उपयोग गर्नुपर्दछ । उदाहरणका निम्ति समितिले नियमित रूपमा बैठक बसी विभिन्न स्वास्थ्य सम्बन्धी निर्णयहरु गर्नुपर्ने हुन्छ । तर सही सूचनाको अभावमा समितिले सही निर्णय नगर्न सक्दछ, जसको फलस्वरूप स्वास्थ्य संस्थाको व्यवस्थापनमा नकारात्मक असर पनि पर्न सक्दछ । त्यसकारण समितिका प्रत्येक सदस्यहरुले नियमित बैठकमा आ-आफ्ना समुदायहरुबाट स्वास्थ्य सम्बन्धी समस्याहरु वा सूचनाहरु संकलन गरी बैठकको छलफल गर्नुपर्दछ । यसो गर्दा सबै सामाजिक समूहहरू र समुदायका गरीब सदस्यहरूको समस्याकाबारेमा समेत छलफल भएको सुनिश्चित गर्नुपर्दछ ।

त्यसो गरेमा सम्पूर्ण समुदायको स्वास्थ्य सम्बन्धी आवाजहरुको समितिमा प्रतिनिधित्व हुन जान्छ । त्यसैगरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले आफ्नो गा.वि.स. को स्वास्थ्य योजना निर्माण गर्न आवश्यक ठानेमा सबैभन्दा पहिले उक्त गा.वि.स. को स्वास्थ्य स्थितिको विश्लेषण गर्नुपर्दछ । स्वास्थ्य स्थितिको विश्लेषण गर्न टोल, वडा, गाउँबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु ल्याउनुपर्दछ । साथै उक्त सूचनाहरु संघ संस्थाहरुबाट पनि पाउन सकिन्छ । ती वास्तविक सूचनाहरु संकलन गरे मात्र गा.वि.स. को स्वास्थ्य योजना पनि वास्तविक हुन जान्छ ।

सूचना कसरी ल्याउने ? यसको निम्ति निश्चित प्रक्रियाहरु अपनाउनुपर्ने हुन्छ । जुन यसप्रकार छन् :

१. अवलोकन

सूचना संकलन गर्नका निम्ति यो एउटा महत्वपूर्ण विधि हो । कुनै पनि विषयवस्तुबारे सूचना संकलनकर्ताले आफैले हेरर सूचनाहरु संकलन गर्ने तरिका नै अवलोकन हो । अवलोकन गर्नको निम्ति के कुराको अवलोकन गर्ने हो त्यसबारे सूचना संकलनकर्ता प्रष्ट हुनपर्दछ । यसको निम्ति अवलोकन चेकलिष्ट बनाई काम गर्नुपर्दछ ।

२. व्यक्तिगत अन्तर्वार्ता

सूचना संकलन गर्नका निम्ति समुदायका मानिसहरुसँग अन्तर्वार्ता लिई गरिने प्रक्रिया नै व्यक्तिगत अन्तर्वार्ता हो । यसका निम्ति अन्तर्वार्ताकर्ताले प्रश्नावलीको प्रयोग गरी सूचना संकलन गनुपर्दछ ।

३. समूह छलफल

समुदायका मानिसहरुसँग समूहमा छलफल गरेर पनि सूचनाहरुको संकलन गर्न सकिन्छ । यसका निम्ति समूहका सदस्यहरुको संख्या १० देखि १२ भएमा छलफल प्रभावकारी हुन्छ । सूचना संकलनकर्ताले छलफलका निम्ति साधारण किसिमको छलफल निर्देशिकाको प्रयोग गर्न सक्दछ ।

सुपरिवेक्षण

सुपरिवेक्षण

कुनै पनि निकायबाट निर्दिष्ट कार्यक्रम के कस्तो भएको छ भनी जानकारी लिई आवश्यकता अनुसार सहयोग गर्ने प्रक्रिया नै सुपरिवेक्षण हो। सुपरिवेक्षणले कर्मचारीको कार्य क्षमतामा अभिवृद्धि गरी कार्यक्रमको उद्देश्य प्राप्त गर्न सहयोग गर्दछ। सुपरिवेक्षण एक प्रक्रिया हो जसले स्वास्थ्य कार्यकर्ताहरुलाई काम गर्न सक्षम गराई तोकिएको उद्देश्य पूर्ति गर्न मद्दत पुऱ्याउँछ। यसरी सुपरिवेक्षण गर्ने व्यक्तिलाई सुपरिवेक्षक भनिन्छ।

राम्रो सुपरिवेक्षकका गुणहरु

- सकारात्मक धारणा लिएर सुपरिवेक्षण गर्नुपर्दछ।
- सहयोगी भावना हुनुपर्दछ।
- सुपरिवेक्षण पश्चात् राम्रा कुराहरुको प्रशंसा र सुधार गर्नु पर्ने कुराहरु भए सम्बन्धितं व्यक्तिलाई मात्र सल्लाह सुझाव दिनुपर्दछ।
- अरुलाई उत्प्रेरणा जगाउने खालको हुनुपर्दछ।
- धैर्यवान् हुनुपर्दछ।
- अरुको विचार वा कुराहरु सुन्ने खालको हुनुपर्दछ।
- समस्या समाधान गर्नसक्ने हुनुपर्दछ।

सुपरिवेक्षण गर्दा हुने फाइदाहरु

- काम छिटो छरितो हुन सहयोग पुग्दछ।
- सहयोग गर्नुपर्ने क्षेत्रको पहिचान भई कार्यक्रमको प्रभावकारितामा वृद्धि हुन्छ।
- समयमै सही योजना बनाउन मद्दत पुग्दछ।
- यो एउटा सिकाइको तरिका पनि भएकाले सिक्न र सिकाउन सकिन्छ।
- यसले अवस्था अनुसारको व्यवस्थापन गर्नमा मद्दत पुऱ्याउने हुन्छ।
- सुपरिवेक्षण गर्दा सीपमा अभिवृद्धि भई कार्यक्षमता बढाउँछ।
- यसले कामको मूल्याङ्कनमा सहयोग पुऱ्याउँछ।
- समयमै पृष्ठपोषण दिई कार्य सुधार गर्न मद्दत पुऱ्याउँछ।
- जनचाहना अनुरूपका कार्यक्रम लागू गर्न र गराउन मद्दत पुऱ्याउँछ।
- संस्थाको आवश्यकता पहिचानमा सजिलोपना ल्याउँछ।
- संस्थाको गुणस्तर निर्धारण गर्नमा सहयोग पुग्दछ।
- आशातीत सफलता हासिल गर्नमा मद्दत पुग्दछ।

व्यवस्थापन समितिले सुपरिवेक्षण गर्नुपर्ने क्षेत्रहरु

व्यवस्थापन समितिलाई सुपरिवेक्षण कुन कुन क्षेत्रको गरिन्छ, किन गरिन्छ र कसरी गरिन्छ भन्ने कुरा राम्ररी जान्नु जरुरी पर्दछ । खास गरि स्वास्थ्य संस्था व्यवस्थापन समितिले प्रमुख दुई क्षेत्रमा सुपरिवेक्षण गर्नुपर्ने हुन्छ ।

प्राविधिक क्षेत्र

स्वास्थ्य कार्यक्रमको सुपरिवक्षण जस्तै खोप सेवा, परिवार नियोजन, मातृ तथा नवजात शिशु कार्यक्रम, गाउँघर तथा खोप क्लिनिक कार्यक्रम आदि ।

यसका अतिरिक्त स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले लैङ्गिक हिंसाकाबारेमा चेतना जगाउन गरेका प्रयासहरू र समुदाय तथा जिल्ला तहमा सेवाको उपलब्धताकोबारेमा सुपरिवेक्षण गर्नुपर्दछ ।

व्यवस्थापकीय क्षेत्र

- कर्मचारीकोबारेमा – कामको रेखदेख, सहयोग, कर्मचारीको सेवा नियमित रूपमा भएको नभएको, मूल्याङ्कन आदि क्षेत्रमा ।
- सेवाको गुणस्तरः वञ्चित समूहसम्म सेवा पुगेको र स्वास्थ्य सेवाप्रदायकबाट उनीहरूले गुणस्तरीय सेवा प्राप्त गरेको (समयमै सेवा उपलब्ध गराइएको, सेवाहरू पूर्ण भएको, सेवाप्रदायकहरू सम्मानित ढंगले प्रस्तुत भएको र विभेदकारी नभएको)
- गाउँघर तथा खोप क्लिनिकको नियमितता र प्रभावकारिताकोबारेमा (अनुकल ठाउँ, फर्निचर, औषधी सामग्री) ।
- स्वास्थ्य संस्था समयमा खुल्ने गरेको/नगरेको बारेमा ।
- स्वास्थ्य सस्थाको वातावरणीय सरसफाइ सम्बन्धी ।
- सेवाप्रदान गर्न आवश्यक भौतिक अवस्था बारेमा ।

व्यवस्थापन समितिले सुपरिवेक्षण गर्नुपर्ने ठाउँ र निकायहरु

- स्वास्थ्य चौकी,
- गाउँघर क्लिनिक,
- खोप क्लिनिक
- आमा समूह/महिला स्वास्थ्य स्वयंसेविका ।

सुपरिवेक्षण योजना र चेकलिष्ट

समितिले सुपरिवेक्षण गर्दा योजना र चेकलिष्टको प्रयोग गरी गर्नुपर्दछ ।

सुपरिवेक्षण योजना बनाउँदा ५ क लाई ध्यानमा राखी बनाउनु पर्दछ, जुन यस प्रकार छ :

१. के गर्ने : कुन कार्यक्रमको सुपरिवेक्षण गर्ने उल्लेख गर्ने ।

२. कहाँ गर्ने : सुपरिवेक्षण कुन स्थानमा गर्ने हो जस्तै : स्वास्थ्य संस्था, खोप तथा गाउँघर क्लिनिक

३. कसले गर्ने : सुपरिवेक्षण गर्ने जिम्मा कसको हो उल्लेख गर्ने ।

४. कसरी गर्ने : महिनामा वा हप्तामा वा दैनिक हो, चेकलिष्टको प्रयोग गर्ने आदि कुरा उल्लेख गर्ने ।

५. कहिले गर्ने : मिति तोक्ने ।

सुपरिवेक्षण योजनाको नमुना

क्र.सं.	के गर्ने	कहाँ गर्ने	कसले गर्ने	कसरी गर्ने	कहिले गर्ने

सुपरिवेक्षण चेकलिष्ट

सुपरिवेक्षण चेकलिष्ट भन्नाले सुपरिवेक्षकले सुपरिवेक्षण के कार्यक्रमको गर्ने हो त्यसकोबारे विस्तृत रूपमा सूचकहरु राखी तयार गरिने एउटा फारामलाई बुझाउँदछ। यसको प्रयोगबाट सुपरिवेक्षकलाई सुपरिवेक्षणको उद्देश्य प्राप्त गर्न मद्दत मिल्दछ। यसको प्रयोगबाट कार्यक्रमको अवस्था विश्लेषण गरी आवश्यक सुधार गर्नका लागि मार्ग दर्शन गर्दछ।

नमुनाका लागि नमुना चेकलिष्ट तल प्रस्तुत गरिएको छ :

सुपरिवेक्षण चेकलिष्टको नमुना

..... स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य सस्थामा सुपरिवेक्षण गर्दा प्रयोग गर्ने चेकलिष्ट

सुपरिवेक्षण गरिने स्थानः .....सुपरिवेक्षण गरिएको मितिः .....

क्र.सं.	सूचकाङ्कहरु	छ (१)	छैन (०)	कैफियत
१	स्वास्थ्य संस्था कार्यालय समयमा खोल्ने गरेको			
२	सबै कर्मचारीहरु उपस्थित भएको			
३	स्वास्थ्य संस्था भित्र तथा बाहिरको वातावरण सफा सुघर राख्ने गरेको			
४	सेवा पाउन प्रतीक्षारत सेवाग्राहीहरुका लागि बस्ने व्यवस्था मिलाएको			
५	सेवाग्राहीहरुलाई आ–आफ्नो पालोमा सेवा दिने गरेको			
६	परीक्षणका बेला महिलाहरूको गोपनीयता कायम गरिएको (जस्तैः छुट्टै कोठा वा पर्दाले छेकिएको क्षेत्र)			
७	दलित वा अल्पसङ्ख्यक जातजातिले आफ्नो पालोमा सेवा पाएका			
८	घाउ खटिराहरुको मलहमपट्टी (ड्रेसिङ्ग) गरिंदा निर्मलिकरण/डिस्पोजेवल औजारहरुको मात्र प्रयोग गरेर गर्ने गरेको			
९	सेवाग्राहीहरुलाई आवश्यक परामर्श सेवा वा सल्लाह सुझाव दिनेगरेको			
१०	स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षामूलक पोष्टर, फ्लिपचार्ट आदिलाई सबैले देख्ने स्थानमा व्यवस्थित रूपमा राखेको तथा टाँस गर्ने गरेको			
११	स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा नागरिक वडापत्र टाँस गरेको			
१२	कर्मचारी बिचको समन्वय र सहकार्य गर्ने गरेको			
१३	भण्डार(स्टोर) कोठामा औषधि तथा सरसामानहरु व्यवस्थित रूपमा मिलाएर राख्ने गरेको			
१४	भण्डार (स्टोर) कोठामा सूचीकृत औषधि तथा सरसामानहरु न्यूनतम एक महीनालाई पुग्ने मात्रामा मौज्दात रहेको			
१५	सबै सेवाग्राहीहरुको मूल दर्ता रेजिष्टर तथा अन्य सेवा रेजिष्टरमा दर्ता गर्ने गरेको			
१६	मासिक अनुगमन कार्यपुस्तिका अद्यावधिक गर्ने गरेको			
१७	स्वास्थ्यका प्रगति चार्टहरु बनाई देखिने स्थानमा टाँस गर्ने गरेको			
१८	स्वास्थ्य संस्थाबाट उपलब्ध सेवाहरुप्रति सेवाग्राहीहरु संतुष्ट भएको			
१९	स्वास्थ्य संस्थामा उपलब्ध सेवाप्रति दलित र अल्पसङ्ख्यक जातजातिहरू सन्तुष्ट भएको			
२०	स्वास्थ्य संस्थाबाट निस्केका फोहोर मैलाहरुलाई खाल्टोमा व्यवस्थित रूपमा विसर्जन गर्ने गरेको			

सुपरिवेक्षण गर्नेको सहीः

नामः

पदः

सुपरिवेक्षण गरेको मितिः

सुशासन

भूमिका

स्थानीय स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा र स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका तथा जिम्मेवारी भएकाले सुशासनको सिद्धान्त अनुरूप यो समितिले आफ्नो कार्यविधि अगाडि बढाउनुपर्दछ। यसका लागि सुशासनका तत्वहरु के के हुन्, कसरी यी तत्वहरुको कार्यान्वयन हुन्छ आदिबारे जानकारी लिन आवश्यक छ।

सुशासनको अर्थ

स्वास्थ्य सेवा/कार्यक्रमको राम्रो व्यवस्थापन गर्नका लागि पारदर्शिता अपनाई सबै सरोकारवालालाई समेटेर कुनै पनि गुनासाहरु गर्ने मौका नदिई स्वास्थ्य सेवा/कार्यक्रम व्यवस्थापन गर्नुलाई सुशासन भनिन्छ। स्थानीय समुदायका सेवाग्राहीको इच्छा र चाहना अनुसार उनीहरुकै सहभागिता र सहमतिमा निष्पक्ष र पारदर्शीढंगले समुदायका लागि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नमा सुशासनको गहन भूमिका हुन्छ।

स्थानीय स्तरमा प्रभावकारी स्वास्थ्य सेवा/कार्यक्रम सञ्चालन गर्नका लागि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका भूमिका निम्न छन् :

- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीले जिम्मेवार र जवाफदेही भएर काम गर्ने।
- स्वास्थ्यकर्मी र अन्य कर्मचारीले पनि जिम्मेवार र जबाफदेही भएर जनतालाई छिटो छरितोढंगले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने।
- कुनै पनि कार्यक्रम गर्दा स्थानीय समुदाय र जनताको पूर्ण सहभागिता गराएर काम गर्ने।
- आफूले गर्ने र गरिएका कामहरुको सार्वजनिक सुनवाई गर्ने
- आफूले गर्ने र गरिएका कामहरुको सार्वजनिक परीक्षण गर्ने।
- समिति, स्वास्थ्य कर्मचारी र आम उपभोक्ताबीच नियमित बैठक, छलफल र अन्तर्क्रिया गर्ने।
- सबैसँग राम्रो सम्बन्ध र समन्वय कायम राख्ने।

उपयुक्त भूमिका निर्वाह गर्न समितिका सदस्यहरुले निम्न अनुसार सुशासनका तत्वहरुलाई ध्यान दिईसोही अनुसारको सिद्धान्त अपनाई सुशासन कायम गरी सेवा प्रदायक/एवं समितिका सदस्यहरुले स्वास्थ्य सेवा तथा अन्य कार्यक्रमहरु सुचारुरूपले सञ्चालन गर्ने व्यवस्थापन गर्नुपर्छ।

सुशासनमा हुनु पर्ने आवश्यक तत्वहरु

सुशासनमा नभई नहुने आवश्यक तत्वहरु निम्न प्रकार छन् :

क. जिम्मेवारी र जवाफदेहिता

ख. जनसहभागिता

ग. पारदर्शिता

सुशासन कायम गर्नका लागि निम्न कुराहरु गर्न आवश्यकता पर्दछन् जस्तैः

१. सार्वजनिक सुनवाई
२. सार्वजनिक परीक्षण
३. नियमित बैठक, छलफल र अन्तरक्रिया
४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
५. स्वामित्वको महसुस
६. सबैको स्वीकार्यता

क. जिम्मेवारी र जबाफदेहिता

१. स्वास्थ्य संस्थाबाट दिइने सेवा/सुविधाहरु स्थानीय जनतालाई उचित समयमा विना झन्झट छिटोछरितो र गुणस्तरीय तवरले दिने कामको जिम्मेवारी स्वास्थ्य संस्थामा कार्यरत सेवाप्रदायकको साथै स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुको पनि हो । तसर्थ सेवाप्रदायक र समितिका सदस्यहरुले कार्यक्रमप्रति उत्तरदायी एवं जिम्मेवार हुनु अत्यावश्यक हुन्छ । सेवाप्रदायकले गुणस्तरीय सेवा गुनासोरहित तरवले प्रदान गर्नु र त्यसका लागि स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले व्यवस्थापन गर्नु समितिको सबै सामाजिक तथा आर्थिक पृष्ठभूमि भएका जनताप्रतिको जिम्मेवारी र उत्तरदायित्व हो ।

२. म स्थानीय जनताका लागि अटुट रूपमा गुणस्तरीय सेवा प्रदान गर्न बसेको छु र मैले यो काम गरिन भने स्थानीय जनताले सो सेवाबाट वञ्चित भई पीडा भोग्नु पर्ने हुन्छ र जन गुनासाहरु आउन दिनु हुँदैन भन्ने जिम्मेवारी बोध भएको खण्डमा जनताप्रतिको उत्तरदायित्वको बोध भएको भनिन्छ ।

३. अतः सेवाप्रदायक र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुको जिम्मेवारी र जनताप्रति जवाफदेहीताको प्रतिबद्धता भएमा स्वास्थ्य सेवा/कार्यक्रम अझ गुणस्तरीय, प्रभावकारी एवं निरन्तर रूपमा चल्दै जानेहुन्छ ।

ख. जनसहभागिता

स्वास्थ्य सेवा/कार्यक्रम विस्तार गर्ने जस्ता गतिविधिहरुमा समुदाय, सेवाप्रदायक, एवं व्यवस्थापन समितिका सदस्यहरुको सहभागिता गराउनु सुशासनको एक महत्वपूर्ण प्रक्रिया हो । स्थानीय गा.वि.स.स्तरमा अवस्थित सबै सरोकारवालाहरुलाई सहभागिता गराई गाउँका स्वास्थ्य सम्बन्धी विकास कार्यक्रमहरुअगाडि बढाउनुपर्दछ ।

उदाहरणका लागिः स्थानीय स्वास्थ्य समस्याको पहिचान, पुऱ्याउनु पर्ने कार्यक्रमको पहिचान, कार्यक्रम तर्जुमा, मूल्याङ्कन जस्ता कार्यहरुमा स्थानीय सरोकारवालाहरु, विशेषगरी महिला तथा वञ्चित जनसङ्ख्या, गण्यमान्य व्यक्तिहरुलाई जानकारी दिने, उनीहरुको राय लिने जस्ता कार्यहरु गर्नुपर्दछ । यस्ता व्यक्तिहरुको संलग्नताका लागि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ । यसरी सबैको सक्रिय सहभागिता गराउन सकेमा गाउँमा सञ्चालन हुने स्वास्थ्य कार्यक्रम सबैका लगि पुग्ने र उपलब्धि समेत सन्तोषजनक हुनहन्छ । गाउँका बढीभन्दा बढी सरोकारवालाहरुको सहभागिता गराउनु व्यवस्थापन समितिको र सेवाप्रदायकको मुख्य जिम्मेवारी हो र सुशासन अन्तर्गतको महत्वपूर्ण प्रक्रिया हो ।

ग. पारदर्शिता

स्वास्थ्य सेवा/कार्यक्रमको उद्देश्य, आशातीत उपलब्धि, उपलब्ध स्रोत, साधन, कार्यरत कर्मचारीको भूमिका इत्यादिबारे सम्पूर्ण जानकारी समुदाय, सरोकारवाला तथा सबैजसो व्यक्तिलाई सोबारे पूर्ण हुनुपर्दछ । यसरी सबै कार्यक्रम/सेवाबारे जानकारी भएमा आउँदा दिनहरुमा समुदायको सहयोग प्राप्त गर्न सकिन्छ । साथै कार्यक्रमप्रति उत्तरदायित्व, स्वामित्वको भावना पनि जाग्दछ । यी सूचना/जानकारीहरू सबैले थाहा पाउन र अध्ययन गर्न सक्ने गरी उपलब्ध हुनुपर्दछ (समुदायमा बोलिने/बुझिने भाषालाई ध्यानमा राखिएको हुनुपर्ने) र संभव भएसम्म सार्वजनिक गर्नुपर्ने हुन्छ । प्रत्येक गाउँ परिषद, गा.वि.स. बैठक, स्वास्थ्य संस्था सञ्चालन तथा समितिको नियमित बैठकमा यसबारे जानकारी गराउनु पर्दछ ।

यसरी कार्यक्रममा पारदर्शिता अपनाइएमा कार्यक्रमका लागि आवश्यक सहयोग सबैबाट प्राप्त हुन्छ । पारदर्शिताका लागि थप निम्न गतिविधिहरु गराउने प्रचलन छ । गा.वि.स. मा सो आयोजना गर्दा यसले सामुदायमा सकारात्मक वातावरण बनाउँछ । तसर्थ सेवा प्रदायक/समितिका सदस्यहरुले यसै अनुसार आवश्यक काम गर्नुपर्दछ ।

सुशासन कायम गर्न आवश्यक पर्ने कुराहरुः

१. सार्वजनिक सुनवाई

स्थानीय स्वास्थ्य संस्थाले प्रदान गरिरहेका सेवा/कार्यक्रमहरु व्यवस्थापन समिति एवं सेवा प्रदायकहरुले पुऱ्याइरहेको जिम्मेवारी, जिल्लाबाट प्राप्त सहयोग आदिबारे स्थानीय समुदाय र उपभोक्ताहरुमा उक्त कार्यक्रमहरुबाट परेका राम्रा नराम्रा प्रभाव, असर र उपलब्धिकाबारेमा आम समुदायको अगाडि गरिने छलफल, प्रश्नोत्तर गर्ने कामलाई सार्वजनिक सुनवाइ भनिन्छ । यो सुनवाइमा सेवाग्रहीले आफूलाई परेका पीर मर्का वा राम्रा कुराहरुकाबारेमा सम्बन्धित सेवाप्रदायकलाई प्रश्न राख्ने र सेवा प्रदायकका तर्फबाट जवाफ दिने काम गरिन्छ ।

सार्वजनिक सुनवाइले सेवाको उपभोग गर्नेलाई परेको समस्या, मर्का आदिकाबारेमा व्यक्त गर्ने अवसरका साथै समाधानका उपाय पत्ता लगाउने र सेवाप्रदायकलाई जनताप्रति उत्तरदायी बनाउन मद्दत गर्दछ ।

२. सार्वजनिक परीक्षण

स्थानीय स्वास्थ्य संस्थामा सञ्चालित कार्यक्रमबारे के कति रकम प्राप्त भयो ? केका लागि प्राप्त भयो? कति खर्च भयो? कसरी खर्च भयो ? गा.वि.स. का लक्षित समूहको स्वास्थ्यस्तरमा कतिको प्रभाव पऱ्यो आदि विषयहरुमा स्वास्थ्य संस्थाका सेवाप्रदायक कर्मचारी, व्यवस्थापन समितिका सदस्यहरु एवं गाउँका सम्पूर्ण समुदायबीचको छलफल, प्रश्नोत्तर, पुष्ट्याइँ आदि गर्ने काम गर्नुपर्दछ । सार्वजनिक परिक्षण अन्तर्गत यी तथ्यहरुको प्रतिवेदन तयार गरी अभिलेख राख्नुका साथै यस सम्बन्धी सम्पूर्ण जानकारी समुदायलाई दिने र माग बमोजिम सार्वजनिक गर्नुपर्दछ । यस प्रकारको अभ्यासले गर्दा कार्यक्रमको पारदर्शिता भई व्यवस्थापन समितिलाई प्रभावकारी सुशासन गर्नमा मद्दत पुऱ्याउँदछ ।

३. नियमित बैठक, छलफल/अन्तर्क्रिया

कार्यक्रमको पारदर्शिताका लागि नियमित बैठक, छलफल र अन्तरक्रिया अति आवश्यक हुन्छ । यसले मानिसहरुमा भएको अस्पष्टता, शंका उपशंकाहरुलाई घटाँउदै विश्वासको वातावरण सृजना

गराउँछ। त्यस्तैः कार्यक्रम/सेवाको प्रगतिमा आईपरेको समस्या, आवश्यक सहयोग लिनेबारे नियमित रूपमा अन्तर्क्रिया भई राख्नुपर्दछ। विशेष गरेर स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको नियमित बैठक बसाली यस्ता अन्तर्क्रिया गरी आवश्यक सेवा/कार्यक्रमलाई प्रभावकारी एवं लक्ष्य अनुरूप प्रगति हासिल गराउनमा मद्दत पुऱ्याउनु पर्दछ। त्यस्ता बैठकहरूमा स्थानीय स्तरमा बुझिने भाषाको प्रयोग गर्नुपर्दछ।

सेवाप्रदायक, व्यवस्थापन समितिका सदस्यहरुले आफ्नो गा.वि.स.मा परिस्थिति र आवश्यकता अनूसार उपयुक्त गतिविधिहरु नियमित रूपमा सञ्चालन गर्ने गर्नुपर्छ। यसो भएमा व्यवस्थापन समिति तथा सेवा प्रदायकले सुशासन कायम गरेको भन्ने स्थानीय जनताबाट सकारात्मक प्रतिक्रिया हुनेछ।

४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले आफ्ना काम कारवाहीहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले हेर्न जरुरी छ। उपलब्ध सेवा तथा सुविधाहरु समुदायका प्रत्येक सदस्यको जानकारी र पहुँचमा होस् र सबैले समान रुपमा सो सेवा प्रयोग गर्न सकून भन्ने कुरामा सेवा प्रदायक र व्यवस्थापन समिति सचेत हुनुपर्छ। यसका लागि विशेषगरी महिला र वञ्चितीमा परेका समुदायलाई समितिको सदस्य र सहभागीको रुपमा बैठक अन्तरक्रिया आदि निर्णयात्मक गतिविधिमा सहभागी गराई उनीहरुको समस्या र आवजहरुलाई विशेष प्राथमिकताका साथ आत्मसाथ गरी जतिसक्दो चाँडो समाधानका उपायहरु अपनाउनुपर्ने हुन्छ। साथै महिला तथा वञ्चितीमा परेका समुदायलाई विशेष उपायहरु अपनाई सेवा तथा निर्णय प्रक्रियामा सामेल गराउनु र स्वास्थ्य सेवामा समानता कायम गर्नु सुशासनको एक महत्वपूर्ण पक्ष हो।

५. स्वामित्वको महशुस

स्थानीय निकायमा स्वास्थ्य सेवा/कार्यक्रममा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु एवं स्वास्थ्य संस्थाका सेवाप्रदायकहरुले यो हाम्रो आफ्नै कार्यक्रम हो भनी यसलाई आत्मसात् गर्नु पर्दछ। सुशासनको अति आवश्यक सिद्धान्त मध्ये कार्यक्रमको स्वामित्व लिनु एक मुख्य भूमिका हो। स्वामित्व महसूस भए पछि सुशासनको प्रत्याभूति हुन्छ। तसर्थ; स्थानीय स्वास्थ्य सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरु, स्वास्थ्य संस्थाका कार्यकर्ता/ सेवाप्रदायकहरुले स्वास्थ्य कार्यक्रम कार्यान्वयन, परिचालनको जिम्मेवारी लिएमा कार्यक्रमको प्रभावकारितामा उल्लेखनीय वृद्धि भई कार्यक्रमको निरन्तरता र स्थानीय समुदायका लागि फाइदाजनक प्रतिफल प्राप्त हुन्छ।

६. सबैको स्वीकार्यता

स्वास्थ्य संस्थामा सञ्चालन हुने कार्यक्रम/सेवा स्थानीय समुदायका लागि उपयुक्त एवं सामाजिक, आर्थिक रूपमा विपन्न लक्षित समूहलाई औल्याई बढी भन्दा बढी फाइदाजनक हुने गरी सबैका लागि स्वीकार्य हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ। यसरी सबैलाई समेटने गरी तयार गरिएको कार्यक्रम सुशासानका लागि अभिन्न आधार हो।

गा.वि.स. का कुनै वा विशेष वर्ग, जातिलाई नमिल्ने सेवा/कार्यक्रम भएमा यो सबैका लागि स्वीकार्य हुदैन र सबैको सहभागिता जुटाउन सकिदैन। सेवा/कार्यक्रमको स्थायित्व, निरन्तरताका लागि पनि गाविसका सबै वर्ग, जाति, बालबालिका, महिला, पुरुष, वृद्धवृद्धा, अपाङ्ग, विपन्न वर्ग, दलित आदिका लागि फाइदाजनक कार्यक्रम ल्याउन समितिले पहल गर्नुपर्दछ।

स्रोत परिचालन

स्रोतको परिभाषाः

कुनै पनि लक्ष्य हासिल गर्नका लागि प्रयोगमा ल्याइने मानवीय शक्ति, विभिन्न किसिमका भौतिक साधनहरु, समय, पैसा, र सूचनाहरु नै स्रोत हुन् । उपलब्ध स्रोतको अधिकतम परिचालनबाट स्वास्थ्य सेवालाई प्रभावकारी, नियमित र गुणस्तरीय बनाई सेवाको प्रयोगदरमा वृद्धि गराउन सकिन्छ । यसरी स्रोत परिचालन गर्दा स्थानीय समुदायको आवश्यकता र संलग्नतामा उचित तवरले गर्न सकेमा स्वास्थ्य संस्थामा उपलब्ध सेवाप्रति समुदायमा विश्वसनीयता बढ्न जान्छ । यस्तो विवरणले महिला तथा सामाजिक र आर्थिक रूपले पछाडि पारिएका/वञ्चितीमा परेका समुदायका सदस्यहरूलाई समस्याले कसरी असर पार्दछ भन्ने कुरालाई समेटेको हुनुपर्दछ ।

स्वास्थ्य संस्थाका लागि स्थानीय तहमा उपलब्ध हुन सक्ने स्रोतहरु

- गा.वि.स.मा आएको बजेट ।
- प्रति बिरामी दर्ता बापत नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम ।
- विभिन्न सरकारी र गैहसरकारी निकायबाट प्राप्त हुने अनुदानहरु ।
- गा.वि.स. वा स्वास्थ्य संस्थाको आन्तरिक स्रोत
- जनसहभागिता ।
- जिल्ला विकास समितिबाट प्राप्त अनुदान ।
- सामुदायिक वन आदि

प्रस्तावना

प्रस्तावना लेख्दा ध्यान दिनुपर्ने कुराहरु

- प्रस्तावना लेख्नु भन्दा अगाडि केकाबारेमा लेख्ने त्यसको पूर्व तयारी गर्नुपर्दछ ।
- कुन उद्देश्य र लक्ष्य प्राप्त गर्न लागिएको हो त्यसको निर्धारण गर्नुपर्दछ ।
- कुन समस्या समाधान गर्नका लागि सहयोग मागिएको हो त्यो खुलाउनुपर्दछ ।
- उक्त समस्या समाधान भए के के फाइदा हुन्छन्, तिनकाबारेमा पनि उल्लेख हुनु पर्दछ ।
- उक्त कार्य गर्नका लागि के कति सामग्री, स्रोत वा जनशक्ति, रकम आवश्यक पर्दछ । तिनको विस्तृत बिवरण तयारी गर्नुपर्दछ ।
- निर्दिष्ट कार्य कति अवधिमा सम्पन्न गर्न खोजिएको हो, त्यसको जानकारी कार्ययोजनास्वरूपमा तयार गर्नुपर्दछ ।
- स्रोत दिने सम्भावित निकायको उद्देश्य र प्राथमिकता क्षेत्रबारे जानकारी राखी प्रस्तावना पेश गर्नु पर्दछ ।

प्रस्तावना लेखन खाका

प्रस्तावना लेखन गर्दा निम्न खाकाको प्रयोग गर्न सकिन्छ ।

- **पृष्ठभूमि**

  यस अन्तर्गत मुख्य गरेर स्वास्थ्य समस्या, त्यसको चित्रण र औचित्यकाबारेमा प्रष्टसँग खुलेको हुनुपर्दछ । यस्तो विवरणले महिला तथा सामाजिक र आर्थिक रूपले पछाडि पारिएका/वञ्चितीमा परेका समुदायका सदस्यहरूलाई समस्याले कसरी असर पार्दछ भन्ने कुरालाई समेटेको हुनुपर्दछ ।

- **लक्ष्य र उद्देश्य**

  कार्यक्रमको लक्ष्य र उद्देश्य प्रष्टसँग उल्लेख गर्नुपर्दछ ।

  उद्देश्य लेख्दा निम्न कुराहरुलाई ख्याल गर्नु पर्दछ :

  - निर्दिष्टः फरक-फरक व्याख्याबाट बच्न स्पष्ट रुपमा उल्लेख गरेको,
  - मापनयोग्यः नतिजा हासिल गर्नका लागि भए गरेका प्रगतिको अनुगमन तथा मूल्याङ्कनका लागि उचित

- उपयुक्तः परिवर्तनका लागि प्रभाव पार्न कार्यक्रमको प्रकृतिसँग मिल्दोजल्दो,
- यथार्थः उपलव्ध समयावधिमा नै नतिजा हासिल गर्न सकिने तथा
- समय सीमा तोकिएकोः समापनका लागि निर्दिष्ट समय तोकिएको ।

- **कार्य गर्दा हुने फाइदा**

  यो कार्यक्रम पश्चात् कस्ता किसिमका फाइदा हुन्छन् तिनको जानकारी दिइनुपर्दछ । यस खण्डले महिला तथा सामाजिक र आर्थिक रूपले पछाडि पारिएका/वञ्चितीमा परेका समुदायका सदस्यहरूलाई कार्यक्रमले कसरी फाइदा पुऱ्याउँदछ भन्ने कुरालाई समेटेको हुनुपर्दछ ।

- **लक्षित वर्ग**

  कार्यक्रम कुन वर्गलाई लक्षित गरिएको हो सो खुलाउनु पर्दछ ।

- **प्रस्तावित कार्यक्रम**

  माथि उल्लेख गरिएका समस्या समाधान गर्न के कार्यक्रम गर्ने र कसरी गर्ने भन्ने कुरा प्रष्टसँग लेख्नु पर्दछ ।

- **बजेट**

  उक्त कार्यक्रम गर्न कति रकम लाग्ने हो सो कुरा खुलाउनु पर्दछ ।

  कार्यक्रम गर्दा लाग्ने कुल लागत शीर्षक खुलाएर लेख्नु पर्दछ ।

- **कार्ययोजना**

उदाहरणका निम्ति समितिले तयार पारेको वास्तविक प्रस्तावना तल प्रस्तुत गरिएको छ :

क. चार पटक गर्भ जाँच सेवा बढाउन कम्दि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तयार गरेको प्रस्तावना

१. पृष्ठभूमि

यस कम्दि गा.वि.स.मा गर्भवति महिलाहरुले स्वास्थ्य संस्थाबाट उपलब्ध ४ पटक गर्भजाँच सेवा यस आर्थिक वर्षको जेष्ठ महीनासम्म पच्चिस प्रतिशतले मात्र लिएको हुँदा आमा तथा बच्चा दुबै जोखिममा भएकोले ४ पटक गर्भ जाँच सेवा बढाउनु पर्ने आवश्यकता देखिएको ।

२. लक्ष्य तथा उद्देश्य

- ४ पटक गर्भ जाँच सेवा लिने महिलाहरुको प्रगति हालको २५५ बाट ४९५ सम्म पुऱ्याउने,
- दलित, मुस्लिम तथा पिछडा वर्गलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने ।

३. समय अवधि

- आषाढ २०६७ देखि मार्ग २०६७ सम्म ।

४. फाइदाहरु

- गर्भवति महिलाहरुलाई जोखिम मुक्त गर्न ।
- मातृमत्यु दर घटाउने कार्यमा सहयोग गर्न ।
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्य क्षमता अभिबृद्धिका लागि अवसर प्राप्त हुने आदि ।
- लक्षित समुहमा कार्यक्रम पुग्ने ।

५. लक्षित वर्ग

- वडा नम्वर ४, ५ र ६ का मुस्लिम समुदायका महिलाहरु ।
- गा.वि.स. स्थित अन्य वडाका गर्भवति महिलाहरु

६. क्रियाकलापहरु

- जनचेतनामूलक कार्यक्रम गर्ने ।
- गाउँघर क्लिनिक व्यवस्थित रुपमा सञ्चालन गराउन अनुगमन गर्ने ।
- स्वास्थ्य संस्थामा हप्तामा एक पटक गर्भ जाँच सेवा दिने कार्यक्रमलाई विस्तार गरी प्रत्येक दिन सेवा दिने र सो कुराको प्रचार प्रसार गर्ने ।
- स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीहरुलाई पनि चार पटक गर्भ जाँचको महत्ववारे जानकारी दिई आ-आफ्नो समुदायमा प्रचार प्रसार गर्न गराउन लगाउने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आ-आफ्ना वडामा चार पटक गर्भ जाँच सेवावारे प्रचार अभियान गर्न लगाउने ।
- मुस्लिम समुदायका प्रमख व्यक्तिहरुसँग समन्वय गरी चार पटक गर्भ जाँचको महत्ववारे जानकारी दिने र वहाँहरुबाट समुदायमा प्रचार प्रसार गर्न गराउन प्रोत्सहान गर्ने ।
- विद्यालयसँग समन्वय गरी चार पटक गर्भ जाँच सेवाको प्रचार प्रसार गर्ने आदि ।
- आमा समुहको बैठकमा ४ पटक गर्भ जाँचको फाइदाबारे छलफल चलाउने ।

७. वजेट

- चेतनामुलक कार्यक्रम गर्न गा.वि.स.सँग रु. १०००० माग गर्ने ।
- स्वास्थ्यमा काम गर्ने अन्य संघ संस्थाहरुसँग पनि समन्वय गरी स्रोत जुटाउन पहल गर्ने

८. कम्दि उपस्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिले चार पटक गर्भ जाँच सेवा बृद्धिका लागि तयार गरेको कार्ययोजना

के गर्ने ?	कसरी गर्ने ?	कसले गर्ने ?	कहिले गर्ने ?
वडा नम्वर ४, ५ र ६ मा चार पटक गर्भ जाँच सेवाको प्रगति बढाउन जन चेतनामूलक कार्यक्रम गर्ने	• महिला स्वास्थ्य स्वयंसेविका मार्फत सम्बन्धित समुदायमा पत्राचार गर्ने । • जिल्ला जनस्वास्थ्य कार्यालयसँग विषयवस्तु सहित स्रोत व्यक्ति माग गर्ने । • चेतनामूलक कार्यक्रम गर्न गराउन समितिमा कार्य जिम्मेवारी बाँड्फाँड गर्ने । • गा.वि.स.सँग समन्वय गरी बजेट प्राप्त गर्ने । • वडा नम्बर ४, ५ र ६ समुदायका प्रमुख व्यक्तिहरुको उपस्थिति अनिवार्यका लागि अनुरोध गर्ने । • स्वास्थ्य संस्थाको सम्बन्धित सेवा रजिष्टरबाट गा.वि.स. तथा वडा नम्वर ४, ५ र ६ को चार पटक गर्भ जाँच सेवाको अवस्था तुलनात्मक प्रस्तुतीका लागि तयार गर्ने । • तीनवटै क्षेत्रका लागि रु. १००००० गा.वि.स बाट प्राप्त गरी कार्य गर्ने	श्री लक्ष्मण गौतम श्री कामता सोनखर श्री लोकेन्द्र रावल श्री हरि बहादुर राउले	वडा नम्वर ४ २०६७/०३/१० गते स्थाँन: वगैचा समय: ७ बजे (विहान) वडा नम्वर ५ २०६७/०३/११गते स्थाँन: नियामतपुर समय: ७ बजे (विहान) वडा नम्वर ६ २०६७/०३/१२गते स्थाँन: वागवानपुर समय: ७ बजे (विहान)
कम्दि उच्च मा.वि. मा चार पटक गर्भ जाँच सेवाको महत्ववारे जानकारी दिई प्रचार प्रसार गर्ने	• चार पटक गर्भ जाँच सेवाको महत्ववारे जानकारी दिन सामग्री तयार गर्ने । • प्राथना गर्ने समयमा चार पटक गर्भ जाँच सेवाको महत्ववारे जानकारी दिइ सेवा पाउने स्थानहरुबारे प्रचार प्रसार गर्न/गराउन लगाउने ।	श्री लक्ष्मण प्रसाद गौतम	२०६७ जेष्ठ अन्तिम सप्ताह तथा आषाढ महीनामा

तयार गर्ने:
नाम: श्री टिका राम वोहोरा
पद: सदस्य सचिव
मिति: २०६७/०२/२६

प्रमाणित गर्ने:
नाम: श्री लोकेन्द्र रावल
पद: अध्यक्ष
मिति: २०६७/०२/०२६

सामाजिक परीक्षण

परिभाषा

कुनैपनि संघ संस्था वा निकायको समग्र गतिविधि (नीति, विधि, व्यवहार, कार्यक्रम सञ्चालन तथा स्रोत परिचालन) को नियमितता, पारदर्शिता, प्रभावकारिता, कार्यदक्षता र सान्दर्भिकताबारे अधिकारवाला तथा सरोकारवालाले आफ्नो अनुभव, बुझाइ र दृष्टिकोणका आधारमा गरिने विश्लेषण, मूल्याङ्कन, टिप्पणी र पृष्ठपोषण प्रक्रियालाई सामाजिक परीक्षण भनिन्छ ।

सामाजिक परीक्षण एउटा यस्तो प्रक्रिया हो, जसले सेवा दिने संस्था, सेवाग्राही, सहयोगी र सरोकारवाला बीच समझदारी, समन्वय र एक आपसको सहयोगमा वृद्धि गराई संस्थाको सामाजिक, नैतिक, वातावरणीय, वित्तीय र व्यवस्थापकीय कार्यदक्षतामा सुधार ल्याउन मद्दत पुऱ्याउँदछ ।

सामाजिक परीक्षणको सिद्धान्त

क) विस्तृत

सामाजिक परीक्षणमा कुनै संस्थाको एउटा क्रियाकलापको मात्र परीक्षण नगरी त्यसका समग्र गतिविधि, लक्ष्य, उद्देश्य, प्रतिबद्धताबारे विस्तृत परीक्षण गरिन्छ । जस्तै भौतिक, आर्थिक, व्यवस्थापकीय क्रियाकलाप, सुशासन, समावेशीकरण, संस्थागत प्रवृत्ति तथा व्यवहार आदि ।

ख) बहुपक्षीय

सामाजिक परीक्षणले समाजका सबै वर्ग, समुदाय, सरोकारवाला, सरकारी, गैह्रसरकारी संघसंस्था, निकायको गतिविधि, विचार, दृष्टिकोण र कार्यप्रक्रियालाई समेट्दै सबैलाई उचित स्थान दिन्छ ।

ग) तुलनात्मक

सामाजिक परीक्षणमा अधिकारवाला तथा समुदायले विभिन्न संघसंस्था वा निकायको आवधिक रूपमा संस्थागत विधि, व्यवहार, क्रियाकलाप र कुन संस्थाले कस्तो नीति लिएको छ र त्यसबाट सञ्चालित गतिविधिबाट भएको उपलब्धि र अरु संस्थाको तुलनामा कसरी भिन्न छन् भनी तुलनात्मक विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने गर्दछ ।

घ) नियमित

सामाजिक परीक्षण एउटा नियमित प्रक्रिया हो । यसमा संस्थाले गरेको प्रतिबद्धता बमोजिम संस्था अगाडि बढे/नबढेकोबारे अधिकारवाला र सरोकारवालाले नियमित जानकारी पाउनु र उनीहरुबाट विश्लेषण र मूल्याङ्कन भई रहनु आवश्यक हुन्छ ।

ङ) पारदर्शिता

सामाजिक परीक्षणले सबै सरोकारवालालाई संघसंस्थाको कार्यसम्पादनबारे सुसूचित गराउँछ । यस प्रक्रियाबाट आएको नतिजा, प्रमाणित तथ्याङ्क, निष्कर्ष तथा सुझावलाई समुदायको विभिन्न तहमा प्रवाह गरी पारदर्शितामा अभिवृद्धि गर्दछ ।

च) जवाफदेहिता

सामाजिक परीक्षणको माध्यमबाट कुनै पनि संघसंस्था वा निकाय अधिकारवाला तथा सरोकारवालाप्रति उत्तरदायी र जवाबदेही हुनुपर्ने अवस्थाको सृजना गर्दछ ।

छ) कार्यसम्पादन सुधार

सामाजिक परीक्षणमा अधिकारवाला र सारोकारवालाहरुले दिएको सुझाव र पृष्ठपोषणलाई ग्रहण गरिन्छ र प्राप्त सुझाव र पृष्ठपोषणको आधारमा सेवाप्रदायक संघसंस्थाको कार्यदक्षतामा सुधार ल्याउन मद्दत पुऱ्याउँछ ।

ज) स्वतन्त्र

सामाजिक परीक्षण कार्य सञ्चालन गर्दा सम्पूर्ण सहभागीहरुले स्वतन्त्र रूपले प्रश्न, जिज्ञासा र सुझाव राख्नसक्ने वातावरणको सृजना हुन्छ ।

झ) खुलाउने

सामाजिक परीक्षण प्रक्रियाबाट आएका परिणामलाई सार्वजनिक गरिन्छ ।

स्वास्थ्य क्षेत्रमा सामाजिक परीक्षणको औचित्य

स्वास्थ्य क्षेत्रमा स्रोत र साधन क्रमिक रूपमा वृद्धि गरी केन्द्रबाट स्थानीय स्तरसम्म निक्षेपण गरिएको छ । राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमहरुको रूपमा केही वर्षदेखि नयाँ कार्यक्रमहरु जस्तै : राष्ट्रिय निःशुल्क स्वास्थ्य सेवा, प्रसूति प्रोत्साहन कार्यक्रम, सामाजिक स्वास्थ्य सुरक्षा, सामाजिक समावेशीकरण आदि सञ्चालन हुँदै आएकोछ । तापनि स्रोत र साधन बढे अनुरूप आशतीत प्रगति भने भएको पाइएको छैन । तसर्थ, जनताले तिरेको कर समेतबाट सञ्चालित स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमकोबारेमा सेवाग्राही तथा सरोकारवालाहरुको संलग्नतामा सेवा प्रदायकको कार्य सम्पादनकाबारेमा परीक्षण गर्न मनासिब देखिन्छ । तसर्थ, स्वास्थ्य क्षेत्रमा सामाजिक परीक्षण गर्नुपर्ने औचित्य निम्नानुसार उल्लिखित गरिएकोछ :

क) स्वास्थ्य संस्थाको नीति, कार्यसम्पादन र कर्मचारीहरुको व्यवहारमा जवाफदेहिता, पारदर्शिता र स्वास्थ्य संस्थाहरुबाट दिइने गुणस्तरीय सेवाको तत्परतामा अभिवृद्धि गर्न ।

ख) सेवाग्राहीलाई प्रभावकारी र गुणात्मक स्वास्थ्य सेवा पुऱ्याउने कार्यका लागि मद्दत पुऱ्याउन ।

ग) समुदायलाई पनि स्वास्थ्य कार्यक्रमहरु आफ्नो कार्यक्रम हुन भन्ने भावना जगाउन प्रोत्साहन गर्ने र समुदायको दायित्वबोध गराउन ।

घ) सेवाग्राही तथा सरोकारवालाहरुको सुझाव र पृष्ठपोषणद्वारा स्वास्थ्य सेवा व्यवस्थापनमा सुधार ल्याउने वातावरणको सृजना गर्न ।

सामाजिक परीक्षणका सीमाहरु

सामाजिक परीक्षणका केही सीमाहरु छन् । जस्तैः

- सामाजिक परीक्षण प्रक्रियाले नियमित सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन प्रणालीलाई विस्थापित गर्न सक्दैन । यसले यी प्रक्रियाहरुको परिपूरकका रूपमा भूमिका खेल्न सक्दछ ।
- सामाजिक परीक्षणको कानूनी मान्यता छैन, तर कानूनी प्रावधानलाई भने सहयोग गर्न सक्दछ ।

सामाजिक परीक्षणको प्रक्रियामा समावेश गर्नुपर्ने विषयवस्तुहरु :

क) संस्थागत विवरण : यस अन्तर्गत निम्न विवरणहरु तयार गर्नुपर्दछ :

- संस्थाको उद्देश्य,
- संस्थाको सँगठनात्मक संरचना, स्वीकृत दरबन्दी र कार्यरत कर्मचारी,
- संस्थाको कार्यान्वयन प्रक्रिया र निर्णय लिने पद्धति ।

ख) योजना, कार्यक्रम तथा कार्यान्वयन

सामाजिक परिक्षणले योजनाचक्र व्यवस्थापनलाई समेत समेटेको हुन्छ, जसमा योजना तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन र पृष्ठपोषण पर्दछन् । यस अन्तर्गत निम्न विषयवस्तुहरु समेटिनु पर्दछ ।ः

- प्रमुख कार्यक्रम, क्रियाकलाप र बजेट,
- सूचक/लक्ष्य अनुसारको प्रगति,
- गुणस्तर नियन्त्रण/स्तरीयता ।

ग) वित्तीय व्यवस्थापन र कार्यप्रगति

यस अन्तर्गत आर्थिक कारोबारको प्रकृति, परिमाण, परिचालन सम्बन्धी निम्न विषयहरु समेटिनु पर्दछः

- कार्यक्रम बजेट र खर्च,
- खरिद प्रक्रिया - नीति, योजना र प्रगति,
- वित्तीय लेखापरीक्षणको प्रतिवेदन ।

घ) संस्थाको समन्वय र सम्बन्ध

यस अन्तर्गत स्वास्थ्य संस्थाका अधिकारवाला र सरोकारवालाहरुसँगको समन्वयात्मक भूमिकाबारे उल्लेख गर्नुपर्दछ । जस्तैः

- सरोकारवालाहरुको विश्लेषण -(पहिचान, कार्यक्रम, भूमिका र एक आपसको सम्बन्ध आदि),
- समुदायको सहभागिता र सहयोग ।

सामाजिक परीक्षण - एक प्रक्रिया

सामाजिक परीक्षण एउटा निरन्तर प्रक्रिया हो । सामाजिक परीक्षणका लागि सार्वजनिक भेला प्रत्येक आर्थिक वर्षमा कम्तीमा दुई पटक अधिकारवाला र सरोकारवालाहरुको रोहवरमा गर्नुपर्दछ । पहिलो पटक आर्थिक वर्षको सुरुमै संस्थाको वार्षिक कार्यक्रम प्राप्त भएपछि र दोस्रो पटक आर्थिक वर्षको समाप्तिपछि गर्दा उपयुक्त हुन्छ ।

सामाजिक परीक्षण गर्ने विधिः

यस विधिका लागि आवश्यक पर्ने तयारी र न्यूनतम् सूचना निम्न बुँदाहरुमा उल्लेख गरिएका छन् :

क) सूचनाहरुको संयोजन र वितरणः

जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयहरुले सम्बन्धित जिल्ला विकास समिति र स्वास्थ्य संस्थाले सम्बन्धित न.पा./गा.वि.स.को समन्वयमा अधिकारवाला र अन्य सरोकारवालाहरुलाई आर्थिक वर्षको कार्यक्रम प्राप्त भएपछि सामाजिक परीक्षण (पहिलो पटक) सुरुवातको रूपमा आयोजना गर्नुपर्नेछ । उक्त कार्यक्रमका लागि निम्न अनुसारको विवरण कम्तीमा एक हप्ता अगावै सरोकारवालाहरुलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

- वार्षिक कार्यक्रम तथा बजेटकाबारेमा संक्षिप्त विवरण,
- स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने सेवा तथा सुविधाहरुको जानकारी ।

उल्लिखित विवरणहरु निम्न माध्यमहरुबाट प्रसारण, संप्रेषण वा वितरण गर्न सकिने छन् ।

- सूचना पाटी,
- पम्पलेट, पर्चा, बुलेटिन तथा वेबसाइट,
- स्थानीय पत्रिका तथा स्थानीय एफ.एम. रेडियोहरु,
- जिल्लामा अवस्थित समुदायमा आधारित संघ संस्थाहरु,
- स्वास्थ्य कार्यकर्ता तथा महिला स्वास्थ्य स्वयंसेविका एवं आमासमूह,
- नागरिक बडापत्र ।

ख) वार्षिक सामाजिक परीक्षण (दोस्रो पटक - आर्थिक वर्षको अन्त्यमा) :

स्वास्थ्य संस्थाले संस्थागत विवरणसँग सम्बन्धीत कुराहरु, कार्यक्रम योजना, कार्यान्वयन, वित्तीय व्यवस्थापन, कार्य सम्पादन तथा संस्थाको समन्वय र सम्बन्ध सम्बन्धी आवश्यक सूचनाहरु उपलब्ध गराउनु पर्दछ । यस बाहेक निम्न कुराहरुसमेत तयार हुनुपर्दछ ।

- नागरिक बडापत्र,
- वार्षिक बजेट, कार्यक्रम र वार्षिक प्रगति,
- स्वास्थ्य संस्था, स्वास्थ्यकर्मीहरुको कार्यतालिका,
- अनुगमन पुस्तिका ,
- भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन,
- बैठकका निर्णयहरु,
- जिल्ला वा स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी/गैह्सरकारी संस्थाको नामावली संकलनका साथै ती संस्थाहरुबाट प्राप्त स्रोत र नक्सांकन

सामाजिक परीक्षण सामान्यतया तीन देखि चार घण्टाभित्र सम्पन्न हुने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ । सामाजिक परीक्षणका लागि निम्न अनुसारका चरणहरु अनुसरण गर्नुपर्ने हुन्छ ।

तयारी चरणमा गर्नुपर्ने क्रियाकलापहरुः

- सामाजिक परीक्षण सहजीकरणका लागि सम्भव भएसम्म स्वतन्त्र र नभएको खण्डमा स्वास्थ्य क्षेत्रमा कार्यरत स्थानीय स्तरका गैह्सरकारी संघ संस्था तथा समूहका प्रतिनिधिहरुमध्येबाट सहजकर्ताको चयन गर्नुपर्ने हुन्छ ।
- मिति, स्थान र कार्यक्रमको विषयवस्तुसहित सहभागीहरुको सूची तयार गरी सहभागिताका लागि निमन्त्रणा पठाउने ।
- स्वास्थ्य संस्थाको स्तर र कार्य विवरण अनुसार सामाजिक परीक्षणका सहभागीहरु चयन गर्नुपर्ने हुन्छ । जिल्ला स्तर र स्थानीय स्तरमा नभै नहुने सहभागीहरुको सूची तयार गर्ने ।
- स्वास्थ्य संस्थाका सम्बन्धित सबै कर्मचारीहरुलाई सामाजिक परीक्षण सम्बन्धी कार्य तथा जिम्मेवारीबारेमा जानकारी गराउनु पर्नेछ । जसले गर्दा सामाजिक परीक्षणको समयमा अधिकारवाला तथा सरोकारवालाहरुबाट आउने प्रश्न तथा जिज्ञासाहरुको समाधान गर्न सहजहोस् ।
- सामाजिक परीक्षण कार्यका लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन गर्नुपर्दछ ।
- सम्बन्धित संस्थाले गरेका क्रियाकलापहरुलाई सामाजिक परीक्षणका प्रक्रियामा समावेश गर्नुपर्ने विषयवस्तुहरु अनुसार प्रस्तुतीकरणका लागि तयार गरी सार्वजनिक रूपमा सूचना टाँस गर्ने व्यवस्था मिलाउने ।

सञ्चालनको चरणमा अपनाउनुपर्ने क्रियाकलापहरुः

- सहभागी संख्या अनुसार विभिन्न वर्ग, जाति, समुदाय, लिङ्ग आदिको सहभागिता र दोहोरो सञ्चार हुनेगरी गोलाकार वा अर्धगोलाकार रूपमा स्थानको व्यवस्था गर्ने ।
- सहभागीहरुको उपस्थिति गराउने ।
- सम्बन्धित संस्था प्रमुखले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारेमा प्रकाश पार्ने ।
- सहजकर्ताको परिचय गराउँदै कार्यक्रम सञ्चालनका लागि सहजकर्तालाई मञ्च हस्तान्तरण गर्ने ।
- सहजकर्ताले सर्वप्रथम सहभागीहरुको परिचय गराउने ।
- सहजकर्ताले सामाजिक परीक्षणको कार्य र क्षेत्रकोबारेमा स्पष्ट पार्ने ।
- सामाजिक परीक्षण कार्यक्रमलाई सही र व्यवस्थित ढङ्गले सञ्चालन गर्न सहभागितामूलक आचारसंहिता निर्धारण गर्ने ।
- यसभन्दा अगाडि सामाजिक परीक्षण भएको भए सो कार्यक्रमबाट आएका पृष्ठपोषण तथा संस्थाले गरेका प्रतिबद्धतासमेत प्रस्तुत गर्ने ।
- सम्बन्धित संस्थाले गरेका क्रियाकलापहरुलाई सम्बन्धित व्यक्तिहरुबाट प्रस्तुत गर्ने व्यवस्था मिलाउने ।
- विषयवस्तुमा केन्द्रित रहेर छलफल गराउने ।
- संस्थाको उद्देश्य, नीति-नियम, कार्यक्रमको परिधि र संस्थाको क्षमताभित्र रहेर सहभागितामूलक आधारमा संस्थाका प्रतिबद्धताहरुको मस्यौदा तयार गरी तत्काल जानकारी गराउने ।

- अन्तमा, सबैलाई धन्यवाद दिंदै सरोकारवालाबाट आएका मुख्य सल्लाह र सुझावहरुलाई आत्मसात् गर्दै कार्यक्रम समापन गर्ने ।

सामाजिक लेखापरीक्षण पश्चात् गर्नुपर्ने क्रियाकलापहरु

क) निम्न लिखित कुराहरु समेटी प्रतिवेदन तयार गर्ने:

- अपनाइएका विधि तथा प्रक्रियाहरु,
- उठाइएका मुख्य मुख्य सवालहरु,
- संस्थाले गरेका प्रतिबद्धताहरु,
- सिकेका मुख्य मुख्य कुराहरु, अबसर र चुनौतीहरु,
- सहभागीहरुको नामावली र संख्या ।

ख) प्रतिवेदन सार्वजनिक गर्ने:

- सर्वसाधारणलाई उपलब्ध हुने गरी संस्थामा प्रतिवेदन सार्वजनिक गर्ने ।
- प्रतिवेदनका प्रतिलिपीहरु निम्न संस्थालाई उपलब्ध गराउने ।
- जि.वि.स. (जिल्ला स्तर) / गा.वि.स. (गा.वि.स. स्तर),
  - स्थानीय सञ्चार माध्यम,
  - मुख्य मुख्य सरोकारवालाहरु,
  - सम्बन्धित स्वास्थ्यकर्मी, स्वयंसेविका, आमा समूहहरु ।
- जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयको वार्षिक प्रतिवेदनमा सामाजिक परीक्षणको प्रतिवेदन समावेश गर्ने ।

ग) कार्ययोजना तयारी तथा कार्यान्वयन

स्वास्थ्य संस्थाले सामाजिक परीक्षणबाट प्राप्त नतिजाका आधारमा संस्थाको सवल पक्ष र सुधार गर्नुपर्ने पक्षको मूल्याङ्कन गरी परीक्षणको अवसरमा गरेको प्रतिबद्धतालाई पूरा गर्नु कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने ।

योजना तर्जुमा

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको एउटा महत्वपूर्ण जिम्मेवारी मध्ये आफ्नो गा.वि.स. को स्वास्थ्य योजना निर्माण र त्यसको कार्यान्वयन हो । समितिले आफ्नो स्वास्थ्य संस्था रहेको गा.वि.स. भरिको स्वास्थ्य योजना बनाउन सके उक्त योजना त्यहाँका समुदायका वास्तविक स्वास्थ्य समस्याहरु र आवश्यकता अनुरूपको हुनेछ । विगतमा स्वास्थ्य सम्बन्धी योजनाहरु माथिल्लो निकायबाट बनि आउने परिपाटीले समुदायका प्रमुख आवश्यकताहरुलाई नसमेटेको पाइन्छ । त्यसैले समितिको पहलमा आफ्नो गा.वि.स. को स्वास्थ्य योजना आफै बनाउन सके समुदायको वास्तविक आवश्यकतालाई पहिचान गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिन्छ ।

योजना भनेको के हो ?

अप्ठ्यारो कामलाई सरल बनाउने, कामको चाँजोपाँजो मिलाउने वा भविष्यलाई आफू अनुकूल बनाउने कार्य नै योजना तर्जुमा हो । अर्को शब्दमा निश्चित उद्देश्य प्राप्तिका निम्ति के, कहिले, कहाँ, कसरी, किन आदि जस्ता प्रश्नहरुको जबाफसहित गरिएको पूर्वतयारी तथा दस्तावेज नै योजना हो । सरोकारवाला सबै मिलेर बनाएको योजना नै सहभागितामूलक योजना हो ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विकेन्द्रीकरणको माध्यमबाट सहभागिमूलक ढङ्गबाट स्थानीय क्षेत्रको विकासको योजना तर्जुमा गर्नुपर्ने कुरामा जोड दिएको छ । स्थानीय स्वास्थ्य संस्था हस्तान्तरण तथा सञ्चालनका लागि तयार गरिएको निर्देशिका २०६० ले स्थानीय तहमा निम्न कारणले गर्दा योजनाको आवश्यकता रहेको कुरा पुष्टि गरेको छ ।

योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराः

- समस्या, आवश्यकता र अवसरहरुको खोजी सहभागिमूलक ढङ्गले गर्ने ।
- समस्या तथा आवश्यकताहरुको प्राथमिकीकरण गर्ने ।
- स्थानीय स्रोत साधनको खोजी गर्ने ।
- उद्देश्य, क्रियाकलाप आदि स्पष्ट पार्ने ।
- कार्यान्वयनको जिम्मेवारी स्पष्ट पार्ने आदि ।

योजनाका पाँच "क"

पाँच "क" मा आधारित भएर योजना बनाउदा प्रभावकारी हुन्छ ।

के ?

किन ?

कसरी ?

कहिले ?

कसले ?

उदाहरणका निम्ति एउटा गा.वि.स.मा स्वास्थ्य सम्बन्धी जानकारी गराउन अन्तरक्रिया कार्यक्रम गर्नु पर्‍यो भने ५ क प्रयोग गरी निम्न अनुसार योजना बनाउन सकिन्छ :

- **के गर्ने ?**: यो गा .वि .स. का नौ वटै वडामा २२५ आइरन चक्की सेवावारे लक्षित समूह (गर्भवती र ४२ दिन भित्रका सुत्केरी) लाई आइरन सेवनबाट हुने फाइदा बताउने ।
- **किन गर्ने ?**: २२५ आइरन चक्की सेवनवाट आमा र बच्चाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएकोले, लक्ष्य अनुसार प्रगति हासिल नभएकाले ।
- **कसरी गर्ने ?**: व्यवस्थापन समितिको बैठकमा छलफल गरी, वडा – वडामा चेतनामूलक कार्यक्रम मार्फत गर्ने । रक्त अल्पताको दर उच्च भएको लक्षित वडा ।
- **कसले गर्ने ?**: व्यवस्थापन समितिका सदस्य, महिला स्वास्थ्य स्वंयसेविका, स्वास्थ्य संस्थाका कर्मचारी
- **कहिले गर्ने ?** :
  वडा नं १ मा .....गते गर्ने ।
  वडा नं २ मा .....गते गर्ने ।
  त्यसै गरी प्रत्येक वडामा निश्चित मिति तोकी गर्ने ।

स्थानीय तहमा योजनाको आवश्यकता

- स्थानीय तहमा जनसहभागिता जुटाउन सजिलो पर्ने ।
- आफैले बनाएको योजना हुँदा कार्यान्वयनमा सजिलो हुने ।
- जनताका लागि अति आवश्यक कुराहरुलाई प्राथमिकता दिनका लागि ।
- स्थानीय निकायको आर्थिक स्रोत र साधनको पहिचान हुने तथा परिचालन गर्नमा मद्दत पुर्‍याउने हुँदा आत्मनिर्भरता बृद्धि गराई दिगो विकासका लागि ।
- स्थानीय स्तरमा आइपर्ने समस्याहरुलाई स्थानीय आवश्यकता र परिस्थिति अनुकूल समाधान गर्नका लागि ।
- विकेन्द्रीकरणको सर्वमान्य सिद्धान्त व्यवहारमा कार्यान्वयन गराउन र प्रजातन्त्रका आधारभूत अङ्ग स्थानीय स्वायत्त सरकारलाई स्थानीय जनताप्रति जबाफदेहीता वहन गराउनका लागि ।

योजना चक्र

कुनै पनि योजना निर्माण गर्न तल प्रस्तुत गरिएको योजना चक्र अनुसार गर्नुपर्दछ । योजना चक्रका विभिन्न चरणहरुकाबारे छोटकरीमा तल प्रस्तुत गरिएको छ :



समस्या विश्लेषण

सामान्य अर्थमा अपेक्षित कार्यसम्पादन गर्ने गराउने क्रममा हाल देखापरेका विभिन्न बाधा अड्चन वा समस्याहरु पहिचान गर्न अपनाइने तौरतरिका नै समस्या विश्लेषण हो । समितिले स्वास्थ्य सम्बन्धी समस्याहरुको विश्लेषण निम्न विधिद्वारा गर्नसक्दछ ।

- विभिन्न सेवा रजिष्टर तथा मासिक अनुगमन कार्यपुस्तिकाको विश्लेषण ।
- सामाजिक नक्साको अध्ययन ।
- विभिन्न वडाहरुमा गएर प्राथमिक तथ्याङ्क संकलन र विश्लेषण ।

प्राथमिकीकरण

समस्याहरुको विश्लेषण गरिसकेपछि समाधान गर्नुपर्ने धेरै समस्याहरु आउन सक्दछन् तर ती समस्याहरुलाई एकै पटक समाधान गर्न सकिदैन । त्यसैकारण समस्याहरुको प्रकृति अनुसार प्राथमिकीकरण गरेर समाधान खोज्नुपर्ने हुन्छ ।

समस्याको समाधान

प्राथमिकीकरण पश्चात् पत्ता लागेका समस्याहरुको जड कारण पत्ता लगाई समाधान गर्नुपर्ने हुन्छ । प्राथमिकरणमा परेका समस्याहरुलाई पालै पालो समाधान गर्न व्यवस्थापन समिति जागरुक बन्नु पर्दछ । व्यवस्थापन समितिको बैठकमा छलफल गरी समस्याका समाधानका उपायहरु पत्ता लगाउनु पर्दछ ।

योजना कार्यान्वयन

समस्याहरुका वास्तविक कारणहरु पत्ता लगाइसकेपछि ती समस्याहरुलाई समाधान गर्न उपयुक्त कार्ययोजना बनाई समाधान गर्नुपर्ने हुन्छ । कार्य योजनामा उल्लेखित कार्यहरु समाधान गर्न आवश्यकता अनुसार माथिल्लो निकायको सहयोगको पनि जरुरी पर्दछ ।

अनुगमन मूल्याङ्कन

कार्यान्वयन गरिएका कार्यहरुको समय समयमा अनुगमन गर्नुपर्ने हुन्छ । यसरी समय समयमा गरिने अनुगमनले कार्य सम्पादनको प्रगति बारेमा जानकारी प्राप्त भई आवश्यकता हेरि मार्ग निर्देशन प्रधान गर्छ । साथै कार्यक्रमले लक्ष्य अनुसारको प्रगति हासिल गर्न सकेको वा नसकेको निर्क्यौल गर्न मूल्याङ्कन पनि गर्नु पर्ने हुन्छ ।

समितिको योजनालाई गा.वि.स. को योजनामा समावेश गर्ने ।

प्रत्येक वर्ष जिल्ला स्तरीय सहभागितामूलक योजना बन्दछ, जस अन्तर्गत टोल, वडा, गा. वि. स. हुदैं जिल्ला स्तर सम्म विभिन्न चरणमा गरी योजना तर्जुमा हुन्छ । व्यवस्थापन समितिले आफ्नो गा.वि.स. अन्तर्गत यो सहभागितामूलक योजना तर्जुमाको समय पारी स्वास्थ्य सम्बन्धी योजनालाई पनि त्यसैमा समाहित गर्नु पर्दछ । विशेष गरेर गा.वि.स. परिषद्मा पेश गर्ने गरी स्वास्थ्य सम्बन्धी योजना बनाउनु पर्दछ । गा.वि.स.को योजनामा समितिले बनाएका योजनाहरु समावेश गर्दा हुने फाइदा तल उल्लिखित बुँदाहरुले प्रष्ट पार्दछन्

- कतिपय समस्या समिति आफैले समाधान गर्न नसक्ने र ती समस्या गा.वि.स.को सहयोग वा गा.वि.स. मार्फत त्यस भन्दा माथिल्लो निकायको सहयोगमा मात्र गर्न सकिने खालका हुने हुनाले ।
- स्वास्थ्य संस्था हस्तान्तरित अवस्थामा गा.वि.स.को एउटा निकायको रूपमा भएकाले ।

माथि उल्लेख गरिएको सहभागिमूलक योजनाका विस्तृत चरणहरु तल दिइएका छन् :

सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु

स्थानीय विकास मन्त्रालय **राष्ट्रिय योजना आयोग**

योजना तर्जुमाका चरणहरु	काम/कार्यहरु	संलग्न हुने सहभागी	उत्तरदायी संस्था	समय तालिका
चौधौ चरण जिल्ला विकास योजना कार्यान्वयन	जिल्ला परिषदवाट पारित भएको विल्ला विकास योजना स्थानिय विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने । विषयगत मन्त्रालयसंग सम्बन्धित निर्णय विषयगत मन्त्रालयमा पठाउन	स्थानिय विकास मन्त्रालय र राष्ट्रिय योजना तथा विषयगत मन्त्रालयहरु	जि.वि.स.	चैत्र १० गते भित्र
तेह्रौं चरण जिल्ला परिषद	प्रस्तावित जिल्ला विकास योजनाको मस्यौदामा व्यापक छलफल गरी आवश्यक सुझावसहित जिल्ला विकास योजनाबाट पारित गर्ने ।	जिल्ला परिषदका पार्सदहरु	जि.वि.स.	फाल्गुण मसान्त भित्र
बाह्रौं चरण जि.वि.स. वैठक	जिल्ला विकास योजनालाई अन्तिम रुप दिन, नेपाल सरकारवाट प्राप्त नीति, मार्गदर्शन, आवधिक योजना, लक्ष्य, भु–उपयोग नक्शा, बस्तुगत बिवरण, स्रोत नक्शा, वातावरणिय प्रभाव र ईलाका ईलाका बिचको सन्तुलन आदीबारेमा विश्लेषण गर्ने ।	जि.वि.स. सभापति, उप–सभापति र जि.बि.स. का सदस्यहरु	जि.वि.स.	फाल्गुणको तेस्रो हप्ता सम्ममा
एघारौं चरण एकिकृत योजना तर्जुमा समिति बैठक	आयोजना आयोजना बिच परिपुरक र परिपोषक सम्बन्ध हेरी आवश्यकता अनुसार संशोधन, थपघट एवं प्राथमिकताक्रम राखी जि.वि.स. बैठकमा जिल्ला विकास योजना मस्यौदा पेश गर्ने ।	जि.वि.स. सभापति, उप–सभापति र सम्बन्धित जिल्लाका सांसदहरु, बिषयगत संयोजक, बिषयगत निकाय प्रमुख र कार्यक्रमसंग सम्बन्धित जिल्लाको गैर सरकारी संस्था	जि.वि.स र बिषयगत शाखा कार्यालय, गै.स.स र निजि क्षेत्र	फाल्गुणको दोस्रो हप्तासम्ममा
दशौ चरण बिषयगत योजना तर्जुमा गोष्ठी	ईलाकाहरुवाट प्राप्त योजनाहरुलाई बिषयगत योजना तर्जुमा समितिले जिल्ला स्तर र केन्द्रिय स्तरको आयोजनामा समावेश गर्ने गरी वर्गिकरण गर्ने र त्यस्ता आयोजनाको प्राथमिकताक्रम समेत निर्धारण गरी एकिकृत योजना तर्जुमा समितिमा मस्यौदा पेश गर्ने ।	जि.वि.स.ले तोकेको सदस्य, गैर सरकारी संस्थाका प्रतिनिधि, कार्य प्रकृती अनुसारको बिषयगत शाखाका प्रमुख	जि.वि.स र बिषयगत शाखा कार्यालय	फाल्गुणको पहिलो हप्तासम्ममा

योजना तर्जुमाका चरणहरु	काम/कार्यहरु	संलग्न हुने सहभागी	उत्तरदायी संस्था	समय तालिका
नवौं चरण ईलाका स्तरीय योजना तर्जुमा गोष्ठी	ईलाका भित्रका गा.वि.स. र नगरपालिकाको परिषदबाट स्विकृति भएका आयोजनाहरुलाई बिषयगत क्षेत्र भित्र पेश गर्ने गरी आयोजनाको प्राथमिकताक्रम निर्धारण गरी जि.वि.स.को. विशेष समितिमा पठाउने ।	ईलाका सदस्य,गा.वि.स. अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपप्रमुख, सचिव, बिषयगत शाखा र वित्तिय संस्थाको प्रमुख वा प्रतिनिधि वा गैर सरकारी संस्थाका प्रतिनिधि	जि.वि.स., ईलाका सदस्य र बिषयगत शाखा कार्यालय	माघको तेस्रो हप्तासम्ममा
	इलाका संयोजक र जि.वि.स. सदस्यले सम्बन्धित ईलाका भित्रका आयोजनाहरुको प्राथमिकता निर्धारण गर्न आ–आफना ईलाकामा गोष्ठी आयोजना गर्ने ।			
आठौं चरण गाउँ परिषद	गाउँ र बस्तीवाट आएका योजनाहरु मध्ये	गाउँ विकासका पार्षदहरु	गा.वि.स.	पुष मसान्त भित्र
	गा.वि.स.को आफ्नै स्रोत र साधनले सञ्चालन गर्ने योजनाहरु कार्यान्वयनका लागि गाउँ विकास समितिबाट आयोजना स्विकृति दिने ।			
	गा.वि.स.को स्रोत, साधन र क्षमता भन्दा बाहिरका आयोजनालाई सोही कैफियत खुलाई प्राथमिकताक्रम तोकी गाउँ स्तरीय योजनाहरु जि.वि.स.मा आवश्यक कार्वाहीका लागि पठाउने ।			
सातौं चरण गा.वि.स. वैठक	प्रत्येक वस्तीबाट प्राप्त योजनाहरु सूचीकृत गर्ने ।	गा.वि.स.का पदाधिकारीहरु र विषयगत शाखा प्रतिनिधि	गा.वि.स.	पुष महिनाको तेस्रो हप्तासम्ममा
	आयोजनाको वर्गिकरण र उपलब्ध हुने स्रोत र साधनको निधो गर्ने ।			
	आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्ने र गा.वि.स. स्रोतवाट सञ्चालन गर्न सक्ने र नसक्ने आयोजनाहरु छुट्ट्याउने र सो को सूची र अनुमानित लागत समेत तयार गर्ने ।			
छैठौं चरण वडा समिति वैठक	बस्ती स्तरबाट आयोजनाहरुको वडास्तरमा प्राथमिकता निर्धारण गर्ने	वडा सदस्यहरु र वडा अध्यक्ष, सामुदायिक संस्था र उपभोक्ता समुह	वडा समिति	पुष महिनाको दोस्रो हप्तासम्ममा

योजना तर्जुमाका चरणहरु	काम/कार्यहरु	संलग्न हुने सहभागी	उत्तरदायी संस्था	समय तालिका
पांचौ चरण बस्तिस्तरको योजना छनौट	बस्तिका अधिकतम् परिवारलाई फाईदा पुग्ने आयोजनाहरु सहभागितात्मक छलफलद्वारा पहिचान एवं प्राथमिकताक्रम निर्धारण गर्न स्थानीय जनता र सामुदायिक सस्था र उपभोक्ता समुहलाई परिचालन गर्न	स्थानीय बासिन्दा, गै.स.स, उपभोक्ता समुह, सामुदायिक संस्था, वडा अध्यक्ष र सदस्यहरु	वडा अध्यक्ष र सदस्यहरु	पुष महिनाको पहिलो हप्ता भित्र
	सहभागितात्मक रुपमा पहिचान गरिएका बस्तिस्तरका आयोजनाहरुको बिवरण योजना अनुरोध फारम भरी सहभागी सबैवाट दस्तखत गराउने ।			
चौथो चरण गा.वि.स.को वैठक	गा.वि.स.ले वडा र बस्तीस्तरमा सञ्चालन हुने कार्यक्रम बारे अध्ययन र बिश्लेषण गर्ने ।	गा.वि.स., जि.वि.स र बिषयगत शाखाहरुका प्रतिनिधी	गा.वि.स.	पुष महिनाको पहिलो हप्ता
तेस्रो चरण योजना तर्जुमा बैठक	बिषयगत निकायहरुको नीति,उद्देश्य,कार्यक्रम, स्रोत साधन तथा आगामी बर्षमा प्राप्त हुने कार्यक्रम र अनुदानका सीमाबारेमा जानकारी गराउने,गा.वि.स. अनुसार अनुमानित अनुदान छुट्याउने ।	जि.बि.स पदाधिकारीहरु, विषयगत शाखाका प्रमुख, बित्तिय संस्थाका प्रतिनिधी,उद्योग बाणिज्य संघ,गैर सरकारी संस्थाका प्रमुख तथा गाउँ बिकास समितिका अध्यक्ष, उपाध्यक्ष र सचिव	जि.वि.स, गा.वि.स र बिषयगत शाखाका प्रमुख	मंसिर महिनाको दोश्रो हप्तासम्म
	बस्तिस्तरमा भर्नुपर्ने योजना अनुरोध फारम बितरण र उक्त फारम भर्ने तरिकाको अभ्यास गा.वि.स. अध्यक्ष, उपाध्यक्ष,सचिव र अन्यलाई गराउने ।			
दोस्रो चरण मार्गदर्शनको पुनरावलोकन	बिषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगवाट प्राप्त अनुदानको पुर्वानुमान, नीति र मार्गदर्शनको बिश्लेषण एवं पुनरावलोकन गर्ने	जि.बि.स सभापति, सदस्य र बिषयगत शाखाका प्रमुख	जि.वि.स.	मंसिर महिनाको दोस्रो हप्तासम्म
प्रथम चरण मार्गदर्शन	केन्द्रिय स्तरका बिषयगत मन्त्रालय र राष्ट्रिय योजना अयोगबाट आवश्यकता अनुसार मार्गदर्शन र आगामी बर्षको अनुमानित अनुदान सीमा पठाउने	जि.बि.स. जिल्ला स्तरीय बिषयगत शाखाहरु	राष्ट्रिय योजना अयोग र बिषयगत शाखाहरु	कार्त्तिक मसान्तसम्म

मूल्याङ्कन प्रश्नावली

तालिम मूल्याङ्कन अन्तर्गत सहभागीहरुलाई सोधिने प्रश्न र उत्तरहरुको नमूना यसप्रकार छन्:

प्रश्नः हस्तान्तरण भनेको के हो ?
उत्तरः हस्तान्तरण भन्नाले माथिल्लो निकायले आफूमा अन्तर्निहित काम, जिम्मेवारी, अख्तियार, साधन स्रोत तथा सूचना आदि अख्तियार प्राप्त सम्बन्धित व्यक्ति वा संस्थालाई निश्चित समय अवधिका लागि दिने भन्ने बुझिन्छ ।

प्रश्नः स्वास्थ्य संस्था समुदायमा किन हस्तान्तरण गरिएको होला ?
उत्तरः
- स्थानीय स्तरका समस्याहरु स्थानीय स्तरबाट नै पहिचान गरी समाधान खोज्न ।
- पहिचान गरिएका समस्याहरुको प्राथमिकीकरण गर्न सक्ने बनाउन ।
- स्वास्थ्य संस्थामा सुशासनको सुनिश्चितता कायम गरी जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन ।
- स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गराउन ।
- जनसहभागिता जुटाउन ।
- स्वास्थ्य संस्था हाम्रो हो भन्ने भावना स्थानीय जनतामा विकास गराउन ।

प्रश्नः हस्तान्तरण पछि स्वास्थ्य संस्थाको रेखदेख कसले गर्ने त ?
उत्तरः स्थानीय स्वास्थ्य सस्थां सञ्चालन तथा व्यवस्थापन समितिले ।

प्रश्नः स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमले लिएको प्रमुख उद्देश्य के हो ?
उत्तरः
- समितिका सदस्यहरुको व्यवस्थापकिय क्षमतामा अभिवृद्धि गर्न ।
- स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढ गर्न ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा तथा कार्यक्रमहरु गुणस्तर र प्रभावकारी हुनाको साथै सेवाको
- प्रयोग दर बढाउन ।
- स्वास्थ्य संस्थामा असल शासन कायम गर्न ।

प्रश्नः स्वस्थ हुन बढी जिम्मेवारी कसको हुन्छ ?
उत्तरः सबैभन्दा बढी व्यक्ति आफैंको जिम्मेवारी हुन्छ ।

प्रश्नः समुदायमा कुनकुन प्रकारका स्वास्थ्य संस्थाहरु हुन्छन् ?
उत्तरः तीन प्रकारका स्वास्थ्य संस्थाहरु हुन्छन् । जुन यसप्रकार छन्:
- प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी

प्रश्नः तपाईं सदस्य हुनु भएको स्वास्थ्य संस्थाबाट प्रदान हुने कुनै ५ प्रकारका सेवाहरु भन्नुहोस् ।
उत्तरः परिवार नियोजन सेवा, खोप सेवा, पोषण सेवा, झाडापखाला, श्वासप्रश्वास सेवा ।

प्रश्नः स्वास्थ्य संस्थाको व्यवस्थापन कसले गर्नुपर्दछ होला ?
उत्तरः स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले

प्रश्नः स्वास्थ्य संस्थाको व्यवस्थापन सम्बन्धी आधारभूत कुराहरु के के हुन् ?
उत्तरः भौतिक पूर्वाधार व्यवस्थापन, औषधि व्यवस्थापन, औजार तथा उपकरण व्यवस्थापन, स्रोत व्यवस्थापन

प्रश्नः व्यवस्थापन समितिमा कति जना पदाधिकारीहरु रहने प्रावधान छ ?
उत्तरः नौदेखी तेह्र जनासम्म

प्रश्नः व्यवस्थापन समितिका पदाधिकारीहरु कहाँ कहाँबाट रहने प्रावधान छ ?
उत्तरः विभिन्न क्षेत्र तथा वर्गबाट प्रतिनिधित्व हुन्छ ।

प्रश्नः व्यवस्थापन समितिका पदाधिकारीहरुको कार्यअवधि कति वर्षको रहने प्रावधान छ ?
उत्तरः स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । मनोनीत भएको तेस्रो वर्षको चैत्र मसान्तमा पदावधि समाप्त हुनेछ । पदावधि समाप्त भएका सदस्यलाई पुनः अर्को एक पटकका लागि सदस्यमा मनोनीत गर्न सकिनेछ ।

प्रश्नः समितिका सदस्यहरुका पदमुक्त हुने अवस्थाहरु के के हुन ?
उत्तरः
- समितिको बैठकमा बिना सूचना बिना कारण लगातार पाँच पटकसम्म अनुपस्थित भएमा समितिले निणर्य गरी निजलाई सदस्यबाट हटाउन मनोनीत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।
- सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।
- संस्थाको उद्देश्य प्राप्तिमा प्रतिकूल असर पर्ने गरी आचरण वा व्यवहार गरेमा ।
- बसाइँ सराइ भई अन्यत्र (कार्यक्षेत्र बाहिर) गएमा ।
- प्रचलित कानुनले सार्वजनिक पद धारण गरिरहन अयोग्य ठहरिएमा ।
- सदस्यको मृत्यु भएमा ।

प्रश्नः स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुको भूमिका तथा कामहरु के के होलान् ?
उत्तरः कर्मचारी व्यवस्थापन, भौतिक पूर्वाधार, औषधि/उपकरण, स्रोत परिचालन, योजना/कार्यान्वयन/अनुगमन, संचार, समन्वय र सहयोग, सुशासन कायम गर्न आदि ।

प्रश्नः बैठक भन्नाले के बुझ्नुहुन्छ ?
उत्तरः बैठक भन्नाले समुदाय तथा संघ संस्थाका सम्बन्धित व्यक्तिहरु बसेर विद्यमान समस्याहरु सुल्झाउन वा निश्चित विषयवस्तुहरुमा छलफल गरी कुनै ठोस निष्कर्ष निकाल्ने कार्य नै बैठक हो ।

प्रश्नः बैठक सञ्चालन प्रक्रियाका चरणहरु भन्नाले के बुझ्नुहुन्छ ?
उत्तरः यस अन्तगर्त बैठक सञ्चालनपूर्व बैठक सञ्चालन गर्ने क्रममा र बैठक सम्पन्न भैसकेपछि गर्नुपर्ने प्रक्रियाहरु पदर्छन् ।

प्रश्नः स्वमूल्याङ्कन भनेको के होला ?
उत्तरः स्वमूल्याङ्कन भन्नाले जो कोही/समितिले एउटा निश्चित अवधिमा आफैले गरेको काम चाहे जस्तो भयो वा भएन भनी आफैले लेखाजोखा गर्नुलाई बुझाउँद छ ।

प्रश्नः स्वमूल्याङ्कन गर्नुपर्दा कुन कुन क्षेत्रमा गर्न सकिन्छ ?
उत्तरः तीन क्षेत्रमा गर्न सकिन्छः समितिको संस्थागत क्षमता, स्वास्थ्य संस्था व्यवस्थापन र स्वास्थ्य सेवा ।

प्रश्नः समावेशीकरण भन्नाले के बुझ्नुहुन्छ ?
उत्तरः सामाजिक समावेशीकरण यस्तो प्रक्रिया हो, जसले समाजमा विद्यमान रहेका सेवामा उचित पहुँच नभएका व्यक्तिहरु वा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनका लागि अवरोधहरु हटाई उनीहरुलाई सामाजिक एवं विकासका कार्यमा सहभागी गराउन मद्दत पुऱ्याउँछ ।

प्रश्नः परिकल्पना भनेको के हो ?
उत्तरः कुनै पनि चीजको भविष्यमा कस्तो भएको हेर्न चाहने हो त्यसको बारे सोच वा कल्पना गर्नु नै परिकल्पना हो ।

प्रश्नः आफ्नो स्वास्थ्य संस्थाका कुनै दुई परिकल्पना भन्नुहोस् ?
उत्तरः समितिले बनाएको परिकल्पना मध्येबाट कुनै दुई परिकल्पना भन्न लगाउने ।

प्रश्नः प्राथमिकीकरणका आधारहरु के के हुन् ?
उत्तरः समस्याले समुदायमा पार्ने असर वा प्रभाव जस्तै जन्म, मृत्यु, समस्या समाधानबाट समुदायलाई हुने फाइदा, उपलब्ध साधन स्रोत, स्थानीय स्तरबाट समाधान गर्न सकिने आदि ।

प्रश्नः कार्ययोजना भनेको के होला ?
उत्तरः सामान्यतया कुनै विषयमा सुधार गर्नका लागि के, कसरी, कसले, कहिलेसम्ममा कार्यसम्पन्न गर्ने भनेर निर्दिष्ट ढाँचामा तयार गरेको योजनालाई कार्ययोजना भनिन्छ ।

तालिमको सारसंक्षेप

यो तीन दिने क्षमता अभिवृद्धि तालिम स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका स्वास्थ्य संस्था व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र धारणाको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको हो । यस तालिमले विशेष गरी निम्न उद्देश्य प्राप्त गर्ने लक्ष्य लिएको छ :

- हस्तान्तरण प्रक्रिया बारे ज्ञान प्रदान गर्न ।
- स्वास्थ्य सेवामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका अवधारणा बताउन ।
- स्वास्थ्य संस्थाको व्यवस्थापन तथा सो व्यवस्थापन गर्ने जिम्मेवारी बारे प्रष्ट पार्न ।
- व्यवस्थापन समितिका सदस्यहरुले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा जानकारी प्रदान गर्न ।
- स्वास्थ्य संस्थाको प्रकार तथा उपलब्ध सेवाहरुबारे ज्ञान प्रदान गर्न ।
- व्यवस्थापन समितिले आफूले गरिरहेका कार्यहरुको अवस्थाबारे आफै समीक्षा गर्नसक्ने बनाउन ।
- व्यवस्थापन समितिको बैठक प्रभावकारी तरिकाले सञ्चालन गर्न सीप प्रदान गर्न ।
- स्वास्थ्य संस्था तथा समितिको परिकल्पना बारे ज्ञान र सीप प्राप्त गरी समिति र स्वास्थ्य संस्थाका तीन बर्षे परिकल्पना तयार गर्न सक्षम बनाउन ।
- समितिको कार्ययोजना सम्बन्धी ज्ञान र सीप प्रदान गरी सो अनुसार कार्ययोजना निर्माण गर्न सक्ने बनाउन ।

यस तालिममा निम्न विषयवस्तुहरु समावेश गरिएका छन् :

- हस्तान्तरण प्रक्रिया
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण
- स्वास्थ्य संस्था व्यवस्थापन सुदृढीकरण कार्यक्रमको आवश्यकता
- स्वस्थ जीवन : “हाम्रो स्वास्थ्य हाम्रो जिम्मेवारी”
- स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरु
- स्वास्थ्य संस्था व्यवस्थापन
- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको संरचना
- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी
- बैठक सञ्चालन प्रक्रिया
- स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको स्वमूल्याङ्कन
- स्वास्थ्य संस्था र समितिको तीन वर्षे परिकल्पना
- स्वास्थ्य संस्था र समितिको कार्ययोजना
- सूचना संकलन प्रक्रिया

माथि उल्लिखित विषयवस्तुहरुमा ज्ञान र सीप प्राप्त भएपछि समितिका सदस्यहरुले आगामी दिनमा ती सिकेका ज्ञान र सीप प्रयोग गरी आफ्नो स्वास्थ्य संस्थाको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

स्वास्थ्य क्षेत्रमा विकेन्द्रीकरण सम्बन्धी भएका अध्ययनहरूको सूची

विगतमा विभिन्न समयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका निकायहरु र अन्य सहयोगी संघ-संस्थाहरुबाट स्वास्थ्य क्षेत्रमा विकेन्द्रीकरण सम्बन्धी विभिन्न अध्ययनहरु भएका थिए । उक्त अध्ययनहरुमा स्वास्थ्य संस्थाहरुको विकेन्द्रीकरण र स्थानीय निकायलाई हस्तान्तरण भएका स्वास्थ्य संस्थाहरुका व्यवस्थापन सुधार सम्बन्धी सुझावहरु समेटिएका थिए । प्रस्तुत क्षमता अभिवृद्धि तालिम तथा गोष्ठीका सामग्रीहरु तयार गर्न विगतमा भएका निम्न अध्ययनहरुका सिफारिसहरुलाई पनि समेटिएका छन् ।

1. NFHP. Assessment of NFHP activities to strengthen intervention between community and health service system, April 2006.
2. DFID. Health sector decentralization in Nepal, May 2006.
3. NHTC. Outcome assessment of SHPs, 2005.
4. DHSP. Health sector decentralization strategy, 2004.
5. DASU Supported all sector study, 2003/04.
6. NHTC. Process review of orientation package, 2003.
7. DHSP/British Council. Developing health sector decentralization in Nepal, 2003.
8. MOHP. Nepal health sector program – implementation plan, 2004.
9. Gurung G. Capacity building is not an event but a process: Lesson from health sector decentralization of Nepal. Nepal Med Coll J 2009; 11 (3): 205-206
10. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि तयार गरिएको परिमार्जित निर्देशिका २०६३, स्वास्थ्य सेवा विभाग, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र ।